२६१
भक्तपुर मासिक
Bhaktapur Monthly
असोज २०७५




# विश्व पर्यटन दिवसमा सांस्कृतिक गुरुहरु सम्मानित

- कम्युनिष्ट घोषणापत्रको सान्दर्भिकता
- परिवर्तनलाई आत्मसात गरेको संविधानले मात्रै दिगो स्थायित्व पाउँछ
- सांस्कृतिक विधाहरु हस्तान्तरण हुन मुश्किल भइरहेको छ
- नेपालमण्डलका परम्परागत खेलहरु
- नेपालको उपत्यकाको प्राचीनता
- भक्तपुरका सांस्कृतिक गुरुहरुको संक्षिप्त परिचय
- भक्तपुर नपाका गतिविधिहरु

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१०    फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४०    भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

वर्ष ३५ ☆ अङ्क ११ ☆ ने.सं.११३८ ☆ वि.सं.२०७५असोज ☆ A.D.2018

कार्यालय : कमलविनायक (पुरानो जनस्वास्थ्य भवन)

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : कृतिका प्रजापति

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

आवरण सज्जा : राजु    मूल्य रु. २५।-

तस्बिरहरू : पर्यटक सूचना केन्द्र, भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


## एउटा तस्बिर २०३१ सालमा खिचिएको न ःपुखु ।



(तस्बिर : इन्टरनेट)

'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

"Creation of predecessors — Our art and culture"

**‘खराबीको अवसर त दिनमा सयौं पटक आउँछ तर भलाइको अवसर वर्षौंमा एक पटकमात्र आउँछ ।’ – भोल्टेयर**

# यस अङ्कमा


| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| १) भक्तपुर नपाद्वारा संस्कृतिकर्मी र कलाकार सम्मानित | - | ३ |
| २) विश्व पर्यटन दिवसको उपलक्ष्यमा पर्यटकहरुलाई स्वागत | - | ५ |
| ३) सम्पदा संरक्षणमा नयाँ पुस्ताको सक्रियता उत्साहप्रद | - | ६ |
| ४) भैरवनाथको मन्दिरको जीर्णोद्धार सुरु | - | ८ |
| ५) शिक्षकशिक्षिकाहरू कसिमला पाँयू सिक्दै | - | ९ |
| ६) कृषि आधुनिकीकरणबारे किसान भेला | - | ११ |
| ७) भक्तपुरमा कृषि विज्ञानको कक्षा सुरु भयो | - | ११ |
| ८) सिद्धपोखरी उत्तरको जग्गा नगरवासीलाई फिर्ता गर्न पहल | - | १२ |
| ९) आर्थिक समानताले सामाजिक कुरीति अन्त्य गर्नेछ | - | १३ |
| १०) नगरको सरसफाइ स्थानीय सरकारको दायित्व | - | १५ |
| ११) सक्षम स्थानीय तहलाई विश्वविद्यालय स्थापना गर्न दिनुपर्छ | - | १९ |
| १२) परिवर्तनलाई आत्मसात गरेको संविधानले मात्रै दिगो स्थायित्व पाउँछ | सुनिल प्रजापति | २२ |
| १३) भक्तपुर नगरपालिकाको बैठक निर्णय | - | २४ |
| १४) बिजुक्छेंबारे नसिकाए कसको बारेमा सिकाउने ? | सुनिल प्रजापति | ४७ |
| १५) LOCAL GOVERNANCE AND INITIATIVE AND NETWORK (LOGIN) | Rajani Joshi | ४८ |
| १६) वर्तमान परिप्रेक्ष्यमा कम्युनिष्ट घोषणापत्रको सान्दर्भिकता | नारायणमान बिजुक्छें (रोहित) | ५१ |
| १७) मार्क्स र एंगेल्सको कम्युनिष्ट घोषणापत्रमा के छ ? | माणिकलाल श्रेष्ठ | ५३ |
| १८) मार्क्सवादको दर्शन-द्वन्द्वात्मक भौतिकवाद | सुनिल दुवाल | ५७ |
| १९) सांस्कृतिक विधाहरू युवाहरूमा हस्तान्तरण हुन मुश्किल भइरहेको छ | रविन्द्र ज्याख्व | ६० |
| २०) आर्थिक अभावकै कारण कला-संस्कृति लोप हुनु भएन | स्वस्तिका | ६२ |
| २१) स्वास्थ्य र शिक्षामा यसरी नमुना बन्यो भक्तपुर | मकर श्रेष्ठ | ६४ |
| २२) नेपालमण्डलका परम्परागत खेलहरू | ओम धौभडेल | ६९ |
| २३) नेपालको उपत्यकाको प्राचीनता: एक अध्ययन | प्रा.डा. बलराम कायष्ठ | ७४ |
| २४) भक्तपुरका सांस्कृतिक गुरुहरूको संक्षिप्त जीवनी | - | ७९ |
| २५) SKETCHES FROM NIPAL (29) | Henry Ambrose Oldfield | ८५ |
| २६) विश्व पर्यटन दिवसमा सांस्कृतिक गुरुहरू सम्मानित (सम्पादकको पृष्ठ) | - | ८८ |


**साथमा**


सहकारी ऐन २०७४ बारे अन्तरक्रिया कार्यक्रम-६/‘शिक्षालाई पैसासँग नजोडौं’-७/उपभोक्ता समितिहरू गठन-८/नगरपालिकामा व्यवसायी भेला-१०/महिला पाठेघर र स्तन क्यान्सरको शिविर-१०/स्काउटले विद्यार्थी अनुशासित बनाउने-१२/पाठेघर तथा स्तन क्यान्सरसम्बन्धी अभिमुखीकरण-१३/अनुगमन समितिको आयोजनामा व्यवसायीहरूको भेला -१४/सल्लाघारीमा बजार अनुगमन-१४/टुरिज्म मार्केट र भुलाँचामा बजार अनुगमन-१४/ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा अभिमुखीकरण-१६/ग्रासरुट फूटबल फेस्टिभल सम्पन्न-१६/ख्वप कलेजमा बीबीएमको पढाइ हुने-१६/२९ औं राष्ट्रिय बाल दिवस सम्पन्न-१७/बालदिवसको अवसरमा चित्रकला प्रतियोगिता-१८/७ नं. वडाको शिशु स्याहार केन्द्रमा अभिभावक भेला-१८/घरदैलो तथ्याङ्क संकलनकर्ताहरूलाई सामग्री हस्तातरण-१९/समाजका कुरीति हटाउन शिक्षा अपरिहार्य-२०/उपभोक्ता समिति गठन-२०/प्रमुख प्रजापतिसँग ईसीडी शिक्षक एकाइका पदाधिकारीहरूको भेटघाट-२१/प्रमुख प्रजापतिसँग नेपाल टेलिभिजनका पूर्वप्रबन्ध निर्देशकको भेट-२१/तस्बिरमा केही गतिविधि (रंगीन)-४३/चिनियाँ नीति कथा:प्रधानमन्त्रीको नाति र मन्त्रीको नाति-७३/भक्तपुर नगरपालिका घरदैलो नर्सिङ्ग सेवा २०७५ साउन महिनाको प्रतिवेदन-५९/जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ-७२/पाटी विवरण (साविक वडा नं.७) -७३/बसिबियाँ लो-७८/तपाईंको भान्छा- काँचो चना खानुको फाइदा-७८/पाठक प्रतिक्रिया-८५/नेपालको संविधान २०७२, भाग-२७, अन्य आयोगहरू (३५)-८६/साउन महिनाको पर्यटक तथ्याङ्क-८७।

# भक्तपुर नपाद्वारा संस्कृतिकर्मी र कलाकार सम्मानित




विश्व पर्यटन दिवसको अवसरमा गुन्हिपुन्हीया सापारु धें धें बला कासा २०७५ (गाईजात्रा पर्व) र राष्ट्रिय बाल दिवसको अवसरमा आयोजित चित्रकला प्रतियोगिताको पुरस्कार वितरण, सांस्कृतिक गुरूहरूको सम्मान तथा स्थानीय पथप्रदर्शक तालिममा सहभागी प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र तथा सांस्कृतिक कार्यक्रम भव्य समारोहबीच सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले यहाँका कला–संस्कृति, नाचगान, सम्पदा आफ्नै सम्पत्ति भएको हुँदा संरक्षण गरेर जीवन्तता दिनु अपरिहार्य भएको बताउनु भयो । अध्यक्ष रोहितले स्थानीय भाषा, नाचगान, कला, संस्कृति हाम्रो पहिचान भएको हुँदा संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो ।

कति पुरानो भाषा लोप भइसकेको र कति लोप हुन लागेको बेला आफ्नो भाषा र शब्दलाई जीवन्तता दिन पुराना र नयाँ सांस्कृतिक गुरू तथा जानकारहरूसँग सोधपुछ गरी जोगाउने अभियानमा लाग्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

यहाँका मठ, मन्दिर, सत्तल, पाटी–पौवाजस्ता सम्पदाहरूको संरक्षण गर्ने दायित्व हाम्रो हो, सम्पदाहरूको मर्मत सम्भार, जीर्णोद्धार गर्ने कामलाई सहज बनाउन डकर्मी, सिकर्मी र लोहकर्मीहरूको तालिम आवश्यक छ – अध्यक्ष रोहितले भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सचिव एवं सांसद प्रेम सुवालले सरकारले देश र जनताको समस्या नबुझेका कारण जनताले दुःख पाइरहेको बताउनुभयो ।

देशमा निजी विद्यालय र निजी अस्पताल सञ्चालन यथावत हुने गरी सरकारले निःशुल्क शिक्षा र जनस्वास्थ्य अधिकार ऐन पारित गरी संविधानको मौलिक हकसम्बन्धी प्रावधानलाई उल्लघन गरेको उल्लेख गर्दै सांसद सुवालले सरकारले कृषिमा ध्यान नदिएको हुँदा देश खाद्यान्नमा परनिर्भर भइरहेको औंल्याउनुभयो ।

विदेशमा भइरहेको युवा पलायन रोक्न सरकारले स्वदेशमै रोजगारीको व्यवस्था गर्नुपर्ने विचार राख्दै उहाँले उपत्यकाका औद्योगिक क्षेत्र स्थानान्तरण गर्ने आ.व. २०७२/७३ को सरकारी योजना अहिलेसम्म कार्यान्वयन नभएको बताउनुभयो ।

बलात्कारपछि बालिका निर्मला पन्तको हत्याका अपराधी विदेशी या सरकारभन्दा शक्तिशाली भएकै कारण अहिलेसम्म पत्ता नलागेको आशङ्का व्यक्त गर्दै उहाँले राज्यले अपराधीलाई संरक्षण गर्न नहुने स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, 'देश र जनताको हितमा काम नगर्ने सरकारको नेतृत्व गर्ने दल देश र जनताको पार्टी र सरकार होइन ।'

उहाँले भूकम्प पीडित आठ लाखमध्ये एक हजारले मात्र सहुलियत व्याजमा ऋण पाएको हुँदा सरकारले यो नीतिलाई चालू राख्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सांसद सुवालले बुटवल-जितगढी नेपालको धरोहर भएको हुँदा त्यहाँको मणिमुकुण्ड सेन दरबार र ३ बिघा जङ्गल भारतीय गोर्खा सैनिकको पेन्सन वितरण गराउने नाममा भारतीय सेनाको कार्यालय राख्न नहुनेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

कार्यक्रमका सभापति एवं नगर प्रमुख सुनिल प्रजापतिले संस्कृति-सम्पदाको संरक्षण र सरसफाइ गरेर भक्तपुरलाई संसारमा चिनाउने काम भनपाले गरिरहेको बताउनुभयो ।

सम्पदाहरूको सबै निर्माण कार्य विदेशी वा ठेक्कामा दिए हाम्रो औचित्यमाथि प्रश्न उठ्ने हुँदा उपत्यकालाई नै सांस्कृतिक केन्द्र बनाउनेतर्फ भनपाको प्रयास भइरहेको उल्लेख गर्दै नगर प्रमुख प्रजापतिले सम्पदालाई मौलिक शैलीमै पुनःनिर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, सहायक प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरे, भक्तपुर नपा वडा नं. ७ का वडा अध्यक्ष उकेश कवां, वडा नं. ९ का वडा अध्यक्ष रविन्द्र ज्याख्व, भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत रोहितराज पोखरेलले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेंद्वारा प्रत्येक वडाबाट दुई-दुई जना गरी २० जना सांस्कृतिक गुरुहरूलाई दोसल्ला ओढाई नगद रू. १५ हजारसहित सम्मान पत्र प्रदान गरिएको थियो ।

गाईजात्राको प्रदर्शन गरिएका माक प्याखं तथा भदौ १३ गतेदेखि भदौ १७ गतेसम्म प्रदर्शन गरिएका सांस्कृतिक विधाका उत्कृष्ट कलाकार, आधुनिक नाचगान तथा अन्य विधा, चित्रकला प्रतियोगितामा विजयी विद्यार्थीहरूलाई पनि पुरस्कार वितरण गरिएको थियो ।

त्यस्तै सांस्कृतिक विधाका मूल्याङ्कन समितिका पदाधिकारी, चित्रकला प्रतियोगिताका मूल्याङ्कनकर्ताहरू, स्थानीय पथप्रदर्शक तालिमका प्रशिक्षकहरू, पथप्रदर्शक तालिमका प्रशिक्षार्थीहरूलाई मायाको चिनो र कदर-पत्र वितरण गरिएको थियो ।

कार्यक्रममा हनुमान प्याखं, म्हेखा प्याखं, ख्या प्याखं, लाखे प्याखं, देवी प्याखं देखाइएको थियो ।



३९ औं विश्व पर्यटन दिवसको अवसरमा सम्मानित विभिन्न विधाका सांस्कृतिक गुरुहरू

# विश्व पर्यटन दिवसको उपलक्ष्यमा पर्यटकहरूलाई स्वागत





भक्तपुर भ्रमणमा आउनुभएका विदेशी पर्यटकहरूको पहिलो समूहलाई स्वागत गर्दै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र साथमा विदेशी पर्यटकसँग खिचिएको सामूहिक तस्बिर

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर भ्रमणमा आउनुभएका विदेशी पर्यटकहरूको पहिलो समूहलाई विश्व पर्यटन दिवसको अवसरमा असोज ११ गते भक्तपुर दरबार क्षेत्रको ढोकामा फूलमाला पहिऱ्याई स्वागत गर्नुभयो ।

पर्यटन र सूचना प्रविधि मूल नाराका साथ भक्तपुर नगरपालिका र भक्तपुर पर्यटन विकास समितिको संयुक्त आयोजनामा भएका विभिन्न कार्यक्रमहरूमध्ये भक्तपुर प्रवेश गर्ने फिलिपिन्स, अमेरिका, फ्रान्स र भारतका पर्यटकहरूलाई भक्तपुरको मौलिक उत्पादनहरू उपहार प्रदान गर्दै लाखे प्याखं र जंगली प्याखं प्रस्तुत गरी स्वागत गरिएको थियो ।

पर्यटकहरूलाई स्वागत गर्दै प्रमुख प्रजापतिले भक्तपुरको प्रकाशनहरू र काठको मयुर झ्याल उपहार प्रदान गर्नुभयो भने भक्तपुर पर्यटन विकास समिति र भक्तपुर उद्योग वाणिज्य संघका तर्फबाट पनि उपहारहरू प्रदान गरिएको थियो ।

स्वागत कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख प्रजापतिले भक्तपुरको साँस्कृतिक सम्पदाहरू विश्वका पर्यटकहरूको आकर्षणको केन्द्र रहेको बताउँदै भक्तपुरको पर्यटनलाई अझ व्यवस्थित गर्न स्थानीय पथप्रदर्शक तालिम, चिनियाँ भाषा तालिम, सम्पदा संरक्षण, संस्कृति प्रवर्द्धन, सरसफाइ, पूर्वाधार र विकास निर्माणका कार्यहरू आर्थिक अनुशासनमा पारदर्शी ढंगले गर्दै आएको बताउनुभयो ।

नेपाल पर्यटन तथा होटेल व्यवस्थापन प्रतिष्ठानका प्रिन्सिपल कृष्ण खरेल, भनपा पर्यटन तथा वातावरण समितिका अध्यक्ष रविन्द्र ज्याख्व र पर्यटन अधिकृत गौतमप्रसाद लासिवा, फिलिपिन्स र भारतका पर्यटकहरूले पनि मन्तव्य दिनुभएको स्वागत कार्यक्रममा भनपाका उपप्रमुख, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, नगरपालिकाका कर्मचारीहरू र पर्यटनसँग सम्बन्धित सरोकारवाला संघ-संस्थाका प्रतिनिधिहरूको पनि उपस्थिति रहेको थियो ।

### ३९ औं विश्व पर्यटन दिवस २०१८

## भक्तपुर प्रवेश गर्ने पहिलो विदेशीहरू

1. Kenny Meyes (USA)
2. Dan Meyes (USA)
3. Kaloch Dom (India)
4. SheraLaurio (Philippines)
5. Guenineche Marc (French)
6. OuadahFouad (French)
7. YanovecCalherire (French)
8. BearezClenence (French)
9. OuadahSouad (French)

# सम्पदा संरक्षणमा नयाँ पुस्ताको सक्रियता उत्साहप्रद

भक्तपुर नगरपालिका र भक्तपुर पर्यटन विकास समितिको आयोजनामा ३९ औं विश्व पर्यटन दिवसको अवसरमा भक्तपुरको कला, संस्कृति, सम्पदा, पर्यटनसम्बन्धी विविध गतिविधिहरूको सूचनामूलक वेभ साइटको सार्वजनिकीकरण असोज १० गते सम्पन्न भयो।




पर्यटनसम्बन्धी विविध गतिविधिहरूको सूचनामूलक वेभ साइटको सार्वजनिकीकरण कार्यक्रम

कार्यक्रमको उद्घाटन नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले गर्नुभएको थियो।

कार्यक्रममा अध्यक्ष रोहितले भाषा, संस्कृति र धरोहर विश्वकै सम्पत्ति भएको बताउँदै मानव सभ्यताको निम्ति डिजिटल प्रविधि नेपाली सभ्यता विश्वमाझ थाहा दिने राम्रो माध्यम भएको बताउनुभयो।

उहाँले भक्तपुरको कला-संस्कृतिलाई व्यापारिक प्रयोजनको निम्ति मात्र प्रचार गर्नुभन्दा पनि मानव सभ्यताकै निम्ति प्रचार गर्न आवश्यक हुने बताउनुभयो। नयाँ पुस्तालाई समेटेर सम्पदा संरक्षण गर्नु सकारात्मक कार्य हुनेमा उहाँले जोड दिनुभयो।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले अनुपम सम्पदा भएको ठाउँमा पर्यटक आकर्षण गर्न प्रचारप्रचारले महत्त्वपूर्ण भूमिका खेल्ने बताउँदै भक्तपुर नगरपालिका सम्पदा पुन:निर्माण र जीर्णोद्धारमा निरन्तर लागिरहेको बताउनुभयो।

प्रदेशसभा सांसद सुरेन्द्रराज गोसाईंले नयाँ प्रविधि अँगालेर विश्वका जनतामाझ पुग्नु सकारात्मक रहेको बताउँदै यसको संवर्द्धन र प्रवर्द्धनमा ध्यान दिँदै अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो।

भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष रामसुन्दर भेलेले व्यवसाय र सूचनालाई समयसापेक्ष रुपमा अगाडि बढाउन डिजिटल रुपान्तरणले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

कार्यक्रममा डिजिटल प्रविधिका विज्ञद्वय सौरभ ढकाल र सरोज ढकालले इन्टरनेटमार्फत संसार डिजिटल भएको बताउँदै पर्यटन प्रवर्द्धनमा विश्वव्यापीकरण आवश्यक भएको बताउनुभयो। नयाँ पुस्तालाई कला-संस्कृतिबारे जानकारी दिन पनि डिजिटल प्रविधिलाई औजारको रुपमा प्रयोग गर्नुपर्ने उहाँहरूको कथन थियो।

उक्त कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, वडा अध्यक्ष र जनप्रतिनिधिलगायतको उपस्थिति थियो।

# सहकारी ऐन २०७४ बारे अन्तरक्रिया कार्यक्रम

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यतामा भक्तपुर नगरपालिकाको सहकारी ऐन २०७४ बारे सहकारी संस्थाका प्रतिनिधिहरूसँग असोज ७ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

प्रमुख अतिथि प्रजापतिले सहकारी संस्थाहरू जनताको भावनाअनुसार समुदायको विकासको लागि सक्रिय हुनुपर्ने बताउनुभयो। उहाले सहकारी संस्थाहरूले आ-आफ्नो वरिपरिका वातावरण सफा गर्न, वडा-वडामा पुस्तकालय सञ्चालन गर्न, खेलकुदका गतिविधि सञ्चालन गर्न लगानी गर्नुपर्ने सुझाब दिनुभयो।



सहकारी ऐन २०७४ बारे अन्तरक्रिया कार्यक्रममा बोल्दै सहकारी संस्थाका प्रतिनिधि

अन्तरक्रिया कार्यक्रममा आर्थिक समितिका संयोजक हरिप्रसाद बासुकला, वडा नं. ६ का वडा अध्यक्ष हरिराम सुवाल, सहकारी संस्थाका प्रतिनिधिहरू रामकृष्ण प्रजापति, गणेश रञ्जित, सुनिल गोठे, रामगोपाल चौगुठी, विधा नायभा, आशाराम सुवाल, हरिरत्न गोर्खाली, सिबजी हाकुदुवालले सहकरी ऐन विषयमा बोल्नुभएको थियो।

# "शिक्षालाई पैसासँग नजोडौं"

ख्वप कलेज अफ इञ्जिनियरिङ र ख्वप इञ्जिनियरिङ कलेजको संयुक्त आयोजना तथा विश्वविद्यालय अनुदान आयोगको सहकार्यमा 'क्वालिटी एसुरेन्स एण्ड एक्रेडियसन' विषयमा प्रस्तुतीकरण कार्यक्रम असोज १४ गते ख्वप इञ्जिनियरिङ कलेजमा सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख एवं नपाद्वारा सञ्चालित शैक्षिक संस्थानहरूका सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले सर्वसाधारण जनताका छोराछोरीहरूलाई कम शुल्कमा गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने उद्देश्यले सेवामुखी भावनाका साथ भनपाले कलेजहरू सञ्चालन गरिरहेको बताउनुभयो।




क्वालिटी एसुरेन्स एण्ड एक्रेडियसन विषयमा सम्पन्न प्रस्तुतीकरण कार्यक्रममा सम्बोधन गर्नुहुँदै प्रमुख प्रजापति

काठमाडौं उपत्यकाका क्याम्पसलाई हेरेरमात्र मादण्ड बनाउन उपयुक्त नहुने विचार राख्दै प्रमुख प्रजापतिले विश्वविद्यालय अनुदान आयोगले नीति नियम बनाउँदा दुर्गम जिल्लाको वस्तुस्थितिलाई पनि ध्यान दिनुपर्ने र सरकार आफैले क्याम्पसहरूको अनुगमन गर्नुपर्ने खाँचो औंल्याउनुभयो।

कार्यक्रममा विश्वविद्यालय अनुदान आयोगका नारायण भण्डारी र दिनेश प्रजापतिले 'प्लानिङ एण्ड प्रिपेरेशन अफ सेल्फ स्टडी रिपोर्ट' र रिसर्च प्रोभिजन एण्ड अपरट्युनिज' विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो।

भनपाद्वारा सञ्चालित कलेजका प्राचार्य, उपप्राचार्य र शाखा प्रमुखहरूको उपस्थिति रहेको कार्यक्रममा ख्वप कलेज अफ इञ्जिनियरिङका प्राचार्य इ. सुनिल दुवाल, ख्वप इञ्जिनियरिङ कलेजका प्राचार्य सुजन माक र सञ्जय मानन्धरले पनि बोल्नुभएको थियो।

# प्रमुख प्रजापतिसँग प्याब्सन भक्तपुरका प्रतिनिधिहरूको अन्तरक्रिया

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यतामा असोज १४ गते निजी तथा आवसीय विद्यालय संघ, भक्तपुरको आयोजनामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले स्थानीय सरकार जनताको नजिकको सरकार भएकोले भनपा सबै सरोकारवाला संघ-संस्थाहरूसँग औपचारिक र अनौपचारिक छलफल गरी अगाडि बढीरहेको जानकारी गराउनुभयो। उहाँले भक्तपुरको शैक्षिक विकासमा यहाँका संस्थागत विद्यालयहरूको योगदान पनि अत्यन्त महत्त्वपूर्ण रहेको बताउनुहुँदै सार्वजनिक विद्यालयहरूलाई पनि संस्थागत विद्यालयहरूकै प्रतिस्पर्धामा ल्याउन आवश्यक तयारी भईरहेको बताउनुभयो।

प्रमुख प्रजापतिले विद्यालय व्यवस्थापन समितिमा नगरपालिकाका प्रतिनिधिहरू र स्थानीय बुद्धिजीवीहरू सहभागी गराउनुको मुख्य उद्देश्य विद्यालयहरूको आर्थिक एवम् प्रशासनिक गतिविधिहरू पारदर्शी गराउनु हो भन्नुभयो। साथै उहाँले संस्थागत विद्यालयहरूलाई सहकारी वा गुठीअन्तर्गत क्रमशः सञ्चालन गर्दै लाने नगरपालिकाको नीति भएको स्पष्ट पार्नुभयो।

कार्यक्रममा प्याब्सनका अध्यक्ष श्रीकृष्ण के.सी.ले भक्तपुर नगरक्षेत्रमा २३ वटा विद्यालयहरू प्याब्सनअन्तर्गत रहेको र ती विद्यालयहरूमा लगभग ९ हजार विद्यार्थी अध्ययनरत र ७ सय शिक्षक एवम् कर्मचारीहरूले रोजगारी पाइरहेको बताउनुभयो।



निजी तथा आवसीय विद्यालय संघको आयोजनामा सम्पन्न अन्तरक्रिया कार्यक्रम

प्याब्सनका रमेशचन्द्र श्रेष्ठले सञ्चालन गरेको अन्तरक्रिया कार्यक्रममा भक्तपुर नगर शिक्षा समितिका कृष्णप्रसाद कर्माचार्य, ध्रुव हमालले पनि बोल्नुभएको थियो भने शिक्षकहरू राजेन्द्र दुवाल र कमल सुवालले शिक्षा ऐनमा रहेका प्रावधानहरूबारे जिज्ञासा राख्नुभएको थियो। कार्यक्रम प्याब्सन अध्यक्ष श्रीकृष्ण के.सी.को सभापतित्वमा सम्पन्न भएको थियो।

# भैरवनाथ मन्दिरको जीर्णोद्धार सुरु

भक्तपुरको ङातापोल मन्दिरअघिको ऐतिहासिक भैरवनाथको मन्दिरको जीर्णोद्धार सुरु भएको छ। २०७२ सालको भूकम्पले क्षति पुऱ्याएको भैरवनाथ मन्दिरको जीर्णोद्धार उपभोक्ता समितिमार्फत भक्तपुर नगरपालिकाले गर्न लागेको हो। गएको असोज ३ बाट जीर्णोद्धारको काम सुरु गरिएको मन्दिर जीर्णोद्धार उपभोक्ता समितिका अध्यक्ष न्हुछेराम भेलेले बताउनुभयो। २०७४ सालमा १ करोड २७ लाख लागत इस्टमेट गरिएको मन्दिर जीर्णाद्धार कार्य हाल संशोधित १ करोड ४६ लाख लागत इस्टिमेटमा गरिन लागिएको हो।



भेलेका अनुसार हाल सो बजेटले मन्दिरको सबभन्दा माथिल्लो तल्लामात्र जीर्णोद्धार गरिनेछ। माथिल्लो तल्लाको झिगटी फेर्नुका साथै फेर्नुपर्ने झ्याल, टुँडाल पनि फेरिनेछ।

"अहिले माथिल्लो तल्लाबाट काम सुरु गरेका छौं। काम गर्दै जाने क्रममा तल्लो तल्लामा पनि आवश्यक भए जीर्णोद्धार गरिंदै जाने सल्लाह भएको छ।", समितिका अध्यक्ष भेलेले बताउनुभयो।

भैरवनाथ मन्दिर जीर्णोद्धारका लागि आवश्यक बाँसको बन्दोबस्त भइसकेको छ। खट बाँध्न चित्तपोल र ताथलीबाट लामा लामा ३ सय ५० बाँस र अरु साना लम्बाईका ४ सय बाँस इलामबाट झिकाइएको छ। त्यस्तै भक्तपुर नपा ८ को लाँतिकोचाबाट अरु थप ६० वटा बाँस ल्याइने भेलेले जानकारी दिनुभयो। खट बनाउने काम बुधबारबाटै सुरु गरिएको छ।

भैरवनाथ मन्दिरको यसअघि जीर्णोद्धार २०५२ सालमा गरिएको थियो। विश्वविख्यात ङातापोल मन्दिरसँगैको भैरवनाथ मन्दिरमा रहेको भैरवलाई बिस्केट जात्रामा विशेष पुजा गरिने परम्परा छ।

# उपभोक्ता समितिहरू गठन

भक्तपुर नगरपालिका वडा नं. ९ मा स्थानीय जनताको प्रत्यक्ष सहभागितामा सम्पदा पुन:निर्माण गर्न उपभोक्ता समितिहरू गठन गर्ने कार्य तीव्र भइरहेको छ। यसै क्रममा असोज १४ गते सुर्यमढीस्थित पूर्वतिर फर्केको चिभ भजन फल्चा (पाटी) पुन:निर्माणका लागि स्थानीय जनताको भेला सम्पन्न भयो।

भेलाले तुल्सीभक्त प्रजापतिको अध्यक्षतामा ९ सदस्यीय उपभोक्ता समिति र दश प्रजापतिको संयोजकत्वमा ५ सदस्यीय अनुगमन तथा निरीक्षण समिति गठन गरियो। नगरपालिकाको नगरस्तरीय बजेट रु.२१ लाख ५८ हजार लागत इष्टिमेटमा निर्माण गरिन लागेको उक्त पाटीमा हरेक दिन भजन-किर्तन गरिन्छ। वि.सं. १९९० साल, २०४५ र २०७२ सालको विनाशकारी भूकम्पमा समेत कुनै क्षति नपुगेको उक्त पाटी साविकबमोजिम नै जीर्णोद्धार गरिन लागेको स्थानीय ज्येष्ठ नागरिक न्हुछेराम प्रजापतिले बताउनुभयो।

पाटीका पुराना निल, ढलिं, थाँलगायतका काठका सामग्रीहरू अझै पनि बलियो अवस्थामा रहेको हुँदा सकेसम्म पुरानै काठ प्रयोग गर्ने र मक्किएका चिजहरू मात्र फेर्ने अर्का ज्येष्ठ नागरिक कृष्णप्रसाद प्रजापतिले भन्नुभयो।

उपभोक्ता समिति गठन गर्न आयोजित भेलामा वडाध्यक्ष रविन्द्र ज्याख्वले भक्तपुरको परिचय भन्नु नै यहाँको कला, संस्कृति, सम्पदा, जीवनशैली र सामाजिक व्यवहार भएको बताउनुभयो। उहाँले परम्परालाई समयानुकूल समाज परिवर्तनका लागि उपयोग गर्दा नयाँ पुस्तालाई सही दिशानिर्देश गर्न सकिनेमा जोड दिंदै पुर्खाले छोडेर गएका सम्पदाहरू संरक्षण गर्नु सबैको दायित्व भएको उल्लेख गर्नुभयो।

दशैं लगत्तै उक्त पाटी पुन:निर्माण कार्य थाल्ने उपभोक्ता समितिका अध्यक्ष तुल्सीभक्त प्रजापतिले बताउनुभयो।

त्यस्तै भनपा ९ वाकुपति चाँगुनारायण मन्दिर परिसरमा रहेको द्यो प:मी फल्चा पुन:निर्माणका लागि असोज १३ गते स्थानीय जनताको भेला सम्पन्न भयो। भेलाले गोपालकृष्ण श्रेष्ठको अध्यक्षतामा ७ सदस्यीय द्यो प:मी फल्चा पुन:निर्माण उपभोक्ता समिति गठन गरियो।

वाकुपति नारायण मन्दिरको सुरक्षार्थ खटिने द्यो प:मीहरू सुत्नका लागि निर्माण गरिएको भनिएको उक्त पाटी लामो समयदेखि जीर्ण अवस्था रहेको थियो। २०७२ सालको भूकम्पले उक्त पाटी पूर्ण क्षतिग्रस्त बनेको थियो। केही समय उक्त पाटीमा स्थानीय ढल्चा भजनसमेत सञ्चालन गरिएको स्थानीय ज्येष्ठ नागरिक न्हुछेराम प्रजापतिले जानकारी दिनुभयो।

कित्ता नं. ८०० र ८०१ मा भुई तल्लामा पाटी रहे पनि माथिल्लो तल्लाहरू व्यक्तिगत स्वामित्व ग्रहण गरी उपयोग गरिरहेको स्थानीयको भनाइ थियो।

# शिक्षकशिक्षिकाहरू कसिमला पाँय् सिक्दै

भक्तपुर नगरपालिका वडा नं. ९ सुर्यमढीस्थित वाकुपति चाँगुनारायण मन्दिर परिसरमा असोज १२ गते दिउँसो विद्यालयका शिक्षकहरू, विद्यार्थी र स्थानीय ज्येष्ठ नागरिकहरू शिक्षक भएको दृश्य देखियो। वडाका विभिन्न विद्यालयका शिक्षक शिक्षिकाहरू लहरै ढुङ्गा छापिएको भुइँमा कार्पेट ओछ्याएर बसेका थिए भने केही ज्येष्ठ नागरिकहरूले परम्परागत खेल कसिमलापायँको चित्र कोर्दै खेल खेल्ने नियम बताउँदै थिए।

भक्तपुर नगरपालिकाले यसै शैक्षिक सत्रदेखि नगर क्षेत्रका विद्यालयहरूमा कक्षा १ र कक्षा ६ मा लागू गरेको स्थानीय पाठ्यक्रममा समावेश गरिएको कसिमलापायँ कसरी खेल्ने भन्ने विषयमा व्यवहारिक कार्यशाला गरिएको थियो। बुद्धिचाल खेलमा जस्तै दुईतिर फरक विद्यालयका शिक्षक शिक्षिकाहरू बसे, साथमा दुवैतिर २/२ जना ज्येष्ठ नागरिकहरू बसे। शिक्षकले पालैपालो नरकटको डाँठ चिरेर तयार गरिएको कसिमला हातमा चलाउँदै भूइँमा बजार्दै थिए। कसिमला भूइँमा बजार्दा आवाज आउँथ्यो, 'कसि', 'च्या', 'ङा'। सोहीबमोजिम ज्येष्ठ नागरिकहरू बुद्धि खियाउँदै गोटी चाल्थे। प्रतिस्पर्धीको गोटी खाने वा 'भोङ' मा बस्ने र सुरक्षित हुन खोज्ने क्रमचलेको थियो।

करिब २० मिनेटजतिको प्रतिस्पर्धात्मक खेलमा एक पक्ष जित्थ्यो र अर्को हार्थ्यो। एउटा खेल सकिएपछि ज्येष्ठ नागरिकहरू नयाँ खेल शिक्षक शिक्षिकाहरू आफैंलाई खेलाउँथे। लगातार तीनचार खेल खेलेपछि शिक्षकहरूमा आत्मविश्वास बढेको हाउभाउबाट प्रस्ट देखिन्थ्यो।

'अब त विद्यालयमा विद्यार्थीहरूलाई सिकाउन सकिन्छ।'



परम्परागत खेल कसिमलापायँ अवलोकन गर्नुहुँदै भनपा प्रमुख सुनिल प्रजापति

'बुद्धिचालजस्तै बुद्धिको खेल रहेछ है।'

'सुत्रबद्ध लिखित नियम भए त सजिलो पो हुने रहेछ।'

खेल सकिएपछि शिक्षक शिक्षिकाहरू आपसमा कुरा गर्न थाले। खेलमा जीत हासिल गरेका केही शिक्षक शिक्षिकाहरूलाई यस्तै ज्येष्ठ नागरिकहरूको समूहले खेल सामग्री पुरस्कारको रूपमा हस्तान्तरण गरे।

स्थानीय दर्शकहरूको बाक्लो उपस्थितिमा सम्पन्न उक्त खेल खेलको भिडियो रेकर्ड पनि गरिएको थियो। स्थानीय पाठ्यक्रम अध्यापन गर्ने शिक्षक शिक्षिकाहरूलाई पाठ्य सामग्रीको रूपमा तयार गर्ने उद्देश्यले भिडियो खिचेको वडाध्यक्ष रविन्द्र ज्याख्वले बताउनुभयो। उहाँले उक्त भिडियो क्लिप सामाजिक सञ्जालमा छिटै नै राख्ने र खेलको प्रवर्द्धन गर्ने अवगत गराउनुभयो।

खेलको सुरुमा उपस्थित शिक्षक-शिक्षिका तथा स्थानीय ज्येष्ठ नागरिकहरूलाई सम्बोधन गर्दै नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगर ऐतिहासिक र सांस्कृतिक नगर भएको चर्चा गर्दै पुर्खादेखि चलिआएका सीप र ज्ञान तथा स्थानीय खेल, उपचार विधि, संस्कारलगायत नयाँ पुस्तालाई हस्तान्तरण गर्ने ध्येयले स्थानीय पाठ्यक्रमतयार गरेको प्रस्ट पार्नुभयो।

उहाँले नगरपालिकाले भक्तपुरको कला, संस्कृति र सीपको संरक्षण र प्रवर्द्धन गर्न वार्षिक रूपमा विभिन्न प्रतियोगिता तथा सांस्कृतिक गुरुहरूको सम्मान गर्दै आएको उल्लेख गर्नुभयो। प्रमुख प्रजापतिले भर्खरै सम्पन्न गाईजात्रामा प्रस्तुत गरिएका सांस्कृतिक विधाहरूलाई प्रोत्साहनस्वरूप १४ लाख रुपैयाँ बराबरको पुरस्कार वितरण गरेको र प्रत्येक वडाबाट २/२ जना सांस्कृतिक गुरुहरूलाई सम्मान गरेको जानकारी दिनुभयो।

स्थानीय पाठ्यक्रम तयार गर्ने कार्य दलका सदस्य रोशनराज तुईतुईले नयाँ पुस्तालाई भक्तपुरको विषयमा प्रशस्त विषय वस्तु पढाउन सकिने औंल्याउनुभयो। उहाँले पाठ्यक्रम निर्माणको क्रममा आफूहरूले पनि धेरै परम्परागत ज्ञान र सीप सिकेको अनुभव सुनाउनुभयो।

वडाध्यक्ष रविन्द्र ज्याख्वले कार्यक्रममा उपस्थित शिक्षक शिक्षिका तथा ज्येष्ठ नागरिकहरूलाई धन्यवादज्ञापन गर्दै खुला कार्यशालामा सहभागी भई व्यवहारिक रूपमा सिकेको सीप विद्यार्थीहरूलाई सिकाउन अनुरोध गर्नुभयो।

# नगरपालिकामा व्यवसायी भेला



भक्तपुर नगरपालिका बजार अनुगमन समितिको आयोजनामा च्याम्हासिंहदेखि दत्तात्रयसम्मका पसल व्यवसायीहरुको भेला असोज १० गते सम्पन्न भयो ।

भेलामा भनपा वडा नं ७ का वडाध्यक्ष उकेश कवांले बजार अनुगमन सजाय दिनलाई नभई स्वस्थ बजार तयार गर्न भएको बताउनुभयो ।

व्यवसायीले आफूले बिक्री गर्ने सामानको कानुनी ज्ञान राख्नुपर्ने नत्र सजायको भागिदार हुनसक्नेतर्फ उहाँले सचेत गराउनुभयो ।

बजार अनुगमन समितिका संयोजक एवं ३ नं वडा समितिका अध्यक्ष राजकृष्ण गोराले बजार अनुगमनको क्रममा कमी कमजोरी भेटिएकोले सुधारको निम्ति भेला आयोजना गरिएको बताउनुभयो । उहाँले सबैले व्यवसाय दर्ता गराउन अनुरोध गर्नुभयो ।

भनपा वडा नं. ६ का वडाध्यक्ष एवं बजार अनुगमन समितिका सदस्य हरिराम सुवालले बजार अनुगमन निर्देशिका तयार पार्नुको उद्देश्य बजार मूल्य मान्यता लागू गराउनु हो भन्दै मापदण्डविपरीतका पसल सञ्चालन गर्नेलाई पाँच लाखसम्मको जरिवाना र कैद सजायको प्रावधान रहेको बताउनुभयो । कार्यक्रममा बजार अनुगमन समितिका सदस्य रोशनमैया सुवाल र वडा निरीक्षक रामकृष्ण प्रजापतिले पनि बोल्नुभएको थियो ।

# पाठेघर र स्तन क्यान्सर परिक्षण शिविर सम्पन्न

भक्तपुर नगरपालिका ४ नं वडा स्वास्थ्य समितिको आयोजनामा महिलाहरूको पाठेघर तथा स्तन क्यान्सरसम्बन्धी स्वास्थ्य शिविर असोज १३ गते सम्पन्न भयो । शिविर उद्घाटन भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिले गर्नुभयो ।

कार्यक्रममा बोल्दै उहाँले ठाउँ-ठाउँमा उच्च रक्तचाप र मधुमेह रोगका बिरामीको सङ्ख्या वृद्धि भइरहेको र सोही कारण नगरवासीहरू विभिन्न रोगबाट ग्रसित हुने सम्भावना भएकोले नगरपालिकाले घर-घरमा नर्सिङ सेवाको सञ्चालन गरेको बताउनुभयो । कतिपय महिलाहरू पाठेघर तथा स्तन क्यान्सरबाट पीडित हुनुपरेको र धनी र उच्च ओहदाका व्यक्तिहरूसमेत यसबाट नजोगिने हुनाले समयमै उपचारका लागि स्वास्थ्य शिविर सञ्चालनमा जोड दिनुपर्ने आवश्यकताबारे प्रमुख प्रजापतिले प्रकाश पार्नुभयो । उहाँले शिक्षा, स्वास्थ्य र खेलकूदको क्षेत्रमा योग्य तथा सक्षम नागरिक तयार पार्न ख्वप मेडिकल कलेज र ख्वप विश्वविद्यालय स्थापनामा विशेष पहल गर्दै आइरहेको जानकारी गराउनुभयो ।

भक्तपुर नपा ४ वडाका वडाध्यक्ष कुमार चवालले स्वस्थ तथा निरोगी जीवन बाँच्न समयमै स्वास्थ्य जाँच गरिराख्नुपर्ने, आफ्नो स्वास्थ्य आफै बनाउनुपर्ने खाँचो औंल्याउँदै घरघरमा नर्सिङ सेवाको व्यवस्थाले वडाबासीहरू लाभान्वित भएको बताउनुभयो ।

तारा मा.वि. व्यवस्थापन समिति अध्यक्ष उपेन्द्र सुवालले स्वास्थ्य शिविरले धेरैको सेवा गर्न सकिने विचार व्यक्त गर्दै स्वस्थ रहन जीवनपर्यन्त सरसफाइमा ध्यान दिनुपर्ने आवश्यकतामाथि जोड दिनुभयो ।

नगर कार्यपालिका सदस्य एवं स्वास्थ्य समिति संयोजक कृष्णलक्ष्मी दुवालले पाठेघर र स्तन क्यान्सरको उपचार समयमै गर्नसके निको हुने बताउँदै महिलाहरू स्वास्थ्यप्रति बढी संवेदनशील हुनुपर्ने धारणा राख्नुभयो ।

स्वास्थ्य समिति संयोजक कृष्णलक्ष्मी दुवालको सभापतित्वमा सम्पन्न शिविर उद्घाटन कार्यक्रममा नर्स बिमला कुम्पाखले स्वागत तथा नर्स रोशना सुवालले सञ्चालन गर्नुभयो । शिविरमा कूल ४०९ जना महिलाहरूको स्वास्थ्य परीक्षण गरिएको थियो ।



# कृषि आधुनिकीकरणबारे किसान भेला



कृषिमा आधुनिकीकरण र समसामयिक विषयमा आयोजित प्रवचन कार्यक्रमका अतिथिहरू

भक्तपुर नगरपालिकाको आयोजनामा असोज ७ गते कृषिमा आधुनिकीकरण र समसामयिक विषयमा प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरका किसानहरूको आर्थिक स्थितिमा सुधारको लागि कृषि समितिमार्फत विभिन्न प्रशिक्षण कार्यक्रमहरू गर्दै आएको चर्चा गर्नुभयो । नगरपालिकाले कृषि क्षेत्रमा मात्र होइन अन्य क्षेत्रमा पनि स्थानीय तहको चुनावमा प्रतिबद्धता व्यक्त गरेअनुसारको काम भइरहेको बताउनुभयो ।

किसान अगुवा तथा भक्तपुर नगरपालिका वडा नं. ६ का वडा सदस्य गोविन्द दुवालले विगतमा किसान संघले गरेका विभिन्न आन्दोलनहरूको चर्चा गर्दै विगतको मोहीयानी हक सुरक्षाको आन्दोलन, साँढे धपाउने आन्दोलन, भर्पाई आन्दोलनले किसानहरूको आर्थिक स्थिति मजबुत भएको बताउनुभयो ।

कृषि प्राविधिक सविन ख्याजूले आधुनिक कृषि प्रणालीबारे चर्चा गर्दै कृषि प्रविधि र खेती गर्ने पद्धतिमा पनि सुधार आवश्यक भएको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ३ का वडाध्यक्ष तथा कृषि समितिका संयोजक राजकृष्ण गोराको सभापतित्वमा भएको कार्यक्रममा समितिका सदस्यहरू सुनिता अवाल र हरिराम सुवालले पनि आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

# भक्तपुरमा कृषि विज्ञानको कक्षा सुरु

बासु माध्यमिक विद्यालयमा यसै वर्षदेखि सञ्चालन गरिएको बाली विज्ञान र कम्प्युटर इञ्जिनियरिङ विषयमा अध्ययनरत विद्यार्थीलाई असोज ५ गते अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।

सामुदायिक विद्यालयमध्ये काठमाडौं उपत्यकामा कृषि विषयमा बाली विज्ञानको पढाइ हुने बासु मावि पहिलो विद्यालय बनेको छ । अभिमुखीकरण कार्यक्रममा कृषि अध्ययनका लागि विभिन्न २६ जिल्लाबाट आएका ४० विद्यार्थी र कम्प्युटर इञ्जिनियरिङ अध्ययन गरिरहेका ४० विद्यार्थीलाई सहभागी पाहुनाहरूले अभिमुखीकरण गर्नुभएको थियो ।

कार्यक्रममा भनपाका प्रमुख सुनिल प्रजापतिले आजका विद्यार्थी नै भोलिका देशका मुख्य आधार भएकोले विद्यार्थी अनुशासित, इमानदार हुनुपर्नेमा जोड दिनुभयो । पढेपछि विदेश जाने, रोजगारीका लागि स्वदेश छाड्ने विषयले देशको हित नहुने भएकोले आफ्नै देशमा केही गर्छु भन्ने भावना विद्यार्थीसँग हुनु जरुरी रहेको उहाँको भनाइ थियो ।

कृषि विकासको लागि नयाँ पुस्ता अघि सर्नुको विकल्प नभएको भन्दै उहाँले कृषि र प्रविधिलाई एकअर्काको पुरक बनाउन नयाँ पुस्ताले नै भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।

अभिमुखीकरणमा भक्तपुर नगरपालिका वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला, इञ्जिनियरिङ समाज नेपालका अध्यक्ष एवं ख्वप इञ्जिनियरिङ कलेजका उपप्राचार्य रविन्द्र फोजू, विद्यालयका प्रधानाध्यापक अम्बिका न्याइच्याईं, कृषि कार्यक्रममा इन्चार्ज शिक्षक सबिन ख्याजू र कम्प्युटर इञ्जिनियरिङका आयुष दुमरुले कृषि र कम्प्युटरको अध्ययनले हुने लाभ र पाइने अवसरबारेमा बोल्नुभएको थियो ।

# स्काउटले विद्यार्थी अनुशासित बनाउने

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सबै विद्यालयहरूमा स्काउट गठन गर्न सके अनुशासित विद्यार्थीहरू तयार गर्न मद्दत पुग्ने बताउनुभयो ।

असोज ६ गते नेपाल स्काउटको भक्तपुर नगर परिषद्को उद्घाटन गर्दै उहाँले स्काउटमा लाग्नेहरूले आफ्नो भन्दा देश र समाजको सेवा गर्ने भावनाले काम गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

विपत परेको हरेक ठाउँमा स्काउटको उपस्थिति भएमा जनविश्वास बढ्ने बताउँदै उहाँले २०७२ सालको भूकम्प पछिका उद्धार कार्य भक्तपुर स्काउटले गरेको कामको प्रशंसा गर्नुभयो ।

नेपाल स्काउटको राष्ट्रिय आयुक्त भक्त राजभण्डारीले स्काउट सामाजिक संस्था नभई शैक्षिक अभियान भएको हुँदा




नेपाल स्काउटको भक्तपुर नगर परिषद्को उद्घाटन कार्यक्रम

नेपाल स्काउट शिक्षा मन्त्रालयअन्तर्गत राख्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल स्काउट भक्तपुर नगर समितिका संयोजक कृष्णसुन्दर प्रजापतिलगायतले बोल्नुभएको उक्त कार्यक्रमको सभापतित्व जिल्ला आयुक्त रामगोपाल कर्माचार्यले गर्नुभएको थियो ।

# सिद्धपोखरी उत्तरको जग्गा नगरवासीलाई फिर्ता गर्न पहल

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग सूर्यविनायक ब्यारेकका प्रमुख सेनानी शिवप्रसाद पौडेलले असोज ९ गते भेट गर्नुभयो ।




प्रमुख सुनिल प्रजापतिसँग भेट गर्दै सूर्यविनायक ब्यारेकका प्रमुख सेनानी शिवप्रसाद पौडेल

भेटमा प्रमुख प्रजापतिले भक्तपुर अस्पतालदेखि चोङा गणेशस्थानसम्मको सैनिकको नाममा रहेको जग्गामध्ये सिद्धपोखरी उत्तरको खेलमैदान स्थानीय नगरवासी खेलाडीहरूको लागि खुला गर्ने सम्बन्धमा २०५५ सालमा तत्कालीन प्रधानसेनापति प्रज्जवलशमशेर राणासँग भएको सम्झौता कार्यान्वयनमा पुनः जोड दिनुभयो । उहाँले चोङा गणेश मन्दिर परम्परादेखि सार्वजनिक प्रयोग भइरहेकोमा जनभावनाअनुरूप पुनः सार्वजनिक कायम गर्ने पहलका लागि अनुरोध गर्दै हाल नगरपालिकाले फूटबललगायत विभिन्न खेलकुदको तालिम प्रदान गरिरहेको बताउनुभयो ।

उहाँले भक्तपुर नगरलाई शिक्षा, स्वास्थ्य र सरसफाइमा जस्तै अन्य क्षेत्रमा पनि नमुनाको रूपमा विकास गर्न आवश्यक योजनाहरू बनाई कार्यान्वयनको लागि तयारी गरिरहेको बताउनुभयो । उहाँले सैनिक इलाका रहेको सल्लाघारीको रानीपोखरी सर्वसाधारण जनताले उपभोग गर्न पाउने गरी जीर्णोद्धार गर्ने र भाज्यापुखु पुनर्निर्माणसम्बन्धी प्रगतिबारे जानकारी गराउनुभयो ।

भेटमा प्रमुख सेनानी पौडेलले चोङा गणेश क्षेत्रको सदुपयोगसम्बन्धी अध्ययन गरिरहेको बताउँदै सैनिकहरूले नगरपालिकाको विकास निर्माणको कुनै पनि क्षेत्रमा समन्वय गरी कार्य गर्न र नपाको जनहितको काममा सदा सहयोग गर्न तयार रहेको बताउनुभयो । भेटमा प्रमुख सेनानीको साथमा सेनानी पूर्ण प्रजापतिको पनि उपस्थिति रहेको थियो ।

# आर्थिक समानताले सामाजिक कुरीति अन्त्य गर्नेछ

भक्तपुर नगरपालिकाको आयोजनामा असोज ३ गते संविधान दिवसको अवसरमा प्रवचन कार्यक्रम सम्पन्न भयो।




संविधान दिवसको अवसरमा आयोजित प्रवचन कार्यक्रमका अतिथि

कार्यक्रममा प्रतिनिधिसभा सदस्य प्रेम सुवालले पुँजीवादी व्यवस्थामा नाफाको राजनीति हुने उल्लेख गर्दै अहिले नेपालमा पुँजीवादी पार्टीको सरकारले संविधानको मौलिक हक प्रदत अधिकार नागरिकले पाउने गरी ऐन नबनाएको बताउनुभयो।

दुई महिना बितिसक्दा पनि निर्मला पन्तको हत्यारा पत्ता नलागेको हुँदा गृहमन्त्रीको राजीनामाको माग उठेको चर्चा गर्दै सांसद सुवालले पुँजीवादी व्यवस्थामा भ्रष्टाचार, बलात्कार, हत्या हुने भएकोले समाजवाद आवश्यक भएको बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले संविधान देशको मूल कानुन भएको चर्चा गर्दै भक्तपुर नगरपालिकाले कानुनको परिधिभित्र रहेर आफ्नो काम अगाडि बढाएको विचार राख्नुभयो।

प्रदेशसभा ३ का सांसद सृजना सैंजूले निजीकरणको पक्षपोषण गर्नेहरू नक्कली कम्युनिष्ट हुने चर्चा गर्दै समृद्ध नेपाल र सुखी नेपालीको नारा हावा सावित भएको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्ट, कानुन अध्ययन समाजका अध्यक्ष रामप्रसाद प्रजापति र भक्तपुर नपा वडा नं. ९ का वडा अध्यक्ष रविन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो।



प्रवचन कार्यक्रममा उपस्थिति नपाका जनप्रतिनिधि तथा कर्मचारीहरू

# पाठेघर तथा स्तन क्यान्सरसम्बन्धी अभिमुखीकरण

भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा असोज ४ गते स्थानीय वडावासी दिदीबहिनीहरूको बृहत भेला गरी पाठेघर तथा स्तन क्यान्सरसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर क्यान्सर अस्पतालका स्त्रीरोग विशेष डा. उषा बादेश्रेष्ठले नेपाली महिलाहरू चुलो–चौकामा बढी केन्द्रित हुने तथा परिवारका अन्य सदस्यहरूको खुशीको विषयमा सोच्दा–सोच्दै आफूलाई गम्भीर रोग लागेको भेउ नपाउने समस्या रहेको पाइएको बताउनुभयो।

उहाँले पाठघर तथा स्तन क्यान्सर रोग लाग्नुभन्दा पहिला नै परीक्षण गर्न सकिने हुँदा त्यस विषयमा समयमै सचेत भए महिलाहरूको स्वास्थ्य सुधार हुने विश्वास व्यक्त गर्नुभयो। डा. श्रेष्ठले सहभागीहरूलाई प्रयोगात्मक विधिबाट रोग पत्ता लगाउने तरिका समेत सिकाउनुभयो।

वडाध्यक्ष रविन्द्र ज्याख्वले नगरवासीहरू कुनै पनि रोगको उपचारको लागि भक्तपुरभन्दा बाहिर जान नपर्ने अवस्था सिर्जना गर्ने उद्देश्यले भक्तपुरमा रहेका विभिन्न अस्पतालहरूसँग समन्वय गरी ख्वप अस्पताल निर्माण अगाडि बढाइरहेको जानकारी दिनुभयो।

कार्यपालिका सदस्य छोरीमैयाँ सुजखूले महिलाहरूमा पुरुषको तुलनामा बढी रोग लाग्ने सम्भावना रहेको हुनाले समयमै स्वास्थ्य उपचार गर्नुपर्नेमा जोड दिनुभयो।

# अनुगमन समितिको आयोजनामा व्यवसायीहरूको भेला



व्यवसायी भेलामा उपस्थित व्यवसायीहरू

भक्तपुर नगरपालिकाको आयोजनामा महालक्ष्मीदेखि कमलविनायक लान्चा फल्चासम्मको व्यवसायीहरूको भेला नगर प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भनपा सभाकक्षमा असोज २ गते सम्पन्न भयो।

प्रमुख अतिथि सुनिल प्रजापतिले नवउदारवादले आर्थिक रूपमा स-साना देशलाई कब्जा गर्ने साम्राज्यवादी नीतिले हाम्रो देश गरिब हुँदै जाने बताउनुभयो। उहाँले व्यापारमा स्वच्छ, शुद्ध नाफा लिएर व्यवसाय गर्नुपर्ने र अस्वस्थ प्रतिस्पर्धाले दीर्घकालीन रूपमा नोक्सान हुने बताउनुभयो।

कार्यक्रम बजार अनुगमन समितिका संयोजक राजकृष्ण गोराको सभापतित्वमा सम्पन्न भएको थियो। उक्त कार्यक्रममा हरिराम सुवाल, रोशनमैया सुवालले बोल्नुभएको थियो भने व्यवसायीहरू कुबेर शाही, केशवप्रसाद दंगाल, सुरेन्द्र व्याञ्जू र बुद्धिकुमार मुस्याख्वले पेटीमा सामान कतिसम्म राख्न पाइने मापदण्ड बनाउनुपर्ने, धुलाम्य र हिलाम्य बाटो र खाल्डाखुल्डी व्यवस्थापन गर्नुपर्ने सुझाब दिनुभयो।

# भक्तपुरको विभिन्न ठाउँमा बजार अनुगमन

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा सल्लाघारीमा भदौ २९ गते ४४ वटा पसल अनुगमन गरेकोमा १२ वटा दर्ता नभएको पाइयो।

अनुगमनमा स्वीकृति बेगर मादक पदार्थ बिक्री नगर्न, साबित्री नुडल्समा किरा भेटिएको, पेटीमा रहेको टहरा हटाउन निर्देशन दियो।

पसल दर्ता गर्न, म्याद नाघेको सामान हटाउन, साइनबोर्ड राख्न, पेटीमा आल्मुनियमको बार राखेको सामानमा लेबल राख्न, च्वङ्गा गणेश खाद्य स्टोर र शिव मिष्ठान पनि दर्ता गर्न, अनिलकुमार शाहको पसल र ढक तराजु नवीकरण गर्न निर्देशन दियो।

अनुगमनमा अनुगमन समितिका सदस्यहरू हरिराम सुवाल, रोशनमैया सुवाल, भनपा श्यानिटेशनका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, भक्तपुर उद्योग वाणिज्य संघका सञ्जय जोन्छे, राष्ट्रिय महानगरीय प्रहरी प्ररिसरका रामशरण तामाङ, राष्ट्रिय उपभोक्ता मञ्चका नारायणप्रसाद राजथला, जिल्ला प्रशासन कार्यालय, जनस्वास्थ्य कार्यालय र पत्रकारहरूको सहभागिता रहेको थियो।

यसैगरी ३१ गते ४६ वटा पसल अनुगमन गरेकोमा २७ वटा दर्ता नभएको पाइयो।

अनुगमनमा राममन्दिर टुरिज्म मार्केटमा रहेको साख मल्टी स्टोर्स मिनि मार्केट खोलिराखेको किराना दर्ता नभएकोले मिनि मार्ट दर्ता गर्न र ढक तराजुको नापतौल विभागमा नवीकरण गर्न निर्देशन दिइयो।

किरण सुवालको अण्डा बिक्री र किराना पसल दर्ता नभए दर्ता गर्न र म्याद नाघेको सामान बिक्रिबितरण नगर्न निर्देशन दियो।

यसैगरी भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा असोज १८ गते खाद्य पसल अनुगमन गरी म्याद नाघेको समान जफत गरेको छ।

अनुगमन टोलीले साकोठामा रहेको पसलमा म्याद नाघेको खाद्यवस्तु जफत गर्नुका साथै लेबल नभएको प्याकेजिङ सामानहरुमा लेबल राख्न निर्देशन दियो। नगरपालिकामा दर्ता गरेको दर्ता प्रमाण पत्र राख्न, ढक तराजु नापतौल विभागमा नवीकरण गर्न, एप्रोन प्रयोग गर्न, सरसफाइमा विशेष ध्यान दिन, पेटीमा राखेको समान हटाउन निर्देशन दियो।

# नगरको सरसफाइ स्थानीय सरकारको दायित्व

भक्तपुर नगरपालिकाले नियमित सरसफाइअन्तर्गत असोज १५ गते भक्तपुर नगरपालिकाले दसैंको बेला मेला लाग्ने धार्मिक स्थल ब्रम्हायणी पीठ परिसर तथा खोला वरपर सरसफाइ कार्यक्रमको आयोजना गऱ्यो ।



३८ औं नेपालभाषा साहित्य तःमुंज्या आयोजनास्थलमा वृक्षारोपण गर्नुहुँदै प्रमुख प्रजापति

प्रत्येक महिनाको १ र १५ गते हुँदै आएको सफाइ अभियानकै सिलसिलामा ब्रह्मायणी मन्दिर परिसरमा सफाइ कार्यक्रम भएको हो ।

सो अभियानमा स्थानीय नागरिक, वडा-वडाका जनप्रतिनिधि, शिक्षक, शिक्षिका, बुद्धिजीवी, समाजसेवी, व्यापारी, विभिन्न संघ-संस्था, क्लब, पुस्तकालय, डाफा भजनका प्रतिनिधिहरू, स्कूल-कलेजका विद्यार्थी, खेलाडी, स्काउट, कर्मचारी तथा सफाइ मजदुरहरूको व्यापक सहभागिता थियो ।

सभामा भनपाका प्रमुख सुनिल प्रजापतिले नगरलाई सफा र सुन्दर बनाउन सरसफाइको निन्तरता आवश्यक भएको बताउँदै आ-आफ्नो स्थानमा स्थानीय जनताले नै सरसफाइमा ध्यान दिएर फोहर व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो ।

उपप्रमुख रजनी जोशीले नगरको सम्पदाको परिचय दिन सरसफाइ आवश्यक भएको उल्लेख गर्दै फोहर व्यवस्थित गर्न कुहिने र नकुहिने छुट्याउनुपर्ने बताउनुभयो ।

भनपा वडा नं. ९ का वडाअध्यक्ष रविन्द्र ज्याख्वले सफा गर्नु सबैको काम हो, मठ-मन्दिर, खोला, पोखरीजस्ता ऐतिहासिक, पुरातात्विक र धार्मिक महत्त्वका सम्पदा स्थलको सरसफाइमा सहभागी भएर एकताको प्रदर्शन गरिएकोमा धन्यवाद दिनुभयो ।

यसैबीच असोज १ गते कमलविनायक आवास क्षेत्रस्थित ३८ औं नेपालभाषा साहित्य तःमुंज्या आयोजना स्थलमा सरसफाइ तथा वृक्षारोपण कार्यक्रम सम्पन्न भयो ।

सरसफाइको क्रममा तःमुंज्या स्थलमा रहेका झार तथा घाँसहरू सफा गर्ने कार्य गरिएको थियो । त्यस्तै स्थल वरिपरि कपुर, जामुन, धुपी, अम्बा, असारेलगायतका विभिन्न जातका रुख-बिरुवाहरू रोपिएका थिए ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले राष्ट्रिय स्तरका व्यक्तित्वहरूको उपस्थितिमा सम्पन्न हुने नेपालभाषा साहित्य तःमुंज्या आयोजना स्थलमा सरसफाइ तथा वृक्षारोपण गरिएको बताउनुभयो ।

वडाध्यक्ष एवं वातावरण समितिका संयोजक रविन्द्र ज्याख्वले नगरमा वन-जंगल नभएको उल्लेख गर्दै भएका खुल्ला क्षेत्र, सडक पेटी र खोला किनारमा शहरी वन र बगैंचा बनाउने तयारी भइरहेको बताउनुभयो ।

वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले सरसफाइमा सहभागी हुने विद्यालय, संघ-संस्था र स्थानीय जनतालाई धन्यवाद ज्ञापन गर्नुभयो ।



ब्रम्हायणी पीठ परिसर वरपर गरिएको सरसफाइ

तःमुंज्या ग्वसाखलका अध्यक्ष नरेश खत्रीले तःमुंज्या स्थलमा सरसफाइ गरेकोमा नगरपालिकाप्रति आभार व्यक्त गर्दै बौद्धिक एवं सांस्कृतिक दबुको रूपमा स्थापित तःमुंज्या भव्यताका साथ सम्पन्न गर्न सबैमा अनुरोध गर्नुभयो ।

# ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा अभिमुखीकरण

ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा ओभरसियर अध्ययनको लागि भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूको अभिमुखीकरण कार्यक्रम भदौ ३१ गते सम्पन्न भयो ।

कार्यक्रममा संस्थान सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विद्यार्थीहरू अध्ययनशीलका साथै व्यवहारिक हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

विद्यार्थीहरूलाई प्राविधिक शिक्षा बेरोजगारी समस्या हटाउने उद्देश्यअनुसार ख्वप बहुप्राविधिक अध्ययन संस्थान सञ्चालन भइरहेको जानकारी दिंदै उहाँले भन्नुभयो "विद्यार्थीहरूले आफूले सिकेको प्राविधिक ज्ञान देश र जनताको सेवामा उपयोग गर्न सकेमात्र संस्था स्थापनाको उद्देश्य पूरा हुनेछ । दक्ष र सक्षम जनशक्ति विदेश पलायन भएसम्म नेपाल अगाडि बढ्न सक्दैन ।"

ओभरसियर कार्यक्रमका निमित्त इञ्चार्ज राजु भेलेले संस्थाको नियम र अनुशासनलाई ध्यानमा राखी




अभिमुखीकरण कार्यक्रममा सम्बोधन गर्नुहुँदै प्रमुख प्रजापति

विद्यार्थीहरूले अध्ययन गर्नुपर्ने बताउनुभयो ।

विद्यालयका पुस्तकालय प्रमुख राज्यश्वरी खर्बुजाले विद्यार्थीहरूको आवश्यकता र मागअनुसार पुस्तकालयबाट पुस्तक उपलब्ध हुने विश्वास दिलाउनुभयो । कार्यक्रममा इञ्जिनियर रमेश सुवालले स्वागत गर्नुभएको थियो ।

# uf|; ?6 km6an km]:6en ;DkGg

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भदौ ३० गते भक्तपुर जिल्ला फुटबल संघको आयोजनामा सुरु भएको ग्रासरुट फुटबल फेस्टिभल-२०१८ एक समारोहबीच महेश्वरी खेल मैदानमा उद्घाटन गर्नुभयो । प्रशिक्षकहरू इन्द्र राजलवट, धनेश्वर प्रजापति, बालगोपाल साहुखल र रघु प्रजापतिलाई बल हस्तातरण गरी फेस्टिबलको उद्घाटन गरिएको हो ।




ग्रासरूट फुटबल फेस्टिभल-२०१८ को उद्घाटन समारोह

कार्यक्रममा बोल्दै भक्तपुर नगरपालिकाका प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले हाल पाँचवटा खेलको प्रशिक्षण दिइरहेकोमा आगामी दिनमा संख्या बढाउँदै लाने जानकारी दिनुभयो ।

उहाँले भक्तपुरमा खेल मैदानको अभाव भएको बताउँदै खेलकुदको चौतर्फी विकासको लागि उपयुक्त स्थानमा नगरपालिकाले पहल गरिरहेको बताउनुभयो । उहाँले खेलकुदमा जित्नको लागिभन्दा अनुशासित रूपमा खेल खेल्नुपर्ने बताउनुभयो ।

एन्फा केन्द्रीय प्रतिनिधि सञ्जीव मिश्रले ग्रासरुट फुटबल फेस्टिभल फुटबलप्रति नयाँ पुस्ता आकर्षित गर्ने लक्ष्यका साथ फुटबल महोत्सव आयोजना गरेको बताउनुभयो ।

भक्तपुर जिल्ला फुटबल संघका अध्यक्ष गौतम सुजखुको सभापतित्वमा भएको कार्यक्रममा उपाध्यक्ष रामकृष्ण प्रजापति र महासचिव तीर्थ राजचलले पनि बोल्नुभएको थियो । कार्यक्रममा फुटसल संघका सह-संयोजक सुन्दर थापाको पनि उपस्थित रहेकोमा २५० भन्दा बढी विद्यार्थीको सहभागितामा भएको उक्त खेलमा २१ वटा विद्यालयका विद्यार्थीहरू उपस्थित रहेको थियो ।

ग्रासरुट फुटबल फेस्टिभल-२०१८ मा सुरुमा पाँच मिनेट कार्यक्रमबारे व्याख्या गर्ने, त्यसपछि १० देखि १५ मिनेट वर्म अफ फन गेमको रूपमा डड्ज बल, हाण्ड बल, टाग गेम, चेन आटाक, ग्रेट इस्क्याप हुनेछ । त्यसपछि ५ मिनेट ब्रेक त्यसपछि टेक्निकल ट्रेनिङ, २५ देखि ३० मिनेटको पासिङ, बल कण्ट्रोल, ड्रिबलिङ र स्किल, सुटिङ, हेडिङ रहेको छ । त्यसपछि ३०, ३० जनाको समूह बनाई ६ वटा कोड १० देखि १२ वर्षसम्मको ७/७ जनाको लागि २ वटा कोड र १० वर्ष मुनिकाको ५/५ जनाको लागि ४ वटा कोडमा विद्यार्थीलाई २५ देखि ३० मिनेटको प्रतियोगिता खेलाई समापन गरेको थियो ।

# २९ औं राष्ट्रिय बाल दिवस सम्पन्न

भक्तपुर नगरपालिकाको आयोजनामा २९ औं राष्ट्रिय बाल दिवसको अवसरमा भदौ २९ गते 'जनप्रतिनिधिहरूसँग बालबालिका' कार्यक्रम सम्पन्न भयो ।



२८ औं राष्ट्रिय बाल दिवस कार्यक्रममा मन्तव्य दिनुहुँदै भनपा प्रमुख प्रजापति

नगरपालिकाभित्रका विद्यालयहरूको सक्रिय सहभागितामा सम्पन्न उक्त कार्यक्रममा विद्यार्थीहरूले जनप्रतिनिधिहरूसँग नगरको सरसफाइ, शिक्षा, स्वास्थ्य उपचार सेवा, बालश्रमलगायतका विषयमा जिज्ञासाहरू व्यक्त गरेका थिए ।

विद्यार्थीहरूको जिज्ञासाको जवाफ दिँदै नगर प्रमुख सुनिल प्रजापतिले बाल दिवसलाई नारामा मात्र सीमित नराखी सभ्य, सुसंस्कृत र आदर्श नागरिक तयार गर्न राज्यले ठोस कार्यक्रम ल्याउनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाले ६ वटा शिशु स्याहार केन्द्रहरू सञ्चालन गरिरहेको उल्लेख गर्दै प्रमुख प्रजापतिले नगरभित्रका सबै विद्यालयहरूको सुधार तथा शैक्षिक स्तरोन्नतीका लागि नगरपालिकाले योजना बनाइरहेको प्रष्ट पार्नुभयो । उहाँले यसै आर्थिक वर्षमा बालबालिकाहरूको लागि आकर्षक चिल्ड्रेन पार्क स्थापना गर्ने तयारी भइरहेको समेत जानकारी दिनुभयो ।

उपप्रमुख रजनी जोशीले नगरपालिकामा न्यायिक अधिकार समेत रहेको चर्चा गर्दै वालवालिकासँग सम्बन्धित घरेलु हिंसा वा वालश्रम शोषणलगायतका विषयमा नगरपालिकामार्फत पीडितलाई न्याय दिलाउन सकिने बताउनुभयो ।

कार्यक्रममा वडाअध्यक्षद्वय रविन्द्र ज्याख्व र श्यामकृष्ण खत्री, नगर शिक्षा अधिकृत कृष्णप्रसाद कर्माचार्यलगायतले बालदिवसको सान्दर्भिकताबारे प्रस्ट आफ्नो धारणा राख्नुभयो ।

कार्यक्रममा विद्यार्थीहरूले बालालिकालाई स्तरीय शिक्षा प्रदान गर्न नगरपालिकाले विशेष योजना ल्याउनुपर्ने, बालश्रम उन्मुलनका लागि ठोस कार्यक्रम गर्नुपर्ने, घर-घरबाट नै कुहिने र नकुहिने फोहर छुट्याएर फोहरबाट आम्दानी गर्न सकिनेबारे जनचेतना जगाउनुपर्ने, बाढी प्रभावित विद्यालयहरूलाई स्थानान्तरण गर्नुपर्ने, खानेपानीको व्यवस्था मिलाउनुपर्नेलगायतका जिज्ञासाहरू व्यक्त गरेका थिए ।



बाल दिवस कार्यक्रममा उपस्थित भक्तपुरका विभिन्न विद्यालयका विद्यार्थी

# ख्वप कलेजमा बीबीएमको पढाइ हुने

काठमाडौं उपत्यकासँग जोडिएको भक्तपुर जिल्लामा पहिलोपटक बीबीएम (ब्याचलर अफ बिजनेश म्यानेजमेन्ट)को पढाइ हुने भएको छ । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजले यसका लागि त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकाय डीन कार्यालयबाट सम्बन्धन प्राप्त गरेकाले यही वर्षदेखि बीबीएमको पढाइ हुने कलेजले जानकारी दिएको छ ।

ख्वप कलेजका प्राचार्य रूपक जोशीले बीबीएमको यसै वर्षदेखि पढाइ सुरु गर्ने बताउनुभयो । सेमेष्टर प्रणालीमा चार वर्षे कोर्षको पढाइ हुने र ६ महिनाको अन्तरमा आठवटा सेमेष्टर सञ्चालन हुने उहाँको भनाइ छ ।

# बालदिवसको अवसरमा चित्रकला प्रतियोगिता

राष्ट्रिय बाल दिवसको अवसरमा भक्तपुर नगरपालिका र संस्थागत विद्यालय संघ (इसान)को आयोजनामा भदौ २९ गते भक्तपुर दरबार क्षेत्रमा 'विद्यालय र वातावरण' तथा 'सम्पदा र संस्कृति' शीर्षकमा आधारभूत तह र माध्यमिक तहको भक्तपुर नगरस्तरीय अन्तरविद्यालय चित्रकला प्रतियोगिताको भनपा प्रमुख सुनिल प्रजापतिले प्राध्यापक नारायणप्रसाद बोहजूलाई चित्रकला सामग्री हस्तान्तरण गरी समुद्घाटन गर्नुभयो।



नगरस्तरीय अन्तरविद्यालय चित्रकला प्रतियोगिताका अतिथिहरू

समुद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख प्रजापतिले पूँजीवादी व्यवस्था धनीहरूको हितमा हुने व्यवस्था भएको, यो व्यवस्थामा धनी वर्गले मात्र सबै सेवा–सुविधा उपभोग गर्ने, पैसा कमाउनकै लागि समाजका खराब व्यक्तिहरूले बालबालिका र महिलाहरूलाई बेचविखन समेत गर्ने गरेको बताउँदै यसप्रति सबै सचेत हुनुपर्ने बताउनुभयो।

उहाँले देशलाई बालश्रममुक्त बनाउन बालबालिकाहरूले पनि सकारात्मक भूमिका खेल्नुपर्ने बताउनुहुँदै चित्रकला प्रतियोगिताबाट बालबालिकाहरूको सृजनशीलता वृद्धि हुने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा भनपाका उपप्रमुख रजनी जोशीले कला र संस्कृतिले देश र जनताको सेवा गर्ने र कला एउटा विश्व मानव समुदायले बुझ्ने विश्व भाषा हो भन्नुभयो।

कार्यक्रममा भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, प्रमुख प्रशासकीय अधिकृत रोहितराज पोखरेल, संस्थागत विद्यालय संघ (इसान)का अध्यक्ष प्रेमजन थापा र बालकृष्ण वनमालाले पनि बोल्नुभएको थियो।

चित्रकला प्रतियोगितामा आधारभूत विद्यालयतर्फ प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमशः रु ३ हजार, २ हजार, १ हजार र पाँच सय तथा माध्यमिक तह तर्फ प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमशः रु ५ हजार, ३ हजार, २ हजार र १ हजार पुरस्कारको व्यवस्था गरिएको र आधारभूत विद्यालयबाट १२० जना विद्यार्थी तथा माध्यमिक विद्यालयबाट १२० जना विद्यार्थीले र संस्थागत १५ वटा विद्यालयका १२० जना विद्यार्थीहरूले प्रतियोगितामा भाग लिएको आयोजकले जनाएको छ।



कार्यक्रममा उपस्थित विद्यार्थीहरू

# ७ नं. वडाको शिशु स्याहार केन्द्रमा अभिभावक भेला

भक्तपुर नगरपालिकाद्वारा ७ नं. वडामा सञ्चालित शिशु स्याहार केन्द्रमा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भदौ २१ गते अभिभावक भेला सम्पन्न भयो।

भेलामा प्रमुख प्रजापतिले देशको लागि सभ्य र शिष्ट बालबालिकाहरूको विकास गर्नु हाम्रो कर्तव्य रहेको बताउँदै आजका हरेक बालबालिकाहरू भविष्यमा उच्च पदमा पुग्ने सम्भावना भएका नागरिकहरू हुन् भन्नुभयो। उहाँले भन्नुभयो – बालबालिकाहरूको शारीरिक र मानसिक विकास गरी सक्षम नागरिक बनाउनु हामी सबैको साझा कर्तव्य हो।

७ नं. वडाका वडा अध्यक्ष उकेश कवांले बालबालिकाले गर्ने व्यवहार, आचरण, बोलिवचन सुधारमा प्राथमिकता दिनुपर्ने र अभिभावकहरूको सुझाबबाट नै शिशुस्याहार केन्द्रहरू राम्रो हुने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रम महिला, बालबालिका तथा समाज कल्याण समितिका संयोजक रोशनमैया सुवालको सभापतित्वमा सम्पन्न भएको थियो।

# घरदैलो तथ्याङ्क संकलनकर्ताहरूलाई सामग्री हस्तातरण

भक्तपुर नगरपालिकाको आयोजनामा घरदैलो तथ्याङ्क संकलनकर्ताहरूलाई सामग्री हस्तातरण कार्यक्रमको नगरप्रमुख सुनिल प्रजापतिले पानसमा दिप प्रज्वलित गरी भनपा सभाकक्षमा भदौ २३ गते एक समारोहबीच उद्घाटन गर्नुभयो ।




घरदैलो तथ्याङ्क संकलनकर्ताहरूलाई सामग्री हस्तातरण कार्यक्रममा सम्बोधन गर्नुहुँदै नपा प्रमुख सुनिल प्रजापति

हलो समात्नेलाई मात्र हलो जोत्ने बेलाको समस्या थाहा हुने बताउँदै प्रमुख प्रजापतिले सैद्धान्तिक ज्ञानहरू फिल्डमा गएर मात्र थाहा हुने बताउनुभयो । उहाँले तथ्याङ्क संकलनमा एकसय पचासवटा भन्दा बढी प्रश्नहरू भएको र सबै कुरा जनताले बुझ्ने तरिकाले तथ्याङ्क संकलन गर्नुपर्ने बताउनुभयो । उहाँले दुई ठाउँमा बसोबास गर्नेको बारेमा पनि जनप्रतिनिधिहरूसँग छलफल गरी अगाडि बढ्नु उपयुक्त हुने बताउनुभयो ।

कार्यक्रममा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्व, वडा नं. ८ का महेन्द्र खायमली, वडा नं. ३ का राजकृष्ण गोरा, वडा नं. १ का श्यामकृष्ण खत्री, कार्यपालिका सदस्य रोशनमैया सुवालले आफ्नो वडाको परिचय दिनुभयो । तथ्याङ्क संकलनका हरिकृष्ण ध्वजुले तथ्याङ्क सङ्कलनबारे बताउनुभयो ।

# सक्षम स्थानीय तहलाई विश्वविद्यालय सञ्चालन गर्न दिनुपर्छ

ख्वप माविमा अध्ययनरत कक्षा ११ का विद्यार्थीहरूको भदौ २१ गते अभिभावक भेला भयो ।

विज्ञान सङ्कायका चारवटा समूहका विद्यार्थीहरूको सो अभिभावक भेलामा विद्यालय सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शिक्षाले मात्र समाज परिवर्तन गर्नसक्ने भएकोले काम गरिखाने वर्गलाई कम शुल्कमा गुणस्तरीय उच्च शिक्षा दिने उद्देश्य लिई भनपाले विद्यालय र कलेज सञ्चालन गरिरहेको बताउनुभयो ।



ख्वप माविमा अध्ययनरत विद्यार्थीहरूको अभिभावक भेलामा उपस्थित अभिभावक

स्थानीय तहलाई बलियो बनाउनुपर्ने पक्षमा नेपाल मजदुर किसान पार्टी रहेको चर्चा गर्दै उहाँले भन्नुभयो, ''सक्षम स्थानीय निकायलाई विश्वविद्यालय सञ्चालन गर्ने अवसर दिनुपर्छ । सल्लाघारीस्थित १०८ रोपनी जग्गामा ख्वप विश्वविद्यालय स्थापना गरी सञ्चालन गर्ने लक्ष्यसहित भनपा अगाडि बढिरहेको छ ।''

विद्यालयका प्राचार्य प्रकाशकुमार श्रेष्ठले आफ्ना नानीहरूको पढाइको साथै स्वास्थ्यमा अभिभावकहरू सजग हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उपप्राचार्य लक्ष्मीप्रसाद कर्माचार्यले पनि बोल्नुभएको कार्यक्रममा अभिभावकहरूको जिज्ञासालाई प्राचार्य श्रेष्ठले स्पष्ट पार्नुभएको थियो ।

# समाजका कुरीति हटाउन शिक्षा अपरिहार्य

भक्तपुर नगरपालिकाको आयोजनामा भदौ २२ गते विश्व शिक्षा तथा साक्षरता दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।




विश्व शिक्षा तथा साक्षरता दिवसको अवसरमा आयोजित अन्तरक्रिया कार्यक्रमका अतिथिहरू

कार्यक्रममा प्रमुख अतिथि नेमकिपाका सांसद प्रेम सुवालले पूँजीवादमा रगतको नाताभन्दा नगदको नाता बलियो हुने कारण पुँजीवादी समाजमा नयाँनयाँ समस्या उत्पन्न भइरहने बताउनुभयो।

उहाँले छाउपडी, बोक्सा–बोक्सी, बलात्कार, यौन दुर्व्यवहार, अन्धविश्वास हटाउन साक्षरता अभियान व्यापक रूपमा अगाडि बढाउनुपर्नेमा जोड दिँदै विज्ञानसम्मत शिक्षा सम्प्रेषण गर्न आवश्यक रहेको बताउनुभयो।

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले महिलाहरू सीप र ज्ञान सिकेर योग्य भई समाजमा अगाडि बढ्नुपर्ने बताउँदै कानुनी विषयमा पनि महिलाहरू जानकार भई समाजको समस्या समाधानतिर अग्रसर हुनुपर्नेमा जोड दिनुभयो।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भनपाले सम्पदा निर्माणमा मौलिक प्रविधिलाई प्राथमिकतामा राखेको र भक्तपुरलाई ज्ञान–विज्ञानको केन्द्रका रूपमा स्थापना गर्ने लक्ष्य रहेको बताउनुभयो।

कार्यक्रममा वडा नं. ७ का वडाअध्यक्ष उकेश कवां, वडा नं. १० का वडाअध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखा, कार्यपालिका सदस्यहरू रोशनमैया सुवाल, सरिना द्योला र कृष्णलक्ष्मी दुवालले पनि बोल्नुभएको थियो।

# उपभोक्ता समिति गठन

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित तुमचो दुगुरे चोखा जग्गा एकीकरण अयोजना क्षेत्रमा विकास निर्माण कार्यलाई निरन्तरता दिन स्थानीय जनसहभागितामा उपभोक्ता समितिहरू गठन धमाधम भइरहेको छ।

यसै क्रममा पुरानो तुमचो क्षेत्रका सडकहरूमा इँटा छपाइ कार्यका लागि शिवजी प्रजापतिको अध्यक्षतामा उपभोक्ता समिति गठन भएको छ। स्थानीय जनताको भेला गरी जनभावनाअनुसार प्रभावकारी कार्य गर्न समिति गठन गरिएको वडाध्यक्ष रविन्द्र ज्याख्वले बताउनुभयो।

भेलामा वडाध्यक्ष ज्याख्वले तुमचो दुगुरे आयोजना यसै आर्थिक वर्षमा सम्पन्न गर्ने तयारीस्वरूप विकास निर्माण र जनताको समस्या समाधानमा लागिपरेको अवगत गराउनुभयो।

कार्यपालिका सदस्य छोरीमैया सुजखू (प्रजापति) ले वडा कार्यालयको आयोजनामा वडावासी महिलाहरूको स्वास्थ्य परीक्षण कार्यक्रम रहेको जानकारी गराउँदै नि:शुल्क परीक्षणमा सहभागिताको लागि अनुरोध गर्नुभयो।

वडा प्राविधिक अर्हत बज्राचार्यले नयाँ आर्थिक वर्षमा वडा कार्यालयको तर्फबाट हुने विकास निर्माणका योजनाहरूबारे अवगत गराउनुभयो।

तुमचो दुगुरे आयोजनाका प्राविधिक सरोज हेंग्वले इँटा छपाइको इष्टिमेटबारे विस्तृत जानकारी दिँदै रु. ४८ लाख बराबरको कार्य हुने बताउनुभयो।

उक्त आयोजनाको अनुगमन तथा निरीक्षणका लागि वडा सदस्य इन्द्रबहादुर प्याथको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरियो।

त्यस्तै तुमचो दुगुरे आयोजना क्षेत्रमा रहेको ऐतिहासिक बेची ब्वङ क्षेत्रको सुधारका लागि रमेश लाछिमस्युको अध्यक्षतामा उपभोक्ता समिति तथा कार्यपालिका सदस्य छोरीमैया सुजखू (प्रजापति) को संयोजकत्वमा अनुगमन समिति गठन गरियो।

त्यस क्षेत्रमा रु. ६० लाख बराबरको योजना छनौट गरिएको थियो। ऐतिहासिक कुवा बेची ब्वङको सुधार तथा त्यस क्षेत्रमा १ लाख लिटर क्षमताको पानी ट्याङ्की निर्माण गर्ने र ब्याडमिन्टन कोर्ट निर्माण गरिने वडाध्यक्ष ज्याख्वले बताउनुभयो।

# प्रमुख प्रजापतिसँग ईसीडी शिक्षक एकाइका पदाधिकारीहरूको भेटघाट




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग नेपाल क्रान्तिकारी शिक्षक संघ ईसीडी शिक्षक एकाइ समितिका पदाधिकारीहरूले भदौ २० गते नगरपालिकाको सभाकक्षमा भेट गर्नुभयो ।

भेटका क्रममा शिक्षक प्रतिनिधिहरूले पाँच वर्षमुनिका बालबालिकाहरूलाई पूर्व प्रावि तहमा अध्यापन गर्ने सहयोगी कार्यकर्ताहरू (ईसीडी शिक्षक) को हितमा नेपाल सरकार संघीय शिक्षा मन्त्रालयका नाममा प्रेषित ज्ञापनपत्रबारे जानकारी दिनुभएको थियो ।

शिक्षकका न्यायोचित माग पूरा गराउन नगरपालिकाको तर्फबाट पहल गरिने विश्वास दिलाउँदै प्रमुख प्रजापतिले सरकारले ऐनमार्फत निर्धारण गरेको न्यूनत्तम पारिश्रमिकसमेत नदिनु दुःखद् भएको उल्लेख गर्दै नागरिकको शैक्षिक आधार तयार पार्ने ईसीडी शिक्षकहरूलाई कानुनमा उल्लेख भएअनुसार न्यूनत्तम पारिश्रमिक दिनुपर्ने र यसका लागि शिक्षकहरूले कानुनी उपाय अवलम्बन गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

भेटमा नेपाल क्रान्तिकारी शिक्षक संघका अध्यक्ष ज्ञानसागर प्रजापतिले ईसीडी शिक्षकहरूलाई सरकारले नै श्रम शोषण गरेको तर्क गर्दै कुनै नपा एउटाले तलब बढाउने मौखिक जानकारी दिँदैमा सही नहुने बरु सरकारले नै नीतिगत निर्णय नै गर्नुपर्ने बताउनुभयो ।

शिक्षक लक्ष्मीनारायण दुवालले नयाँ पुस्तालाई भक्तपुरका सांस्कृतिक विधाहरू हस्तान्तरण गर्ने नगरपालिकाको उद्देश्य पूर्तिका लागि सबै विद्यालयहरूमा श्रव्यदृश्यसहितको पाठ्य सामग्री प्रदान गर्नुपर्नेमा जोड दिनुभयो ।

शिक्षिकाहरू तारादेवी श्रेष्ठ, रामप्यारी सैंजूलगायतले पूर्व प्रावि तहका शिक्षकहरूको समस्याबारे जानकारी गराउनुभयो ।

भेटमा वडाध्यक्षहरू रविन्द्र ज्याख्व र प्रेमगोपाल कर्माचार्यको पनि उपस्थिति थियो ।

# प्रमुख प्रजापतिसँग नेपाल टेलिभिजनका पूर्वप्रबन्ध निर्देशकको भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग नेपाल टेलिभिजनका पूर्वप्रबन्ध निर्देशक किरण चित्रकारले भदौ २१ गते भनपाको सभाकक्षमा भेट गर्नुभयो ।

भेटमा प्रमुख प्रजापतिले पूर्वनिर्देशक चित्रकारले लिएर आउनुभएको काठमाडौं उपत्यकाका पुराना तस्बिरहरूलाई पुस्तकको रूपमा प्रकाशन गरी वितरण गर्न पाए राम्रो हुने विचार व्यक्त गर्नुभयो ।

भेटमा पूर्वप्रबन्ध निर्देशक चित्रकारले उपत्यकाका पुराना तस्बिरहरू उपयुक्त ठाउँमा सार्वजनिक प्रदर्शनीमा राख्नु आवश्यक भएको र भक्तपुर नगरपालिकाले संग्रहालय बनाएर प्रदर्शनी गर्न चाहेमा तस्बिर उपलब्ध गराउन आफूहरू तयार रहेको बताउनुभयो ।



# परिवर्तनलाई आत्मसात गरेको संविधानले मात्रै दिगो र स्थायित्व पाउँछ



सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका

संविधान दिवसको अवसरमा हामी प्रवचन कार्यक्रम गर्दैछौं। यहाँ संविधानलाई कानूनी दस्तावेजको रूपमा मात्रै व्याख्या गरेको पाइयो। वास्तवमा संविधान कानूनी र राजनैतिक दस्तावेज हो। संविधान कानूनी दस्तावेजमात्रै हुँदो हो त केही कानूनविद्हरूलाई संविधान निर्माणको जिम्मेवारी दिएको खण्डमा केही समयभित्रै विश्वकै उत्कृष्ट संविधान निर्माण गर्न नसकिने होइन तर त्यसरी बनाएको संविधान जनताले स्वीकार गर्दैनन् र कार्यान्वयन सम्भव हुँदैन। संविधानले परिवर्तनलाई आत्मसात गरेको र जनताले संविधानलाई अपनत्व स्वीकार गरेको हुनुपर्छ। समयसँगै जनताको परिवर्तनको भावना, इच्छा र आकांक्षा प्रत्याभूत गर्न नसकेमा संविधान राम्रोसँग चल्न सक्दैन। त्यसैले संविधान लेख्नुभन्दा कार्यान्वयन झन महत्त्वपूर्ण पक्ष हो। परिवर्तनलाई आत्मसात गरेको संविधानले मात्रै दिगो र स्थायित्व पाउँछ।

२००७ सालको राजनैतिक परिवर्तन संवैधानिक रूपले संस्थागत हुन नपाउँदै २०१७ सालमा राजा महेन्द्रले प्रजातन्त्रको घाँटी निमोठेपछि २०१९ सालको संविधान बन्यो। पञ्चायती व्यवस्थालाई निर्विकल्प र राजालाई कानून र संविधानभन्दा माथि राखियो। २०४६ सालको आन्दोलनले निर्विकल्प भनिएको पञ्चायती व्यवस्थाको ठाउँमा बहुदलीय व्यवस्था र राजतन्त्रलाई संवैधानिक बनायो। २०६३ सालसम्म आइपुग्दा त्यस आन्दोलनले २४० वर्षसम्म निरन्तरता पाएको राजतन्त्रलाई इतिहास बनाइदियो र अहिले हामी संघीय गणतन्त्रात्मक राज्य व्यवस्थामा छौं। राजनैतिक परिवर्तनलाई संस्थागत गर्न संविधान लेखिन्छ। नेपालको संविधान २०७२ पनि जन आन्दोलनकै प्रतिफल हो।

नेपालको संविधान २०७२ जारी भएको ३ वर्ष पुगिसक्दा पनि संघीयताबारे अन्यौल नै देखिन्छ। विभिन्न गतिविधिहरूलाई हेर्दा खुट्टा हेरेर जुत्ता बनाउने भन्दा जुत्ता हेरेर खुट्टा काट्नेतर्फ नेताहरू लागेको जस्तो देखिन्छ। संघीय देशहरूलाई हेर्ने हो भने संघीय राज्य व्यवस्थामा केन्द्रसँग केही निश्चित अधिकारमात्रै रहन्छ– जस्तै मुद्रा छाप्ने, रक्षा, परराष्ट्र आदि। नेपालको संविधानले केन्द्रलाई बलियो बनाएको छ। यद्यपि अधिकारहरू क्रमशः स्थानीय तहलाई नै हस्तान्तरण गर्दै जाने हो। तर अहिले हेर्दा केन्द्र सरकारमा बसेकाहरू स्थानीय तहलाई अधिकार दिनै चाहेको देखिँदैनन्। उच्च ओहोडामा बस्नेहरू एकात्मक राज्य व्यवस्थामाझैं सबै केन्द्रकै निर्देशनमा चल्नुपर्ने मानसिकतामा छन्। व्यवहारमा संघीयता बाँदरको हातमा नरिवल जस्तै भएको छ।

संविधान निर्माणको क्रममा संघीयताबारे खुबै व्याख्या हुने गर्थ्यो। मानौं देशमा संघीयता आएपछि सबै समस्याको समाधान हुन्छ, गरिबीको अन्त्य हुन्छ। त्यतिबेला नेपाल मजदुर किसान पार्टीले भनेको थियो स्वायत्तता र विकेन्द्रीकरणको राम्रोसँग कार्यान्वयन भएको खण्डमा संघीयता आवश्यक नै पर्दैन। देश विकास हुने र नहुने विषय संघीयता होइन। बेलायत, चीन, जापानजस्ता देशहरू एकात्मक भएर पनि विकास भएका छन् भने तत्कालीन सोभियत संघ, स.रा. अमेरिका, स्वीट्जरल्याण्डजस्ता देशहरू संघीय राज्य भएर पनि विकास भएका छन्। त्यसैले संघीयता राज्य प्रणाली हो, त्यो समाजवाद होइन। यो कुरा अहिले पुष्टि हुँदैछ।

नेपालको संविधानमा 'समाजवादउन्मुख' राज्य व्यवस्था भनिएको छ। समाजवादउन्मुखको अर्थ हो उत्पादनका मुख्य–मुख्य साधनहरू सामाजिकीकरण गर्नु। उत्पादनका साधनहरूको अर्थ उद्योगधन्दा, कल–कारखाना, बैंक, यातायात, हवाइ कम्पनी आदि हुन्। संविधान लागू भएको तीन वर्ष बितिसक्दा पनि संविधानको भावनाअनुसार राज्यको स्वामित्वमा उद्योगहरू स्थापना गर्ने, कल–कारखाना राज्यको स्वामित्वमा लिने वा राष्ट्रियकरण गर्ने काम भएको छैन। विद्यालय, कलेजहरू, विश्व विद्यालयहरू निजी क्षेत्रले निर्वाध रूपमा सञ्चालन गरिरहेका छन्। यो संविधानको भावनाअनुरूप छैन।

नेपालको संविधान पुँजीवादी संविधान हो। यसमा पुँजीपति वर्गको हितका थुप्रै प्रावधानहरू छन्। संविधानले नै सरकारी, सहकारी र निजी क्षेत्रको भनी ३ खम्बे अर्थनीति अवलम्बन गरेको छ। सरकारी र सहकारी नाममात्रकै छन् भने सरकार सबै कुरा निजी क्षेत्रलाई क्रमशः जिम्मेवारी सुम्पँदै छ।

अहिले जति पनि विकास निर्माणका कामहरू हुन्छन् प्रायः सबै ठेकेदारहरूमार्फत हुने गर्छन्। अहिलेको व्यवस्थालाई ठेकेदारी व्यवस्था भन्न सकिन्छ। सबै क्षेत्रमा ठेकेदारहरूकै

बोलवाला छ। नेपालमा मेयर, उपमेयर, सांसद र मन्त्री बनेकाहरूमध्ये कतिपय ठेकेदारहरू भएको समाचारहरू आइरहेका छन्। निर्वाचनमा गरिब परिवारहरू उठ्नै नसक्ने अवस्था उत्पन्न भएको छ। विभिन्न क्षेत्रमा व्यापक भ्रष्टाचारको कुरा उठिरहेको छ। यस्तो अव्यवस्थाका बीच सरकारले 'समृद्ध नेपाल सुखी नेपाली' को नारा दिएको छ। नारा कर्णप्रिय छ। युवाहरू जति विदेशमा पठाएर, प्राकृतिक श्रोत र सम्पदा विदेशीको जिम्मा लगाएर समृद्ध नेपाल निर्माण सम्भव छैन। नाराअनुरूप व्यवहार होस् भन्ने नेपाली जनताको चाहना छ।

संविधान जारी भएको तीन वर्षभित्र मौलिक हकसम्बन्धी कानून बनाइसक्नुपर्ने कनूनी प्रावधान छ। अवश्यक कानूनहरू निर्माण भइसकेको जानकारी पनि समाचार माध्याममार्फत् प्राप्त भइरहेको छ। प्रत्यक नागरिकले स्वच्छ खानेपानी, स्वच्छ वातावरण, सर–सफाइ, आवास, खाद्यसम्बन्धी हक प्राप्त हुने मौलिक हकमा उल्लेख छ। आधारभूत शिक्षा अनिवार्य र नि:शुल्क, मा.वि तह नि:शुल्क तथा आधारभूत स्वास्थ्य उपचार नि:शुल्कको व्यवस्था छ। निजी विद्यालयहरू र निजी क्लिनिकहरू वा नर्सिङ होमहरू सञ्चालनमा रहेसम्म कसरी ती मौलिक हकहरू कार्यान्वयनमा आउन सक्छन् ? संविधानले प्रदान गरेका अधिकारहरू जनताले उपभोग गर्न पाउने व्यवस्थाको लागि राज्यले नै शिक्षा, स्वास्थ्यलगायतको जिम्मेवारी लिनुपर्छ।

नयाँ संविधानमा गैरआवासीय नेपालीहरू (एन. आर. एन) लाई पनि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार पाउने गरी नागरिकता दिने व्यवस्था छ। कानूनको आँखामा सबै बराबर हुन्छ। पछि प्रवासी नेपालीहरूले समान हकको आधारमा निर्वाचनमा उठ्न पाउने हक मागेको खण्डमा त्यो असम्भव छैन। अहिले विदेशमा बस्ने नेपालीहरूलाई मताधिकार दिने कुरा आएको छ। सरकारकै भनाईलाई आधार मान्ने हो भने पनि नेपाल बाहिर चालिस लाख बढी युवाहरू छन्। समानुपातिक प्रतिनिधित्वको सिद्धान्तलाई स्वीकार गरिसकेको हुँदा भोलि जनसंख्याको अनुपातमा प्रतिनिधित्वको कुरा उठ्ने सम्भावना छ। त्यस्तो अवस्थामा नेपालको संसदमा विदेशी नागरिकता प्राप्त थुप्रै गैरआवासीय नेपालीहरूले प्रवेश पाउने छन्। मन्त्री र प्रधानमन्त्रीसम्म बन्न सक्ने सम्भावना छ। यसर्थ संविधानको मार्गबाट हामी विदेशीद्वारा शासित हुने समय नआउला भन्न सकिन्न। हामी बेलैमा सचेत हुन जरुरी छ।

पहिलो संविधानसभा विघटनपछि गठित सरकारले नेका, एमाले र माओवादीबीच सहमती गरी जन्मको आधारमा नागरिकता लिएकाका सन्तानहरूलाई वशंजको नागरिकता दिने निर्णय गऱ्यो। अन्तरिम संविधानमा जन्मको आधारमा नागरिकता दिने प्रावधानको आधारमा लाखौंले नागरिकता लिए। ती नागरिकता प्राप्त व्यक्तिहरू नै अहिले विभिन्न क्षेत्रमा सक्रिय छन्। नेपालको राजनीति पनि क्रमश: तिनीहरूको हातमा जाने सम्भावनाहरू बढ्दै छन्।

भक्तपुर नगरपालिकाले नगरवासीको हितमा मात्रै होइन नेपालीहरूकै हितमा काम गरिरहेको छ। विभिन्न कलेजहरू स्थापना गरेर देशको लागि आवश्यक जनशक्ति तयारी गरिरहेको छ भने भविष्यलाई ध्यानमा राखेर भक्तपुर नपाले इतिहास, भूगोल, राजनीतिशास्त्र पढ्ने विद्यार्थीहरूको लागि छात्रवृत्तिको व्यवस्था गर्ने नीति तय गरेको छ। त्यसबारे कार्यविधि तयार हुँदैछ। ख्वप अस्पताल सञ्चालन गरेर बढी भन्दा बढी जनताको सेवा गर्ने नगरपालिकाको उद्देश्य छ तर विशेषज्ञ डाक्टरहरूको अभाव महसुस गरी यो वर्ष २ जनालाई एम.डी. वा सोसरहको अध्ययन गराउने व्यवस्था पनि मिलाएका छौं।

सर–सफाइ नगरपालिकाको महत्त्वपूर्ण काममध्ये एक हो। अहिले काठमाडौं उपत्यकाको फोहर उठ्न नसकेको बारे जनप्रतिनिधिहरू आलोचनाको पात्र बनेका छन्। केही वर्ष अघि काठमाडौंमा फोहर प्रशोधन गर्ने सम्बन्धमा नेपाल, भारत र फिनल्याण्डबीच एउटा सम्झौता भएको र त्यो सम्झौता खारेज नभएको कारण ललितपुर महानगरपालिकाले जापानबाट आधुनिक मेसिन ल्याएर फोहर व्यवस्थापन गर्न खोज्दा असफल भएको स्थानीय जनप्रतिनिधिहरूको भनाइ छ। २०६८ सालमा डा. बाबुराम भट्टराइको सरकारले काठमाडौं उपत्यकाको फोहर प्रशोधन गर्न सिसडोलको विकल्पको रूपमा बन्चरे डाँडामा बनाउन लगानी बोर्डको जिम्मामा दिएको र लगानी बोर्डले २०७२ सालमा 'नेप वेष्ट' नामक अन्तराष्ट्रिय कम्पनीलाई जिम्मेवारी दिएको देखिन्छ। त्यस कम्पनीले राम्रोसँग काम नगर्दा आजको दुर्दशा आएको हो। अरुको भरमा परेर हाम्रो शहर सफा राख्न सक्दैनौं। हामी सबैको संयुक्त प्रयासले मात्र सफा नगर बनाउन सक्छौं।

भक्तपुर नगरपालिका सबै अण्डा एउटै टोकरीमा राख्ने गल्ती गर्ने पक्षमा छैन। फोहर व्यवस्थापनको जिम्मेवारी नगरपालिकाहरूले आ–आफैले स–साना आकारमा गर्नु उपयुक्त हुन्छ। अहिलेसम्म भनपाले कुहिने र नकुहिने अलग–अलग फोहर संकलन गरी कुहिने जतिलाई कम्पोष्ट मल बनाइ किसानहरूलाई बिक्री गर्दै आएको छ। अब नयाँ प्रविधि भित्र्याइ सरल तरीकाबाट फोहर व्यवस्थापन गर्न नगरपालिकाले ध्यान दिइरहेको छ।

*(संविधान दिवसको अवसरमा २०७५ असोज ३ गते भक्तपुर नगरपालिकाद्वारा आयोजित प्रवचन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नुभएको मन्तव्यको सार संक्षेप)*

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७५ भाद्र ८ गते शुक्रबार

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. | उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. | वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. | वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. | वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. | वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. | वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. | वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. | वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. | वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. | वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. | वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. | नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. | नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. | नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. | नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. | नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. | सदस्य सचिव श्री रोहितराज पोखरेल | ऐ |

## निर्णयहरू

### बेरुजु फछ्र्यौट

आ.व. २०७३/०७४ को अन्तिम लेखा परीक्षणको प्रतिवेदनमा उल्लेखित बेरुजुमध्ये असुलउपर भएको कागज प्रमाण पेश भएको तथा कार्य सम्पन्न प्रतिवेदन पेश भएका तपसिल बमोजिमका बेरुजु फछ्र्यौट गर्ने निर्णय गरियो । असूलउपर गर्नुपर्ने असूल भएको रु.१६,७०,८६६।६४ फछ्र्यौट गर्ने ।

अनियमित बेरुजु रु.९,२७,४९,८५२।०८ प्रक्रियागत त्रुटि भएको तथा कार्यालयलाई हानी नोक्सानी नभएकोले फछ्र्यौट गर्ने ।

प्रमाण पेश हुनुपर्ने बेरुजु रु.१,२४,६०,८७३।०९ कागजात तथा आवश्यक प्रमाण पेश भएकोले फछ्र्यौट गर्ने । पेश्की बाँकी बेरुजु रु.२,०२,९३,६६५।- कार्य सम्पन्न प्रतिवेदन पेश भएको आधारमा फरफारक गरी बेरुजु फछ्र्यौट गर्दै जाने ।

### पुरस्कार वितरण

गाईजात्रा पर्व २०७५ सालको प्रतियोगितामा प्रदर्शन गरिने सांस्कृतिक विधाहरूलाई निम्नानुसार प्रथम, द्वितीय, तृतीय र सान्त्वना तथा सहभागी (कर बाहेक) को नगद पुरस्कार प्रदान गर्ने निर्णय गरियो : ***(बक्स पेज २६ मा)***

### समितिको निर्णय अनुमोदन

विभिन्न समितिको देहाय बमोजिमको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो–

**खेलकुद समिति**

**मिति २०७५।५।३ गते**

**क.** भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिको आयोजनामा २०७५ कार्तिक ११–१७ गतेसम्म हुने भक्तपुर नगरव्यापी अन्तर विद्यालय स्तरीय खेलकुद प्रतियोगितामा तपसिलअनुसारको खेलहरूको आयोजना गर्ने निर्णय गरियो :

**तपसिल**

१. भलिबल : पुरुष/महिला
२. फुटसल : पुरुष
३. टेबुल टेनिस : पुरुष/महिला
४. कबड्डी : पुरुष/महिला
५. बुद्धिचाल : पुरुष/महिला
६. खो खो : पुरुष/महिला
७. ब्याटमिन्टन : पुरुष/महिला
८. एथ्लेटिक्स : पुरुष/महिला
९. तेक्वाण्डो : पुरुष/महिला
१०. कराँते : पुरुष/महिला
११. पोर्टबल : पुरुष/महिला
१२. कसिमला पांय : पुरुष/महिला

**ख.** भक्तपुर जिम्नाष्टिक संघको मिति २०७५।५।४ गतेको पत्रानुसार भक्तपुर नगरका युवा, विद्यार्थीहरूलाई मध्येनजर गरी जिम्नाष्टिक खेल प्रशिक्षण सन्चालन गर्न तयारीको लागि आवश्यक व्यवस्था गर्ने निर्णय गरियो ।

**शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

**मिति २०७५।५।४ गते**

**क.** 'भक्तपुर' मासिक पत्रिका श्रावण अंकदेखि

| साँस्कृतिक विधाहरुको नाम | नगर पुरस्कार | | | |
|---|---|---|---|---|
| | प्रथम | द्वितीय | तृतीय | सान्त्वना / सहभागी |
| देवी प्याखं | ३५,०००।- | २९,०००।- | २३,०००।- | १५,०००।- |
| भैल प्याखं | | | | |
| माक प्याखं | २१,०००।- | १५,०००।- | ११,०००।- | ७,०००।- |
| गाइँचा प्याखं | | | | |
| लुसी प्याखं | | | | |
| फाकंदली प्याखं | | | | |
| नागाचा प्याखं | १४,०००।- | ११,०००।- | ८,०००।- | ५,०००।- |
| लाखे प्याखं | | | | |
| नटुवाचा, (मथु) प्याखं | | | | |
| कलाली प्याखं | | | | |
| भालु प्याखं | | | | |
| जंगली प्याखं | | | | |
| नाटक | १५,०००।- | १३,०००।- | ११,०००।- | ९,०००।- |
| ख्याल | | | | |
| खिचा प्याखं | ११,०००।- | ९,०००।- | ७,०००।- | ४,०००।- |
| ख्या प्याखं | | | | |
| कवांचा प्याखं | | | | |
| विशेष पुरस्कार (एउटै मात्र प्रदर्शन भएमा - दोस्रो पुरस्कार अनुसार) | | | | |
| घिंताघिसी | १५,०००।- | १२,०००।- | १०,०००।- | ५,०००।- दुई वटा सान्त्वना |
| झ्याउरे प्याखं | १०,०००।- | ८,०००।- | ६,०००।- | |
| हनुमान प्याखं | ८,०००।- | ५,०००।- | | |
| म्हेखा प्याखं | | | | |
| किजापुजा प्याखं | | | | |
| कपाय फेनेगु प्याखं | | | | |
| सलां प्याखं | | | | |
| ड्ग प्याखं | | | | |
| झ्या झ्या प्याखं | | | | |
| नोट : घिङताङघिसी, आधुनिक र परम्परागत विधामा उत्कृष्ट एक/एक जना महिला, पुरुष र बाल कलाकारहरुलाई प्रतिव्यक्ति रु.२,०००।- पुरस्कार प्रदान गरिनेछ। | | | | |

प्रति अंक ३,००० प्रति प्रकाशन गर्ने।

**ख.** गाईजात्रा पर्वको समयमा प्रस्तुत हुने परम्परागत विधाहरूको पुरस्कार वितरण समारोहमा प्रत्येक वडाबाट २/२ जना सांस्कृतिक गुरुहरूलाई पनि सम्मान गर्ने र सोको लागि वडा कार्यालयहरूमा पत्राचार गरी मिति २०७५ भाद्र १७ गतेभित्र सम्बन्धित वडाका परम्परागत विधामा निरन्तर लागेका (लामो समयसम्म योगदान गरेका) २/२ जना गुरुहरूको लागि नामावली नगरपालिकामा पठाउन परिपत्र गर्ने निर्णय गरियो।

**ग.** विश्व प्रसिद्ध ५५ पचपन्न झ्याले दरबार यही २०७५ असोज २४ गते घटस्थापनाको दिनदेखि सर्वसाधारण र पर्यटकहरूको लागि खुल्ला गर्ने र त्यसका लागि आवश्यक तयारी अगाडि बढाउने निर्णय गरियो।

**घ.** भ.न.पा.२ स्थित हस्तकला उद्योग क्षेत्रमा

सांस्कृतिक प्रदर्शनीस्थल निर्माणका लागि आवश्यक नक्सा डिजाइनको लागि ख्वप इन्जिनियरिङ्ग कलेजलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**ङ.** नगरवासी विद्यार्थीहरूलाई यस नगरपालिकाको तर्फबाट सहुलियत ब्याज दरमा शैक्षिक ऋण प्रदान गर्ने, चिकित्सा शास्त्रमा एमडी वा सोसरह स्नातकोत्तर तहमा अध्ययन गर्न चाहने विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने र क्यान्सर, मृगौला प्रत्यारोपण, मष्तिस्कघात र मुटुको शल्यक्रिया गर्नुपर्ने नगरवासी विरामीहरूलाई उपचार सहयोगको लागि आर्थिक अनुदान दिने विषयमा कार्यविधि तयार गर्न वडाअध्यक्ष श्री रविन्द्र ज्याख्वज्यूको संयोजकत्वमा देहाय अनुसार सदस्य रहने गरी उपचार खर्च आर्थिक अनुदान दिने कार्यदल गठन गर्ने निर्णय गरियो :

**तपसिल**

१. व.अ. रविन्द्र ज्याख्व – संयोजक
२. व.अ. हरिराम सुवाल – सदस्य
३. व.अ. हरिप्रसाद बासुकला – सदस्य

**च.** भक्तपुर नगरपालिकाको शिक्षा ऐन–२०७४ परिच्छेद ३ दफा ४ अनुसार प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा देहाय बमोजिम सदस्यहरू रहने गरी नगर शिक्षा समिति पुर्नगठन गर्ने निर्णय गरियो :

**तपसिल**

१. प्रमुख श्री सुनिल प्रजापति – अध्यक्ष
२. व.अ. श्री रविन्द्र ज्याख्व – सदस्य
३. व.अ. श्री उकेश कवां– सदस्य
४. कार्यपालिका सदस्य श्री सरिना द्योला – सदस्य
५. प्र.प्र.अ. श्री रोहितराज पोखरेल – सदस्य
६. विद्यालयको प्रधानाध्यापकहरू मध्येबाट समितिले तोकेको एक महिलासहित २ जना प्र.अ
७. नगरपालिका स्तरीय विद्यालय व्यवस्थापन समिति अध्यक्षको तर्फबाट समितिले तोकेको एकजना
८. उद्योग वाणिज्य संघका अध्यक्ष – सदस्य
९. शिक्षाविद् वा समाजसेवीमध्येबाट एकजना
१०. नगर शिक्षा अधिकृत– सदस्य सचिव

**वातावरण तथा पर्यटन समिति**

**मिति २०७५।५।४ गते**

**क.** गाईजात्रा परिक्रमा गर्ने मार्गमा मिति २०७५ भाद्र ८ गते सरसफाइ एवं जनचेतनामूलक र्‍याली गर्ने निर्णय गरियो:

- ♦ भेला हुने स्थान : दरबार स्क्वायर
- ♦ कार्यक्रम शुरु हुने समय : विहान ७:०० बजे
- ♦ समापन हुने स्थान : दत्तात्रय स्क्वायरमा
- ♦ एक टोली दरबार क्षेत्र, चोछें – भोलाछें – सूर्यमढी हुँदै दत्तात्रय पुग्ने
- ♦ अर्को टोली दरबार क्षेत्र– ईताछें – वंशगोपाल – टौमढी– गोल्मढी हुँदै दत्तात्रय पुग्ने ।

**ख.** सफाइ कार्यक्रमको लागि दाफा, भजन, टीम, क्लब, संघ-संस्था, विद्यालय र नगरवासीहरूलाई सहभागिताको लागि पत्राचार गर्ने निर्णय गरियो ।

**ग.** घुम्ती शौचालय गाडीसहित निर्माण गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**बालबालिका तथा समाज कल्याण समिति**

**मिति २०७५।४।३० गते**

**क.** भ.न.पा. बाट सञ्चालित बेशिक तथा एड्भान्स सिलाई तालिम पुनः सञ्चालन गर्ने ।

- आधारभूत – २० जना ४ महिने
- एड्भान्स – २० जना ३ महिने

**ख.** सिलाई मेशिन तालिमको लागि आवश्यक व्यवस्था गर्ने ।

**ग.** सिप विकास (प्राप्त) गरिसकेका व्यवसाय सञ्चालन गरिरहेकाहरूलाई एकहप्ते व्यवसायिक सञ्चालन तालिम दिने ।

**मिति २०७५।४।३१ गते**

**१.** क. २०७५ भदौ महिनाभित्र सम्पूर्ण शिशुस्याहार केन्द्रहरूको शिशुहरूको अभिभावक भेला गर्ने निर्णय गरियो ।
ख. शिशु स्याहार तथा बाल विकास केन्द्रका बालबालिकाहरूको नियमित स्वास्थ्य परीक्षण गर्न पहिलेकै निर्णय अनुसार डा. गजेन्द्रभक्त रायलाई प्रति केन्द्र रु.४०००।– पारिश्रमिक दिने निर्णय गरियो ।

२. क. नेपाल भाषा, काष्ठकला, हेयर कटिङ्ग तालिम निरीक्षण गर्ने निर्णय गरियो ।
ख. सिलाई तालिम सञ्चालन भ.न.पा. वडा नं. ८ मै सञ्चालन गर्ने निर्णय गरियो ।

## परिवर्तित जिल्ला दर रेट

आ.व. २०७४।७५ को लागि भक्तपुर नगरपालिका कार्यपालिकाबाट परिवर्तन गरिएका निर्माण सामग्रीहरूको र ज्यालाको दर (रेट)

भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु
हामी सबै असल नगरवासीको कर्तव्य हो ।

| सिभिल कार्यहरू (Civil works) | | | | |
|---|---|---|---|---|
| सि.नं. | निर्माण सामग्रीहरु र ज्यालाको विवरण | एकाई | आ.व. २०७५/७६ | कैफियत |
| **1** | **छाप्ने ढुङ्गा (Flag stone)** | | | |
| 1.1 | १" सम्म बाक्लो सर्फेस ड्रेस गरेको छाप्ने ढुङ्गा | व.फि | 100 | |
| 1.2 | १" भन्दा बाक्लो ११/२" सम्म ,, ,, | ,, | 130 | |
| 1.3 | १ १/२"- २" सम्म बाक्लो ढुङ्गा ,, ,, | व.फि | 165 | |
| 1.4 | २"-३" सम्म बाक्लो ढुङ्गा ,, ,, | ,, | 250 | |
| 1.5 | ३"-४" सम्म बाक्लो ढुङ्गा ,, | ,, | 400 | |
| **2** | **विभिन्न प्रकारको बालुवा** | | | |
| 2.1 | बालुवा (Washing plant) | घ.फि. | 90 | |
| 2.2 | खानीको बालुवा (Quarry sand) | घ.फि. | 88 | |
| 2.3 | खोला/नदीको बालुवा (River sand) | घ.फि. | 90 | |
| **3** | **क्रसरबाट उत्पादित रोडा** | | | |
| 3.1 | ६-१० मी. मी. साइजका | घ.फि. | 93.00 | |
| 3.2 | १०-२० मी. मी. साइजका | घ.फि. | 98.00 | |
| 3.3 | २०-४० मी. मी. साइजको | घ.फि. | 95.00 | |
| **4** | **विभिन्न कम्पनीबाट उत्पादित सिमेन्टहरु** | | | |
| 4.1 | नेपालबाट उत्पादित विभिन्न Brand ओ.पि.सि. सिमेन्ट NS 53 (प्रति बोरा ५० के.जी.) | ब्याग | 900.00 | |
| 4.2 | हेटौंडा सिमेन्ट (५० केजी) OPC | " | 950 | |
| 4.3 | उदयपुर सिमेन्ट (५० केजी) OPC | " | 950 | |
| **5** | **साल काठ** | | | |
| 5.1 | (क) ३' देखि ८' सम्मको साल काठ | घ. फि | 6500 | |
| 5.2 | (ख) ८' देखि १२' सम्मको साल काठ | ,, | 7000 | |
| 5.3 | (ग) १२ फिट देखि माथिको साल काठ | ,, | 7500 | |
| 5.4 | ५०० गेज प्लाष्टिक सिट | व.मी. | | |
| 5.5 | ISI Mark Trafelt (२०मी. × १मी.) | रोल | 5000 | |
| 5.6 | Plasticfelt (२०मी. × १मी.) | " | 2800 | |
| 5.7 | १८-२० फिट लामो बाँस | गोटा | 250 | |
| **6** | **मार्बल (Marble)** | | | |
| 6.1 | १३ मी.मी बाक्लो राजस्थानी | ब.फि. | 175 | |
| 6.2 | १६ मी.मी बाक्लो राजस्थानी | ,, | 185 | |

| | | | | |
|---|---|---|---|---|
| **7** | **Iron Square Pipe/Black Pipe/Channel/ Angle/I-Beam/Black Sheet/MS Plate** | | | |
| 7.1 | Iron Square Pipe | के.जी | 101 | |
| 7.2 | विभिन्न साइजको MS Angle | ,, | 104 | |
| 7.3 | विभिन्न साइजको Black Pipe | ,, | 97 | |
| 7.4 | विभिन्न साइजको Channel | ,, | 106 | |
| 7.5 | विभिन्न साइजको I-Beam | ,, | 108 | |
| 7.6 | विभिन्न साइजको MS plate | ,, | 103 | |
| **8** | **परम्परागत निर्माण सामग्रीहरु :-** | | | |
| 1 | दाची अप्पा ठूलो ८"×२-३/८"×५" | गोटा | 28 | |
| 2 | दाची अप्पा सानो ८३/८"×२-१/८"×४-१/४" | ,, | 25 | |
| 3 | दाची अप्पा ठूलोको कुं | ,, | 40 | |
| 4 | दाची अप्पा सानोको कुँ अप्पा | ,, | 35 | |
| 5 | माँ अप्पा ठुलो ८-७/८"×२-१/४"×५-३/४" | ,, | 22 | |
| 6 | माँ अप्पा सानो ८-३/८"×२"×५" | ,, | 19 | |
| 7 | धुरी चाँङ्ग | ,, | 35 | |
| 8 | झिंगटी नयाँ ८-३/४"×४" | गोटा | 12 | |
| 9 | झिंगटी पूरानो | गोटा | 8 | |
| 10 | ढुकु | गोटा | 75 | |
| 11 | Snake body brick traditional | गोटा | 27 | |
| 12 | Snake neck brick ,, | गोटा | 40 | |
| 13 | Snake head brick ,, | गोटा | 150 | |
| 14 | नागोल इँटा | गोटा | 30 | |
| 15 | ९"X ९"X १८ इन्च कुना ढुङ्गा | १ मि. | 7000 | |
| 16 | फःल्होह अप्पा ठुलो 375x225x100mm | गोटा | 45 | |
| 17 | फःल्होह अप्पा सानो 254x229x102mm | ,, | 45 | |
| 18 | तेलिया इँटा (६"×६") | ,, | 27 | |
| 19 | बुट्टेदारी कर्निश इँटा (कशीमोहरु) | ,, | 30 | |
| 20 | बुट्टेदारी कर्निश इँटा कुना | ,, | 45 | |
| 21 | नागोल ढुङ्गा १८"×१०"×५ | १ मि. | 3500 | |
| 22 | भौ प्वा | गोटा | 1000 | |
| 23 | पेटी ढुङ्गा ५" | १ मि. | 3500 | |
| 24 | श्री गणेश | गोटा | 750 | |
| 25 | श्री कुमार | गोटा | 750 | |

| | | | | |
|---|---|---|---|---|
| 26 | २" सिंह (साइज 95x5010) | ,, | 45 | |
| 27 | २"गरुड (साइज 95x50x100) | ,, | 45 | |
| 28 | १२" ठाम | ,, | 2200 | |
| 29 | नाग कन्या / नाग पुरुष | ,, | 600 | |
| 30 | छ्येफ | ,, | 1700 | |
| 31 | माटो | घ.मी. | 700 | |
| | **९ ज्याला विवरण** | | | |
| 9.1 | अर्धदक्ष (ज्यामी) | जवान | 1000 | |
| 9.2 | दक्ष (दकर्मी, सिकर्मी) | जवान | 1200 | |
| 9.3 | दक्ष (दाची अप्पा, बुट्टा अप्पा, लोहकर्मी, चित्रकार आदि) | जवान | 1500 | |
| 9.4 | दक्ष (झिंगटी) | जवान | 1800 | |
| 9.5 | डकर्मी नाइके | जवान | 1600 | |
| 9.6 | इन्जिनियर सुपरभाइजर | जवान | 1600 | |
| 9.7 | सव-इन्जिनियर (ड्राफ्ट मेन सुपरभाइजर) | जवान | 1400 | |
| 9.8 | असिस्टेन्ट सव इन्जिनियर (ड्राफ मेन सुपरभाइजर) | जवान | 1000 | |
| 9.9 | हेभी इक्यूप्मेन्ट (डोजर, एक्सक्याभेटर, आदि) | जवान | 1500 | |
| 9.10 | भरिया | जवान | 800 | |
| 9.11 | सुपरभाइजर, गार्ड, वाचमान, सर्भे हेल्पर, फोरमेन, नाइट वाचमान, हेल्पर मेकानिक्स आदि | जवान | 1000 | |
| | **१० सडकको काम सम्वन्धि** | | | |
| 10.1 | पिच स्प्रेयर, पिच व्वायलर | जवान | 950 | |
| 10.2 | प्याच वर्कर (दिउँसो) | जवान | 950 | |
| 10.3 | प्याच वर्कर (रात्री) | जवान | 1100 | |
| 10.4 | सुपरभाइजर (रात्री) | जवान | 1200 | |

**आ.व.२०७५।०७६ को लागि भ.न.पा.बाट नयाँ विद्युतीय सामग्रीहरूको तथा साबिक सामग्रीहरूको परिवर्तित दर(रेट) निम्नानुसार कायम गर्ने निर्णय गरियो :**

| सि.नं | निर्माण सामग्रीहरुको विवरण | एकाई | आ.व २०७५/७६ | कैफियत |
|---|---|---|---|---|
| **1** | **White Plate series SWITCH SOCKET** ANCHOR / CPL /NG/Flux OR ISI EQUIVALENT | | | |
| 1 | One Gang one way switch | सेट | 67 | |
| 2 | One Gang two way switch | ,, | 79 | |
| 3 | One way bell switch | ,, | 83 | |
| 4 | Two gang one way switch | ,, | 110 | |
| 5 | Two gang one way switch with one bell push | ,, | 121 | |
| 6 | Two gang Full two way switch | ,, | 123 | |
| 7 | Three Gang one way switch | ,, | 146 | |
| 8 | Four gang one way switch | ,, | 185 | |
| 9 | Six gang one way switch ( 3x5 ) | ,, | 291 | |
| 10 | Eight gang one way switch | ,, | 350 | |
| 11 | Dimmer single 300 watt | ,, | 355 | |
| 12 | Dimmer single 750 watt | ,, | 528 | |
| 13 | 5 Step humming free dimmer | ,, | 468 | |
| 14 | 16Amp 3 Pin Plug Top | ,, | 139 | |
| 15 | 1 switch with dimmer | ,, | 423 | |
| 16 | 6/16 Amp , 2/3 Pin Power sockets with switch & indicator | ,, | 174 | |
| 17 | 6/16 Amp , Power sockets with switch , indicator & safety shutter | ,, | 194 | |
| 18 | 20/25 A Single phase A.C. motor Starter with 6/16 Amp safty shutter power socket | ,, | 427 | |
| 19 | 32A D.P. switch with fuse & indicator Surface Mounting | ,, | 237 | |
| 20 | 6 Gang ( 86 mm x 220 mm ) switch 2/3 pin switch socket shuttered socket & 2 nos. Humming free 5 steps fan dimmer with indicator | सेट | 703 | |
| 21 | Blanking plate single | ,, | 46 | |
| 22 | Telephone socket single | ,, | 136 | |
| 23 | Telephone socket Double | | 194 | |
| 24 | Angle / bottom holder | ,, | 40 | |
| 25 | Ceiling Rose | ,, | 40 | |
| 26 | Buzzer | ,, | 112 | |
| 27 | Musical bell | ,, | 255 | |
| 28 | T.V.antena single Socket | " | 94 | |
| 29 | 6A 2/3 Pin unshuttered multi switch socket | " | 147 | |
| 30 | RJ 45 Computer Socket for modem | " | 269 | |
| 31 | Flush Mounting metallic Box for Plate Series switch / socket(78mm x 78mm x 50mm) | " | 40 | |
| 32 | Flush Mounting metallic Box for Plate Series switch / socket 78 x 140 x 50 | " | 72 | |
| 33 | Flush Mounting metallic Box for Plate Series switch / socket 78 x205 x 50 | " | 113 | |

| | | | | |
|---|---|---|---|---|
| **2** | **METAL Junction BOX Supreme or Equivalent** | | | |
| 1 | 3"x3" | | 45 | |
| 2 | 3"x5" | | 55 | |
| 3 | 3"x6" | | 75 | |
| 4 | 4"x4" | | 90 | |
| 5 | 4"×6" | „ | 173 | |
| 6 | 6"×8" | „ | 273 | |
| 7 | 8"×10" | „ | 401 | |
| 8 | 8"×12" | „ | 401 | |
| **3** | **PVC Listy Double Lock { 6'length =1 no.(गोटा)}** | | | |
| 1 | ½ " breadth | गोटा | 36 | |
| 2 | ¾" | „ | 53 | |
| 3 | 1" | „ | 77 | |
| 4 | 1 1/2" | „ | 148 | |
| 5 | 2" | „ | 166 | |
| **4** | **Miniature Circuits Breaker (MCB)**KOLORS/INDO ASIAN/ GOLD MEDAL/ANCHOR WOODS/ANCHOR ROMA/VIMAL WAVE, North-west equivalent | | | |
| 1 | 0.5–5 amp MCB SP (single pole) | गोटा | 310 | |
| 2 | 6–32 amp MCB SP (single pole) | " | 250 | |
| 3 | 6–32 amp MCB DP (Double pole) | " | 650 | |
| 4 | 6–32 amp MCB TP (Triple pole) | " | 1350 | |
| 5 | 32 amp MCB TPN | " | 1550 | |
| 6 | 40–63 amp MCB DP | " | 1175 | |
| 7 | 40–63 amp MCB TP | " | 1669 | |
| 8 | 40–63 amp MCB TPN | " | 2225 | |
| **5** | **LED Street Lamp** | | | |
| 1 | 30 watt LED street lamp with stand | " | 3500 | |
| 2 | 40 watt LED street lamp with stand | " | 4000 | |
| 3 | 50 watt LED street lamp with stand | " | 4500 | |
| 4 | 100 watt LED street lamp with stand | " | 6500 | |
| 5 | 20 watt LED Flood Light | " | 2000 | |
| 6 | 30 watt LED Flood Light | " | 3000 | |
| 7 | 40 watt LED Flood Light | " | 4000 | |
| 8 | 50 watt LED Flood Light | " | 5000 | |
| 9 | 100 watt LED Flood Light | " | 6500 | |
| 10 | 150 watt LED Flood Light | " | 8500 | |
| **6** | **LUMINARIES Accessories** ( PHILIPS, HIMSTAR, BAJAJ, HAVELLS, OSRAM, GE, CROMPTION, MIDEA, ORIENT, RATHI, PREMIER, WIPRO, OHMS, WEGA, MAINA GOLD or ISI/CE Eqv.) | | | |
| 1 | 2' 9/10watt LED Tube | गोटा | 350 | |
| 2 | 4' 18/20watt LED Tube | " | 350 | |
| 3 | 4' 30watt LED Tube | " | 425 | |

| | | | | |
|---|---|---|---|---|
| 4 | 3watt LED panel light Surface Round white colour | ” | 250 | |
| 5 | 6watt LED panel light Surface Round white colour | ” | 350 | |
| 6 | 9watt LED panel light Surface Round white colour | ” | 400 | |
| 7 | 12watt LED panel light Surface Round white colour | ” | 450 | |
| 8 | 18watt LED panel light Surface Round white colour | ” | 750 | |
| 9 | 3 Watt LED Bulb | ” | 140 | |
| 10 | 5 Watt LED Bulb | ” | 180 | |
| 11 | 7 Watt LED Bulb | ” | 225 | |
| 12 | 9 Watt LED Bulb | ” | 300 | |
| 13 | 12 Watt LED Bulb | ” | 350 | |
| 14 | 18 Watt LED Bulb | ” | 550 | |
| 15 | 24/28 Watt LED Bulb | ” | 850 | |
| 16 | 30 Watt LED Bulb | ” | 1250 | |
| 17 | 40 Watt LED Bulb | ” | 1450 | |
| 18 | 20 watt LED chips | ” | 275 | |
| 19 | 30 watt LED chips | ” | 375 | |
| 20 | 40 watt LED chips | ” | 400 | |
| 21 | 50 watt LED chips | ” | 450 | |
| 22 | 100 watt LED chips | ” | 650 | |
| 23 | 150 watt LED chips | ” | 750 | |
| 24 | 20 watt LED chips driver | ” | 275 | |
| 25 | 30 watt LED chips driver | ” | 375 | |
| 26 | 40 watt LED chips driver | ” | 400 | |
| 27 | 50 watt LED chips driver | ” | 450 | |
| 28 | 100 watt LED chips driver | ” | 650 | |
| 29 | 150 watt LED chips driver | ” | 750 | |
| **7** | **Solar LED bulb DC** | | | |
| 1 | 12V/2W LED bulb | " | 415 | |
| 2 | 12V/3W LED bulb | " | 474 | |
| 3 | 12V/4W LED bulb | " | 534 | |
| **8** | **COPPER CONDUCTOR /WIRE /CABLE (PER COIL=90 RM) NS marked** | | | |
| 1 | 1/18 size p.v.c. insulated copper wire/ cable | क्वायल | 1170 | |
| 2 | 3/22 " " " | ,, | 1410 | |
| 3 | 3/20 " " " | ,, | 2250 | |
| 4 | 7/22 " " " | ,, | 3150 | |
| 5 | 7/20 " " " | ,, | 5150 | |
| 6 | 7/18 " " " | ,, | 7800 | |
| 7 | 7/16 " " " | ,, | 16500 | |
| 8 | 19/18 " " " | ,, | 21630 | |
| 9 | 19/16 " " " | ,, | 43260 | |
| 10 | 2\20 " " " | ,, | 1750 | |
| 11 | 2\22 " " " | ,, | 1200 | |

| | | | | |
|---|---|---|---|---|
| **9** | **Multistrand Flexible wire for house wiring (90meter per coil ) NS marked Eqv.** | | | |
| 12 | 0 .50 sq. mm PVC insulated Copper wire | क्वायल | 700 | |
| 13 | 0.75 sq. mm PVC insulated Copper wire | ,, | 1050 | |
| 14 | 1.0 sq. mm PVC insulated Copper wire | ,, | 1280 | |
| 15 | 1.5sq. mm PVC insulated Copper wire | ,, | 1920 | |
| 16 | 2.5sq. mm PVC insulated Copper wire | ,, | 3120 | |
| 17 | 4.0 sq.mm PVC insulated Copper wire | ,, | 4900 | |
| 18 | 6.0 sq.mm PVC insulated Copper wire | ,, | 7400 | |
| 19 | 10.0sq.mm PVC insulated Copper wire | ,, | 12500 | |
| 20 | 16.0sq.mm PVC insulated Copper wire | ,, | 20000 | |
| **10** | **Concentric cable NS marked Eqv.** | | | |
| 1 | 4mm size concentric cable | र.मी | 25 | |
| 2 | 5mm size concentric cable | ,, | 27 | |
| 3 | 6mm size " " | ,, | 30 | |
| 4 | 10mm size concentric cable | ,, | 45 | |
| 5 | 16mm size " " | ,, | 70 | |
| 6 | 25mm size " " | ,, | 98 | |
| 7 | RG6 Coaxial cable | ,, | 26 | |
| 8 | RG59 Coaxial cable | ,, | 30 | |
| 9 | UTP cat -6 networking copper cable | ,, | 60 | |
| **11** | **Solar system\Backup Power** | | | |
| | **Tubular inverter Battery @ C20** | | | |
| i | 40 AH | no | 10388 | |
| ii | 65 AH | ,, | 12859 | |
| iii | 105 AH | ,, | 19677 | |
| iv | 150 AH | ,, | 26068 | |
| v | 150 AH | ,, | 27755 | |
| vi | 180 AH | ,, | 30968 | |
| vii | 200 AH | ,, | 34181 | |
| **12** | **Solar Tubular Battery @C10** | | | |
| 1 | 23 AH | no | 5803 | |
| 2 | 35AH | ,, | 9016 | |
| 3 | 45 AH | ,, | 9996 | |
| 4 | 52 AH | ,, | 10430 | |
| 5 | 65 AH | ,, | 12229 | |
| 6 | 85 AH | ,, | 13958 | |
| 7 | 100 AH | ,, | 18578 | |
| 8 | 150 AH | ,, | 25872 | |
| 9 | 180 AH | ,, | 28770 | |
| 10 | 200 AH | ,, | 31752 | |
| **13** | **Automotive Battery** | | 0 | |
| 1 | 32 AH | no | 6195 | |

| | | | | |
|---|---|---|---|---|
| 2 | 35 AH | ,, | 6494 | |
| 3 | 40 AH | ,, | 7242 | |
| 4 | 50 AH | ,, | 7735 | |
| 5 | 55 AH | ,, | 8527 | |
| 6 | 60 AH | ,, | 9064 | |
| 7 | 65 AH | ,, | 9706 | |
| 8 | 70 AH | ,, | 11035 | |
| 9 | 75 AH | ,, | 11827 | |
| 10 | 80 AH | ,, | 12760 | |
| 11 | 88 AH | ,, | 13358 | |
| 12 | 100 AH | ,, | 14634 | |
| 13 | 120 AH | ,, | 17934 | |
| 14 | 135 AH | ,, | 19518 | |
| 15 | 150 AH | ,, | 20698 | |
| 16 | 180 AH | ,, | 25626 | |
| 17 | 200 AH | ,, | 27597 | |
| | E-vehical Tubular Battery | | | |
| 18 | 80AH @C10 | no | 28370 | |
| 19 | 100AH @C10 | no | 34780 | |
| | E-vehical Flat Battery | | | |
| 20 | 80AH @C10 | no | 21280 | |
| 21 | 100AH @C10 | no | 24640 | |
| 22 | 120AH @C10 | no | 29120 | |
| | Motorcycle Battery flooded series | | | |
| 23 | 5 Ah | no | 1643 | |
| 24 | 6 Ah | no | 2018 | |
| 25 | 7 Ah | no | 2393 | |
| | Motorcycle Battery VRLA series | | 0 | |
| 26 | 4 Ah | no | 2018 | |
| 27 | 5 Ah | no | 2213 | |
| 28 | 9 Ah | no | 3113 | |
| **14** | **Solar devices** | | | |
| 1 | Charge controller 10Amp 12V DC | no | 1050 | |
| 2 | Charge controller 20Amp12V/ 24V DC | ,, | 1850 | |
| 3 | Charge controller 30Amp12V/24V DC | ,, | 4500 | |
| 4 | Charge controller 40Amp12V/24/48V DC | ,, | 8500 | |
| 5 | Charge controller 60Amp12V/24/48/240V DC | ,, | 22500 | |
| 6 | Prioritiser up to 40 Amp | ,, | | |
| 7 | DM water | lit. | 42 | |

**ग.** यस कार्यालयद्वारा सञ्चालित तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनाको आर्थिक वर्ष २०७४/०७५ को यथार्थ खर्च रु.४,५१,८९,९८३।- समर्थन गरी चालू वर्ष २०७५/०७६ को लागि अनुमानित बजेट विभिन्न कार्यक्रम समेत रु.१०,००,००,०००।- (अक्षेरूपी रु.दश करोड) पारित गर्ने निर्णय गरियो। साथै चालूतर्फ रु.५२,००,०००।- पुँजीगततर्फ रु.९,४८,००,०००।-

**घ.** निर्माण सामग्री जफत गरी रु.१०,०००।- जरिवाना लिने अधिकार प्रमुखज्यूलाई दिने।

**ङ.** निम्न व्यक्तिहरूलाई औषधी उपचार खर्च भुक्तानी गएको खर्च अनुमोदन समर्थन गरियो :

**तपसिल**

क. हरिनारायण लाखा रु.१०,०००।-

ख. मंगललक्ष्मी गोसाई रु.१०,०००।-

ग. सोनी वैद्य रु.१०,०००।-

घ. ध्रुवकुमार नापित रु.१०,०००।-

**च.** यस कार्यालयको विभिन्न बैठक बस्दाको खाजा खर्च आषाढ १८ देखि श्रावण २९ गतेसम्मको रु.७८,१५०।- भुक्तानी दिव्य स्विट्सलाई दिने निर्णय गरियो।

**छ.** यस कार्यालयद्वारा सञ्चालित जनज्योति पुस्कालयमा रहेको फोटोकपी मेशिन मर्मत खर्च रु.३३,३३५।- भुक्तानी पूर्वाञ्चल इन्टरप्राइजेजलाई दिने निर्णय गरियो।

**ज.** भक्तपुर नगरपालिकाको बा १ क ९०२५ नं. को बाकोहो लोडरको लागि टायर ट्युब ४ सेट ड्राइभर आशभक्त बंशमणीबाट माग भएको टायर ट्युब खरिद गर्न प्राप्त तीन वटा सिलबन्दी निवेदन मिति २०७५।५।६ गते बुधबार खरिद इकाईमा खोली प्राप्त भएको निम्न लिखित सामानहरूको दर निम्नानुसार भएकोमा सबभन्दा कम दररेट उल्लेख गर्ने न्यू सिम्रन इन्टरप्राईजेज्को भ्याटसहित रु.१,८२,८३४।- एक लाख बयासी हजार आठ सय चौतीस मात्र भएकोले स्वीकृति गरी खरिद गर्ने निर्णय गरियो।

**झ.** ल.ई. स्वीकृत सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

| क्र.सं | योजनाका विवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्याकंन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नगरको विभिन्न स्थानमा बाटो मर्मत कार्य | १ | ३,४२,६८४।३३ | | | | | | मर्मत | मर्मत उपशाखाबाट |
| २ | भार्वाचो बसपार्कमा बाटो ढलान कार्य | १ | १७,१३,२१९।०० | २१,७६,३६५।६९ | २१,१०,४७२।२६ | २०,३६,७७२।०० | ६,००,०००।०० | १४,३६,७७२।९२ | वडा बजेट | वडाबाट कार्य सम्पन्न |
| ३ | नपा भवन परिसर गार्ड कोठा निर्माण | २ | ४,६५,२०६।९६ | | | | | | नपा | |
| ४ | मेनहोल मर्मत कार्य | १,१० | ६,४८,१६८।८५ | | | | | | मर्मत कोष | |
| ५ | नगरकोट सडक दक्षिणतर्फ पेटी निर्माण कार्य | २ | १६,४५,९०७।६२ | | | | | | नपा | |
| ६ | नपा भवनको लिफ्टमा पीभीसी ढोका बनाउने | २ | १,७२,८००।०० | | | | | | मर्मत कोष | |
| ७ | नासचा गल्ली इँटा छपाइ | १० | | ४,२९,४३३।४७ | ४,४३,९५८।८८ | ४,२८,९८७।२२ | २,००,०००।०० | २,२४,१०४।०० | क्रमागत | बजेट व्यवस्था गर्नुपर्ने |

**ञ.** पेश्की फछ्र्यौट

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | लिवाली प्लानिङ्ग पूर्व बाटोमा रितेनिङ्ग वाल निर्माण | ८ | ६,२४,३३०।६७ | १६,५१,६८६।३७ | १५,६८,३०९।२६ | ९,२९,८२३।०० | ३,७०,०००।०० | ३,४२,७९६।८५ | सडक बोर्ड | पेश्की फछ्यौट |
| २ | डिपबोरिङ्ग तथा रिजर्भवायर ट्यांङ्की निर्माण कार्य | १ | ९,६७२,९७५।९० | | ४६,९३,१२८।२४ | ४६,४३,६८९।९० | ३०,००,०००।०० | १६,४३,६८९।९० | नपा | आ.पे.फ |
| ३ | थाथुला क्वाठण्डौसम्मको बाटो मर्मत कार्य (उ.स.अ. ज्वालाराम मुस्याख्व) | १० | १०,०२,३०२।०० | | १४,६९,३६१।९४ | १०,००,३९४।४५ | ८,००,०००।०० | १,४५,३०८।२० | सडक बोर्ड | पेश्की फछ्यौट |
| ४ | शिशुस्याहार तथा वडा कार्यालय परिसरमा पर्खाल लगाउने | ७ | १०,७९,२५७।०० | | ५,९०,९३७।७२ | ६,०६,६३६।२७ | ४,००,०००।०० | २,०६,,६६३।२७ | नपा | आ.पे.फ भई थप पेश्की रू.३ लाख |

**ट.** उपभोक्ता समिति अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

| क.सं | योजनाका विवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्याकंन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कमलपोखरी वरिपरि खानेपानी डिपबोरिङ्ग कार्य | ७ | उ.स.अध्यक्ष बिष्णुभक्त कवां | | | | अनुगमन समिति अध्यक्ष बलराम गोसाई | | | |

**ठ.** अन्य

| | |
|---|---|
| १ | भ.न.पा. साविक वडा नं.१०क हाल वडा नं.२ कि.नं. ६०९,७२३,७३३ क्षेत्रफल क्रमश: ०/२/२/०, ०/२/३/०, र ०/२/२/०, भएको जग्गामा बनाई राखेको घर नक्सा पास सम्बन्धमा छलफल हुँदा हाल प्लानिङ्ग सञ्चालन भएको, निर्माण भइसकेको भवन साविक चर्चेको जग्गाभन्दा बढेकोले हाललाई नक्सा स्वीकृत प्रकृया अगाडि बढाउन नमिल्ने निर्णय गरियो । |

**च.** स्थानीय पाठ्यक्रमको पठनपाठनको लागि आवश्यक विभिन्न शैक्षिक सामग्रीहरूको खरिद गरी नगरपालिकामार्फत गत आषाढ २८ गते एक समारोहबीच विद्यालयलाई हस्तान्तरण समेत भइसकेको यहाँलाई अवगत नै होला । विभिन्न शैक्षिक सामाग्रीहरूमध्ये विशिष्ट व्यक्तिहरू तथा शहीदहरूको तस्वीरहरू जम्मा १३९५ थान निर्माण गर्न सम्बन्धित कम्पनी तथा संस्थाहरूमा कोटेसन माग गरी नियमानुसार श्री सिस्को फ्लेक्स प्रिन्टलाई सोको जिम्मा प्रदान गरिएको तथा सो कार्यको लागि कार्यदलका एक सदस्य म रोशन तुईतुईको नाममा मिति २०७५।२।११ मा रु.२,००,०००।०० (अक्षेरूपी दुई लाख मात्र) एड्भान्स स्वरूप नपाबाट प्राप्त गरी श्री सिस्को फ्लेक्सलाई काम थालनी गर्न सो एड्भान्स रकम दिइएकोमा हाल सबै तस्वीरहरू उपलब्ध गराइसकेको हुनाले श्री सिस्को फ्लेक्सलाई उक्त एड्भान्स कट्टी गरी बाँकी रकम नियमानुसार भुक्तानीको लागि अनुरोध गर्दछु । साथै बिल रु.६,३०,५४०।- मध्ये मेरो नामको पेश्की रु.२,००,०००।- फछ्र्यौट गरी नपुग रु.४,३०,५४०।- सिस्को फ्लेक्सलाई भुक्तानी दिनु हुन अनुरोध गर्दछु ।


भक्तपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर-२

BHAKTAPUR MUNICIPALITY

## कुहिने र नकुहिने फोहोर सङ्कलन तालिका

भक्तपुरका जनता यो शहरलाई सफा-स्वच्छ, सांस्कृतिक नगर, पर्यटकीय गन्तव्यस्थल र शिक्षाको केन्द्र बनाउन लागिपरेका छन् । सरसफाइ सभ्यताको परिचय हो । नगरलाई सफा र स्वच्छ बनाउने उद्देश्यअनुरूप बजार रुटमा पनि फोहोर छुट्याई सङ्कलन गर्न हामी लागिपरेका छौं । नगरपालिकाको यस कार्यमा सहयोग गर्न सम्पूर्ण पसल व्यवसायीहरूमा हार्दिक अपिल गर्दछ ।

च्याम्हासिंहदेखि टौमढी-भार्वाचो हुँदै खौमासम्म बजार लाइनका पसलहरूबाट आउने फोहोरलाई कुहिने र नकुहिनेमा अलग अलग सङ्कलन गर्ने निर्णय भएको हुँदा प्रत्येक पसललाई नकुहिने फोहोर राख्न १ थान बोरा र कुहिने फोहोर राख्न १ थान बाल्टिन वितरण गरी २०७४ पुस १५ गतेदेखि नगरपालिकाबाट दिउँसो १२ बजेदेखि ३ बजेसम्ममा साइरन बजाई गाडीबाट निम्नअनुसार फोहोर सङ्कलन गर्ने भएकोले सोहीअनुसार मात्र फोहोर दिनुहुन अनुरोध गर्दछ ।

- **आइतबार, मंगलबार र बिहीबार - नकुहिने फोहरमात्र सङ्कलन गर्ने ।**
- **सोमबार, बुधबार, शुक्रबार र शनिबार - कुहिने फोहरमात्र सङ्कलन गर्ने ।**

## मिति २०७५ भाद्र २५ गते सोमबार

### निर्णयहरू :

### सांस्कृतिक गुरुहरू सम्मान

गाईजात्रा पर्व २०७५ सालको प्रतियोगितामा प्रदर्शन गरिएका परम्परागत र आधुनिक विधाहरू देहायका विधाहरूमा देहाय अनुसारको प्रथम, द्वितीय, तृतीय र सान्त्वना तथा सहभागी विधाहरू करबाहेक देहायअनुसारको नगद पुरस्कार विश्व पर्यटन दिवसको उपलक्ष्यमा मिति २०७५ भाद्र ११ गते दरबार स्क्वायरमा वितरण गर्ने तथा प्रत्येक वडाबाट २/२ जना सांस्कृतिक गुरुहरूलाई सम्मान कार्यक्रम गर्ने निर्णय गरियो :

| क्र. सं. | साँस्कृतिक विधाहरुको नाम | परिणाम | | | |
|---|---|---|---|---|---|
| | | प्रथम | द्वितीय | तृतीय | सान्त्वना / सहभागी |
| १ | देवी प्याखं | खलाँ देवी प्याखं | गलसी पुखु देवी प्याखं | खर्बुजा समूह | द राईजिङ्ग कल्चरल ग्रुप |
| २ | भैल प्याखं | विश्वकर्मा भैल प्याखं | तुछिमला भैल प्याखं | जेठा गणेश भैल प्याखं | |
| ३ | माक प्याखं | कोट देवी भजन, भौखेल | याता दाफा भजन, भौखेल | राधाकृष्ण दाफा भजन, छालिङ्ग | गलसी पुखु देवी प्याखं, एभरेष्ट ई. स्कुल, गणेश दाफा भजन, त्वचा गणेश माक प्याखं, यापी भैरव दाफा भजन |
| ४ | गाइँचा प्याखं | श्रमिक कला सदन | ब्यासी साँस्कृतिक समूह | रेड स्टार क्लब | आस्था साँस्कृतिक परिवार |
| ५ | लुसी प्याखं | श्रमिक कला सदन | नगांचा बाँसुरी बाजा | | |
| ६ | फाकंदली प्याखं | श्रमिक कला सदन | आस्था साँस्कृतिक परिवार | स्कलर्स होम | नगांचा बाँसुरी बाजा |
| ७ | लाखे प्याखं | विश्वकर्मा भैल प्याखं | पासा पुचः समूह | खिंछे दाफा भजन | |
| ८ | कलालीचा प्याखं | नगांचा बाँसुरी बाजा | पासा पुचः समूह | | |
| ९ | भालु प्याखं | नगांचा बाँसुरी बाजा | गणेश दाफा भजन | | |
| १० | जंगली प्याखं | खिंछे दाफा भजन | खलाँ देवी प्याखं | गलसी पुखु देवी प्याखं | द राईजिङ्ग कल्चरल ग्रुप, एभरेष्ट ई. स्कुल, खर्बुजा समूह |
| ११ | खिचा प्याखं | जेठा गणेश भैल प्याखं | तुछिमला भैल प्याखं | नगांचा बाँसुरी बाजा | विश्वकर्मा भैल प्याखं |
| १२ | ख्या प्याखं | खलाँ देवी प्याखं | गलसी पुखु देवी प्याखं | विश्वकर्मा भैल प्याखं | खर्बुजा समूह, द राईजिङ्ग कल्चरल ग्रुप |
| १३ | कवांचा प्याखं | तुछिमला भैल प्याखं | विश्वकर्मा भैल प्याखं | जेठा गणेश भैल प्याखं | खिछें दाफा भजन, द राईजिङ्ग कल्चरल ग्रुप, खलाँ देवी प्याखं, एभरेष्ट ई. स्कुल, गलसी पुखु देवी प्याखं, खर्बुजा समूह |
| १४ | घिड्ताङ्घिसी | आशकुमार त्वायना, घटखा भनपा-३ | विशलाल प्रजापति, भनपा-९ | कृष्णमाया छ्वाजु समेत भनपा-८ | गणेशभक्त प्रजापति समेत भनपा-४ र रोमन कुमार महर्जन भनपा-१० |
| १५ | झ्याउरे/लाहुरे प्याखं | पासा पुचः समूह विशेष स्थान | | | |
| १६ | हनुमान प्याखं | गणेश दाफा भजन विशेष स्थान | | | |
| १७ | म्हेखा प्याखं | गलसी पुखु देवी प्याखं विशेष स्थान | | | |
| १८ | झ्या झ्या प्याखं | नगांचा बाँसुरी बाजा विशेष स्थान | | | |
| १९ | ख्याल | स्कलर्स होम विशेष स्थान | | | |
| २० | हुला प्याखं | श्रमिक कला सदन विशेष स्थान | | | |
| २१ | नागांचा प्याखं | खिंछे दाफा भजन विशेष स्थान | | | |

## सांस्कृतिक विधाका उत्कृष्ट कलाकारहरू

भक्तपुर नगरपालिकाद्वारा आयोजित गाईजात्रा पर्व २०७५ को अवसरमा २०७५ भाद्र ११ गते सापारुको दिन प्रदर्शन गरिएका माक प्याखं तथा भाद्र १३ गते देखि भाद्र १७ गते सम्म प्रदर्शन गरिएका साँस्कृतिक विधाहरूमा उत्कृष्ट कलाकारहरू देहाय बमोजिम रहेको निर्णय गरियो ।

| विधा | उत्कृष्ट महिला कलाकार | उत्कृष्ट पुरुष कलाकार | उत्कृष्ट बाल कलाकार (प्रोत्साहन) |
|---|---|---|---|
| परम्परागत | सबिरा बज्राचार्य (महाकालीको भूमिकामा) द राईजिङ्ग कल्चरल ग्रुप | चन्द्र प्रजापति (भैरवको भूमिकामा) जेठा गणेश भैल प्याखं | युनिक प्रजापति (कवांचाको भूमिकामा) विश्वकर्मा भैल प्याखं |
| आधुनिक | मञ्जु लागेजु र निरुता गोरा (गायन विधामा) श्रमिक कला सदन | रत्नकाजी नायभारी (गायन विधामा) ब्यासी साँस्कृतिक समूह | प्रितम शिल्पकार(डाक्टरको भूमिकामा) नाटक “फोहर याइम्हा फोहरी” |

## जग्गा खरिद

भ.न.पा. वडा नं. ३ वडा कार्यालय भवन निर्माणका लागि जग्गा खरिद गर्न मिति २०७५।३।११ गते प्रकाशित सूचनाअनुसार प्राप्त सिलबन्दी बोलपत्र मूल्यांकन समिति समक्ष पेश हुनआएकोमा सो सूचनाअनुसार उक्त प्रयोजनका लागि भ.न.पा. वडा नं. ५ निवासी कृष्णप्रसाद अवाल र लक्ष्मीकेशरी प्रजापति (अवाल) को संयुक्त नाममा दर्ता कायम भएको भ.पु.जि. भ.न.पा. वडा नं. १६ हाल ऐ. वडा नं. ३ को कि.नं. ८९ क्षे.फ. ०-३-३-१ को जग्गा प्रतिआना रु. ३२,७५,०००।- अक्षरूपी बत्तीस लाख पचहत्तर हजार रूपैयाँमा जम्मा हुन आउने रु. १,२४,८५,९३७।५० अक्षरूपी एक करोड चौबिस लाख पचासी हजार नौ सय सैतीस र पचास पैसामा बिक्री गर्न एकमात्र प्रस्ताव पेश हुन आएको र सो प्रस्ताव सम्बन्धमा प्रस्तावित जग्गाको वस्तुस्थिति, उपयोगिताका साथै प्रस्तावित मूल्यसमेतका विषयमा यथार्थ बुझी मनासिब देखिएमा प्रस्तावित मूल्य घटाघट गर्न सकिने नसकिने वार्ता गरी सो समेतको व्यहोरा खुलाई प्रतिवेदन गर्न जिल्ला प्रशासन कार्यालय, भक्तपुर, मालपोत कार्यालय, भक्तपुर, नापी कार्यालय, भक्तपुरका अधिकृत प्रतिनिधि र भक्तपुर नगरपालिका योजना शाखा, प्रशासन शाखा, कानून उपशाखा, जिन्सी उपशाखाका प्रमुखहरू सम्मिलित कार्यदललाई जिम्मा दिइएकोमा उक्त कार्यदलबाट मिति २०७५।५।४ गते प्रस्तावित जग्गाको हालको चलनचल्तीको मूल्य सम्बन्धमा सम्बन्धित वडा कार्यालयमार्फत बुझी समन्वय गरी हालको चलनचल्तीको मूल्य खुलाई सो जग्गा नापी नक्सा र हाल फिल्डमा के कति नापमा देखिन्छ वरपरको वस्तुस्थिति समेत देखाई स्केच नक्सासहित प्रतिवेदन गर्न भ.न.पा. योजना शाखामा पठाइएकोमा सम्बन्धित वडा कार्यालयको मिति २०७५।४।२९ को सर्जमिन मुचुल्का व्यहोराबाट चलन चल्तीको मूल्य भन्दा कम देखिएको भन्ने देखिएको र योजना शाखाबाट पेश भएको प्रतिवेदन साथ स्केच नक्सा पेश भएको र उक्त जग्गाको मूल्य सम्बन्धमा प्रस्तावदाता (बोलपत्रदाता) कृष्णप्रसाद अवाल र लक्ष्मीकेशरी प्रजापति (अवाल) सँग बुझ्दा मूल्य घटाउन (नसकिने) अस्वीकार गरेको, चलनचल्तीको मूल्य सो बराबर र सो भन्दामाथि नै रहेको भन्ने जानकारी प्राप्त भएको भन्ने उल्लेख भई आएको देखिंदा र उक्त जग्गा वडा कार्यालयले हाल आफ्नो कार्यालय सञ्चालन गरिरहेको स्थानसँगै जोडिएको अवस्थासमेत देखिएको साथै वडा कार्यालयलाई हाल रहेको कार्यालय साँघुरो भएको अवस्था निरीक्षणको क्रममा देखिएबाट उक्त जग्गा प्रस्तावित मूल्यमा खरिद गर्न वाञ्छित हुने सिफारिस साथ प्रतिवेदन प्राप्त भएको हुँदासोही व्यहोराअनुसार प्रस्तावित जग्गा खरिद गर्न सिफारिस गर्ने भनी मिति २०७५।५।१९ गते बसेको बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भई पेश हुन आएको सम्बन्धमा छलफल हुँदा उक्त जग्गा बोलपत्र मूल्यांकन समितिको उपरोक्त मितिको सिफारिस बमोजिम भक्तपुर नगरपालिकाको नाममा खरिद गर्ने साथै उक्त जग्गा खरिदका लागि रजिष्ट्रेशन दस्तुर छुट गरी दिन भूमि सुधार तथा मालपोत कार्यालय भक्तपुरमा लेखी पठाउने र उक्त कार्यका लागि भक्तपुर नगरपालिकाका कानून सहायक राजकुमार त्वायनालाई अख्तियारी दिने निर्णय गरियो ।

## विविध

**क.** भक्तपुर जिल्ला शहरी क्षेत्रको नापी नक्सा हुँदा भ.न.पा. वडा नं. ९ कि.नं. ६५ को क्षे.फ. ०-३-०-२ कायम भएको घर जग्गा बद्रीदास राजभण्डारीका नाउँमा नाप नक्सा भए तापनि दक्षिणतर्फको क्षे.फ. ०-१-१-१ जग्गा निजको नभई भक्तपुर चोछें टोलको श्री महादेवको बगैंचा भएको र नापीको बखत सो महादेवको बगैंचा समेत गाभी आफ्नो

नाउँमा त्यस कार्यालयमा दर्ता गरेको हुँदा सो थाहा पाउने बित्तिकै हामी तपसिलका धलचा भजनीयाका सदस्यहरूले यो संयुक्त निवेदन लेखी श्री महादेवको बगैंचा व्यक्तिको नाउंमा दर्ता गरिएको खारेज गरी संरक्षणका लागि भक्तपुर नगरपालिकाको नाउँमा दर्ता गरी हामी धल्चा भजनीयाहरूको नियमित भजन सञ्चालनको लागि एक अक्षय कोष व्यवस्था गरी पाउँ भन्ने समेत व्यहोराको भ.न.पा. वडा नं. ९ बस्ने विष्णुभक्त पाखिख्या समेत जवान २४ को निवेदन यस कार्यालयमा पर्न आएको हुँदा उल्लेख भए बमोजिम भ.न.पा. वडा नं. ९ चोछें बस्ने बद्रीदास राजभण्डारीको नाउँमा दर्ता भएको उक्त घर, जग्गाबाट महादेवको जग्गाको दर्ता खारेज गरी महादेव बगैंचा कायम गरी यस न.पा.को नाउँमा दर्ता गरी ज.ध.प्र.पुर्जा उपलब्ध गराई सहयोग हुन अनुरोध गर्दछु भनी भक्तपुर नगरपालिकाको मिति २०५७।९।५ गते, पत्र संख्या १०९८ (०५७।०५८) च.नं. १८२० मार्फत तत्कालीन मालपोत कार्यालय भक्तपुरमा जग्गा दर्ताका लागि लेखी पठाई कार्यवाहीमा रहेकोमा उक्त जग्गा सम्बन्धमा मेरा श्रीमान् बद्रीदास राजभण्डारीको नाममा रहेको साविक भ.न.पा. वडा नं. ९ हाल वडा नं. ६ स्थित कि.नं. ६५ क्षे.फ. ०-३-०-२ मा घरसहितको जग्गामध्ये दक्षिणपट्टीको ०-१-१-१ जग्गा महादेवको बगैंचा रहने गरी कित्ताकाट गरी दिने सहमति भएको र उक्त जग्गा महादेवको नाममा ज.ध.प्र.पुर्जा रहने र संरक्षक भक्तपुर नगरपालिका हुने गरी छुट्याई बाँकी घर तथा जग्गा मेरो पतिको आफ्नो काल गतिले मृत्यु भएको हुँदा सो जग्गा तथा घर मेरो नाममा नामसारी हुने गरी आवश्यक व्यवस्था हुन सिफारिसको निमित्त अनुरोध गर्दछु भनी भ.न.पा. वडा नं. ६ बस्ने मथुरामाया राजभण्डारीले निवेदन पेश गरेकोमा सो निवेदन अनुसार उक्त कि.नं. ६५ क्षे.फ. ०-३-०-२ को घर जग्गामध्ये दक्षिणपट्टी क्षे.फ. ०-१-१-१ जग्गा महादेवको बगैंचा भनी श्रेस्तामा जनाई संरक्षक भक्तपुर नगरपालिका रहने गरी र बाँकी उत्तरपट्टिको क्षे.फ. ०-१-३-१ जग्गा निज बद्रीदास राजभण्डारीको नामबाट निजका हकदार मथुरामाया राजभण्डारीको नाममा नामसारी गरी उक्त कित्ता घर जग्गा महादेवको बगैंचा, संरक्षक भक्तपुर नगरपालिका र निज मथुरा माया राजभण्डारीको नाममा संयुक्त श्रेस्ता कायम हुने गरी सिफारिस गर्न भ.न.पा. वडा नं. ६ कार्यालयलाई निर्देशन दिने साथै वडा कार्यालय र भूमि सुधार तथा मालपोत कार्यालय भक्तपुरमा सम्पर्क समन्वय गरी उपरोक्तअनुसार गर्न गराउन भक्तपुर नगरपालिकाका कानून सहायक राजकुमार त्वायनालाई अख्तियारी दिने निर्णय गरियो।

**ख.** यस नगरपालिकाको इन्टरनेट, इन्ट्रानेट व्यवस्थापन, कम्प्युटर, प्रिन्टर तथा बेवसाइट अध्यावधिकको लागि एक्सलोर आईटी संस्थासँग सम्झौता गरी उक्त संस्थाको तर्फबाट श्री प्रकाश खाईजुसँग प्राविधिक सेवा लिइआएकोमा हाल यस न.पा.को सम्पूर्ण वडामा समेत इन्टरनेट, इन्ट्रानेट व्यवस्थापन, कम्प्युटर, प्रिन्टर तथा बेवसाइट अध्यावधिक तथा सफ्टवयर सञ्चालनमा आएकोले उक्त सेवा वापत दिइआएको पारिश्रमिक नपुग भएकोले अन्य मासिक सेवा करारका प्राविधिकहरूलाई दिएसरहको सुविधा दिने गरी IT Officer को प्राविधिक सेवा मिति २०७५।४।१ गतेदेखि लागू हुने गरी उक्त संस्थासँग सम्झौता नवीकरण गर्ने गर्ने निर्णय गरियो।

## समितिको निर्णय अनुमोदन

### युवा तथा खेलकुद समिति

**मिति २०७५।५।१३ गते**

**क.** भक्तपुर नगरपालिकाको आयोजनामा २०७५ कार्तिक ११-१७ गते आयोजना गर्ने भक्तपुर नगरव्यापी अन्तरविद्यालय स्तरीय खेलकुद प्रतियोगिता आयोजनाको लागि विभिन्न खेल संघहरूको बैठक २०७५।५।१८ गते सोमबार दिनको ४:०० बजे भनपा सभाकक्षमा बस्ने निर्णय गरियो।

**ख.** भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बक्सिङ्ग खेल प्रशिक्षणको लागि बक्सिङ्ग रिङ्ग बनाउन भनपा योजना शाखालाई इष्टिमेटका लागि जिम्मा दिने निर्णय गरियो।

**ग.** भक्तपुर नगरका युवा विद्यार्थीहरूलाई मध्यनजर गरी जिम्नाष्टिक खेल प्रशिक्षण दिनको लागि आवश्यक सामान (जिम्नाष्टिक) सामानहरू खरिद गर्न युवा तथा खेलकुद समितिका सदस्य श्री हरिप्रसाद बासुकलालाई रु.३,००,०००।- (रु. तीन लाख) पेश्की लिन लगाउने निर्णय गरियो।

**घ.** १० नं. वडा खेलकुद समितिको आयोजनामा ०७५।४।१ र २ गते भएको १० वडाव्यापी अन्तरस्कूल (Tug of War) प्रतियोगिताको लागि रु.५,०००।- (अक्षरेपी रु. पाँच हजार) आर्थिक सहयोग दिने निर्णय गरियो।

**ङ.** ५ नं. वडा खेलकुद समितिको आयोजनामा २०७५।५।७-९ गतेसम्म भएको भक्तपुर नगरव्यापी खुल्ला टेबुल टेनिस प्रतियोगिताको लागि रु.१५,०००।- (अक्षरूपी रु.पन्ध्र हजार) आर्थिक सहयोग दिने निर्णय गरियो।

### आर्थिक समिति

**मिति २०७५।४।३० गते**

क. नियमित नवीकरण नभएका 'घ' वर्गका निर्माण व्यवसाय नवीकरणको लागि पेश भएमा नवीकरण नभएको प्रत्येक वर्षको नियमानुसारको नवीकरण दस्तुर लिई नवीकरण गर्ने निर्णय गरियो।

**ख.** घर-जग्गा करमा छुटलगायत न.पा.बाट लिइने कर दस्तुर तथा प्रदान गरिने सेवा सुविधा साथै न.पा.बाट भए गरेका उल्लेखनीय कार्यबारे पर्चामार्फत नगरवासीहरूलाई जानकारी दिन ख्वप कलेजका विद्यार्थीहरूलाई गत वर्ष जस्तै घर-घरमा पठाउने निर्णय गरियो।

**ग.** नगरवासीहरूलाई कर दस्तुरबारे जानकारी

दिन वडा-वडामा राखिएको फ्लेक्स बोर्डमा राखिएको सूचनालाई अद्यावधिक गर्ने ।

घ. नगरपालिकालाई प्राप्त हुने बहाल कर साविक २ प्रतिशतबाट वृद्धि भई १० प्रतिशत भएको सन्दर्भमा यसको संकलन र व्यवस्थापनका लागि नियमानुसार गर्ने निर्णय गरियो ।

क. बहाल करको तथ्यांक संकलन तथा कर संकलनको लागि २ जना कर्मचारी व्यवस्था गर्नुपर्ने ।

ख. बहाल कर घरधनी तथा बहालमा बस्ने दुबैलाई उत्तरदायी बनाई असुल गर्न सकिने ।

ग. बहाल रकमको निर्क्योल सम्झौता पत्र वा वडा निरीक्षकको प्रतिवेदनलाई आधार मानी गर्ने ।

घ. बहाल कर भुक्तानीको लागि करदाताको सम्बन्धित वडामा निवेदन वा सम्झौता पत्र पेश गर्नुपर्ने ।

ङ. व्यवसाय दर्तामा बहाल सम्झौता वा घरधनी प्रमाण पुर्जा अनिवार्य गर्ने ।

च. सामान्य सिफारिस (नागरिकता, छात्रवृत्ति, अपांगता, स्वास्थ्य उपचार, घटना दर्ता आदि) बाहेक न.पा. वा वडाबाट प्रदान गरिने अन्य सिफारिसलगायतका सेवा दिनु अघि नगरपालिकालाई तिर्नुपर्ने कर दस्तुर साथै बहाल कर असुल गर्नुपर्ने व्यवस्था गर्ने ।

छ. भक्तपुर नगरपालिकाभन्दा बढी स्थानीय तहमा कार्य क्षेत्र कायम राखी दर्ता भै संचालन रहेका सहकारी संस्थाहरूले सोको विवरणसहित नगरपालिकामा जानकारी दिनको लागि सार्वजनिक सूचना प्रकाशित गर्ने ।

**मिति २०७५।५।३ गते**

**क.** आजको बैठकमा भक्तपुर औद्योगिक क्षेत्रभित्र रहेका उद्योगहरूले नगरपालिकालाई बुझाउनुपर्ने व्यवसाय कर सम्बन्धमा मिति २०७५।५।६ गते बुधबार भक्तपुर नगरपालिका सभाकक्षमा बैठक बस्ने निर्णय गरियो ।

**तपसिल**

१. प्रमुख जिल्ला अधिकारी, भक्तपुर
२. प्रहरी उपरीक्षक, महानगरीय प्रहरी परिसर, भक्तपुर
३. अध्यक्ष, भक्तपुर उद्योग वाणिज्य संघ
४. अध्यक्ष : भक्तपुर औद्योगिक क्षेत्र उद्योग संघ
५. प्रबन्धक : भक्तपुर औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय

**ख.** सहकारी ऐनबारे यही २०७५।३।८ गते शुक्रबार दिउँसो ३:०० बजे नगर क्षेत्रभित्रका सहकारी संस्थाहरूको लागि अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

**मिति २०७५।५।१३ गते**

**क.** आजको छलफलमा प्रभात इङ्गलिस सेकेण्डरी स्कूलले घर जग्गा कर छुटका लागि निवेदन दिएकोमा उक्त विद्यालय सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालन भएको र त्यस्ता विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने व्यवस्था शिक्षा ऐन २०२८ आठौं संशोधनको दफा १८८ मा भएअनुसार सार्वजनिक प्रकृतिका सो विद्यालयलगायत सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयहरूलाई घर जग्गा करमा छुट दिने निर्णय गरियो ।

**ख.** बागीश्वरी कलेज, च्याम्हासिंह, भक्तपुरले तुमचो-दुगुरे-चोखा जग्गा एकीकरण आयोजना क्षेत्रको बिक्री प्लट नक्सा नं. १ को कित्ता नं. २०३ क्षे.फ. १-७-१-०.२३ (७३९.८४ वर्ग मिटर) बराबरको जग्गा खरिद गरी लालपूर्जा लिन राजस्व मिनाहाका लागि मालपोत कार्यालय भक्तपुरको नाउँमा सिफारिस पाऊँ भनी अनुरोध गरेकोमा उक्त कलेज सामुदायिक कलेज भएको साथै गैर नाफामूलक समेत भएकोले राजस्व मिनाहाका लागि सिफारिस उपलब्ध गराउने निर्णय गरियो ।

**शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**
**मिति २०७५।४।३० गते**

**क.** २०७५ कार्तिक मसान्तसम्ममा प्रत्येक वडामा स्वास्थ्य शिविर सञ्चालन गर्न परिपत्र गर्ने ।

**ख.** यस न.पा.बाट सञ्चालित एक घण्टे कार्यक्रम भक्तपुर आवाज (ख्वप सः) को सम्पूर्ण रिकर्डिङ्ग, मिक्सिङ्ग प्राविधिक राजेश हाडाले गरी आउनुभएको हुँदा प्रतिकार्यक्रम रिकर्डिङ्गदेखि मिक्सिङ्गसम्मको प्रतिकार्यक्रम रु.१,०००।- (एक हजार) पारिश्रमिक सुरुदेखि उपलब्ध गराउने निर्णय गरियो ।

**ग.** गाईजात्रा पर्व २०७५ को अवसरमा प्रदर्शित सांस्कृतिक विधाहरूमध्ये विजयी समूहहरूलाई र सांस्कृतिक गुरुहरूलाई सम्मान कार्यक्रम विश्व पर्यटन दिवस असोज ११ गते पुरस्कार वितरण तथा सम्मान कार्यक्रमको आयोजना दरबार स्क्वायरमा गर्ने ।

**घ.** स्थानीय युवाहरू परिचालन गरी नगरभरिको घरदैलो तथ्यांक संकलन कार्यक्रम मिति २०७५।५।२५ गतेबाट संचालन गर्ने । सोको लागि तथ्यांक संकलन गर्नेहरूलाई प्रतिफारम रु.१००।- (एक सय) पारिश्रमिक उपलब्ध गराउने । उक्त कार्यक्रमको अभिमुखीकरण कार्यक्रम मिति २०७५।५।२१ गते ख्वप इन्जिनियरिङ्ग कलेजमा अपरान्ह ५:०० बजे सञ्चालन गर्ने निर्णय गरियो ।

**वातावरण तथा पर्यटन समिति**
**मिति २०७५।५।२२ गते**

क. नियमित सरसफाइ कार्यक्रम अन्तर्गत २०७५ असोज १ गते भ.न.पा.वडा नं. १०, कमलविनायकस्थित ३८ औं नेपाल भाषा साहित्य तःमुज्या हुने स्थान वरिपरि सरसफाइ कार्यक्रमको साथै वृक्षारोपण गर्ने निर्णय गरियो ।

**ख.** नर्सरी व्यवस्थापन तथा बगैंचा हेरचाहसम्बन्धी तालिम २०७५ असोज ७ गतेदेखि सञ्चालन गर्ने निर्णय गरियो । तालिम दिनको ११:०० बजेदेखि ३:०० बजे सञ्चालन गर्ने ।

- तालिममा प्रशिक्षार्थी सहभागिता निम्नअनुसार गराउने निर्णय गरियो :
  १. भ.न.पा. कार्यालयबाट : १० जना
  २. भ.न.पा. बाट सञ्चालित प्रत्येक कलेजबाट १/१ जना
  ३. प्रत्येक वडाबाट २/२ जना
- नर्सरी व्यवस्थापन तालिममा सहभागी हुने प्रशिक्षार्थीको नामावली २०७५ भाद्र मसान्तसम्म भक्तपुर नगरपालिका कार्यालयमा पठाउन प्रत्येक कलेज र वडा समितिहरूमा पत्राचार गर्ने निर्णय गरियो ।

३. विश्व पर्यटन दिवसको सन्दर्भमा कार्यक्रम गर्नेबारे सरोकारवालाहरूसँग २०७५ भाद्र २६ गते मंगलबार २:०० बजे भ.न.पा. सभा कक्षमा बैठक बस्ने निर्णय गरियो ।

४.भक्तपुर नगरपालिका, BTDC / NATHM को संयुक्त आयोजनामा सञ्चालित स्थानीय पथप्रदर्शक तालिममा सहभागी प्रशिक्षार्थीहरूको परीक्षा लिखित, मौखिक र नियमित मूल्यांकन प्रणालीबाट गर्ने निर्णय गरियो ।

५. स्थानीय पथ प्रदर्शक तालिम सहभागी प्रशिक्षार्थी, प्रशिक्षकहरूका लागि टि:शर्त व्यवस्था गर्ने निर्णय गरियो ।

**घ.** यस कार्यालयबाट २०७५ सालको गाईजात्रा पर्व भाद्र १० गतेदेखि १७ गतेसम्म मूल्यांकन गर्ने कार्यको लागि आवश्यक व्यवस्था गर्न वडा सचिव लक्ष्मीप्रसाद दुवाललाई रु.३०,०००।- पेश्की लिई कार्यक्रम सम्पन्न पछि रु.५४,५८२।- बराबर खर्च फाँटवारी पेश गरेको हुँदारु.३०,०००।- पे.फ. गरी नपुग रु.२४,५८२।- भुक्तानी दिने निर्णय गरियो ।

**ङ.** मिति २०७५ आषाढ २६ गतेदेखि भाद्र १४ गतेसम्म खाजा व्यवस्था गरेको रु.२९,९००।- भुक्तानी बालकृष्ण सुवाललाई दिने निर्णय गरियो ।

**च.** २०७५ श्रावण २९ गतेदेखि भाद्र १३ गतेसम्मको खाजा व्यवस्था गरेको रु.२१,०८५।- ब्रदर्श क्याफेलाई दिने निर्णय गरियो ।

**छ.** यस कार्यालयको एम्बुलेन्स ७१४९ मर्मत गरेको रु.९९,०४४।- भुक्तानी अजिमा अटो वर्कसपलाई दिने निर्णय गरियो ।

**ज.** सफाइ गाडी नं. २२६७ राजाराम न्हेम्हाफुकीबाट मर्मत गरेको खर्च रु.८४,४११।- भुक्तानी सिद्धि गणेश मोटर पार्टसलाई दिने निर्णय गरियो ।

**झ.** मानकाजी शिल्पकारलाई औषधी उपचार खर्च रु.१०,०००।- गएको अनुमोदन गरियो ।

**ञ.** लक्ष्मी किजुलाई औषधी उपचार खर्च रु.१०,०००।- गएको अनुमोदन गरियो ।

**ट.** रस्ता श्रेष्ठलाई औषधी उपचार खर्च रु.१०,०००।- गएको अनुमोदन गरियो ।

**ठ.** क.ल.ई. स्वीकृत सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

| क.सं | योजनाका बिवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.र कम | मूल्याकंन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Black composting Shed Constraction Work | २ | २,९३५,४५४।७५ | | | | | | वातावरण | लागत स्वीकृत |
| २ | अंचापोखरी पश्चिम सत्तल पुन: निर्माण कार्य | ६ | ५,३८४,९०१।३९ | | | | | | न.पा. | लागत स्वीकृत |
| ३ | भाजुपोखरीभित्र पुल निर्माण तथा उत्खनन् कार्य | १ | ६,३४१,०६३।८१ | | | | | | न.पा. | लागत स्वीकृत |
| ४ | बाराहीस्थान देखि घलाते अरनिको राजमार्ग जोड्ने बाटो फराकिलो गर्ने कार्य | ३ | २,५८१,६४४।४५ | | | | | | न.पा. | लागत स्वीकृत |

ख) पेश्की फछ्र्यौट सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

| क.सं | योजनाका बिवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.र कम | मूल्याकंन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गरूडकुण्ड स्थित महादेव शिवमन्दिर पुन: निर्माण | ९ | १,१७२,७९७।९९ | | ९८५,६८६।८३ | ८०८,३६५।२६ | ७५०,०००।०० | ५८,३६५।२६ | वडा | खर्च समर्थन |
| २ | भिमसेनस्थान ढुङ्गेधारा | ९ | ९९,२५९।५९ | | ८०,९४३।९८ | ५९,१४९।४४ | | | वडा | खर्च समर्थन |
| ३ | नपली श्रीजनानगर बादीबाट क्षति भएको बाटो ग्राभेलिङ्ग कार्य (उ.स.अध्यक्ष प्रेम नारायण प्रेमी) | १ | ५४४,३८५।०० | | ७७९,८७७।०० | ५४३,२००।०० | १८०,०००।०० | ३६३,२००।०० | बिपद् व्यवस्थापन | कार्य सम्पन्न |

| | |
|---|---|
| ग.१ | कमलबिनायक प्लानिङ्गको सडक पीच कार्य सम्बन्धमा छलफल गरी कमलबिनायक आवासीय योजनामा जम्मा भईरहेको रकमबारे आवश्यक बुझ बुझारथ गर्ने निर्णय गरियो । साथै उपरोक्त स्थानमा ग्राबेलिंङ कार्यको लागि ल.ई. रू.२७,४९,८५५।४० को स्वीकृत गरियो । |
| २ | मचो भैरव उकालो बाटोमा ढुङ्गा छपाई योजना २०७५ असार मसान्तभित्र सम्पन्न गर्नुपर्नेमा सम्पन्न गर्न नसकेको ब्यहोरा भई २०७५ माघ मसान्तसम्म म्याद थप दिने निर्णय गरियो । |
| ३ | सुलोक ट्रडिङ्ग कम्पनी प्रा.लि.ले ब्रम्हायणी बहुउदेश्यीयको लागि सामान (लोकल ईंटा र बालुवा) उपलब्ध गराए बापत रू ११,००,६९४।०० माग बमोजिम भुक्तानी दिने निर्णय गरियो । |
| ४ | भ.न.पा. अन्तर्गत नपास्तरीय तथा वडास्तरीय योजनाहरू रू. २५ लाख रूपैयाँसम्म स्वीकृत लागत इष्टिमेटहरूको कार्यान्वयनको क्रममा पेश्की लिई कार्य गरी सम्बन्धित उपभोक्ता समितिले फाँटवारी पेश गरी प्राविधिक जाँच गरी उपयुक्त भएको खण्डमा थप कार्य सञ्चालनका लागि थप पेश्की दिने (पहिलो ३३%, दोश्रो ६०% तेश्रो ७५% बाकी अन्तिम फाँटवारी पेश भईसकेको शुरूदेखि अन्तिमसम्म कार्य मुल्याकंनको आधारमा पे.फ. गर्ने, निर्णय अनुमोदनको लागि बोर्ड बैठकमा पेश गर्ने निर्णय गरियो । |

**घ) भुक्तानी सम्बन्धमा छलफल हुँदा निन्नानुसार गर्ने निर्णय गरियो :**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ब्रम्हायणी बहुउदेश्यीय भवन फिनिसिङ्ग कार्य अन्तर्गत गारो लगाएको, झ्याल ढोका बनाउने श्रम ठेक्का ज्याला भुक्तानी | ९ | | | ५८४,४५०।०० | बोलपत्रदाता शान्ति कन्ट्रक्सन प्रा.लि. | ३२९,६१५।८३ | नपा | |
| २ | भ.न.पा. भवनमा विद्युतीय कार्य | २ | | | २०३,०७७।७४ | सानु सुवाल निर्माण सेवा | १७४,०३४।६९ | नपा | |

घ) Tender मा नभएको थप कार्यको दर रेट सम्बन्धमा

| | | | | |
|---|---|---|---|---|
| १, | ब्रम्हायणी बहुउदेश्यीय भवन फिनिसिङ्ग कार्य | | | |
| १.१, | झ्याल ढोका बनाउने/जडान कार्य | प्रति घ.मी. | १५,०००।०० | स्वीकृत इष्टिमेट रकमको कन्टिजेन्सीबाट कट्टी हुने गरी |
| १.२, | लिन्तेल ढलान कार्य | प्रति घ.मी. | १७,०००।०० | |
| १.३, | फर्मा जडान कार्य | प्रति ब.मी. | ८००।०० | |
| २ | पर्यटक सुचना केन्द्र भवन निर्माण कार्य | | | |
| २.१, | झयाल ढोका बनाउने/जडान कार्य | प्रति घ.मी. | १५,०००।०० | स्वीकृत इष्टिमेट रकमको कन्टिजेन्सीबाट कट्टी हुने गरी |
| २.२, | एगल जडान कार्य | प्रति घ.मी. | १,२००।०० | |
| ३ | पर्यटक सुचना केन्द्र भवनमा फिनिसिङ्ग गर्ने कार्यमा भत्काउने सम्बन्धी | | | |
| ३.१ | फ्लोर, झ्याल ढोका, पार्टेशन भत्काउने | प्रति घ.मी. | २००।०० | स्वीकृत इष्टिमेट रकमको कन्टिजेन्सीबाट कट्टी हुने गरी |
| ३.२ | रेलिङ्ग भत्काउने | र.मी. | १००।०० | |

**ङ. यस न.पा. र वडा समितिको दैनिक सरसफाइको लागि २५ जना श्रेणीविहीन कर्मचारीहरू सेवा करारमा लिन सूचना प्रकाशित गर्ने निर्णय गरियो ।**

# तस्बिरमा केही गतिविधि



फोहोर व्यवस्थापनसम्बन्धी छलफल कार्यक्रममा भनपा प्रमुख सुनिल प्रजापति लगायत।
(२०७५/०५/२७)



भक्तपुर नगरपालिका र स्वास्थ्य मन्त्रालयको नेपाल स्वास्थ्य क्षेत्र सहयोग कार्यक्रम (NHSSP)को संयुक्त आयोजनामा स्वास्थ्य पूर्वाधार विकाससम्बन्धी भएको अभिमुखीकरण कार्यक्रम
(२०७५/०५/१५)



भनपाका प्रमुख सुनिल प्रजापतिसँग गौरीशंकर बहुमुखी क्याम्पस दोलखाका प्रधानाध्यापक राजेन्द्र मानन्धरको नेतृत्वमा आएको प्रतिनिधि मण्डलबीच भएको भेट
२०७५/०५/३१



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग वित्त आयोगका सचिव बैकुण्ठ अर्यालसँग भएको भेट
(२०७५/०५/२८)



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीद्वारा नयाँ नक्सा दर्ता गर्ने नगरवासीहरूलाई भक्तपुर नगरपालिकाको नक्सापास मापदण्डसम्बन्धी अभिमुखीकरण कार्यक्रम। (२०७५/०५/२०)



वागीश्वरी माध्यामिक विद्यालयको हीरक वर्ष २०७५ को उपलक्ष्यमा आमन्त्रण छात्र/छात्रा कबड्डी प्रतियोगिता समुद्घाटन कार्यक्रममा भनपाका प्रमुख सुनिल प्रजापति प्रतियोगी खेलाडीहरूलाई शुभकामना दिनुहुँदै। (२०७५/०५/२५)



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थामा नर्सिङ विषय अध्ययनका लागि नयाँ भर्ना भएका विद्यार्थीहरूलाई अभिमुखीकरण कार्यक्रममा। (२०७५/०५/२५)



नेपाल मजदुर किसान पार्टीका सचिव एवम् प्रतिनिधिसभाका सांसद प्रेम सुवाल र भनपाका प्रमुख सुनिल प्रजापति जिल्ला मालपोत कार्यालय भक्तपुरको अनुगमनमा। (२०७५/०५/०७)



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पुरातत्त्व विभाग भक्तपुरका कार्यालय प्रमुख मोहनसिं लामा र राष्ट्रिय कला संग्रहालयका कार्यालय प्रमुख सरस्वती सिंहसँग भक्तपुर दरबार क्षेत्रको सम्पदा संरक्षण र कला संग्रहालय भवन पुनःनिर्माणसम्बन्धी प्रगतिबारे जानकारी लिनुहुँदै (२०७५/०५/१०)



राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्माको अध्यक्षतामा बसेको सरसफाइ तथा स्वच्छ वातावरण विषयक मौलिक हकसम्बन्धी व्यवस्थाबारे अन्तरक्रिया कार्यक्रममा भनपा प्रमुख सुनिल प्रजापतिलगायत। (२०७५/०५/२४)



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको अध्यक्षतामा विश्व पर्यटन दिवस भव्य रुपमा मनाउन भक्तपुर नगरपालिकाको वातावरण तथा पर्यटन समितिको आयोजनामा सरोकारवालाहरूसँग भएको छलफल कार्यक्रम।



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र महान्यायाधिवक्ता अग्नी खरेलबीच भेटघाट। (२०७५ /०५/ २८)



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र स्वास्थ्य मन्त्रालयका प्रतिनिधिहरूबीच भएको भेटघाट (२०७५/०५/२५)



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग सशस्त्र प्रहरीका प्रहरी उपरीक्षक पुरूषोत्तम थापाले गर्नुभएको भेटघाट (२०७५/०५/२६)



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग प्रो.डा. मालखलाल श्रेष्ठ र प्रो.डा. सितुलाल श्रेष्ठले भक्तपुर नगरपालिकामा गर्नु भएको भेटघाट। (२०७५/०६/१७)



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग भक्तपुरमा आँखा अस्पताल निर्माणसम्बन्धी छलफलको लागि तिलगंगा आँखा अस्पतालका प्रमुख डा. सन्दुक रूईतको भेटघाट (२०७५/०६/१४)

cGtjf{f{

# बिजुक्छेंबारे नसिकाए कसको बारेमा सिकाउने ?

• **सुनिल प्रजापति-नगरप्रमुख, भक्तपुर नगरपालिका**

**नगरपालिकाले शिक्षालाई कसरी हेरेको छ ?**

नगरपालिकाले शिक्षालाई पहिलो प्राथमिकतामा राखेको छ । अहिले होइन, पहिलेदेखि नै । अहिले नगरपालिकाले २ वटा इञ्जिनियरिङ कलेजका साथै ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गरिरहेको छ । हामीले शिशु स्याहारदेखि उच्च शिक्षासम्मको शिक्षाको जिम्मेवारी स्थानीय तहमा आएसँगै हामी महत्त्वका साथ त्यसको व्यवस्थापनमा लागिरहेका छौं ।

**नगरपालिकाले सञ्चालन गरिरहेको शैक्षिक संस्थामा नगरपालिका बाहिरका विद्यार्थी पढ्न आउँछन् कि आउँदैनन् ?**

नगरपालिकाले सञ्चालन गरिरहेको शैक्षिक संस्थामा देशैभरिका विद्यार्थीको आकर्षण बढेको छ । मनाङबाहेक ७६ वटै जिल्लाका विद्यार्थीहरूले यहाँ पढेका छन् । अहिले पनि ६५ जिल्लाका ५ हजार ६ सय विद्यार्थीहरू यहाँ पढिरहेका छन् ।

**नगरपालिका आफैले शैक्षिक संस्था सञ्चालन गर्दा के-कति चुनौती देखिन्छन् ?**

चुनौतीविनाको कुनै काम हुँदैन । हरेक काममा चुनौती हुन्छ । शैक्षिक संस्थाको प्रतिफल तुरुन्तै आउने होइन, यसर्थ नगरपालिकाले केही गरेन भन्नेहरू पनि हुन सक्छन् । यद्यपि समाज परिवर्तन गर्नुछ भने शिक्षाबाट नै सम्भव हुने हो । हामी परिवर्तनकारी सोचाइ भएकाहरूले शिक्षालाई अगाडि बढाएर मात्र समाजलाई अगाडि बढाउन सकिन्छ । शिक्षाविना विकास र समृद्धि सम्भव छैन । त्यसको लागि हर चुनौतीको सामना गर्न हामी तयार छौं ।

**संविधानले स्थानीय सरकारलाई शिक्षाका धेरै अधिकार दिएको छ, कतिको प्रयोग गर्न पाउनुभएको छ ?**

संविधानमा लेख्दैमा त्यो कुरा एकै पटक लागू हुन्छ भन्ने हुँदैन । अधिकारको प्रयोग भन्ने कुरा क्रियाशीलता र व्यवहारमा भर पर्छ भन्ने लाग्छ । अहिले कक्षा १२ सम्मका सबै अधिकार हामीसँग छ । स्थानीय पाठ्यक्रम बनाउनेदेखि परीक्षा सञ्चालन र विद्यालय बन्दोबस्तसम्मको हामीले अगुवाइ गरेका छौं । हामीले त स्थानीय पाठ्यक्रम बनाएर विद्यालयलाई दिएका छौं । हामी भक्तपुरलाई नमुनाका रूपमा स्थापित गर्न चाहन्छौं ।

**स्थानीय पाठ्यक्रम बनाएर लागू नै गरिसक्यौ भन्नुभयो - यति चाँडै यो कसरी सम्भव भयो र यसको उद्देश्य के छ ?**

राष्ट्रिय, अन्तर्राष्ट्रिय विषय त स्कूल-कलेजमा सिकाइन्छ नै तर स्थानीय विषय नहुँदा त्यो सिकाइ पूर्ण हुन सक्दैन । त्यसैले हाम्रो हातमा स्थानीय पाठ्यक्रम बनाउने अधिकार आउनेबित्तिकै हामी निकै उत्साहित भयौं । हाम्रा विद्यार्थीहरू जहाँ रहे पनि भक्तपुर र देशप्रति माया र सद्भाव राख्ने हुनुका साथै यहाँका बारेमा हरेक क्षेत्रको जानकारी दिन सक्ने होऊन् भन्ने हाम्रो उद्देश्य हो । यहाँको इतिहास, कला, भाषा, साहित्य र संस्कृतिको विषयमा राजनीति, समाज, शिक्षा र स्वास्थ्यको विषयमा त्यसैगरी यहाँको विशेषता र पहिचानको विषयमा बुझ्न र बोल्न सक्ने हुनुका साथै स्थानीय ज्ञान, सीप र क्षमता हासिल गर्न सक्ने सक्षम जनशक्ति उत्पादन गर्नु हाम्रो लक्ष्य हो । यसका लागि पाठ्यक्रम बनाउन हामीले विभिन्न बुद्धिजीवी र पाठ्यक्रमविद्हरूसँग छलफल चलायौं । हामीले शिक्षक र विद्यार्थीहरूसँग पनि अन्तरक्रिया गरेका थियौं । हामीले पाठ्यक्रम विषय नै लिएर स्नातकोत्तर गरेका हाम्रा ५ जनाको विज्ञ समूहलाई यो महत्त्वपूर्ण जिम्मेवारी सुम्पेका थियौं । उक्त विज्ञ समूहले नै पाठ्यक्रमको अन्तिम रूप दिएको हो ।

**तपाईंहरूले नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेंबारे पनि पाठ राख्नुभएको छ रे । तपाईंलाई पाठ्यक्रम बनाउँदा पार्टीको प्रेसर परेको हो ?**

म नेपाल मजदुर किसान पार्टीबाट निर्वाचित भए पनि नगर प्रमुखको रूपमा सबैको साझा हुँ । मलाई पाठ्यक्रम बनाउँदा पार्टीको प्रेसर कहिल्यै पनि परेन किनकि यो पार्टी सिद्धान्तको आधारमा चल्ने पार्टी हो । जहाँसम्म अध्यक्ष नारायणमान बिजुक्छेंको कुरा छ, उहाँ राष्ट्रिय मात्र होइन अन्तर्राष्ट्रिय व्यक्तित्व हुनुहुन्छ । हामीलाई गर्व छ कि उहाँ हाम्रो स्थानीय पनि हुनुहुन्छ । उहाँलाई नबुझी भक्तपुरबारे सम्पूर्ण बुझाइ सम्भव छैन । त्यस्तो व्यक्तिको बारेमा हामीले हाम्रो विद्यार्थीलाई नपढाए कसको बारेमा पढाउने ? उहाँको बारेमा मात्र होइन, भक्तपुरका धेरै व्यक्तित्वका बारेमा हामीले जानकारी गराउने प्रयास गरेका छौं ।

**देशभर सामुदायिक विद्यालयहरूको अवस्था नाजुक हुँदा यहाँको अवस्था सन्तोषजनक देखिनुको कारण के हो ?**

हामीले शिक्षालाई महत्त्वका साथ लिएका छौं । विद्यालयमा हामी अनावश्यक हस्तक्षेप गर्दैनौं तर सिकाइलाई कसरी प्रभावकारी बनाउने भन्नेमा हाम्रो सदैव चासो र चिन्ता रहन्छ । हामी पठनपाठनमा परेको समस्याको सूक्ष्म अध्ययन गरेर हरसम्भव समाधान गर्ने बाटो खोज्छौं । शिक्षा दिने कुरामा हेलचेक्र्याइँ हुनुहुँदैन भन्नेमा हामी सचेत छौं । राम्रो गरेका विद्यालयहरूबाट सिकेर अगाडि बढ्न प्रोत्साहित गर्छौं ।

*प्रस्तुती - सञ्जीप शुभचिन्तक*

*hellosanjeep@gmail.com*

*साभार:सिकाइ मासिक (२०७५ भदौ १५-असोज १५) बाट*

# LOCAL GOVERNANCE AND INITIATIVE AND NETWORK (LOGIN)

## General Assembly at Bangkok, Thailand 13-15 December, 2017




**Rajani Joshi, Deputy Mayor**
**Bhaktapur Municipality, Province no. 3, Nepal**

Local Governance Initiative and Network (LOGIN) is a South and East Asia centric multi-stakeholder knowledge network aiding reform agendas in favor of greater decentralization and strengthened local governments.

Spanning 12 countries, LOGIN's membership includes elected representatives, training institutions, think tanks, government departments, non-governmental organizations and inter-governmental organizations, among others. Working in favor of accountable, transparent and inclusive local governance, LOGIN facilitates knowledge sharing and peer-engagements on key local governance issues amongst its stakeholders.

LOGIN Asia conducted three days assembly in Bangkok, Thailand, from 13 - 15 December, 2017. It is a regional forum where Local Government Association of Nepal are members of LOGIN Asia.

Vision of LOGIN is to enable local governments to become more capable and trustworthy service delivery institutions and empower citizens to become vital actors, influencing the decision-making process in local governance. And the mission is to design and support learning initiatives that help assimilate, synthesize and share experiential knowledge and good practices on decentralisation and local governance among stakeholders as shown in the LOGIN Mandala.

**Fundamentals Anchoring LOGIN**

LOGIN's General Assembly is the highest governing body of the Network and all LOGIN members are a part of it. The General Assembly convenes once a year and defines the Network's strategic direction and thematic focus for the year ahead. It reviews LOGIN's activities, and collectively develops an annual work plan based on the learning priorities identified by the members.

LOGIN's Operational Committee guides the Network. It endorses the thematic focus and annual work plan approved by the General Assembly. Further, it ensures adequate allocation of financial resources for the Network. The Secretariat's annual work plan is also approved by the Operational Committee. The Operational Committee meets bi-annually, with one of these meetings being held in conjunction with the General Assembly.

LOGIN's Secretariat is the convening, coordinating and connecting organ of the Network. It serves as the main point of contact for members, and engages on the Network's behalf with external stakeholders. The Secretariat is currently located in New Delhi, India.

The Secretariat is responsible for LOGIN's management and operations. It is the key body that enables knowledge exchange within the Network. Through tailored learning opportunities, it facilitates access to expertise and provides methodological support to members.

Learning philosophy in LOGIN works at two levels:

- multi-stakeholder dialogue at the country level and
- peer-learning across countries.

The Network's learning activities are organised around five key, inter-related themes and LOGIN provides tailored learning offers for each theme. Each learning initiative is built on the principle of 'expert-learner' duality, where an actor is a learner as well as an experience-provider.






*Local Governance Initiative and Network is supported by the Swiss Agency for Development and Cooperation*

Through a range of methods, including capitalisation workshops, orientation trainings, study visits, and e-courses LOGIN enables members to exchange knowledge, share expertise and apply insights to strengthen local governance in their countries and the region.

**Capacity Building of Local Governments**

Greater decentralization creates increased spaces for local governments to become key players in the decision-making process. To ensure that local governments are effective actors in the governance arena, their institutions, systems and procedures must be strengthened. This includes building the capabilities of various stakeholders involved.

Different stakeholders at each level may require capacity building. They could be elected representatives, technical experts, researchers or even civil society activists. Depending on the country context, capacity building for local governance may encompass strengthening capabilities in developing policy frameworks, undertaking local needs-based functions, designing policy reforms




for improved public services, creating spaces for citizen-centric development and innovating on multiple aspects of local governance.

For LOGIN members, strengthening the capacity of local governments is key to ensuring good governance. To this end, LOGIN provides its members with varied learning possibilities that facilitate knowledge exchange and trainings to help address the capacity needs of local governments in their countries.

**Civic Engagement and Accountability**

Good governance requires not only 'supply side' improvements, such as policy and institutional reforms, but also sustained demands from citizens claiming their rights and entitlements. Civic engagement in local governance involves bringing the voices of citizens in the formulations of laws and policies. It encompasses the creation of an enabling environment for citizen-state dialogue and conflict resolution, mobilisation of institutions supporting citizen participation in legislative processes, and the facilitation of a ground swell towards influencing policies through evidence-based advocacy. Deeply entwined with this idea is the goal of public accountability, a key strategy in addressing government deficits, mitigating corruption and improving the efficacy of development initiatives.

Civic engagement has the potential of playing out differently in different country contexts, depending on the extent of decentralisation, democratisation, existing role of civil society in local governance processes and the existing required levels of transparency and accountability.

Civic engagement has emerged as a learning priority for LOGIN members. LOGIN is committed to expanding and deepening citizen participation in local governance, creating awareness of citizens' rights and their access to public information. For LOGIN, areas of focus include citizen-centric mechanisms for improved governance, increased transparency and equitable state-society relations.

**Fiscal Decentralisation**

Fiscal decentralisation is a critical component of decentralisation, defining how revenues and expenditures are organised between and across different levels of the government. If local governments are to carry out decentralised func-

tions effectively, they must have adequate levels of revenues as well as the autonomy to take decisions regarding expenditures.

Fiscal decentralisation reflects on the relationship between the central/federal government and local government, the levels of devolution of funds, as well as the local government’s authority to raise revenues and incur expenditures independently. In most countries, fiscal decentralisation remains a challenge because of the lack of political will, mismatch between funds, functions and functionaries as well as design issues with regard to inter-governmental fiscal transfer systems.

Strengthening the policy and legislative framework for fiscal decentralisation, and building the capacity of local governments on fiscal management has assumed great significance amongst the network members. For LOGIN, areas of focus include the systematic devolution of fiscal management and authority, citizen-centric budgeting, public expenditure tracking systems and social audits, as well as the maintenance of fiscal discipline.




**Gender and Social Inclusion**

Improvement in local governance means nurturing a system where all citizens can individually and collectively participate in influencing and shaping the decision-making process. It is critical to empower women and other marginalized sections of the society to voice their requirements and demand the expected level of services from local governments.

Strengthening the role of women and other marginalized people in local governance includes ensuring their adequate representation in local governments: getting their needs included in local governance procedures and supporting their participation in the planning and budgeting process. This also includes sensitizing the local governments and the larger community on addressing the specific challenges faced by the marginalized groups, and ensuring social justice.

LOGIN’s members aim towards institutionalizing people's participation in local governance. To this end, LOGIN is providing various learning opportunities that support the systematic capacity development of women and other marginalized groups to ensure their participation in local governance.

**Public Service Delivery**

Governments are the primary providers of public services and the key players in infrastructure development. Many countries have placed the delivery of public services, including basic services such as education, health and water, in the domain of local governments.

Decentralisation of public service delivery is based on the idea that it improves quality and brings services closer to the people. Especially since local governments have better knowledge of local priorities and needs, and are sensitive to variations in these requirements. Decentralisation of service delivery also leads to efficiency, as it ensures fiscal prudence while safeguarding local preferences in budgetary allocations. The challenges, however, remain in terms of the capacity and authority of local governments to delivery effective public services, as well as access to and quality of services being delivered. These challenges are faced by most countries in one form or another.

For LOGIN's members, building the capacity of local governments to ensure inclusive and accessible public services, as well as strengthening policy and institutional frameworks to support decentralised service delivery is paramount. To this end, LOGIN is working towards enabling rights-based approaches to service delivery in a time-bound manner, with motivated approaches and independent measures of performance.

In the three days assembly, all the above mentioned activities were taken place with inclusive participations of all the members those who were present. All the member countries presented and shared each other's experiences and their plans to go ahead for the year 2018.

द्विशताब्दीऔं जन्म दिवस

# jt{dfg kl/k]Io odf sDol gi6 3f]if0ffkqsf] ;fGble{stf



**नारायणमान बिजुक्छें (रोहित)**

कम्युनिष्ट घोषणापत्रको प्रकाशनको १५० औं वर्षको समारोह मनाइरहेका छौं। कम्युनिष्ट घोषणापत्रको प्रकाशन सारमा शोषणमा आधारित समाजको विरोधमा शोषित पीडित वर्गको एक व्यवस्थित र दीर्घकालीन वैचारिक युद्धको घोषणा हो। शोषणमा आधारित लिखित इतिहासको ५ हजार वर्षको दाँजोमा १५० वर्ष भनेको धेरै कम अवधि हो।

दास युगभन्दा सामन्तवादी युगको अवधि छोटो रह्यो भने सामन्ती युगको अवधिभन्दा पूँजीवादी व्यवस्थाको अवधि तुलनात्मकरूपले अझ छोटो हुनेछ। रुसी समाजवादी क्रान्ति, चिनियाँ क्रान्ति, कोरिया र भियतनामी क्रान्तिजस्ता मुक्ति आन्दोलन, अनेकौं भिडन्त, विद्रोह र मजदुर आन्दोलनहरूबारे ठूल-ठूला आर्थिक सङ्कट र विश्वयुद्धले कम्युनिष्ट घोषणापत्रको प्रकाशनपछि पूँजीवादले अनेक प्रहारहरू खाएको छ। सोभियत सङ्घ र पुर्वी युरोपेली समाजवादी देशहरूमा पूँजीवादको पुनः स्थापनापछि पनि आज सम्पूर्ण युरोपमा फेरि मजदुर आन्दोलनको सिलसिला सुरु भएको छ। अल्वानिया, युगोस्लाभिया, चेकोस्लाभिया, रुसमा भइरहेका गृहयुद्ध, जातीय वा क्षेत्रीय युद्धहरू, जर्मनी, फ्रान्स, बेलायत र रुसका हालैका मजदुर आन्दोलनहरूले पूँजीवादभन्दा समाजवाद बृहत्तर छ र पूँजीवादको हार तथा समाजवादको अपरिहार्यतालाई सावित गर्छ।

त्यस्तै चीन र भियतनामको आर्थिक प्रगति, फिलिपाइन्सका जनताका सशस्त्र सङ्घर्ष, द.कोरियाको मजदुर, किसान र युवाहरूको पुनः एकीकरणको आन्दोलन र राजनैतिक अस्थिरता, प्रजग कोरियाको राजनैतिक स्थिरता तथा एसियाका अन्य पूँजीवादी देशका चर्कंदो अन्तरविरोध र अस्थिरताले पनि पूँजीवादी व्यवस्थाकै सङ्कट र त्यसको पतनको अपरिहार्यता र समाजवाद त्यसको एकमात्र उपचार भएको तथ्यलाई पुष्टि गर्दैछ।

अफ्रिकामा जातीय भेदभावविरोधी आन्दोलन र स्वतन्त्रता आन्दोलनको विजयपछि साम्राज्यवादी शक्तिहरू पुनः अफ्रिकाको प्राकृतिक स्रोत र कच्चा पदार्थहरू आफ्नो कब्जामा राखी राख्न र ती देशहरूलाई आफ्नो तयारी सामान बेच्ने बजार तथा पूँजी लगानी गर्ने क्षेत्र बनाई राख्न अनेक जातीय र क्षेत्रीय भिडन्तहरू गराउँदै छन्। ती षड्यन्त्र र घटनाहरू स्वयंले पनि पूँजीवादको अनिवार्य विस्तार तथा सङ्कट एवं कामदार जनता र राष्ट्रहरूको सचेततालाई अभिव्यक्त गर्दैछ।

त्यस्तै लाटिन अमेरिकी देशहरूमा विदेशी पूँजीको ऋणको भार, साम्राज्यवादी देशहरूको आर्थिक शोषण तथा स्रोतहरूमाथिको नियन्त्रण, आर्थिक, राजनैतिक र सांस्कृतिक थिचोमिचो, त्यसको विरोधमा उठेका सङ्घर्षहरू, पेरु, बोलिभिया, मेक्सीको, भेनेजुयला, पनामा, निकारागुआ र अन्य देशहरूमा बरोबर देखापरेका किसान, युवा र मजदुर आन्दोलन र सशस्त्र भिडन्तहरू तथा क्युबाको अडानमाथि देखाएको विश्वका जनताको समर्थन र सफलताले पनि पूँजीवादको असफलता र समाजवादको लोकप्रियता एवं बृहत्तरपनलाई सावित गर्छ।

यसप्रकार कम्युनिष्ट घोषणापत्रले पूँजीवादको विरोधमा र सर्वहारा वर्गको हुकुम वा समाजवादको पक्षमा गरेको सैद्धान्तिक युद्धको घोषणा आज पनि त्यत्तिकै सान्दर्भिक छ।

राज्य सत्ता प्राकृतिक वस्तु नभई मानिसको आवश्यकताको उपज हो, त्यसको विकास र पतन पनि आफै नभई मानिसले नै गर्नुपर्ने हुन्छ। मानिस स्वयं पूर्ण नभएको हुँदा अनुभवले मानिसलाई पूर्ण बनाउने प्रक्रिया निरन्तर रहिरहनेछ। कुचो नपुगेको ठाउँमा धुलो रहिरहने, पूँजीवादको पुनः स्थापनाको सम्भावना, वर्गसङ्घर्ष पहिले सरल र स्थानीय अनि विस्तारै जटील र व्यापक हुँदै जाने आदि अनुभव कम्युनिष्ट घोषणापत्रकै सिलसिला हो।

आज अगाडि बढेका पूँजीवाद वा साम्राज्यवादी देशहरूमा आफ्नो प्रभुत्व कायम गर्न ठूला-सात (G7) र युरोपेली सङ्घ (EU) को रूपमा सङ्गठित हुँदैछन्। पूँजीपति वर्ग र पूँजीवादकै प्रभुत्वको निम्ति तिनीहरू आ-आफ्ना देशको लोककल्याणका

बजेटहरू कटौती गर्दै निजीकरणको नाममा मजदुरहरूको झन्-झन् शोषण गर्दैछन् भने अर्कोतिर एकीकृत मुद्रा (Global Currency) र पृथ्वीकरण (Globalization) को नाउँमा स-साना वा विकासशील देशहरूमाथि खुलाबजार, उदार अर्थतन्त्र, विज्ञान प्रविधि र पूँजीको विस्तारले वा अन्तर्राष्ट्रिय मुद्राकोष (IMF) र विश्व बैङ्क (World Bank) जस्ता अनेकौं अन्तर्राष्ट्रिय वा बहुराष्ट्रिय आर्थिक संस्थाहरूमार्फत आ-आफ्नो मुठीमा पार्दै छन्। यसलाई नवउपनिवेशवाद भनिन्छ। लेनिनको भाषामा पूँजीवादको उच्चत्तम रूप साम्राज्यवाद हो भने यो त्यसको आधुनिक रूप हो।

यसबारे कम्युनिष्ट घोषणा पत्रले १५० वर्ष पहिले स्पष्ट भाषामा घोषणा गरेको थियो। पूँजीपति वर्गको विकास, व्यापार-स्वतन्त्रता, विश्व बजार, उत्पादन पद्धतिमा एकरूपता र त्यसअनुसारको जीवन पद्धतिको समान स्थिति आउँदै जाँदा जनताको बीचमा राष्ट्रिय भेदभाव र परस्परको भेदभाव पनि मेटिदै छन्।

आज संसारका सबै शोषित पीडित वर्ग र राष्ट्रहरूलाई साम्राज्यवादको विरोधमा आपसी भेदभावलाई मेटाउँदै एक गराउँदै छ। यसबारे पनि कम्युनिष्ट घोषणापत्रले भविष्यवाणी गरेको थियो। कमसेकम अगाडि बढेको सभ्य देशहरूको सर्वहारा वर्गको शासन कायम भएपछि यस्ता भेदभाव र वैरभावहरू मेटिन छिटो संयुक्त कारबाही हुनेछ र सर्वहारा वर्गको मुक्तिको निम्ति पनि सर्वहारा वर्गको हुकुम पहिलो शर्त हो अर्थात् अन्तर्राष्ट्रिय सर्वहारा वर्गको मुक्ति र संयुक्त कारबाहीलाई छिटो पार्न पनि सर्वहारा वर्गको शासन पहिलो शर्त हो।

यसरी कम्युनिष्ट घोषणापत्रको निर्देशन आज पनि त्यत्तिकै महत्त्वपूर्ण छ। शोषण, वर्ग, राज्यसत्ता भन्ने विषयवस्तु समाजमा भएसम्म वर्गसङ्घर्ष, राजनीतिक सङ्घर्ष, क्रान्ति र समाजवादी आन्दोलनहरू पुराना हुने छैनन् र कम्युनिष्ट घोषणापत्र वा मार्क्सवाद पुरानो हुनेछैन।

कम्युनिष्ट क्रान्ति परम्परागत सम्पत्तिको सम्बन्धसँगको सबभन्दा परिवर्तनवादी प्रहार हो। प्रजातन्त्रको लडाइँमा विजय प्राप्त गर्ने क्रान्तिको पहिलो पाइला नै मजदुर वर्गले सर्वहारा वर्गलाई एक शासक वर्गमा उठाउनु हो।

सर्वहारा वर्गले एक शासक वर्गको रूपमा आफ्नो राजनैतिक हुकुमलाई प्रयोग गरी पूँजीपति वर्गबाट सबै पूँजीलाई राष्ट्रियकरण गरेर देश र जनताको निम्ति यथाशीघ्र उत्पादन शक्तिलाई बढाउनेछ।

त्यतिमात्रै होइन कम्युनिष्ट घोषणापत्रमा उल्लेख गरिएका कार्यक्रम आज पनि त्यत्तिकै सान्दर्भिक छ पुरानो भएको छैन। जस्तै :-

१. जमिनदारी प्रथा उन्मूलन गर्नु र मालपोत सार्वजनिक कार्यमा लगाउनु, भूमिपति र गुठीको स्वामित्वमा रहेको भूमिबारेको समस्या हाम्रो देशमा समाधान भएको छैन।

२. आम्दानीअनुसारको कर अथवा प्रगतिशील कर प्रणाली लागू गर्ने।

आज हाम्रो देशमा देशका ठूल-ठूला सामन्त, पूँजीपति, व्यापारी, तस्कर, कालाबजारी, कमिसन एजेन्ट, घर-जग्गाका व्यापारीहरूबाट आम्दानीअनुसार कर लिइएको छैन। आम्दानी करमात्रै होइन, खानेपानी र विद्युत् महसुलसमेत ठूल-ठूलाले उपयोगअनुसार तिर्दैनन् र त्यसको भार कम आय भएका जनताको टाउकोमा थुपारिदिएका छन्। देश र राज्यबाट ती ठूला भनाउँदाहरूले फाइदा उठाउँछन् र साँचो अर्थमा वा अप्रत्यक्ष रूपले कर त गरिब तथा निश्चित आय भएका जनताले तिर्नु परेको हुन्छ।

३. त्यस्तै घोषणापत्रमा उत्तराधिकारी प्रथालाई उन्मूलन गर्ने, देशद्रोहीहरूको सम्पत्ति जफत गर्ने, आर्थिक कारोबार वा बैङ्कको सबै काम राज्यमै केन्द्रित गर्ने, सञ्चार तथा यातायात राज्यको हातमै राख्नेजस्ता कार्यक्रम अहिले पनि समीचीन छन्। उत्तराधिकारी प्रथालाई उन्मूलन वा अपुतालिको ऐन खारेज गरेमा, बैङ्कजस्तो आर्थिक कारोबार सरकारकै हातमा परेमा, सञ्चार तथा यातायात सबै राज्यकै नियन्त्रणमा रहेमा समाजमा आर्थिक असमानता कम हुन्थ्यो। त्यस्तै उद्योगधन्दा, कृषि र जनसङ्ख्याको उचित वितरण घोषणापत्रमा गरिएअनुसार कार्यक्रम लागू गरेमा बेकारी समस्या हल हुनेछ, गाउँ र सहरको भेद हट्नेछ र काठमाडौं उपत्यकाको जस्तो प्रदूषणको हो-हल्ला पनि समाप्त हुनेछ।

आज देशमा निजी विद्यालय र अनुत्पादक शिक्षा नीतिले जनता पीडित छन्। तर कम्युनिष्ट घोषणापत्रले निःशुल्क शिक्षा र शिक्षालाई उत्पादन श्रमसँग गाँस्ने एक व्यवहारिक निर्देशन दिएको छ।

यस प्रकार १५० वर्षपछि पनि कम्युनिष्ट घोषणापत्रमा उल्लेखित अधिकांश सैद्धान्तिक र व्यवहारिक पक्षहरू आज पनि त्यत्तिकै सान्दर्भिक र उपयोगी छन्। यस अर्थमा कम्युनिष्ट घोषणापत्रले आज पनि विश्वका मजदुर र कम्युनिष्ट आन्दोलनको निम्ति एक जाज्वल्यमान दिशा निर्देशन गर्ने चिरागको काम गर्नसक्छ र हो। त्यसका एक एक शब्द र एक एक वाक्यमा निहीत शाब्दिक र भावार्थलाई मनन, चिन्तन गर्ने र व्याख्या गर्नु आवश्यक छ। त्यसबारे छलफल गरेर जनतासम्म लगेर यसको प्रकाशमा नेपालको कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउनु आवश्यक छ।

*(२०५४ चैत १६ गते कम्युनिष्ट घोषणापत्र प्रकाशनको १५० औं वार्षिकीको अवसरमा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ केन्द्रीय समितिले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले प्रस्तुत गर्नुभएको कार्यपत्र घोषणापत्रका लेखक कार्ल मार्क्सको २०० औं जन्म दिवसको सन्दर्भमा पुनः प्रकाशन गरिएको छ।)*

# मार्क्स र एंगेल्सको कम्युनिष्ट घोषणापत्रमा के छ ?



प्रा. माणिकलाल श्रेष्ठ

कम्युनिष्ट पार्टीको घोषणापत्र बुझ्न कसैको व्याख्या सुन्नुभन्दा यसलाई पढ्नुपर्दछ । कुनै उपन्यास वा नाटकझैं यो सारांश भन्न सक्ने विषय होइन किनभने यसका एक एक लाइन नै सारांशको रूपमा छन्, व्याख्या छैन । मार्क्स र एंगेल्सले तत्कालीन परिस्थितिमा कम्युनिष्ट पार्टीको घोषणापत्र प्रकाशित गर्नुभयो र त्यसमा उहाँहरूले आफूले भन्नुपर्ने मुख्य–मुख्य कुरा एकदम छोटकरीमा राखी केही पेजमा सम्पूर्ण घोषणापत्र सिध्याउनुभएको छ । घोषणापत्रको सुरुमा एकैपल्ट भनिएको छ– Spectre of Communism Spector, यसको नेपाली अर्थ प्रेत अथवा मरेको मानिस हुन्छ । त्यसबेला कम्युनिष्टहरूको खतरा छ भनी सम्पूर्ण यूरोपभरि फैलिएको थियो । घोषणापत्र प्रकाशित भएको समयमा सबै देशहरूमा जनविरोधी, प्रतिक्रियावादीहरूको शासन थियो । कतै सामन्ती तानाशाही थियो त कहीं गणतन्त्र आइसके पनि पुँजीपतिहरूको तानाशाही थियो । जब कम्युनिष्ट सिद्धान्त एवं विचारको कुरा आयो, परस्पर लडिरहेका सामन्त र पूँजीपतिहरू पनि एक हुन गए ।

कम्युनिष्ट पार्टीको घोषणापत्र मार्क्स र एंगेल्सले सबभन्दा पहिले फेब्रुअरी १८४८ मा पर्चाको रूपमा निकाल्नुभएको थियो । मैले हालसालै एउटा पत्रिकामा पढैं फेब्रुअरी १, १८४८ भनेर । उहाँहरूले सन् १८४७ को डिसेम्बरबाट घोषणापत्र लेख्न सुरु गरी करिब २ महिनापछि सन् १८४८ को जनवरीमा पूरा गर्नुभयो । त्यसपछि त्यसलाई पुस्तकाकारमा प्रकाशित गर्नुपूर्व एउटा पर्चाको रूपमा त्यसलाई सार्वजनिक गर्नुभयो । त्यो सार्वजनिक गरिएको मिति १८४८ बाट १९९८ मा १५० वर्ष हुन्छ । अहिले हामी यो वर्षलाई १५० औं वर्षगाँठ भनी मनाइरहेका छौं । यस वर्षभरि कम्युनिष्ट घोषणापत्रको महत्त्व र नेपालको कम्युनिष्ट आन्दोलनमा यसबाट हामीले लिनुपर्ने शिक्षालाई उजागर गर्ने उद्देश्यले देशका विभिन्न कम्युनिष्ट पार्टीहरू मिलेर एउटा समूह बनाइएको छ । त्यस समूहमा नेकपा (एमाले) सम्मिलित छैन । घोषणापत्रको मुख्य उद्देश्य मजदुर वर्गको अधिनायकत्व र वर्गसङ्घर्षलाई एमालेले छोडेको अर्थात् मार्क्स र एंगेल्सको कम्युनिष्ट घोषणापत्रको मुख्य स्पिरिट नै त्यागिसकेकोले उहाँहरू त्यस समूहमा अटाउन सक्नु भएन ।





कम्युनिष्ट घोषणापत्र अहिलेसम्म कति सान्दर्भिक छ भन्ने कुरा धेरैले उठाउने गर्छन् । यस विषयमा का.किम इल सुङ र का. किम जङ्ग इलका कृतिहरूमा लेखिएको छ कि मार्क्सले १८४८ मा अर्थात् १४९ वर्ष पहिले कम्युनिष्ट घोषणापत्र प्रकाशित गर्नुभएको थियो । अहिलेसम्म परिस्थिति धेरै बदलिसकेको छ । त्यसकारण त्यसका धेरै कुराहरू बदल्नुपर्छ तर बदल्नुको अर्थ त्यसलाई त्याग्नु होइन । अरुको कुरा छोडौं, मार्क्स र एंगेल्स स्वयंले घोषणापत्र पहिलोपटक प्रकाशित भएको २५ वर्षपछि सन् १८७२ को जर्मनी भाषाको नयाँ संस्करणको भूमिकामा भन्नुभएको थियो । "२५ वर्षमा विश्वको खासगरी युरोपको परिस्थिति धेरै नै बदलिसकेको छ, त्यसकारण हामीले घोषणापत्रमा क्रान्तिको लागि के के कदम उठाउनुपर्छ भनेर लेखेका छौं । त्यस सिद्धान्तमा जोड दिएर भन्छौं सिद्धान्त अहिले पनि ठीक छ किनभने त्यो वैज्ञानिक सिद्धान्त हो ।" मतलब २५ वर्षभित्रै उहाँहरूले आफ्नो कार्यक्रम बदल्नुपर्ने

सोच्नुभयो। अहिले त १५० वर्ष भइसकेको छ, यस विषयमा धेरै नै सोच्नुपर्ने देखिन्छ।

मार्क्स र एंगेल्सले घोषणापत्रमा कम्युनिष्ट सिद्धान्तलाई विज्ञानको रूपमा व्याख्या गर्नुभएको छ। विभिन्न दर्शनमा पनि पहिलो वैज्ञानिक दर्शन मार्क्सको द्वन्द्वात्मक भौतिकवाद हो। विज्ञान भनेको आफ्नो अनुभव र प्रयोगबाट निकालेको ज्ञान हो। उहाँहरूले भन्नुभयो– अहिलेसम्म जति पनि समाजहरू आए, ती सबै समाजको इतिहास वर्ग सङ्घर्षको इतिहास हो। उहाँहरूले वर्ग सङ्घर्षको नारा दिनुभएको होइन, वर्ग सङ्घर्ष गर्नुपर्छ भन्नुभएको पनि होइन, वर्ग सङ्घर्ष त भइआएको कुरा हो भन्नुभयो। उहाँहरूले वर्ग सङ्घर्षकै क्रममा समाजवाद र साम्यवाद आउँछ भन्नुभयो। उहाँहरूले समाजवाद ल्याउनुपर्छ भन्नुभएन, यो चाहीं हामीले कहिल्यै बिर्सनुहुँदैन। मार्क्सभन्दा अगाडि पनि धेरै समाजवादीहरू आएका थिए, जस्तो सेन्ट साइमन, रोवर्ट ओबेन। अझ प्राचीनकालमा पनि कति समाजवादीहरू आए होलान्। उनीहरू सबैले सामन्तवादी र पूँजीवादी समाजले हामीलाई ज्यादै अन्याय गऱ्यो, शोषण गऱ्यो, त्यसैले यो ठीक भएन र हामीलाई समाजवाद चाहियो भने। तर समाजवाद कुनै असल मान्छेको सदासयबाट आइने होइन। कसैले यस्तो भए हुन्छ भनेर पुकार गर्दा समाजवाद आउने होइन। मार्क्स र एंगेल्सले समाजवाद यसरी, यसप्रकारले, यो यो क्रमबाट आउँछ भनेर देखाए।

मार्क्सको Observation (अवलोकन) मा पनि गल्ती भएको छ। पछि उहाँहरूले नै स्वीकार्नुभयो। जस्तो अहिलेसम्म आएका सबै समाजहरूको इतिहास वर्ग सङ्घर्षको इतिहास हो भनी उहाँहरूले भन्नुभयो। तर समाजको विकास क्रमको एक चरण पुगेपछि मात्र वर्ग सङ्घर्ष आएको थियो। सुरुमा जब बनमान्छे (Ape) बाट मान्छे भयो, मानिसहरू सिकार गरी सब मिलेर खान्थे, पाइएका कुराहरू बाँडीचुँडी खान्थे, वर्ग सङ्घर्ष थिएन किनभने त्यसबेला वर्ग नै विकास भएको थिएन। जब व्यक्तिगत सम्पत्तिको विकास भयो, वर्गको सुरुआत भयो र त्यससँगै वर्ग सङ्घर्ष पनि। त्यसकारण एंगेल्सले मार्क्सको देहावसानपछि भन्नुभयो –"लिखित इतिहास जुन बेलादेखि आयो त्यस बेलादेखि वर्ग सङ्घर्ष आयो।" सन् १८७१ मा पेरिस कम्युनको अनुभव प्राप्त गरेपछि घोषणापत्रमा एउटा अर्को सुधार गर्नुपऱ्यो। यहाँनिर पेरिस कम्युनको विषयमा एउटा रोचक प्रसङ्ग उल्लेख गरुँ – पेरिस कम्युनको आन्दोलन सुरु हुनपूर्व परिस्थिति ठीक छैन भनी मार्क्सले त्यसको विरोध गर्नुभयो र जब उहाँको विरोध हुँदाहुँदै पनि पेरिस कम्युनको विद्रोह भयो, तब मार्क्सले समर्थन गर्नुभयो। अब मान्छेहरूले तपाईंले सुरुमा पेरिस कम्युनको विरोध गर्नुभयो तर अहिले किन समर्थन गर्नुभएको भनी सोध्दा उहाँले "पेरिस कम्युन त आखिर मजदुरहरूले गरेको विद्रोह हो, सर्वहारा वर्गको आन्दोलन हो, यो सफल हुने नहुने अर्को कुरा हो। मैले विरोध गरेको त क्रान्ति सफल हुँदैन भनेर हो। अहिले पनि सफल हुँदैन नै भन्छु" भन्नुभयो। त्यसबेला पेरिस कम्युन दबाउन फ्रान्सको सरकारलाई त्यसका दुस्मनहरूले पनि सघाएका थिए। प्रतिक्रियावादीहरू एकजुट भएर क्रान्तिकारीहरूलाई दमन गर्न खोज्दा तिनीहरू गलत हुन् भन्नु प्रतिक्रियावादीहरूलाई समर्थन गर्नु थियो। यसै सन्दर्भमा नेपालमा माओवादीहरूले चलाएको जनयुद्धलाई पनि हेरिनुपर्दछ। मलाई ठीक लाग्छ हाम्रो देशमा जुन जनयुद्ध भइरहेको छ। यो जनयुद्धलाई एकदम गलत हो, यो अवसरवाद मात्र हो, यो उग्रवामपन्थी दुस्साहसवाद हो भनेर विरोधमा कराउनु प्रतिक्रियावादीहरूको समर्थन गर्नु हो। एमालेका अध्यक्ष मनमोहन अधिकारीले झैं माओवादीहरू आतङ्कवादी हुन् र यिनीहरूलाई दमन गर्नुपर्छ भन्नु ठीक छैन। मार्क्सले पेरिस कम्युनको आन्दोलन चलुञ्जेल त्यसको विरोध गर्नुभएन, त्यो फेल भएपछि त्यसको विरोधभन्दा पनि त्यसका गल्तीहरूबाट शिक्षा लिई कम्युनिष्ट आन्दोलनको निम्ति बाटो तयार गर्नुपर्छ भनी पछि घोषणापत्रमै संशोधन गर्नुभयो। पेरिस कम्युनको अनुभवबाट मार्क्स र एंगेल्सलाई सर्वहारा वर्गको अधिनायकत्वको अपरिहार्यताबारे छर्लङ्ग्याउन थप मद्दत मिल्यो। सर्वहारा वर्गको अधिनायकत्वविना शोषणलाई अन्त्य गर्न सकिन्नथ्यो।

शक्ति प्रयोग नगरी वा चुनावकै माध्यमबाट राज्ययन्त्र आफ्नो हात पार्न सकिन्छ भन्ने नेकपा (एमाले) को सोचाइको विषयमा पनि घोषणपत्रमा भनिएको छ कि मजदुर वर्गले तयारी राज्ययन्त्र प्रतिक्रियावादीहरूको हातबाट लिईदैंमा समाजवाद आउँदैन, आफ्नो हातमा आइसकेपछि राज्ययन्त्रलाई नै ध्वस्त गरिनुपर्छ। पहिलेकै राज्ययन्त्रमा काम गऱ्यो भने त समाजवाद कहिल्यै पनि ल्याउन सकिन्न। यो कुरा एमालेको नौ महिने शासनकालले पनि सिद्ध गरिसकेको छ। फेरि पूँजीवादी संसद्मा पस्नै हुँदैन भन्ने पनि होइन।

सन् १८८३ को घोषणापत्रको अर्को जर्मन संस्करणको भूमिकामा एंगेल्सले भन्नुभएको छ–समाजको संरचना आर्थिक उत्पादनमा निर्भर गर्दछ। आर्थिक उत्पादनकै आधारमा त्यस युगको राजनैतिक र बौद्धिक इतिहासको जग बसेको हुन्छ। कसै कसैले यसलाई मोडेर मार्क्स र एंगेल्सले सम्पूर्ण राजनैतिक इतिहास उत्पादनको साधनमा मात्र निर्भर गर्छ भनी गलत भन्नुभयो भनेर भने। तर उहाँहरूले त्यो भन्नुभएको थिएन। उहाँहरूले त उत्पादनको साधनले समाजको संरचना बनाउँछ भन्नुभएको हो। सारांशमा भन्नुपर्दा प्रत्येक राजनैतिक व्यवस्थाको आफ्नै किसिमको संरचना हुन्छ – जस्तो सामन्तवादको। सामन्ती

शोषण भनेको व्यक्ति वा परिवारले विशेष अधिकारको आधारमा अरुलाई शोषण गर्ने हो। त्यसको उपयुक्त व्यवस्था राजतन्त्र भयो। सबै मानिस बराबर हुन्, राजाको छोरा मात्र होइन सबैसँग शक्तिमा जाने अधिकार हुनुपर्छ, त्यसको लागि मत्स्य प्रतिस्पर्धा हुनुपर्छ भन्ने विचार आउनेबित्तिकै त्यसअनुरूपकै राजनैतिक व्यवस्था आयो – पूँजीवादी संसदीय व्यवस्था। संसदीय व्यवस्था भनेको पूँजीवादी व्यवस्था हो। हामी कम्युनिष्टहरूले संसदीय व्यवस्थामा जानुको मतलब उनीहरूको हातबाट त्यसलाई खोस्नु हो तर त्यही व्यवस्थाबाट समाजवाद आउँछ भनी घोषणापत्रमा कहीं उल्लेख गरेको छैन। अझ घोषणापत्रले नै यस व्यवस्थाबाट समाजवाद आउन सक्दैन भनी खबरदारी पनि गरेको छ।

घोषणापत्रमा वर्ग सङ्घर्षलाई अति जोड दिइएको छ। सर्वहारा वर्ग वा कामदार वर्गले शोषण र उत्पीडनबाट मुक्त हुन आफूलाई मात्र मुक्त गरेर पुग्दैन, सम्पूर्ण समाजलाई नै मुक्त गर्नुपर्दछ। सन् १७९३ मा बुर्जुवाहरूले सामन्ती शोषणबाट मुक्त हुन फ्रान्सेली क्रान्ति गरे। बुर्जुवाहरूको शोषणबाट मजदुर वर्ग मुक्त हुनु भनेको एक किसिमको शोषण व्यवस्थालाई हटाएर अर्को किसिमको शोषण व्यवस्था ल्याउनु होइन, शोषणलाई सधैंको निम्ति हटाउनु हो। घोषणापत्रमा उल्लेख छ कि आजसम्मको इतिहास वर्ग सङ्घर्षको इतिहास हो र अबको वर्ग सङ्घर्षले वर्गलाई समाप्त पार्दछ। यसको ठीक विपरीत ख्रुश्चेभले सन् १९६७ मा मजदुर वर्ग वा सर्वहारा वर्गको पार्टी कम्युनिष्ट पार्टी सरकारमा छ, त्यसैले वर्ग सङ्घर्ष अब चाहिन्न भन्नुभयो। पछि लेनिनवादकै व्याख्या गर्दै माओ त्सेतुङ्गले भन्नुभयो –कम्युनिष्ट पार्टी सरकारमा गइसकेपछि पूँजीपतिहरू फालिन्छन्, अनि उनीहरू कम्युनिष्ट पार्टीभित्रै पस्छन्। कम्युनिष्ट पार्टीको विरोधमा षड्यन्त्र गर्छन्। त्यसकारण हामीले पार्टीभित्र आउने संशोधनवादको विरुद्ध निरन्तर सङ्घर्ष गर्न सकेनौं भने भोलि पार्टीमा उनीहरूले नेतृत्व कब्जा गरी पार्टी समाप्त गर्न सक्छन् र पूँजीवाद नै पुनरुत्थान हुनसक्छ। त्यसैले उहाँले सांस्कृतिक क्रान्तिको नारा दिनुभयो। त्यसैले वर्ग सङ्घर्ष कहिल्यै त्याग गर्न सकिन्न। अझ नेपालमा त चुनावबाट संसद्मा पुगेर अल्पमतको सरकार बनाउने बित्तिकै एमालेले हामी सरकारमा पुग्यौं, अब वर्ग सङ्घर्ष नै चाहिन्न भन्ने विचार ल्यायो। स्तालिनले भन्नुभएको थियो मजदुर वर्गको सरकार आएपछि यसलाई समाप्त गर्न खोजिरहेको छ भने वर्ग सङ्घर्ष जारी नै रहन्छ। सर्वहारा वर्गको अधिनायकत्व पनि जारी रहन्छ। स्तालिनले बाहिरको शत्रुलाई इङ्गित गर्नुभयो भने माओले पार्टीभित्रको शत्रुलाई देखाउनुभयो। त्यसबेला वर्गसङ्घर्ष चाहिँदैन भन्नुको मतलब वर्गसमन्वयको नारा भयो।

घोषणापत्रमा उल्लेख भएको अर्को कुरा हो सर्वहारा वर्ग विभिन्न चरणबाट विकास हुँदै गएपछि आखिरमा उनीहरूले क्रान्ति उठाउँछन्। सर्वहारा वर्गले एकैचोटी क्रान्ति गर्दैन। त्यो चरण कुन किसिमले अगाडि बढ्छ भन्ने राम्रो चित्र घोषणापत्रमा देख्न सकिन्छ। सुरुमा मजदुर वर्गले आफूलाई शोषण गर्ने पूँजीपति वर्ग हो भनेर पूँजीपति वा मिल मालिकसँग लड्नमात्र खोज्छ, व्यवस्थाको विरुद्ध लड्न जानेको हुन्न। फेरि कहिलेकाहीं त गलत धारणा लिएर हामीलाई शोषण गर्ने त मेसिन हो भनेर मेसिनलाई फोर्छन्। यसलाई व्याख्या गरेर स्तालिनले दिनुभएको एउटा सानो उदाहरण यहाँ पेश गरुँ–मेरो घरको छिंडिमा एकजना ज्यादै गरिब सार्की बसेको छ। जुत्ता मर्मत गर्नुको साथै अर्डरअनुसार नयाँ जुत्ता सिएर उसको गुजारा चलिरहेको हुन्छ। त्यही बेला त्यस टोलमा कसैले एउटा जुत्ता कारखाना खोलिदिन्छ। अनि त सार्कीको पसल खत्तम हुने भयो। उसले सम्झने छ– मेरो दुश्मन यो कारखाना हो। तर दुश्मन भएर के गर्ने उसले अरु काम जानेको छैन–अनि ऊ त्यही कारखाना जान बाध्य हुन्छ। सुरुमा उसले पहिले मालिकलाई दुश्मन सम्झन्छ, दोस्रो, मेसिनलाई दुश्मन सम्झन्छ, तेस्रो, म यहाँ काम गर्छु र एक वर्ष काम गरेपछि अलिकति पैसा जम्मा हुन्छ। फेरि म मेरो पसल खोल्छु भनेर उसमा पूँजीवादी विचार पलाउँछ। तर निकै वर्ष काम गर्दा पनि उसले पैसा जम्मा गर्न सकेको हुन्न। अनि उसको चेतनामा परिवर्तन आउँछ। दिनभरि काम गर्दा पहिलाभन्दा मेरो जीवन अलिकति एक कुरामा सुखी छ त्यो हो–पहिले पसल खोल्दा ग्राहकहरूको गाली खानुपर्थ्यो, पिटाइ खानुपर्थ्यो तर अहिले दिनभरी काम गर्‍यो भने ज्याला लियो, आराम छ। बरु काम गर्नसक्ने बेलासम्म त ज्याला आयो, बिरामी भएपछि के गरी खाने ? त्यसैले ज्याला बढ्नुपर्छ भन्ने सोचाइ उसमा आउँछ। त्यही बेला एकजना कम्युनिष्ट त्यहाँ पस्छ, उसले मजदुरहरूको शोषण भएको कुरा गर्छ। उसले मजदुरहरू सङ्गठित हुनुपर्नेमा जोड दिन्छ। हड्ताल गर भन्छ। फेरि मजदुरहरू हड्ताल गर्न डराउँछन्। तैपनि खानै पाउँदैन भने सबै मिली हड्ताल गर्छन्। हड्ताल गर्नेबित्तिकै नयाँ चरण सुरु हुन्छ। हड्ताल सफल हुन्छ। मिल मालिकले तिनीहरूको ज्याला बढाई दिन्छ। हड्तालबाट निकै हौसला बढ्छ। उसले सङ्गठित हुनुपर्दाको महत्त्व बुझ्छ। केही गरी हड्ताल विफल भयो भने वा आन्दोलनलाई दबाइयो, मर्नैपरे खुट्टै तानेर मर्छु भनी झन् राम्ररी लड्छ। यसरी मजदुर वर्गको पूँजीपति वर्गविरुद्धको आन्दोलन क्रमिक रूपमा विकसित हुँदै अन्तमा विद्रोह हुन्छ।

सुरुमा मेसिनको विरुद्धमा मजदुरहरू उत्रँदाको एउटा अर्को रोचक घटना यहाँ बताउँछु–बेलायतमा भर्खर

औद्योगिकीकरण भएको थियो र त्यतिबेला त्यसको विरोधमा कामदारहरूले मेसिन तोड्ने आन्दोलन गरे। यसै सिलसिलामा बेलायतको संसदले मेसिन फोर्नेलाई ज्यान सजाय दिने विधेयक पारित गऱ्यो। हाउस अफ कमन्समा पास भएपछि त्यो विधेयक हाउस अफ लर्डस्मा गयो। त्यहाँ भाषण दिँदै अङ्ग्रेजी भाषाका एक कवि बाइरनले भन्नुभयो–हाम्रो देशको कानुनमा मृत्युदण्ड छैन। मानिस माऱ्यो भने जन्मकैद हुन्छ, मान्छेलाई अङ्गभङ्ग गऱ्यो भने दश वर्ष कैद लाग्छ। मेसिन फोऱ्यो भने मृत्युदण्ड दिइन्छ। यहाँ मजदुरहरू यो ऐन पास नगर भनी जुलुस आउँछन् र म गेटमा बसेर सबैलाई भित्र पसाली भन्छु कि तपाईंहरू आउनुस् र यी जम्मै सांसदहरूको टाउको फोर्नुहोस्। टाउको फोऱ्यो भने १० वर्षमात्र कैद लाग्छ, मेसिन फोऱ्यो भने मृत्युदण्ड हुन्छ। यसरी बाइरनले सो ऐनको विरोध गर्नुभयो। त्यति भनिसकेपछि उहाँले नारा लगाउनुभयो "Down with all the king except king Ludd" यसरी उनले लूड नामक मजदुर नेताहरू राजा भनी सम्बोधन गर्दै सबै राजाहरूको शासन समाप्त होस्, मजदुरहरू राजा होस् भनी भने।

कम्युनिष्टहरूको विरोधमा पूँजीपतिहरूले गरेको प्रचारको राम्रो जवाफ पनि घोषणापत्रमा छ। हामीलाई थाहा छ– नेपालमा पहिले आम निर्वाचन हुँदा गणेशमानले यही भक्तपुरमा आएर बोल्नुहुँदा कम्युनिष्ट आयो भने सबभन्दा पहिले 'दालभात तरकारी अरु सबै सरकारी' हुन्छ भने। मतलब कम्युनिष्टले सबलाई खान दिन्छ, आफू केही पनि गर्दैन, जम्मै सरकारले लिन्छ र हुँदाहुँदा मान्छेले कमाएको व्यक्तिगत सम्पत्तिसमेत कम्युनिष्टले खोस्छ भनी उहाँले दोषारोपण गर्नुभयो। त्यसबारेमा घोषणापत्रमा भनिएको छ–कम्युनिष्टहरूले मजदुरहरूले काम गरी कमाएको अलिकति सम्पत्ति खोस्ने होइन, त्यति त पूँजीवादी व्यवस्थाले नै खोसिसकेको हुन्छ। कम्युनिष्ट व्यवस्थामा व्यक्तिगत सम्पत्ति भनेको मिल र उद्योग चलाएर शोषण गरी कमाएको पैसालाई जनाइन्छ। हामीले काम गरी पसिना बगाई कमाएको पैसा पूँजीपतिले खोसिसकेको छ। कम्युनिष्टहरूले खोस्न खोजेको त शोषण गरेर कमाएको पैसा (सम्पत्ति) हो र श्रमिकहरूको मेहनतको पैसा होइन।

पूँजीपतिहरूले दिने अर्को नारा भनेको कम्युनिष्टहरू आए भने त स्वास्नी पनि सामूहिक हुन्छ भन्ने हो। सबै सामूहिक भएपछि लोग्नेस्वास्नीको सम्बन्ध पनि रहन्न। घोषणापत्रमा यसको जवाफ छ–"तपाईंले भनेको ठीक रहेछ किनभने कम्युनिष्टहरूले सम्पत्तिलाई सामूहीकीकरण गर्ने भन्यो, अब स्वास्नीलाई पनि सम्पत्ति नै सम्झने पूँजीपतिहरूले स्वास्नी पनि सामूहीकीरण गर्छ होला भनी सोच्नु अस्वाभाविक होइन। अनि कम्युनिष्टहरूले परिवारलाई बाँकी राख्दैन भन्नेबारे हामीले परिवार भनेर लोग्ने स्वास्नीको दाम्पत्य सम्बन्धलाई समाप्त गर्ने भनेको होइन। हामीले त सामन्ती परिवार समाप्त गरी सम्पूर्ण समाजलाई नै एउटा परिवार बनाउने भनेका हौं।

अहिलेको कम्युनिष्ट पार्टीको घोषणापत्रमा हाम्रो देशमा कसरी क्रान्ति गर्ने, के के कार्यक्रम राख्ने भन्ने किसिमको हुन्छ तर मार्क्स र एंगेल्सले तयार पार्नुभएको घोषणापत्रमा तत्कालीन परिस्थितिलाई लिएर कम्युनिष्टहरूले के के गर्छन् भन्ने विषयमा स्पष्ट गर्ने, त्यसको दर्शन दिने र कम्युनिष्टहरूको विरोधमा भएका गलत प्रचारको जवाफ दिने हिसाबले लेखिएको छ। घोषणापत्रमा उहाँहरूले जोड दिनुभएको छ–पूँजी कहिल्यै व्यक्तिगत हुनसक्दैन, यो सामाजिक हुनुपर्छ। दिनभरि काम गरी पाउने ज्याला व्यक्तिगत हो। तर एक पूँजीपतिले पूँजी लगानी गरी कमाएको नाफा मजदुरहरूको श्रमको कारणबाट मात्र हुने भएकोले त्यो एक्लैको हुनसक्दैन।

यसरी कम्युनिष्ट घोषणापत्रले ल्याएका मुख्य–मुख्य कुराहरूमा प्रथम पटक यसले वैज्ञानिक अवधारणा दियो। दोस्रो, यसले समाज परिवर्तन गर्ने विचार दियो। घोषणापत्र आउनुभन्दा पहिलेसम्म आएका राजनैतिक पार्टीहरूले विद्यमान समाजभित्र कुन किसिमको काम गर्यो भने जनतालाई सुख होला भनी कार्यक्रम दिन्थे। सबैले राम्रै गऱ्यो, यो होइन। तर पहिलोपटक मार्क्सले यो समाजलाई बद्लेर कस्तो किसिमको समाज ल्यायो भने जनतालाई सुख होला भनी सोचे। मार्क्सभन्दा पहिलेका दार्शनिकहरूले यो संसारलाई मानव समाजलाई, प्रकृतिका प्रक्रियाहरूलाई व्याख्यामात्र गर्न खोजे। अनि मार्क्सले भन्नुभयो– दार्शनिकहरूको उद्देश्य त संसारलाई परिवर्तन गर्नु हुनुपर्दछ। कस्तो किसिमको परिवर्तन भन्ने प्रश्नको जवाफमा घोषणापत्र आयो। कम्युनिष्टहरूको उद्देश्य अहिले विद्यमान व्यवस्थालाई संस्थागत गर्नु होइन। भर्खरै राधाकृष्ण मैनालीले भन्नुभयो – "०४६ सालको जनआन्दोलनबाट प्राप्त व्यवस्थालाई सुदृढ पार्न हामी सरकारमा गएका हौं। शक्तिको लोभले होइन।" ठीक छ, शक्तिको लोभले व्यवस्थामा जानुभएको नहोला त व्यवस्थालाई सुदृढ गर्ने काम गर भनी कम्युनिष्ट घोषणापत्रमा भनिएको हैन। विद्यमान व्यवस्थालाई सुदृढ गर्नेतर्फ लाग्यो भने त भोलि कसरी समाजवाद आउँछ ? कम्युनिष्टहरूको मुख्य उद्देश्य त व्यवस्थालाई बदल्नु हो।

*(२०५४ चैत १६ गते कम्युनिष्ट घोषणापत्र प्रकाशनको १५० औं वार्षिकीको अवसरमा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ केन्द्रीय समितिले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा प्राध्यापक माणिकलाल श्रेष्ठले दिनुभएको मन्तव्य घोषणापत्रका लेखक कार्ल मार्क्सको २०० औं जन्म दिवसको सन्दर्भमा पुनः प्रकाशन गरिएको छ।)*

# मार्क्सवादको दर्शन-द्वन्द्वात्मक भौतिकवाद



सुनिल दुवाल

युरोपको इंग्ल्याण्ड, फ्रान्सलगायतका देशमा अठारौं शताब्दीको उत्तरार्द्धतिरको औद्योगिक क्रान्तिका कारण नयाँ किसिमको वर्गमा विभाजित समाजको रूपमा विकास भयो। सामन्तवादलाई खत्तम गरेर बनेको यो पूँजीवादी समाजमा शोषण गर्ने पूँजीपति वर्ग र शोषित भएका सर्वहारा वर्गको पनि जन्म हुन्छ। पूँजीवादी क्रान्ति गर्नको लागि सम्पूर्ण रूपले साथ दिएका श्रमिक र किसानहरूले पूँजीवादको विकाससँगै शोषणको नयाँ रूप र नयाँ तरिका अनुभव गर्न पुग्दछ। यही शोषणका कारण चर्किंदै गएको वर्गसंघर्षमा सर्वहारा वर्ग इतिहास सबैभन्दा प्रगतिशील वर्गको रूपमा विकसित हुँदै आएको छ। पूँजीपति वर्गको विरुद्धको संघर्षहरू अगाडि बढ्दै जाने क्रममा इंग्ल्याण्डमा लुडाइटहरू मेसिनविरोधी आन्दोलन र चार्टिष्ट आन्दोलनहरू चर्किंदै गएको थियो। यस्तो स्थितिमा मजदुर वर्गको मुक्ति र शोषणरहित समाजको निर्माण एक ऐतिहासिक आवश्यकता बन्न गयो। तात्कालीन समयको उत्कृष्ट कहिलएका समाजशास्त्र, अर्थशास्त्र र दर्शनका विविध सिद्धान्तहरूले सही दिशानिर्देश गर्न नसक्दा मजदुर वर्गका तात्कालीन सबैजसो आन्दोलन र संघर्षहरू विना उपलब्धी बलिदानमै टुंगिन पुगेको थियो। पूँजीवादी समाजको गहन अध्ययन र विश्लेषण कान्त र हेगलजस्ता दार्शनिकहरू एडम स्मिथ र डेबिड रिकार्डोजस्ता अर्थशास्त्रीहरू, सेन्ट साइमन र चार्ल्स फुरेजस्ता काल्पनिक समाजवादीहरूका विचारहरू र दर्शनहरूको आलोचनात्मक अध्ययन र कमी-कमजोरीहरूको खण्डन गर्दै कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सले प्रतिपादन गरेको सिद्धान्त मार्क्सवाद हो। संसारमा रहेको समस्याहरूको विश्लेषण सो समयसम्मका सबैजसो दार्शनिकहरूले गरेका थिए तर मार्क्सवादले मात्रै संसारलाई सही अर्थमा कसरी बदल्न सक्छ भन्ने सिद्धान्त प्रतिपादन गरेका थिए।

कारखानामा काम गर्ने श्रमिकहरूलाई जनावरभन्दा अलिकति मात्र माथिको दर्जामा राख्ने शासक वर्गका लागि मार्क्स र एंगेल्सको सिद्धान्त तथा सन् १८४७ को कम्युनिष्ट लिग, सन् १८६४ को पहिलो अन्तर्राष्ट्रिय र सोसँगै सङ्गठित हुदै आएको मजदुर शक्तिका कारण आतङ्कित भएका थिए। तात्कालीन अखबारहरू तथा पर्चाहरूमा 'लालहरू' अर्थात कम्युनिष्टहरूबाट सतर्क रहन भनी लेखिएका हुन्थे।

मजदुर वर्गमा परिरहेको मार्क्सवादको प्रभावका कारण सो समयका शक्तिशाली दर्शनका प्रतिपादकहरू, समर्थकहरू, विचारकहरू आदिका लागि त्रासको रूपमा देखिएको एउटा छुट्टै दर्शनले सो समयसम्म मानव मस्तिष्कलाई बुझाउन नसकेका तथा देख्न नसकेका समस्याहरू उजागर गरेर सैद्धान्तिक तथा व्यवहारिक रूपमै समाधानका उपायहरू दिएका थिए। इतिहासको सूक्ष्म र आलोचनात्मक अध्ययन र वर्तमान अर्थात् तात्कालीन समयको सामाजिक परिस्थितिको सही र सटिक बुझाइबाट बनेको वैज्ञानिक दर्शन मार्क्सवादले दर्शन, अर्थ राजनिति, समाजशास्त्रको मुलभूत समस्याको सैद्धान्तिक र व्यवहारिक उपाय पहिल्याएको छ।

मार्क्सवाद एक वैज्ञानिक दर्शन हो। यो सर्वहारा वर्गको विश्व दृष्टिकोण हो। मार्क्सवाद अघिका सबैजसो दार्शनिकहरू मानव समाजको विकास र ऐतिहासिक घटनाहरू कुनै निश्चित नियमविना आफै भएको वा कुनै शक्ति, असाधारण अलौकिक नायक, भगवानको इच्छाअनुसार वा संयोगवश् भएको भन्ने विचार राख्दथे। मार्क्सले समाजको विकास प्रमुख उत्पादन शक्ति र उत्पादन व्यवस्थाका आधारमा विकसित हुँदै जान्छ भने वैज्ञानिक विचार प्रस्तुत गरेर पहिलेका सबै दर्शनलाई अपुरो वा तथ्यसङ्गत नभएको पुष्टि गरिदिए। मार्क्सवादको दर्शन द्वन्द्वात्मक भौतिकवाद हो।

भौतिकवादी दर्शनको सुरुवात फ्रान्सबाट भयो। सामन्तवादी समाजमा रहेको धार्मिक अन्धविश्वासकाविरुद्ध प्राकृतिक विज्ञान र तर्कलाई भौतिकवादले अघि सारेको हो। तात्कालीन जर्मनीमा विकास भएको भौतिकवादलाई मार्क्सले अँगाल्ने मात्र नभई त्यसको विकास गर्न शास्त्रीय दर्शनशास्त्रका राम्रा, नराम्रा सबै पक्षहरूको आलोचनात्मक विश्लेषण गरेका थिए। मार्क्सको दार्शनिक पक्षको सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको भौतिवादलाई द्वन्द्वात्मकताको अवधारणामा एकीकृत गरेर द्वन्द्वात्मक भौतिकवादको विकास गर्नु हो।

भौतिकवादमा भौतिक वस्तुलाई प्रमुख र चेतनालाई गौण मान्दछ अर्थात् भौतिक वतुको उपस्थितिकै चेतनाको अस्तित्व हुन्छ भन्ने सिद्धान्त भौतिकवाद हो। चेतना पदार्थको उपज हो अर्थात् शरीर वरिपरिको वातावरण छ र त्यसलाई बुझ्ने, विश्लेषण गर्ने र प्रतिक्रिया दिने दिमाग भएको कारण चेतनाको अस्तित्व छ भनेर भौतिकवादले प्रस्टयाउँछ। अध्यात्मवादले आत्मालगायतका अलौकिक शक्तिको अस्तित्वका

कारण भौतिक संसार रहको भन्ने तर्क राख्दछ भने भौतिकवाद त्यसको ठीक विपरीत पदार्थ मान्छेको मन बाहिर स्वतन्त्र रूपमा अस्तित्वमा रहन्छ, पदार्थको वस्तुपरक यथार्थलाई मान्छेको संवेदनाद्वारा प्राप्त हुन्छ । अतः पदार्थको अस्तित्वविना संवेदनाको कुनै अस्तित्व हुन सक्दैन भन्ने सिद्धान्त भौतिकवाद हो । मानव शरीर छ र त चेतना र प्राणको अस्तित्व छ ।

द्वन्द्वात्मकता परिवर्तनशील संसारलाई बुझ्ने आधार हो । ब्रम्हाण्डका सारा चिजहरू दुई परस्परमा विरोधी तत्त्वहरू मिलेर बनेको हुन्छ । हरेक वस्तु यही परस्परमा विरोधी तत्त्वहरूको आपसी द्वन्द्व वा संघर्षका कारण नै त्यस्को अस्तित्व रहेको हुन्छ । संसारमा केही पनि स्थिर छैन, अस्थिर छ र गतिशील, विकासशील र परिवर्तनशील छ । परस्पर विरोधी कुराहरूको संघर्षको कारण नै संसार गतिशील हुन्छ भन्ने सिद्धान्त द्वन्द्ववाद हो ।

हेगेल र फायरबाखका द्वन्द्ववाद र भौतिकवादबाट प्रेरित तर आलोचनात्मक रूपमा यी दुवै दार्शनिकहरूलगायत तात्कालीन समय सबैजसो दर्शनको आलोचनात्मक अध्ययनपछिको उत्कृष्ट दर्शनका रूपमा मार्क्स र एंगेल्सले द्वन्द्वात्मक भौतिकवाद अघि सारेका थिए । भौतिकवादले भौतिक पदार्थलाई प्राथमिक तत्त्वको रूपमा अध्ययन गर्दछ भने द्वन्द्ववादले भौतिक पदार्थमा विद्यमान गतिशीलको अध्ययन गर्दछ । यी दुवै सिद्धान्तको संश्लेशनात्मक अध्ययन र दुवैको पूर्णता द्वन्द्वात्मक भौतिकवाद हो ।

जसरी कुनै व्यक्तिको व्यक्तित्वले त्यसमा भएको ज्ञान प्रतिबिम्बित हुन्छ त्यसैगरी व्यक्तिको सामाजिक ज्ञान (मूल्य मान्यता, धर्म, राजनैतिक धारणा) उसको समाजको उत्पादन सम्बन्ध र आर्थिक व्यवस्थाले प्रतिबिम्बित गर्दछ । पूँजीवादी समाजमा समाजको उत्पादनका सम्पूर्ण साधन र पूँजी पूँजीपतिको अधिनमा रहन्छ तर उत्पादन शक्ति भने श्रमिकको श्रम हो । यी दुईबीचको मेलबाट सामाजिक उत्पादकत्व वृद्धि हुन्छ । तर यी दुवै शक्ति परस्परमा अन्तरविरोधी शक्तिहरू हुन् । समाजमा दुईवटै वर्गको अस्तित्व हुन्छ र एकले अर्कालाई पराजित गर्न खोजिरहन्छ तर परस्परमा सहयोग पनि गर्नैपर्ने हुन्छ । मजदुरले पूँजीपतिको नाफा वृद्धि गर्न र आफ्नो जीविकोपार्जनको लागि काम गर्नैपर्दछ । मजदुरको श्रमशक्ति प्रयोगबाट नाफा वृद्धि हुन्छ र सँगै पूँजीको पनि वृद्धि हुन्छ । उक्त पूँजीको प्रयोग गरी पुँजीपति वर्गले पुनः मजदुर वर्गलाई नै शोषण गर्दछ । यो शोषणविरुद्ध मजदुर वर्गले लड्नुपर्ने हुन्छ । यसरी मजदुर वर्गले पूँजीपति वर्गसँग अन्तरविरोध रहे पनि सम्झौता र एकता गरी सहयोग गरिरहन्छ । त्यसैगरी संघर्ष पनि गरिरहन्छ र शक्ति पाएपछि निर्णायक संघर्ष गर्दछ । यसले द्वन्द्वात्मकताको पहिलो नियम विपरीत वस्तुहरूको एकतालाई प्रतिबिम्बित गर्दछ । विपरीत वस्तुहरूको संघर्षवाट नै विकासले गति लिने हो ।

पूँजीवादी समाजमा पूँजीपतिहरूको निरन्तर संघर्ष र सहयोग हुँदा मजदुरहरूमा वर्ग चेतनाको कमी भयो भने पुँजीपतिहरूले झन् झन् नाफा वृद्धि गर्दै पूँजीको सञ्चय गर्दै पूँजीको परिमाणमा वृद्धि गर्दछ । यो सँगै मजदुरहरूको संख्या पनि वृद्धि हुँदै जान्छ । पूँजीको सञ्चयसँगैको आवश्यक नाफा प्राप्ति र पूँजीपतिहरूबीच नै एक अर्कासँगको प्रतिस्पर्धाका कारण नाफा वृद्धि गर्ने जायज, नाजायज तीकडम अपनाउँदै पूँजी एकत्रित गर्न बजार पनि विस्तार गर्नुपर्ने बाध्यता हुन्छ । कुनै समयमा पूँजी वृद्धि हुनै नसक्ने अवस्था आउँछ र यो व्यवस्था आफै ध्वस्त भई अर्को व्यवस्था आउँछ । यसको विपरित यदि मजदुरहरूमा वर्ग चेतना र वर्ग संघर्षका कुराहरू बुझाउँदै जाने हो र पूँजीको वृद्धिसँगै बढ्दै गएका कामदारहरू एकताबद्ध हुँदै जाने हो भने मजदुरहरूको शक्ति बढ्छ र क्रान्ति हुन्छ । योसँगै समाजको उत्पादन सम्बन्ध र आर्थिक व्यवस्था परिवर्तन गर्दछ र समाजवादको स्थापना गर्दछ । यो समाज विकासको नियम हो । सन् १९१७ को रुसको अक्टोबर क्रान्ति र सन् १९४८ को चिनियाँ क्रान्ति मार्क्सले उल्लेख गरेकै अवस्थामा नभए पनि द्वन्द्वात्मकताको दोस्रो नियम परिमाणात्मक परिवर्तनवाट गुणात्मक परिवर्तन आउँछ भन्ने नियमलाई प्रतिबिम्बित गर्दछ । मजदुर र किसानहरू तात्कालीन समयमा भएका अन्याय अत्याचार शोषण र ज्यादतिका कारण एकताबद्ध हुँदै परिमाणमा आएको परिवर्तनको प्रभावका कारण व्यवस्था नै परिवर्तन भयो । अर्थात् क्रान्ति भई समाजवादको स्थापना भयो र सामाजिक उत्पादन सम्बन्धमा नै परिवर्तन आयो र समाजको गुणात्मक परिवर्तन भयो ।

यहि समाज विकासका नियमहरू बुझ्दै जाने क्रममा हामी देख्न सक्दछौं कि संसारमा कुनै पनि कुरा स्थिर छैन । जब कुनै चिजको उत्पत्ति हुन्छ त्योसँगै केही नास पनि भएको हुन्छ जस्तै कुनै बीउबाट नयाँ बोट उम्रिँदा बीउ नष्ट हुन्छ । त्यसैगरी सामाजिक व्यवस्थामा पनि कुनै एउटा व्यवस्था हुँदासम्म त्यो नै सर्वोत्कृष्ट व्यवस्था हो कि भन्ने भान हुन्छ र त्यसको पतनसँगै समाज नै नास हुन्छ कि भन्ने आभास दिलाइन्छ । जस्तो कुनै समयमा दासप्रथा सामान्य थियो र यो समाजको यथार्थ जस्तो लाग्थ्यो तर कालान्तरमा भएका विद्रोहहरूले यसलाई गलत सावित गरेर सामन्तवादी व्यवस्थाको स्थापना गर्‍यो र अब संसार यस्तै व्यवस्थामा स्थिर रहन्छ भन्ने आभास दिलाइयो तर त्यो व्यवस्थामा भएको तत्त्व अर्थात् शोषणकै कारण विस्तारै असन्तुष्टिहरू बढ्न थाल्यो र पूँजीवादी क्रान्ति भयो । समाजमा अहिले पूँजीवादको विकासको कारण पूँजीपतिहरूले यो नै सर्वोत्कृष्ट व्यवस्था हो र यो नै स्थायी व्यवस्था हो भन्ने प्रचार गर्छन् तर यो पनि शोषणमा आधारित व्यवस्था भएको कारण थोरैलाई मात्र यो व्यवस्थाले राम्रो गर्ने तर बहुसंख्यक शोषित हुने हुँदा धेरै असन्तुष्ट छन् ।

यही असन्तुष्टि र शोषणका कारण मानव समाज अनुकूलको व्यवस्था अर्थात् समाजवादको स्थापनाका लागि क्रान्ति गर्छन् र क्रान्तिसँगै पूँजीवादी व्यवस्था नष्ट हुन्छ र नयाँ व्यवस्थाको विकास हुन्छ। यो प्रक्रियाले द्वन्द्वात्मकताको तेस्रो नियम निषेधको निषेधलाई प्रतिबिम्बित गर्छ अर्थात् प्रकृति, मानव समाज र मानव शरीर सबैमा पुरानोको नाससँगै नयाँको जन्म हुन्छ। कुनै कुराको अन्त्य भनेकै कुनै नयाँ कुराको सुरुवात हुन्छ। पुँजीवादी व्यवस्था पनि आफै नै नष्ट हुने व्यवस्था हो तर मानिसमा रहेको क्रान्तिकारी भावना र गतिविधिले प्राकृतिक नियमलाई छिटो गति दिनेमात्र हो। हामीले मजदुर किसान वर्गलाई जति छिटो संगठित गर्ने र सचेत बनाउने कार्य गर्न सक्दछौं, वर्ग संघर्षलाई तीव्रता दिन सक्दछौं र त्यही अनुसार क्रान्ति छिटो साकार हुन्छ।

भौतिकवादी सिद्धान्त र द्वन्द्वात्मक तरिकाको सम्मिश्रण नै द्वन्द्वात्मक भौतिकवाद हो। यो भौतिक पदार्थ र परिवेशको परिवर्तनको नियम बुझ्ने दर्शन हो। यो समाज परिवर्तनको नियम भएको कारण हरेक क्रान्तिकारी विचार बोक्ने मानिसले बुझ्नै पर्ने सिद्धान्त हो। यही सिद्धान्तका आधारमा अघि बढ्न सक्यौं भने हामी दिग्भ्रमित हुँदैनौं। प्रकृति र समाजका परिर्वतनहरूलाई सरल रूपमा बुझ्न सक्छौं। अतः मार्क्सवादी साहित्यहरू अध्ययन गर्दै समाजको प्रगतिको लागि लाग्ने सबै परिवर्तन चाहने शोषित पीडित कामदार वर्गको प्रतिनिधित्व गर्ने कार्यकर्ताले यी विषयहरूको गहण अध्ययन गरेर व्यवहारमा लागू गर्न सक्यौं भनेमात्र हामीले चाहेको समाजवादी समाजको स्थापना गर्न सकिन्छ। यसका लागी मार्क्सवादी साहित्यको अध्ययन र मार्क्सवादका सिद्धान्तलाई समय सापेक्ष रूपमा बुझ्दै र व्यवहारमा लागू गर्दै जानुपर्ने अहिलेको आवश्यकता हो।

## भक्तपुर नगरपालिका घरदैलो नर्सिङ्ग सेवा २०७५ भाद्र महिनाको प्रतिवेदन

| क्र.सं. | वडा नं. | नाम र थर | विवरण |
|---|---|---|---|
| १ | १ | सुमि खर्बुजा | परिवार सङ्ख्या-१२३, उच्च रक्तचाप-६७, सुगर-३३, दम-११, हाडजोर्नी-१९, ग्याष्ट्रिक-७ थाइराइड-१४, मुटुरोग-१७, नसा-३, मानसिक रोग-२, मृगौला रोग-१, अन्य-७ |
| २ | २ | रजनी सुवाल जरेजु | परिवार सङ्ख्या-९२, उच्च रक्तचाप-३२, सुगर-१५, दम-९, हाडजोर्नी-१, ग्याष्ट्रिक-४, मुटुरोग-४, नसा रोग-१, मानसिक रोग-१, अन्य-१ |
| ३ | ३ | अनु गोसाईं | परिवार सङ्ख्या-४८०, उच्च रक्तचाप-३९३, सुगर-३०१, दम-८०, हाडजोर्नी-२३५, ग्याष्ट्रिक-९६, थाइराइड-६, मुटुरोग-२२, क्षयरोग-४, क्यान्सर-७, मृत्यु-१ |
| ४ | ४ | बिमला कुम्पाख | परिवार सङ्ख्या-६००, उच्च रक्तचाप-२०८, सुगर-११८, दम-३७, हाडजोर्नी-३८, ग्याष्ट्रिक-४१, थाइराइड-७, मुटुरोग-२८, नसा रोग-८, मानसिक रोग-१०, जण्डिस-१, सुस्तमनस्थिति-१, मृगौला रोग-५, पत्थरी-२, कोलेस्ट्रोल-५, क्यान्सर-३, असक्त अपाङ्ग-६, मृत्यु-४, अन्य-१२ |
| ५ | ५ | मञ्जु छुकां | परिवार सङ्ख्या-३२८, उच्च रक्तचाप-२१०, सुगर-७२, दम-२८, हाडजोर्नी-१५, थाइराइड-१९, मुटुरोग-१९, मानसिक रोग-४, प्यारालाइसिस-१, मृगौला रोग-२, कोलेस्ट्रोरल-५, मृत्यु-१ |
| ६ | ६ | सृजना बोहजु | उच्च रक्तचाप-१३३, सुगर-४८, दम-३०, हाडजोर्नी-३५, ग्याष्ट्रिक-१५ थाइराइड-६, मुटुरोग-४, नसा-२, मानसिक रोग-५, क्षयरोग-३, जण्डिस-४, सुस्तमनस्थिति-३, प्यारालाइसिस-८, मृगौला रोग-७, पत्थरी-२, कोलेस्ट्रोरल-५, क्यान्सर-५, असक्त अपाङ्ग-४, मृत्यु-२, अन्य-२ |
| ७ | ७ | सुमित्रा राजचल | परिवार सङ्ख्या-५२, उच्च रक्तचाप-१२, सुगर-३, दम-१, हाडजोर्नी-१, थाइराइड-४, मुटुरोग-१, नसा-३, मृत्यु-३, अन्य-१२ |
| ८ | ८ | सरिता गोसाईं | परिवार सङ्ख्या-४२, उच्च रक्तचाप-८, सुगर-६, दम-१, ग्याष्ट्रिक-२, थाइराइड-१, मृत्यु-१, अन्य-३ |
| ९ | ९ | सविना दुवाल | परिवार सङ्ख्या-२८१, उच्च रक्तचाप-३७, सुगर-१४, दम-९, हाडजोर्नी-१०, ग्याष्ट्रिक-८, थाइराइड-६, मुटुरोग-९, नसा-५, मानसिक रोग-८, क्षयरोग-१, प्यारालाइसिस-१, मृगौला रोग-२, पथरी-३ क्यान्सर-१, मृत्यु-१, अन्य-७ |
| १० | १० | मोनिका पहि | परिवार सङ्ख्या-२४०, उच्च रक्तचाप-८१, सुगर-२३, दम-७, हाडजोर्नी-१५, थाइराइड-८, मुटुरोग-७, मानसिक रोग-९, मृत्यु-२, अन्य-६ |

# ; f+s[t s ljwfx¿ o'jfx¿df x: tfGt/0f xg dlZsn eO/x]sf]5



रविन्द्र ज्याख्व, संयोजक, गुन्हिपुन्हीया सापारु धें धें बला कासा २०७५

आज सप्टेम्बर २७ अर्थात विश्व पर्यटन दिवस। ऐतिहासिक नगरी भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउनुका साथै पर्यटकीय गन्तव्यस्थल बनाउने नेपाल मजदुर किसान पार्टी र सम्पूर्ण नगरवासीहरूको भित्री हृदयदेखिको चाहनालाई पूर्णता दिन भक्तपुर नगरपालिकाले नगरभित्रका ऐतिहासिक सम्पदा, कला, संस्कृति संरक्षणमा विशेष जोड दिँदै आएको सबैमा अवगत नै छ। यहाँका मठ, मन्दिर, पाटी, पौवा, पोखरी, घाट आदि हाम्रा मूर्त सम्पदाहरू हुन् भने मौलिक नाचगान, दाफा, भजन, जीवनशैली, सामाजिक व्यवहार र रहनसहन हाम्रा अमूर्त सम्पदाहरू हुन्। विभिन्न जिल्लाबाट पाल्नुहुने आन्तरिक पर्यटक तथा विभिन्न देशहरूबाट पाल्नुहुने बाह्य पर्यटकहरू यी नै मूर्त र अमूर्त सम्पदाहरू अवलोकन गरेर आनन्दित हुने गर्छन्।

भक्तपुरका मूर्त र अमूर्त सम्पदाहरू संसारसामु परिचित गराउनु त छ नै साथै यहाँका जनताको आफ्नो परिचयको रूपमा स्थापित यहाँका मौलिक कला र संस्कृतिलाई संरक्षण एवं प्रवर्द्धन गर्ने हेतुले भक्तपुर नगरपालिकाले हरेक वर्ष गुन्हिपुन्हीको समयमा परम्परादेखि प्रदर्शन गरिने विभिन्न सांस्कृतिक विधाहरूको प्रतिस्पर्धा गराएर उत्कृष्टलाई प्रोत्साहनस्वरूप पुरस्कार वितरण गरिरहेको छ। ३९ औं विश्व पर्यटन दिवसको अवसरमा आज हामी यही कार्यको निरन्तरता दिइरहेका छौं।

गएको भाद्र ११ गते सापारुको दिन भक्तपुर नगरभित्रका मात्र नभई छिमेकी नगरपालिका र अन्य जिल्लाबाट समेतगरी कूल ५५ वटा विभिन्न साँस्कृतिक समूहहरूमार्फत घिन्ताङ्घिसी प्रदर्शन भएका थिए। त्यस्तै भाद्र १३ गतेदेखि १७ गते कृष्णाष्टमीका दिनसम्म हरेक दिन साँझ परम्परागत विधातर्फ १७ वटा विभिन्न समूहहरूले भैल प्याखँ, देवी प्याखँ, लाखे प्याखँ, माक प्याखँ, हनुमान प्याखँलगायतका ४९ वटा सांस्कृतिक नृत्यहरू प्रस्तुत गरेका थिए भने आधुनिक विधातर्फ ६ वटा समूहहरूले गाइचा प्याखँ, हुला प्याखँ, फाकंदली, ख्याल, छधा प्याखँलगायतका १४ वटा सांस्कृतिक प्रस्तुतीहरू प्रदर्शन गरेका थिए। यस समयावधिमा टोल-टोल तथा शैक्षिक संस्थाहरूबाट समेत अलग्ग-अलग्ग समूह बनाई घिन्ताङ्घिसी र माक प्याखँहरू पनि प्रदर्शन गरिएका थिए। नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरू वर्षभरिको दुःख, पीडा र थकान भुलेर नयाँ ऊर्जाका साथ उल्लासमय ढङ्गबाट बाजाको तालसँगै नाचिरहेका थिए, हाँसिरहेका थिए र गाइरहेका थिए। भक्तपुरका जनताले गुन्हिपुन्हीलाई पुर्खादेखि चलिआएको परम्परा धान्ने सनातन प्रवृतिको रूपमा मात्र स्वीकार नगरी यसलाई राजनैतिक र सामाजिक चेतना फैलाउने राम्रो अवसरको रूपमा पनि प्रयोग गरि आएको सबैमा जानकारी छ।

भक्तपुरको मौलिक सांस्कृतिक परिचयलाई संसारसामु चिनाउने नगरवासीहरूको अभियानलाई साथ दिन र थप उत्साहित पार्न भक्तपुर नगरपालिकाले गुन्हिपुन्हीको समयावधि र सापारुको दिन प्रदर्शन गरिएका सांस्कृतिक विधाहरूको प्रतिस्पर्धा गराएको हो।

अहिलेको समयमा नयाँ पुस्ता अध्ययन र रोजगारीमा व्यस्त हुँदा हाम्रा परम्परागत सांस्कृतिक विधाहरू युवाहरूमा हस्तान्तरण हुन मुश्किल भइरहेको अग्रजहरूको भनाइ छ। अग्रजहरूले संस्कृति जोगाउन आफ्नो जीवन अर्पण गर्नुभयो। नयाँ पुस्ता त्यस निम्ति तयार नहुँदा हाम्रा कतिपय सांस्कृतिक विधाहरू लोप हुने अवस्थामा पुगेका छन्। हाम्रा बाजागाजा र नाचगान परम्परामात्र बने, जीवन जिउने आधार वा पेशाको रूपमा विकास हुन नसक्दा नयाँ पुस्तामा त्यसप्रति सम्मान र लगाव घटेको महसुस हुन्छ। २०७२ सालको विनाशकारी भूकम्पले धनजनको क्षतिसँगै सांस्कृतिक विधाहरू सिकाउने अखर्छेंहरू भत्किए, कतिका बाजागाजा र पोशाकहरू समेत नष्ट भए। त्यसले थप समस्या निम्त्याएको यथार्थ हो।

भक्तपुर नगरपालिका यो यथर्थाप्रति सचेत छ। तसर्थ गाइजात्रामा प्रस्तुत गरिने घिन्ताङ्घिसी तथा परम्परागत एवं आधुनिक विधाका सांस्कृतिक प्रस्तुतीहरूको मौलिकता जोगाउन तथा समयानुकूल थप माभिएको र उत्कृष्ट प्रस्तुतीका लागि हौसला प्रदान गर्ने हेतुले प्रतिस्पर्धा गराइएको हो। यससँगै प्रतियोगितामा सहभागी हुने र उत्कृष्ट हुने टोली तथा कलाकारहरूलाई नगरपालिकाले प्रोत्साहन स्वरूप पुरस्कारको बन्दोबस्त गरेकोले पोशाकहरू तयार गर्ने, वाद्य सामग्रीहरू जुटाउने तथा लोप हुन लागेका कतिपय सांस्कृतिक विधाहरूलाई पुर्नजीवन दिने प्रयत्नहरू टोलटोलमा शुरुवात भएको सकारात्मक अनुभव गर्न सकिन्छ। विगत केही वर्षदेखि प्रदर्शन हुन नसकेका

तर यस वर्षबाट पुनः प्रदर्शन हुन थालेका भालु प्याखँ, म्हेखा प्याखँ र हनुमान प्याखँ यसका केही उदाहरणहरू हुन्।

यस वर्ष सापारुको दिन भक्तपुरको दत्तात्रय, टौमढी र दरवार क्षेत्र लायकुमा घिन्ताङ्घिसीको मूल्याङ्कन गरिएको थियो भने माक प्याखँको मूल्याङ्कन दरबार क्षेत्र लायकुमा गरिएको थियो। त्यस्तै भदौ १३ देखि १७ गतेसम्म दत्तात्रय र नासमना चोकमा हरेक दिन साँझ विभिन्न आधुनिक तथा परम्परागत सांस्कृतिक प्रस्तुतीहरूको मूल्याङ्कन गरिएको थियो। यस क्रममा मूल्याङ्कन समितिका सदस्यहरूले प्रदर्शित सांस्कृतिक विधाहरूलाई विविध कोणबाट मूल्याङ्कन गर्नुभएको थियो। मूल्याङ्कनर्ताहरूले कला, प्रस्तुती शैली, बाजा, ताल, विषयवस्तु, अनुशासन, निर्धारित समय, सुरुवात र अन्त्य, पोशाक, गण आदिसँगै प्रत्येक सांस्कृतिक विधाले नगर परिक्रमा गरे नगरेको समेत मसिनो ढंगबाट परिक्षण गर्नुभयो। उहाँहरू कसैप्रति आग्रही र पूर्वाग्रही हुनुभएन, उहाँहरूले आफू सम्मिलित सांस्कृतिक समूहको मूल्याङ्कन पनि गर्नुभएन। नगरवासी दाजुभाइ दिदीबहिनीहरूले पनि हरेक सांस्कृतिक प्रस्तुतीको विभिन्न स्थानमा अवलोकन गरी मूल्याङ्कन गर्नुभएको छ। यस अर्थमा मूल्याङ्कनको परिणाम सबैले सहज रूपमा स्वीकार गरेको अनुभव हुन्छ।

नगरपालिकाले यस वर्षको गाइजात्रामा प्रस्तुत गरिएका आधुनिक तथा परम्परागत सांस्कृतिक प्रस्तुती तथा घिन्ताङ्घिसीका उत्कृष्ट टोलीहरूलाई आज जम्मा १० लाख २१ हजार ३०० रूपैयाँ बराबरको नगद पुरस्कार तथा प्रमाणपत्र वितरण गर्दैछ। त्यस्तै भक्तपुरको मौलिक सांस्कृतिक विधाहरू संरक्षण र प्रवर्द्धनमा आफ्नो जीवन अर्पण गर्नुहुने र नयाँ पुस्तालाई समेत संस्कृति हस्तान्तरणका लागि निरन्तर प्रशिक्षण दिनुहुने आदरणीय सांस्कृतिक गुरुहरू प्रत्येक वडाबाट २/२ जना छनौट गरी उहाँहरूलाई सम्मान गर्ने कार्यक्रम पनि छ। उहाँहरूको योगदानको कदर गर्दै नगरपालिकाले उहाँहरूलाई प्रतिव्यक्ति कर बाहेक रु. १५ हजार नगद र दोसल्ला ओढाई सम्मानपत्र प्रदान गर्ने कार्यक्रम रहेको यहाँहरूमा अवगत गराउँदछु।

यससँगै गत भाद्र २९ गते बाल दिवसको अवसरमा नगरपालिकाबाट आयोजित आधारभूत तहमा विद्यालय र वातावरण शिर्षकमा तथा माध्यमिक तहमा सम्पदा र संस्कृति शिर्षकमा चित्रकला प्रतियोगितामा उत्कृष्ट कलाकार विद्यार्थी भाइबहिनीहरूलाई नगद रु.४१ हजार ३५१, कला सामग्री र प्रमाणपत्र वितरण गरिनेछ।

नगरपालिकाले स्थानीय युवाहरूलाई पर्यटन व्यवसायमा आकर्षित गर्ने, भक्तपुर प्रवेश गर्ने पर्यटकहरूलाई सभ्य र मर्यादित रूपमा भक्तपुरबारे सही जानकारी प्रदान गराउने ध्येयले एक महिनासम्म स्थानीय पथ प्रदर्शक तालिम सञ्चालन गरेको थियो। उक्त तालिममा ६६ जना जागरुक युवाहरूले तालिम प्राप्त गर्नुभएको थियो। आज उहाँहरूलाई प्रमाणपत्र वितरण गर्ने कार्यक्रम पनि छ।

भक्तपुर नगरमा प्रस्तुत गरिने परम्परागत तथा आधुनिक सांस्कृतिक विधाहरूलाई क्रमशः जीवन जिउने पेशाको रूपमा विकास गर्दै लाने नगरपालिकाको योजनाअनुरूप यस वर्षदेखि गुन्हिपुन्हीको समयावधिमा ५ दिनसम्म हरेक दिन दिउँसो २ बजेदेखि ४ बजेसम्म दरवार क्षेत्र लायकुमा आन्तरिक तथा बाह्य पर्यटकहरूका लागि सांस्कृतिक कार्यक्रम गरिएको यहाँहरूलाई जानकारी गराउँदछु। भक्तपुर नगरपालिकाले निकट भविष्यमा सांस्कृतिक प्रदर्शनी केन्द्र स्थापना गरेर पर्यटकहरूलाई लक्षित गरी नियमित सांस्कृतिक कार्यक्रम प्रदर्शनी गर्ने तयारी गरिरहेको छ।

त्यस्तै भक्तपुर नगरपालिकाले सांस्कृतिक गतिविधिमार्फत अन्य नगरपालिकासँग जनस्तरमा भाइचारा सम्बन्ध विस्तार गर्ने कार्यको थालनी गरको छ। गत भाद्र २६ गते सिन्धु नेवाः खल, चौताराको निमन्त्रणामा भक्तपुर नगरपालिकाबाट भैल प्याखँ, लाखे प्याखँ, माक प्याखँ, जंगली प्याखँ, फाकंदली प्याखँलगायत ९ वटा सांस्कृतिक प्रस्तुती गरिएको यहाँ स्मरण गराउँदछु। त्यस निम्ति जनप्रतिनिधिहरूको नेतृत्वमा भक्तपुरबाट २०० भन्दा बढी कलाकारहरू सिन्धुपाल्चोक जिल्लाको चौतारामा पुगेका थिए। स्थानीय चौतारावासी जनताले भक्तपुरमा परम्परागत सांस्कृतिक विधाहरू संरक्षण गरी नयाँ पुस्तामा हस्तान्तरण गरिएकोमा भक्तपुर नगरपालिका र सम्पूर्ण नगरवासीहरूको उच्च मूल्याङ्कन गरेको पाइयो।

भक्तपुर नगरपालिकाले यसरी नै अन्य जिल्लाहरूमा पनि यहाँका सांस्कृतिक विधाहरू प्रस्तुत गरेर जनस्तरमा सांस्कृतिक सम्बन्ध विस्तार गर्ने कार्य गर्दै जाने व्यहोरा सबैमा अवगत गराउँदछु।

अन्त्यमा गाइजात्राको समयमा दिनरात नभनी नगरपालिकाको अनुरोधलाई सहर्ष स्वीकार गरी सांस्कृतिक विधाहरूको मूल्याङ्कनमा खट्नुहुने मूल्याङ्कनकर्ता अग्रज सांस्कृतिककर्मीहरूमा भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु। त्यस्तै चित्रकला प्रतियोगिता सञ्चालन एवं मूल्याङ्कन गर्नुहुने कलाकार एवं प्राज्ञहरू र स्थानीय पथप्रदर्शक तालिममा प्रशिक्षण दिनुहुने प्रशिक्षकहरूप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु।

*(भक्तपुर नगरपालिकाको आयोजनामा असोज ११ गते चित्रकला प्रतियोगिताको पुरस्कार वितरण, सांस्कृतिक गुरुहरूलाई सम्मान तथा स्थानीय पथप्रदर्शक तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाअध्यक्ष रविन्द्र ज्याख्वले व्यक्त गर्नुभएको मन्तव्यको सार-संक्षेप - सम्पादक)*

# आर्थिक अभावकै कारण कला-संस्कृति लोप हुनु भएन

स्वस्तिका

वि.सं. २००३ पुस २३ गते भक्तपुरको बछिकुलाङ दथुछेँमा जन्मनुभएका कलाकार पूर्ण चित्रकार भक्तपुरको पर्याय बनेको नवदुर्गा नाचको लागि प्रयोग हुने मुकुण्डो बनाउने र संस्कृति जोगाउने सांस्कृतिक गुरु हुनुहुन्छ । ७४ वर्षे चित्रकारका ३ छोरा र ३ छोरी छन् । सामान्य पढाई गर्नुभएका चित्रकारको पहिलेदेखिको पेशा नै मुकुण्डो बनाउने र आफू १३ वर्षको छँदादेखि यस पेशामा संलग्न भएको उहाँ बताउनुहुन्छ । उहाँले आफ्ना बहिनीको ससुरा सूर्यबहादुर चित्रकारमार्फत् यो पेशाको ज्ञान हासिल गर्नुभएको हो । आर्थिक अवस्था कमजोर भए पनि भक्तपुरको कला-संस्कृतिसँग सम्बन्ध रहेको यो पेशा कहिल्यै पनि छोड्डूँजस्तो नलागेको र आफूले बनाउन सकेसम्म यो पेशालाई निरन्तरता दिँदै जाने प्रतिबद्धता उहाँ व्यक्त गर्नुहुन्छ ।

करिब पाँच दशक यस क्षेत्रमा समर्पणभावले कार्य गर्दै आउनुभएका पूर्ण चित्रकारको अथक मेहेनतकै कारण पुर्खाको धरोहरको रुपमा चलिआएको नवदुर्गा नाच अहिलेसम्म अनवरत रुपमा चल्दै आएको छ । महादेव, गणेश, ब्रम्हायणी, महेश्वरी, कुमारी, वैष्णवी, बाराही, इन्द्रायणी, महाकाली, सिम्ह, भैरव, दुम्ह र श्वेत भैरव आदि गरी १३ वटा नवदुर्गा भवानीको मुकुण्डो उहाँ बनाउनुहुन्छ । यसबाहेक बोडेको नीलबाराही नाचमा प्रयोग हुने मुकुण्डो, ल्योसिंह द्योको हलिपतंको चित्र, बिस्केटको रथमा रंग लगाउने, पुलुकिसीको चित्र, भैल प्याखंको मुकुन्डो, दिपंकरको मुकुन्डो, गाईजात्रा, देवी प्याखं, भैल प्याखं, चन्डेश्वरी जात्रा, लाखे नाच, इन्द्रजात्राको जाली झ्या बनाउने, पनौती र दाप्चाको देवी नाचको निम्ति प्रयोग हुने मुकुण्डो पनि कलाकार पूर्ण चित्रकारले बनाउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ – 'मुकुन्डो बनाउने काम निकै गाऱ्हो र समय लाग्ने काम हो । मुकुण्डो बनाउन निकै मेहनत पनि आवश्यक हुन्छ । एउटा मुकुण्डो बनाउन ५-६ जना सहयोगी आवश्यक हुन्छ । दिनको १८ घण्टासम्म पनि काम गर्नुपर्ने हुन्छ । काम गर्दै गर्दा कहिले रात परेको थाहा हुन्न त कहिलेकाहीं खाना खान पनि बिर्सन्छु । सुरु गरेको काम नसकेसम्म निद्रा पनि लाग्दैन ।'

'म सानो बेलादेखि यही पेशामा संलग्न भएर काम गरेकोले आफूसँग भएको सीप छोड्ने विचार कहिल्यै पनि आएन । तर अहिले उमेर बढ्दै गएसँग स्वास्थ्यले पनि साथ दिइरहेको छैन । आर्थिक स्थितिकै कारण अहिले भने यो कामलाई निरन्तरता दिन सक्दिनँ जस्तो लाग्न थाल्यो ।' उहाँ थप्नुहुन्छ – 'तर दुःख लाग्छ, मैले नवदुर्गाको मुकुण्डो बनाउन छोडें भने यो जात्रा नै बन्द हुने स्थितिमा पुग्छ । यो हाम्रो लागि राम्रो कुरा पक्कै होइन ।'

नयाँ पुस्तामा यो सीप, कला हस्तान्तरण गर्न निकै प्रयास गरेको तर यो पेशाबाट पैसा आर्जन गर्न नसक्ने देखेर नयाँ पुस्ता पछि हटेको हुनसक्ने उहाँ बताउनुहुन्छ । उहाँ अगाडि थप्नुहुन्छ – 'अरुलाई सिकाउन पनि ज्याला दिनुपर्ने हुन्छ । यो काम सिक्न चाहने व्यक्तिहरू नै भेटाउन गाऱ्हो छ



कलाकार पूर्ण चित्रकार



नवदुर्गा नाचको लागि प्रयोग हुने मुकुण्डो

# मुकुन्डो निर्माण अक्षय कोष स्थापना

भक्तपुर नगरपालिकाले प्रसिद्ध नवदुर्गा नाच प्रदर्शनीका लागि आवश्यक ख्वोपा (मुकुण्डो) निर्माण अक्षयकोष स्थापना गर्ने निर्णय गरेको छ। असोज १६ गते बसेको नगरपालिका बोर्ड बैठकले मुकुण्डो निर्माण अक्षय कोष स्थापनाको लागि नगरपालिकाको तर्फबाट नगद रु. १० लाख अनुदान दिने निर्णय गरेको नगर प्रमुख सुनिल प्रजापतिले बताउनुभयो।

नगरपालिकाले स्थापना गर्ने कोषमा यसअघि विभिन्न स्रोतबाट जम्मा भएका सहयोग रकमलाई पनि एकै ठाउँमा क्रमशः जम्मा गर्ने र कोष सञ्चालनका लागि कार्यविधि तयार गर्ने समेत निर्णय भएको उहाँले जानकारी दिनुभयो।

नवदुर्गाको मुकुण्डो निर्माणमा सहयोग गर्ने उद्देश्यले यसअघि स्थानीय समाजसेवीहरूले अलग्ग समिति गठन गरेर २०५५ सालमा जिल्ला प्रशासन कार्यलयमा दर्ता गरिएको समितिका सदस्य सीताराम कुम्पाखले बताउनुभयो। उक्त समिति २०५९ सालदेखि जिप्रकामा नवीकरण नभएपछि अहिले कानुनी मान्यता समाप्त भएको तथापि व्यवहारिक रूपमा मुकुण्डो निर्माणमा सोही समितिले सहयोग गर्दै आएको समितिका अध्यक्ष देवीप्रसाद जोशीले बताउनुभयो।

परम्परादेखि हरेक वर्ष नवदुर्गा नाचका लागि नयाँ मुकुण्डो निर्माण गर्ने र त्यसका लागि ३ लाख रूपैयाँ भन्दा बढी खर्च हुने उल्लेख गर्दै खर्च व्यवस्थाका लागि दीर्घकालीन योजना बनाउने तयारी भइरहेको प्रमुख प्रजापतिको भनाइ थियो।

नगरपालिकाका जनप्रतिनिधिको नेतृत्वमा स्थानीय सरोकारवालाहरूसमेत समावेश गरी अक्षय कोष सञ्चालन गर्न समिति गठन गर्ने र कार्यविधि बनाइ कोष सञ्चालन गर्ने प्रमुख प्रजापतिले जानकारी गराउनुभयो।




भक्तपुर नगरपालिका बोर्ड बैठकले मुकुण्डो निर्माण अक्षय कोष स्थापनाको लागि नपाको तर्फबाट नगद रु. १० लाख अनुदान दिने निर्णयको प्रतिलिपि

अहिले। यो सीप सिक्न लामो समय लाग्ने थाहा पाएपछि प्रशिक्षार्थीहरू आउन छोड्छन्। यो सीप सिक्नको लागि नयाँ पुस्ताले आँट नै गरेनन् भन्दा पनि हुन्छ। अहिलेको वैज्ञानिक र प्रतिस्पर्धी युगमा कसलाई पो कोठामा बसेर यस्तो काम गर्न मन पर्दो हो र ! त्यसैले यो पेशामा लाग्न पनि एउटा आकर्षण हुनुपर्ने रहेछ जस्तो लाग्छ।' संस्कृति लोप हुने स्थिति आउने भएकोले नयाँलाई सिकाउनुपर्छ भन्ने मेरो पहिलेदेखिकै जोड थियो। भक्तपुरका कति संस्कृतिहरू आर्थिक अभावकै कारण लोप हुने स्थितिमा छन्।

उहाँ भन्नुहुन्छ – 'मेरा छोराहरू पनि आर्थिक आर्जन गर्न गाह्रो भएकोले यो पेशाप्रति आकर्षित भएनन्। अहिले माहिलो छोरा राजेश चित्रकारले भने मेरो काममा सघाइरहेको छ। रङ्ग लगाउने, सुकाउने आदि काममा उसले सघाएको हुँदा काम गर्न सजिलो भएको छ। धर्मको काम हो, छोड्न हुँदैन भन्दै छोराहरूलाई प्रेरित गर्छु।'

चित्रकार भन्नुहुन्छ – 'राम्रो काम गरेकोमा सन्तुष्टि लाग्छ तर दुःख पनि लाग्छ, यो पेशामा कसैले वास्ता र चासो नदेखाउँदा। आफू घाटामै बसेर वर्षौं काम गरियो। यसको जगेर्ना गर्न सकेनौं भने प्लास्टिक र कागजको मुकुण्डोहरू भित्रिने सम्भावना हुन्छ। यसले हाम्रो कला–संस्कृतिलाई बद्नाम मात्र गर्नेछ। आर्थिक चिन्ता मात्र होइन, कला–संस्कृति नै बन्द हुनेमा मेरो चिन्ता छ।'

नगरपालिका नगरवासीहरूको आफ्नै संस्था हो। नगरभित्रका कला–संस्कृति जोगाउने जिम्मा पनि यो संस्थाकै हो। त्यसैले परम्परागत नृत्य, बाजागाजा, पेशाहरूलाई सहज रुपमा सञ्चालन गर्न/गराउन नगरपालिकाको भूमिका निकै महत्त्वपूर्ण हुन्छ। हामीले पनि भक्तपुर नगरपालिकाबाट धेरै आशा गरेका छौं।

स्थानीय सरकार आएपछि भक्तपुर नगरपालिकाले मेरो यो पेशामा केही चासो व्यक्त गरेको छ। मलाई खुशी लागेको छ, नगरपालिकाका प्रमुख सुनिल प्रजापति स्वयम् मेरो कार्यस्थलसम्म आउनुभयो, मेरा समस्याहरू बुझ्नुभएर अहिले केही आर्थिक सहयोग दिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। ढिलै सही उहाँको यो कदमले यो संस्कृति जोगाउन ठूलो टेवा पुग्ने उहाँ बताउनुहुन्छ। भक्तपुरको संस्कृति भक्तपुर नगरपालिकाको सहयोगले नै अगाडि बढ्नुपर्छ भन्दै उहाँले यस्ता समस्याहरू सम्बोधन गर्दै जानुपर्नेमा जोड दिनुभयो। आर्थिक सहयोगको कमीले संस्कृति नै बन्द हुने स्थिति आउन दिनुहुन्न भन्ने कलाकार पूर्ण चित्रकारको भनाइ छ।

*(कुराकानीमा आधारित)*

# स्वास्थ्य र शिक्षामा यसरी नमुना बन्यो भक्तपुर

• मकर श्रेष्ठ



संघीय राजधानी काठमाडौंको पूर्वी मोहडामा अवस्थित सानो जिल्लाको सानै नगर हो, भक्तपुर। तर, यो नगरको सामर्थ्य अब आकारमा होइन, उपलब्धिमा नाप्ने बेला आएको छ। शिक्षा र स्वास्थ्य सेवा सरकारीकरण गर्नुपर्ने पक्षमा सुरू भएको नयाँ बहस भक्तपुर नगरका लागि भने सफल अनुभवको सुखद् नतिजा सिद्ध भइसकेको छ।

**"कोही बिरामी छन् ?"**

'घरमा कोही बिरामी छन् कि ?' एकाबिहानै ढोका ढक्ढक्याएर कसैले यसरी सोध्छ भने त्यो अन्यत्रका लागि अनौठो लाग्न सक्छ। तर, भक्तपुर नगरवासीका लागि यो सामान्य भइसक्यो।जस्तो कि २० असार २०७५ बिहान भक्तपुर नगरपालिका-८, जगातीका हरिकृष्ण शिल्पकारको घरमा देखियो।

बिहानै घरको माथिल्लो तल्लामा परिवारसँग बसेर चिया खाइरहेका बेला शिल्पकारले तल ढोका बाहिरबाट कसैले बजाएको घण्टीको आवाज सुने। कान्छी छोरी रिनाले झ्यालबाट बाहिर नियालिन्। घण्टी बजाउने व्यक्ति भक्तपुर नगरपालिकाबाट घरदैलो नर्सिङ सेवा दिन खटिएकी स्टाफ नर्स सरिता गोसाई थिइन्। नगरपालिकाकै स्वास्थ्य स्वयंसेविका रत्नमाया खायमली पनि उनीसँगै उभिएर सोध्दै थिइन्, 'कोही बिरामी छन् कि ?'

ढोकामा ओर्लिएकी रिनाले बुबा हरिकृष्ण, आमा रामलक्ष्मी, दाइहरू राकेश र राजेश तथा बहिनी सुप्रभाको उमेर, पेशा र शिक्षाबारे नर्स गोसाईलाई जानकारी गराइन्। उनले टिपाएको शैक्षिक विवरणअनुसार, आमा र बुबा साधारण लेखपढ गर्न जान्दछन्, दाइहरू र आफूले स्नातकोत्तर तह एवम् बहिनीले स्नातक तह पूरा गरेकी छन्।

घरमुली दम्पत्ति पनि तल ओर्लिए। नर्स सरिताले पहिले रामलक्ष्मीलाई भऱ्याङको खुड्किलोमा बसाइ उनको रक्तचाप जाँचिन्। रक्तचापको मात्रा माथि १४० र तल ८० देखियो, जुन अलि उच्च हो। त्यसपछि सरिताले नुन र चिल्लो कम खान सल्लाह दिएर हरिकृष्णलाई पनि जाँचिन्। उनको रक्तचाप सामान्य देखियो।



घरदैलो नर्स सेवामा भक्तपुर नगरपालिकाबाट खटिएका नर्स र स्वयंसेविका नगरवासीको स्वास्थ्य अवस्थाबारे बुझ्दै

हरिकृष्णाको घरमाजस्तै भक्तपुर नगरपालिकाका १० वटै वडाका घर-घरमा नगरवासीको स्वास्थ्य अवस्था बुझ्न नगर कार्यपालिकाको कार्यालयले नर्स र स्वास्थ्य स्वयम्सेविका पठाउँछ। बिहान ७ देखि ९ बजेसम्म घरदैलो गर्ने नर्स र स्वास्थ्य स्वयंसेविकाको टोलीले नगरवासीको रक्तचाप परीक्षण गर्छ। मधुमेह, स्त्रीरोग, बालरोग, दम र खोकीको समस्या भएका बिरामीको निगरानी गर्नु पनि टोलीको काम हुन्छ।

दैलोमै पुगेका नर्स र स्वयंसेविकाले बिरामी भएर उपचार नगराई घरमै बसेका नगरवासीलाई नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रहरूमा जान आग्रह गर्छन्। रक्तचाप र मधुमेहका बिरामीलाई नियमित औषधि खान रोगले च्यापेका बिरामी छन् भने तिनलाई अस्पताल जान सल्लाह दिन्छन्। सरकारले ल्याएको स्वास्थ्य बीमा कार्यक्रमका बारेमा पनि नगरवासीलाई जानकारी दिन्छन् उनीहरू। सरकारले भक्तपुरसहित ४२ जिल्लामा स्वास्थ्य बीमा कार्यक्रम लागू गरेको छ।

घर-घरमा पुग्ने नर्स र स्वयंसेविकाहरू नगरवासीको स्वास्थ्य अवस्थासम्बन्धी विवरण बटुलिरहेका हुन्छन्। कुन रोगका कति बिरामी छन् भन्ने तथ्याङ्क पनि उनीहरूले सङ्कलन गरिरहेका छन्। २०७५ जेठसम्म १ हजार ६६३ परिवारको स्वास्थ्य परीक्षण गर्दा ४३५ जनालाई उच्च रक्तचाप, १७७ लाई सुगर, ८० जनालाई दम, ८० जना हाडजोर्नी, ४१ जनामा ग्यास्ट्रिक, १३ जनालाई थाइराइड, ३१ जनालाई मुटु रोग, ९ जनालाई क्षयरोग रहेको पाइएको छ।

त्यस्तै सुस्त मनस्थितिका ३, प्यारालाइसिस भएका ७, मिर्गौला रोगका ५, पत्थरी भएका ४ जना, कोलेस्ट्रोलका बिरामी १४, क्यान्सर भएका ७ र अशक्त अपाङ्ग १ जना रहेको अभिलेख नगरपालिकासँग छ। बिरामी भएका घरमा हेरचाहका लागि नर्ससहितको टोली नियमित रूपमा पुग्छ। वडाका सबै घरमा एक चरण पुगेपछि दोहोऱ्याएर जाने चलन छ। नगरपालिकाबाट यस्तो हेरचाह पाउँदा स्थानीय निकै खुशी छन्।

१० वटै वडामा खटिएका नर्सहरू दैनिक कम्तीमा २० घरमा पुग्छन्। नगरवासीको स्वास्थ्य, शिक्षा र पेशासम्बन्धी तथ्य-तथ्याङ्क लिएर उनीहरू बिहान साढे ९ बजे नगरका



भक्तपुर नगरपालिकाले सञ्चालन गरेको जनस्वास्थ्य सेवा केन्द्रमा उपचार गराउँदै नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें

तीनवटा जनस्वास्थ्य सेवा केन्द्रमा हाजिर हुन्छन् र आफूले सङ्कलन गरेका तथ्य–तथ्याङ्कहरू अद्यावधिक गर्छन् ।

उनीहरू पुगिनसक्दै जनस्वास्थ्य सेवा केन्द्रहरूमा बिरामीको भीड लागिसकेको हुन्छ । बिहान ७ बजे नै खुल्ने केन्द्रमा चिकित्सक,नर्स र स्वास्थ्य स्वयम्सेविकाहरू सबेरै घरदैलोमा पुगेर उपचारका लागि निम्त्याएका नगरवासीको प्रतिक्षा गरिरहेका हुन्छन् । त्यस्ता केन्द्रहरू च्याम्हासिंह, पाँचतल्ले मन्दिर भगवतीस्थान र ब्यासी गरी तीन ठाउँमा छन् । यसमध्ये च्याम्हासिंहको जनस्वास्थ्य केन्द्रमा ५० रुपैयाँको टिकट काटेर विशेषज्ञ चिकित्सा सेवा पाइन्छ । दोहोऱ्याएर सेवा लिन जाँदा ३० रुपैयाँमात्रै तिरे पुग्छ । बालरोग, स्त्रीरोग, हाडजोर्नी, दाँत, नाक, कान र घाँटी, छालाको सेवा उपलब्ध रहेको च्याम्हासिंह जनस्वास्थ्य सेवा केन्द्रका प्रमुख डा.रत्नसुन्दर लासिवाले बताए ।

च्याम्हसिंह केन्द्रमा छिमेकी सूर्यवनायक र चाँगुनारायण नगरपालिकाका बासिन्दा पनि उपचार गराउन आउँछन् । यहाँ मात्रै दैनिक ३०० को हाराहारीमा बिरामीहरूको स्वास्थ्य परीक्षण र उपचार हुन्छ । यो केन्द्रमा नियमित स्वास्थ्य जाँच गराउनेमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे पनि हुनुहुन्छ ।

नेता बिजुक्छे १९ असारको बिहान नौ बजेतिर हिंडेरै केन्द्रमा आइपुगे । बिरामीको चाप भएकाले आधा घण्टा जति कुरेपछि उनको पालो आयो । केन्द्रको १०१ नम्बरको फिजियोथेरापी कोठामा गई घुँडाको फिजियोथेरापी गराए । घुँडाको हड्डी खिइएपछि एक वर्षदेखि उनी केन्द्रबाट उपचार लिइरहेका छन् । नेता बिजुक्छे भन्छन्, 'विशेषज्ञ सेवा नगरमै पाएपछि, बाहिर किन जानु पऱ्यो ?'

भक्तपुर नगरपालिका र आसपासका बासिन्दालक्षित यी स्वास्थ्यकेन्द्रहरूमा ९ जना विशेषज्ञ डाक्टर र १४ जना मेडिकल अधिकृत छन् । नर्स र अन्य कर्मचारी ६१ जना छन् । 'भक्तपुर नगरवासीको औसत आयु कम देखिएको र औषधि उपचार सर्वसुलभ नभएकाले जनस्वास्थ्य सेवा केन्द्र स्थापना गरिएको' भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बताए ।

### रैथाने भाषामा परामर्श

नेवार समुदायको बाहुल्य रहेको भक्तपुरका अधिकांश बिरामीले नेवारी भाषामात्र राम्रोसँग बुझ्ने भएकाले स्वास्थ्य केन्द्रमा नगरपालिकाले प्रायः नेवारी भाषा जान्ने चिकित्सकहरूको व्यवस्था गरेको छ । बिरामीले आफ्नो समस्या नेवारीमै राख्छन् र चिकित्सकहरू पनि नेवारीमै सल्लाह दिन्छन् । डाक्टरले लेखिदिएका औषधि खाने तरिका सिकाउन स्थानीय भाषाको झन् बढी आवश्यकता पर्ने भएकाले नेवारी नबुझ्ने चिकित्सकलाई सघाउन सहयोगीको व्यवस्थासमेत गरिएको च्याम्हासिंह जनस्वास्थ्य सेवा केन्द्रका प्रमुख डा. लासिवाले बताए ।

नगरपालिकाका जनस्वास्थ्य सेवा केन्द्रमा बिरामीले स्वास्थ्य परीक्षणबापत तिर्नुपर्ने शुल्क पनि सस्तो छ । यहाँ रु.३०० मा एक्सरे र रु.१२५ मा ईसीजी सेवा पाइन्छ । सेवा केन्द्रमा पहिले बहिरङ्ग सेवामात्रै दिइन्थ्यो । आकस्मिक कक्षको जरुरत पर्दा बिरामीलाई अन्यत्र लगेर उपचार गराउनुपर्ने भएपछि ७ जेठ २०७५ देखि २४ घण्टे आकस्मिक उपचार कक्षको पनि व्यवस्था गरिएको छ ।

१ साउन २०७४ देखि आयुर्वेद स्वास्थ्य उपचार सेवासमेत चलाइरहेको नगरपालिकाले एक वर्षमा ९ हजार भन्दा बढीलाई आयुर्वेद स्वास्थ्य सेवा दिएको छ । यो आर्थिक वर्ष लागेसँगै नगरपालिकाले क्यान्सरको उपचार, मिर्गौला



भक्तपुर नगरपालिकाले सञ्चालन गरेको जनस्वास्थ्य सेवा केन्द्रमा उपचार गराउन पालो कुर्दै

प्रत्यारोपण, मुटुको शल्यक्रिया तथा मस्तिष्कघातको उपचार लिनुपर्ने नगरवासीलाई जनही रु.१० हजार सहयोग गर्न थालेको छ ।

नगरवासीको स्वास्थ्य अवस्था बुझ्न नर्ससँग घरदैलोमा खटिने स्वास्थ्य स्वयंसेविकालाई नगरपालिकाले दैनिक रु.१०० भत्ता दिने व्यवस्था गरेको छ । नगरमा ९० जना स्वास्थ्य स्वयंसेविका छन् । बहिरङ्ग उपचार सेवामा कार्यरत विशेषज्ञ चिकित्सकलाई प्रतिदिन रु.१५०० र मेडिकल अफिसरलाई आंशिक सेवाबापत् मासिक रु.१५ हजारसम्म भत्ता दिने गरिएको नगरपालिकाले जनाएको छ । 'नगरवासीलाई प्रभावकारी स्वास्थ्य सेवा पुऱ्याउन यस वर्ष साढे ३ करोड रुपैयाँ बजेट छुट्याएका छौं' नगरप्रमुख सुनिल प्रजापतिले भने, 'नगरवासीको स्वास्थ्यमा ध्यान दिएनौं भने जतिसुकै विकास भए पनि त्यसको उपयोग कसले गर्ने ?'

नगरपालिकाले यस वर्ष आफ्नै लगानीमा २५ शैय्याको ख्वप अस्पताल बनाउने प्रक्रिया अघि बढाएको छ । अस्पताल सञ्चालनका लागि अनुमति समेत लिइसकेको छ । अस्पताल बनाउन रु.१४ करोड विनियोजन गरिएको नगरप्रमुख प्रजापतिले बताए । 'जसरी सस्तोमा बहिरङ्ग सेवा प्रदान गरेर नगरवासीले सुविधा पाएका छन्, त्यसैगरी विशेषज्ञ सेवासमेत सस्तोमा आफ्नै ठाउँमा दिन लागेका हौं', प्रजापति भन्छन् ।

नगरपालिकाले नगरका विभिन्न ६ स्थानमा शिशुस्याहार केन्द्र चलाएको छ । हरेक वडामा शिशुस्याहार केन्द्रको व्यवस्था गर्ने नीतिअनुसार ती केन्द्रहरू खोलिएको नगरपालिकाले जनाएको छ । केन्द्रमा बच्चा राख्न चाहनेले मासिक रु.१ हजार तिर्नुपर्छ । १५ जना बच्चा बराबर एकजना आयाको व्यवस्था गरिएको छ ।

### आफ्नै ७ शिक्षण संस्था

नयाँ संविधान र कानुनअनुसार, देशभरका सबै स्थानीय सरकारले माध्यमिक तहसम्मको विद्यालय व्यवस्थापनको जिम्मेवारी पाएका छन् । यद्यपि विद्यालयमा स्थानीय सरकारको लगानी अनिवार्य गरिएको छैन । अन्य ७५२ स्थानीय तहमध्ये धेरैले आफू अन्तर्गतका विद्यालयको गुणस्तर सुधार्न केन्द्र र प्रदेश सरकारको मुख ताकिरहेका छन् । तर, भक्तपुर नगरपालिकाले आफ्नै लगानीमा खोलेका सात शिक्षण संस्थामा वार्षिक रु.४० करोड खर्चेर मुलुकलाई आवश्यक दक्ष जनशक्ति उत्पादन गरिरहेको छ ।

'कम शुल्कमा उच्च शिक्षा दिन, समाजलाई बौद्धिक बनाउन, नयाँ पुस्तालाई एक्काइसौं शताब्दीका चुनौती सामना गर्न सक्षम बनाउन र श्रमलाई उत्पादनशीलतासँग जोडेर शिक्षा र समृद्धिको लक्ष्य पूरा गर्न' नगरपालिकाको लगानीमा स्कूल र कलेजहरू सञ्चालन गरिएको नगरप्रमुख प्रजापतिले बताए । नगरपालिकाले ख्वप मावि, ख्वप कलेज, ख्वप इन्जिनियिरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप बहुप्राविधिक अध्ययन संस्थान, शारदा मावि र शारदा कलेज सञ्चालन गर्दै आएको छ । यी सबै शिक्षण संस्थामा गरी अहिले ५ हजार ६०० विद्यार्थी छन् ।

२०५६ सालमा ख्वप माविमा ११ र १२ कक्षा सञ्चालन गर्ने अनुमति लिएर नगरपालिकाले शिक्षामा लगानी सुरु गरेको हो । जहाँ अहिले २ हजार ३०० विद्यार्थी अध्ययनरत छन् । ख्वप माविमा विज्ञान, व्यवस्थापन र मानविकीमा ११ र १२ कक्षाको पढाइ हुन्छ ।

२०५८ सालमा पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन लिएर स्थापना भएको ख्वप इञ्जिनियरिङ कलेजबाट स्नातक र स्नातकोत्तर तहका गरी १ हजार ४४७ विद्यार्थीले अध्ययन पूरा गरिसकेका छन् । कलेजको स्नातक तहमा सिभिल, बीई कम्प्युटर, इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन र आर्किटेक्चर, स्नातकोत्तर तहमा अर्थक्वेक इञ्जिनियरिङ र अर्बान डिजाइन एण्ड कन्जरभेशन विषयको पढाइ हुन्छ । अहिले यहाँ ६७ जिल्लाका ११०३ विद्यार्थी अध्ययन गरिरहेका छन् । यो कलेजमा यस वर्षदेखि कम्प्युटर इञ्जिनियरिङ समेत शुरु भएको छ ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिएर २०६५ सालमा खुलेको ख्वप कलेज अफ इञ्जिनियरिङमा स्नातक तहको सिभिल, इलेक्ट्रिकल र कम्प्युटर इञ्जिनियरिङको पढाइ हुन्छ । यो कलेजमा अहिले ६४ जिल्लाका ६२३ विद्यार्थी अध्ययनरत छन् । यस कलेजबाट विगत १० वर्षमा ६८५ जनाले आफ्नो पढाइ पूरा गरिसके । 'सुरुमा सातै शैक्षिक संस्थाको पूर्वाधार नगरपालिकाले बनाएको हो – प्रजापति भन्छन्, सबै संस्थालाई २०६५ सालसम्म नगरपालिकाले खर्च बेहोर्ने गरेको थियो । पछिल्लो समय कलेजकै आम्दानीले सञ्चालन भइरहेको छ । थप पूर्वाधार बनाउन समक्ष भएको छ । अब नगरपालिकाले खर्च गर्नुपर्दैन ।'

सातवटै संस्थाले वार्षिक सञ्चालन खर्च रु.४१ करोड आफैं जुटाउँछन् । स्वास्थ्यमा बाहेक अब शिक्षामा नगरपालिकाले लगानी गर्नु नपर्ने उनले बताए । 'भौतिक पूर्वाधारमा खर्च भइरहेकोले कलेजको आम्दानी नगरपालिकामा ल्याउन सकिएको छैन' प्रमुख प्रजापति भन्छन्, 'कलेजको आम्दानी राम्रो भयो भने अब नगरको विकास निर्माणमा पनि खर्च गर्न सकिन्छ ।'

ख्वप कलेजमा व्यवस्थापन र मानविकी संकायका विभिन्न विषयमा स्नातकोत्तर तहसम्म पढाइ हुन्छ । प्राचार्य रूपक जोशीका अनुसार अहिले यहाँ १३०० विद्यार्थी अध्ययनरत छन् । सहुलियतपूर्ण शुल्कमा स्तरीय शिक्षा प्रदान गर्ने सातवटै कलेजलाई बन्द हड्तालले कहिल्यै असर गर्दैन । प्राचार्य जोशीका अनुसार, दक्ष र जिम्मेवार शिक्षक र कुशल कर्मचारीसँगै पर्याप्त पुस्तकसहितको पुस्तकालय र सुविधासम्पन्न प्रयोगशाला भएकोले यहाँ अधिकांश सार्वजनिक विदाहरूमा पनि पढाइ भइरहेको हुन्छ ।

भाडाको भवनमा स्थापना भएको ख्वप कलेज अहिले

नगरपालिकाबाट उपलब्ध जग्गामा निर्मित आफ्नै भवनमा सञ्चालित छ। ख्वप कलेज र ख्वप इञ्जिनियरिङ कलेजमा चित्रकला, ज्योतिषशास्त्र तथा नक्षत्र विज्ञानको कक्षा सञ्चालन गर्ने तयारीमा नगरपालिका छ।

२०५६ सालमा स्थापना भएको ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) को नर्सिङ र सिभिल इञ्जिनियरिङ पढाइ हुन्छ। यो शिक्षालयमा अहिले २ सय ८० विद्यार्थी छन्। अन्यत्र महँगो शुल्क लिएको भन्दै विरोध भइरहँदा संस्थानमा रु.२ लाख ४० हजारमा तीनवर्षे डिप्लोमा सिभिल इञ्जिनियरिङ अध्ययन गर्न सकिन्छ। नर्सिङ पनि सीटीईभीटीले तोकेकै शुल्कमा पढ्न पाइन्छ।

यसबाहेक शारदा मावि र शारदा कलेज पनि नगरपालिकाले सञ्चालन गर्दै आएको छ। शिक्षामा नगरपालिकाले लिएको अग्रसरता मन परेपछि व्यवस्थापन पक्षले तत्परता देखायो। त्यसपछि निजी क्षेत्रबाट चलेका तत्कालीन शारदा उच्च मावि र शारदा कलेजलाई नगरपालिकाले आफ्नो स्वामित्वमा लिएको थियो।

नगरपालिकाले चलाएका शिक्षण संस्थाहरूमा अध्ययन गर्ने विद्यार्थी भक्तपुर नगरका मात्रै छैनन्।नगर कार्यपालिका कार्यालयको अभिलेखअनुसार मनाङबाहेक देशभरका ७६ जिल्लाका विद्यार्थीले नगरपालिकाद्वारा सञ्चालित स्कूल तथा कलेजहरूमा अध्ययन गरेका छन्। आफ्ना विद्यालयमा पढ्ने विद्यार्थीलाई समयअनुसार योग्य र प्रतिस्पर्धी बनाउन नेपाली, अंग्रेजी, विज्ञान र गणित विषयमा विशेष तालिमको व्यवस्था गर्ने नीति नगरपालिकाले अवलम्बन गरेको छ।

सात शिक्षण संस्थाको सफलतापछि नगरपालिकाले अब आफ्नो मातहतमा आएका ३५ सामुदायिक विद्यालय सुधारको अभियानसमेत थालेको छ। आफ्नो नगर क्षेत्रमा रहेका विद्यालयका शिक्षकलाई तालिम दिन थालेको छ। केन्द्रीय सरकारले पठाएको तलब भत्तासहितको रु.२४ करोड ७ लाख ४४ हजार अनुदानलाई सदुपयोग गर्ने योजना नगरपालिकाले अघि सारेको छ। सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्न यसमा नगरपालिकालेरु.१ करोड थप गर्ने योजना बनाएको छ।

### "ख्वप" अर्थात् भक्तपुर

भक्तपुर नगरपालिकाले सञ्चालन गरिरहेका सात शैक्षिक संस्थाहरू रातारात प्रकट भएका होइनन्। यी संस्था स्थापनामा दुई दशक लामो कथा जोडिएको छ। २०५४ सालमा स्थानीय निर्वाचनमा प्रेम सुवालले शिक्षा र स्वास्थ्य सेवालाई सर्वसुलभ बनाउने घोषणापत्रका साथ चुनाव जितेका थिए।

चुनाव जित्नु सुवालका लागि सफलतामात्र नभई कर्मको प्रवेशपरीक्षा पनि थियो। घोषणापत्रमा लेखिएका प्रतिबद्धताहरू पूरा गर्नुपर्ने काम चुनौतीपूर्ण थियो। एउटा उदाहरण असहज यातायात व्यवस्थाबीच एसएलसी उत्तीर्ण गरेका विद्यार्थी उच्च शिक्षा अध्ययनका लागि काठमाडौं वा ललितपुर जिल्लाका कलेजहरू धाउनुपर्ने बाध्यता थियो।

सुवाल नेतृत्वको नगरपालिका बोर्डले निर्वाचित भएको दुई वर्षपछि ३२ असार २०५६ सालमा कक्षा ११ र १२ को पढाइ तुरुन्तै सञ्चालन गर्न तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद्बाट सम्बन्धन लिने निर्णय गऱ्यो। त्यसबेला स्थानीय निकायले कलेज सञ्चालन गर्न सक्छ भन्ने कल्पनासमेत गरिँदैनथ्यो। सरकारी अधिकारीहरूको सोचाइ पनि त्योभन्दा फरक थिएन।

सम्बन्धन माग्दै परिषद्मा पुगेको नगरपालिकाको प्रतिनिधिमण्डललाई परिषद् पदाधिकारीले व्यक्तिको नाममा कलेजको सम्बन्धन लिन सुझाए पनि नगरपालिकाले त्यसो गर्न मानेन। आवेदनको साथमा नगरवासीहरूको जनश्रमदान समेत जुटाएर कलेज भवन बनाइसकेको प्रमाण पेश गरेपछि परिषद्ले कलेज सञ्चालन गर्न अनुमति दिएको थियो।

नगरपालिकाले खोलेको त्यो पहिलो शिक्षण संस्था ख्वप मावि थियो। नेवारी नाम 'ख्वप' को अर्थ भक्तपुर हो। कलेज खोल्दा २०५८ सालमा नगरपालिकाले १५ वर्षभित्रमा नगरका प्रत्येक घरमा कम्तीमा स्नातक तहसम्म अध्ययन गरेको एकजना व्यक्ति हुनुपर्ने लक्ष्यका साथ 'एक घर, एक स्नातक' अभियानको थालनी गरेको थियो। जुन लगभग पूरा हुने अवस्थामा पुगेको नगरकार्यपालिकाको दाबी छ।

ख्वप कलेज स्थापनाको दुई वर्षपछि नगरपालिकालाई १२ कक्षा उत्तीर्ण भएका विद्यार्थीलाई पढाउने स्नातक क्याम्पसको खाँचो पऱ्यो। २०५८ सालमा खुलेका ख्वप कलेज र ख्वप इञ्जिनियरिङ कलेज त्यसैका उपज थिए। यी दुई कलेजलाई क्रमशः त्रिभुवन विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालयले सम्बन्धन दिए। पहिलो ब्याचका



भक्तपुर नगरपालिकाले सञ्चालन गरेको ख्वप माविमा प्रयोगात्मक कक्षामा सहभागी विद्यार्थी

विद्यार्थीले इञ्जिनियरिङमा स्नातक तह उत्तीर्ण गर्दासम्म ख्वप इञ्जिनियरिङ कलेजले स्नातकोत्तर तहको पनि अनुमति लिएर कक्षा सञ्चालन थाल्यो ।

यी दुई कलेजले भक्तपुरका विद्यार्थीलाई उच्च शिक्षाको लागि अन्यत्र जानुपर्ने बाध्यतामा बिराम लगाए । सँगै देशका सबैजसो जिल्लाबाट आएका विद्यार्थीलाई पनि मौका दिए । भिन्नाभिन्नै दुई विश्वविद्यालयहरूबाट सम्बन्धन पाएका यी दुई कलेज एउटै कम्पाउन्डमा भए पनि प्रशासन भने फरक छ ।

दुवै इञ्जिनियरिङ कलेज, ख्वप बहुप्राविधिक अध्ययन संस्थान खोल्न योगदान दिएर इञ्जिनियर राजन सुवालले भक्तपुरवासीलाई गुन लगाएका छन् । एकताका उनी शारदा कलेजबाहेक सबैको प्रिन्सिपलसमेत थिए । उनले नेतृत्व लिएकै बेला ख्वप इञ्जिनियरिङ कलेजबाट मुलुकमै पहिलोपटक स्नातकोत्तरमा आर्किटेक्चर इञ्जिनियरिङको पढाइसमेत सुरू गरे । १२ वैशाख २०७२ सालको भूकम्पले गरेको ठूलो भौतिक र मानवीय नोक्सानीमा इञ्जिनियरिङ क्षेत्र पनि जिम्मेवार रहेकोले यसलाई समेत जवाफदेही बनाउनुपर्छ भनेर तर्क राख्ने निर्माण क्षेत्रका थोरै विज्ञमा पर्छन्, राजन ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागू भएपछि नगरपालिकाले विद्यालय तहको १ देखि ६ कक्षासम्मका लागि स्थानीय पाठ्यक्रम तयार पारेको छ । भक्तपुरको इतिहास, भूगोल, कला–संस्कृति, सम्पदा, खेलकुद लगायतका विषय समेटिएको पाठ्यक्रम नयाँ पुस्तालाई भक्तपुरबारे सिक्न सहयोगी हुने नगरप्रमुख प्रजापतिले बताए । उनका अनुसार, अर्को वर्षदेखि ८ कक्षासम्मका लागि स्थानीय पाठ्यक्रम लागू गर्ने नगरपालिकाको लक्ष्य छ ।

त्यसबाहेक सामुदायिक विद्यालयको गुणस्तर सुधार्न नगरपालिकाले यो वर्षदेखि मन्टेश्वरी सिकाइ पद्धति लागू गरेको छ । त्यसअघि नगरक्षेत्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकलाई तालिम दिइएको थियो । तालिमबाट कक्षामा सुधार आए/नआएको निगरानीका लागि नगरपालिकाले ६ महिनासम्म अनुगमन गर्नेछ ।

नगरप्रमुख प्रजापतिका अनुसार नगरका गरिब तथा जेहेनदार विद्यार्थीलाई शैक्षिक प्रमाणपत्र धितो राखेर रु.५ लाखसम्म ऋण दिन चालू आर्थिक वर्षका लागि नगरपालिकाले रु.१ करोड ५५ लाख छुट्याएको छ । ऋण लगानीको कार्यविधि तयार भइरहेको उनले बताए ।

भक्तपुर नगरपालिका अब विश्वविद्यालय खोल्ने तयारीमा छ । ख्वप विश्वविद्यालय विधेयक सरकारले दुई वर्षअघि संसदमा पेश गरेको थियो । बेलैमा छलफल नहुँदा संसद विघटनसँगै त्यो विधेयक निष्क्रिय हुन पुग्यो ।मेडिकल शिक्षा बाहेक कला, संस्कृति, विज्ञान, कानून, कृषि, अर्थशास्त्र, प्रविधि तथा व्यावसायिक विषयमा अध्ययन, अध्यापन तथा अनुसन्धानका लागि ख्वप विश्वविद्यालयको स्थापना गर्न खोजिएको




भक्तपुर नगरपालिकाको लगानीमा बनेको ख्वप मावि भवन

हो । नगरपालिकाले विश्वविद्यालय तयारी कार्यदल गठन गर्नयो वर्ष रु.१० लाख बजेट पनि छुट्याएको छ ।

**'राम्रो छ तर एकलौटी छ' – विपक्षी**

भक्तपुर नगरपालिकाले अन्य स्थानीय सरकारको जस्तो आर्थिक स्रोत कहाँबाट जुटाउने भन्ने चिन्ता गर्नुपर्दैन । भक्तपुर घुम्न आउने विदेशी पर्यटकबाट मात्रै वार्षिक २५ करोड रुपैयाँ भन्दा बढी राजश्व उठ्छ । भौगोलिक रुपमा विकट छैन । नगरपालिकाले प्राथमिकता दिएको क्षेत्रमा चाहे जति खर्च गर्न सक्छ ।

अन्य स्थानीय निकायले वर्षौंसम्म कर्मचारीको भरमा चलाए । तर, भक्तपुर नगरपालिका भने पूर्वजनप्रतिनिधिको निगरानीमै थियो । 'निर्वाचन नभएसम्म पूर्व जनप्रतिनिधिले निर्वाचित जनप्रतिनिधिकै हैसियतले काम गर्ने निर्देशन थियो' प्रमुख प्रजापति भन्छन्, 'पार्टीले जुन विषयलाई प्राथमिकता दिएको थियो, त्यसले निरन्तरता पाइरह्यो । त्यसैले शिक्षा र स्वास्थ्यमा हामी अगाडि भयौं ।' भक्तपुर नगरपालिकामा नेपाल मजदुर किसान पार्टीबाहेक अन्य पार्टीको प्रतिनिधित्व शून्य छ । उसले जे गऱ्यो, त्यसको विरोध गर्ने कोही पनि छैनन् ।

नगरपालिकाको नेतृत्व गर्ने नेमकिपाले अरू पार्टीका अस्तित्व स्वीकार नगर्ने समस्या रहेको विपक्षीहरूको आरोप छ । नेकपाका भक्तपुर नगर संयोजक बालमुकुन्द सुवाल भन्छन्, 'विकास हुनु राम्रो हो तर नगरको विकास नेमकिपाकै आम्दानीबाट गरेजस्तो गर्नुभएन', सुवालका भनाइमा, 'न विगतमा हामीसँग सहकार्य भयो, न अहिले भइरहेकोछ । सब एकलौटी छ ।'

नेपाली कांग्रेसबाट प्रदेशसभा उम्मेदवार रहेका नगर समितिका पूर्वसचिव अनिल भुजु पनि सुवालको जस्तै विचार राख्छन् । 'शिक्षा र स्वास्थ्यमा राम्रो गरेको छ । त्यसमा हाम्रो आपत्ति छैन– भुजु भन्छन्, 'नगरवासीको करबाट भएको काममा एउटै पार्टीको मात्रै हालीमुहाली किन ? अरूको विचार र अस्तित्व पनि स्वीकार गर्न सक्नुपर्छ ।'

*(साभार–नेपाल लाइभ डटकम भदौ २५, २०७५ प्रकाशित)*

# g]kfnd08nsf k/Dk/fut v]nx¿



ओम धौभडेल

मानिस एक क्रियाशिल प्राणी हो । ऊ कहिल्यै चूप लागेर बस्न सक्दैन । त्यही कारणले हुनसक्छ, पृथ्वीमा करौंडौ जीवहरूबीच उसको छुट्टै पहिचान छ । जुनबेला मानिसहरू अन्य जीवहरूजस्तै जङ्गलमा बस्थ्यो, कन्दमूल खान्थ्यो, त्यतिबेला नै उसको दिमागमा अनेकौं कल्पनाहरू आउँथ्यो । त्यसलाई गुफाको भित्तामा ढुङ्गाले कुँदेर अनेकौं चित्रहरू बनाउँथ्यो । यसैबीच मानव जगतको विकासक्रममा जब उनीहरू आफ्नो आधारभूत आवश्यकता प्राप्त गरि सक्छ, फुर्सदको समयमा एक–आपसमा मनोरञ्जन पाउने उद्देश्यले विभिन्न खेलहरू खेल्थे । जब मानिसहरू जङ्गलमा बस्थ्यो, जङ्गलका जनावर मारेर खान्थ्यो, कन्दमुल खान्थ्यो ।

त्यस समयमा दैनिक रुपमा शिकार गर्नु उसको बाध्यता हुन्थ्यो । मृग, हरिण, खरायोको लागि जङ्गल पुग्दा पटक–पटक बाघ, भालुसित उसको लडाइँ हुन्थ्यो । उसले यसमै मनोरञ्जन प्राप्त गर्थ्यो ।

यसै सन्दर्भमा नेपालमा प्राचीनकालमा कस्ता खेलहरू खेल्थ्यो भन्नेबारे हाम्रो इतिहास मौन छ । नेपालको इतिहासमा गोपाल वंश, आभिर वंश तथा किराँत वा त्यसपछिको इतिहासमा हाम्रा पूर्खाहरू के–कस्ता खेलहरू खेल्थे भन्नेबारे यस आलेख केन्द्रित छ । यसै सन्दर्भमा नेपालमा प्राचीनकालमा खेलको माध्यमबाट मनोरञ्जन पाउँथे वा पाउँदैन्थ्ये, एक जिज्ञासाको विषय बन्न आउँछ । नेपालको इतिहासमा प्राचीनकालका हाम्रा पुर्खाहरू आर्थिक, सांस्कृतिक र धार्मिक जीवनमा आत्मनिर्भर र दूरदर्शी भएकै कारण उनीहरूको संस्कृति हरेक क्षेत्रमा उँचो थियो भन्ने तथ्य घामजतिक्कै छर्लङ्ग छ । हरेक क्षेत्रमा उच्चता हासिल गरिसकेपछि मात्र मनोरञ्जन वा खेलको विकास सम्भव भएको तथ्य बिर्सनुहुँदैन । नेपालको इतिहासमा गोपाल वंश, आभिर वंश तथा किराँत वा त्यसपछिको इतिहासमा हाम्रा पुर्खाहरू के–कस्ता खेलहरू खेल्थ्यो भन्नेबारे प्रामाणिक तथ्यहरू पाउन हम्मे–हम्मे नै पर्छ । यसै मेसोमा नेपालको प्रामाणिक इतिहास पाउन सम्भव भएको लिच्छवीकालदेखि नै भेटिएका महत्त्वपूर्ण अभिलेखहरूको आधारमा नेपालमा तात्कालीन समयको आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, माटो, हावा–पानी सुहाँउदो खेलहरू खेल्थ्यो भन्ने जानकारी प्राप्त हुन्छ ।

विशेषगरी खेल खेल्नको लागि आवश्यक ठाउँहरू जसलाई अहिलेको भाषामा रङ्गशाला भनिन्थ्यो, त्यस्तो व्यवस्था भएको आधारमा पनि यसको पुष्टि हुन आउँछ । यस्ता खेलकुदको लागि बनाइएको रंगशालाहरुलाई प्रेक्षणमण्डली भनिन्थ्यो । यसको जिकिर पूर्वीय इतिहासका एक ज्ञाता प्रफुलकुमार आर्चायले आफ्नो कृति मानसार शिल्पराजमा राजप्रासादका षोडष चक्रको उल्लेख गर्ने क्रममा प्रेक्षणमण्डलीको पनि उल्लेख गरेबाट थाहा हुन आउँछ । यसैको आधारमा पनि नेपालमा पनि लिच्छवीकालमा विभिन्न खेलहरू खेलाउनको लागि प्रेक्षणमण्डलीको व्यवस्था भएको तथ्य नक्साल नारायणचौरको जयदेव द्वितीयको अभिलेखबाट थाहा हुन आउँछ ।

उक्त अभिलेखअनुसार राजाले मानगृह दरबारको दक्षिणी भागमा प्रेक्षणमण्डली बनाउन स्वीकृति दिएको प्रमाण 'मानेश्वर राजतङ्गणाली दक्षिणेन प्रेक्षणमण्डली' भन्ने वाक्यले स्पष्ट बताउँछ । यता मल्लकालमा समेत यस्ता प्रेक्षणमण्डलीसहितको दरबार बनाउने क्रममा भक्तपुरका राजा जगतप्रकाश मल्लले ने.सं.७५२ तिर भक्तपुर दरबारको पश्चिम इलाकामा नौतल्ले दरबारको मध्य भागमा रङ्गशाला, पौडी पोखरीसहितको वसन्तविहार दरबार बनाउन लगाए । त्यसो त मल्लकालमै नेपालमण्डलमा सर्वसाधारणको लागि मनोरञ्जनको उद्देश्यले ठाउँ–ठाउँमा डबली बनाउने प्रथा विकास भयो । जुन डबलीमा विभिन्न नाच तथा अन्य खेलहरूसमेत देखाउने चलन बन्यो ।

लिच्छवी राजा नरेन्द्र देवको अनन्तलिङ्गेश्वरको अभिलेखमा आएको गोयुद्ध, मल्लयुद्ध ध्वजगोष्ठी आदि शब्दहरू पूर्णतया खेलसित सम्बन्धित शब्दहरू हुन् । जहाँ गोयुद्ध भन्नाले साँढे जुधाउने खेल भन्ने बुझिन्छ । यसको उल्लेख थानकोटको संवत् ५७ को भीमार्जुनदेव र जिष्णुगुप्तको संयुक्त अभिलेखमा आएको गोयुद्ध करबाट यसबारे थप पुष्टि हुन्छ । गोयुद्धको आवश्यक ब्यवस्था गर्न राज्यले जनतासित उठाउने कर नै गोयुद्ध कर मानिन्थ्यो । उक्त

अभिलेखअनुसार दक्षिण कोलिंग्राममा हुने गोयुद्धको व्यवस्था गर्न थेंचोबासीले कर बुझाएको प्रसङ्ग छ। त्यस्तै साँढे जुधाईका क्रममा पक्ष र विपक्ष छुट्याउन वा बिजेताप्रति सम्मान जनाउने उद्देश्यले गोयुद्धको क्रममा झण्डाको समेत उपयोग हुने तथ्य भक्तपुर अनन्तलिङ्गेश्वरको लिच्छवी राजा नरेन्द्र देवको यस अभिलेखबाट थाहा हुन आउँछ।

यसैबीच प्राचीनकालमा नेपालमा हुने अर्को एउटा महत्त्वपूर्ण खेल मल्ल युद्ध पनि हो भन्ने तथ्य भेटिन्छ। प्राचीनकालमा युद्धमा हारेकालाई राज्यले दास बनाएर कैदी अवस्थामा राख्थ्यो। त्यस्ता कैदीहरूबीच एक-आपसमा लडाइँ गर्नु नै मल्ल युद्ध हो। जसलाई पछि कुस्ती पनि भनियो। यस्ता कुस्ती खेल्ने खेलाडीलाई पहलमान भनिन्छ। यसको लागि पहलमानहरूलाई दिनहुँ अभ्यास गर्न लगाउँथ्यो। एकले अर्कोलाई ज्यान लिएपछि मात्र विजेता हुन्थ्यो। जुन अत्यन्त हिंस्रक शैलीको हुन्थ्यो। पछि गएर यो खेल यति धेरै लोकप्रिय बन्न पुग्यो कि राज्यस्तरले नै मल्ल युद्धको आवश्यक व्यवस्था गर्न जनतासँग मल्ल युद्ध कर लिने चलन आयो। मल्ल युद्ध सञ्चालन गर्न छुट्टै गोष्ठीको समेत व्यवस्था भयो। यसको जिकिर लिच्छवी राजा शिवदेव र अंशुबर्माको संवत् ५२६ को लेलेको अभिलेखबाट थाहा हुन्छ। नेपालको इतिहासमा पछि यो खेल यति धेरै लोकप्रिय बन्न पुग्यो, त्यसबाहेक धनु बाण हान्ने, घोडचढी आदि खेल पनि लोकप्रिय बन्यो। यस्ता खेलहरूमार्फत् हाम्रा पुर्खाहरूले मनोरञ्जन प्राप्त गर्थ्यो।

त्यस्तै तात्कालीन राजा-महाराजाहरू तथा उनका भाइ-भारदारहरूले समेत विभिन्न खेल खेल्थ्यो। विशेषगरी दरबारभित्र खोपीमै खेल्ने खेलहरू हुन्थ्यो। हाम्रा कैयौ प्राचीन ग्रन्थ, पुराण आदिमा महादेव र पार्वतीबीच त्रिपाशा खेलेको उल्लेख छ। त्यस्तै संसारको सबैभन्दा लामो मानिएको महाभारत कथामा समेत पाण्डब र कौरवबीच त्रिपाशा खेल्दा शकुनीको दुष्ट चालले गर्दा पाण्डबले सर्वस्व गुमाउनुपर्यो साथै पाण्डबको संयुक्त पत्नी द्रौपदीले समेत झण्डै निर्वस्त्र हुनुपरेको थियो। यता मल्लकालमा राजा-महाराजाहरूको खेलको रुपमा त्रिपाशा प्रख्यात थियो भन्ने एक कहावतबाट नै पुष्टि हुन्छ।

भक्तपुरका राजा जर्गज्योर्ति मल्लसित एक युवती प्रत्येक दिन त्रिपाशा खेल्न आउँथ्यो। हरेक दिन खेल्न आउँदा पर्दा पछाडि बसी त्रिपाशा खेलेको हुन्थ्यो। एकदिन राजाको मनमा कुभलो उब्जियो। आफूसित त्रिपाशा खेल्न आउने युवतीको हात नै यति राम्रो रहेछ भने उनको अनुहार कति आकर्षक होला भन्ने लाग्यो। नभन्दै एकदिन त्रिपाशा खेल्दै गरेको अवस्थामा राजाले पर्दा उघारेर ती युवतीको अनुहार हेर्न पुगेछ। युवती त साक्षात देवी नै रहेछ। आफ्नो अनुमतिविना अनुहार हेरेकोमा देवी रिसाइन्। देवीले अब कहिल्यै त्रिपाशा खेल्न वा दर्शन दिन नआउने बतायो। आफूबाट ठूलो गल्ती भएको महसुस गरी देवीसित अनुनय-विनय गरे। त्यसो भए अब देवी आफू एक बालिकाको शरीरमा प्रवेश गर्ने र उनैलाई देवी मानी पूजा गर्न भनेपछि काठमाडौं उपत्यकामा कुमारी पूजा गर्ने चलन आएको मानिन्छ। यस कहावत्बाट यहाँ त्रिपाशा खेलको चलन पहिलेदेखि नै रहेको बुझिन्छ।

यता भक्तपुरका अन्तिम मल्ल राजा रणजित मल्लको पालामा त्रिपाशाको सामग्री भेटिएबाट पनि यसको पुष्टि हुन्छ। यो खेल पछि गएर कौदा खेलको रुपमा बद्नाम हुनपुग्यो।



यता त्रिपाशा जस्तै मल्लकालमा शतरंज पनि एक लोकप्रिय राजकीय खेल हो भन्ने बुझिन्छ। मल्लकालमा दरबारका ठूलठूला कोठामा अति आर्कषक शतरंज राखी एक-आपसमा खेल्ने क्रममा तमाखु खाने चलन छ। भक्तपुर दरबारमा शतरंजका साथै एकैपटकमा सातजनाले सम्म तमाखु खान मिल्ने हुक्का रहेबाट यसको थप पुष्टि हुन्छ। विशेषगरी राजादेखि सिपाहींसम्म अनि हात्ती, घोडा, ऊँट जस्ता युद्धमा प्रयोग हुने जनावरसहितको शतरंज राजनैतिक खेलको रुपमा लिने चलन छ।

राजा, महाराजाका अलावा सर्वसाधारण जनताको लागि मनोरञ्जन दिने उद्देश्यले

लिच्छवीकालदेखि नै यहाँ विभिन्न देव-देवीका जात्रा गर्ने तथा नाचगानका परम्परा बसेको देखिन्छ। ती सबैको अभिप्राय धार्मिक तथा सांस्कृतिक महिमालाई मलजल गर्ने भए तापनि ती सबै मनोरञ्जनको दृष्टिकोणले महत्त्वपूर्ण देखिन्छ। काठमाडौं उपत्यका र वरपरको नेपालमण्डलका विभिन्न ठाँउहरूमा मनाउने खट जात्रा होस् वा रथ जात्राहरू नै होस् यसैको द्योतक हुन्। अझ जात्राको क्रममा पशुको उपयोगिताबाट अझ बढी मनोरञ्जन दिने गरेको यहाँ उजागर गर्नु आवश्यक हुन्छ। उदाहरणको लागि विजया दशमीको अष्टमीको दिन ब्यासी टोलबाट हुने निकुथु राँगोको जात्रा तथा नवमीको दिन भक्तपुर गःछेँ टोलबाट हुने खँ म्येको जात्रालाई लिन सकिन्छ।

नवदुर्गा जात्राको क्रममा मुँ बाँहा लुइकेगु भनी सुँगुरको बच्चा छोडेर नवदुर्गा गणबाट भेटाइ बली लिने चलन होस् या येन्याँ पुन्हिको बेला सवा भक्कुको नाच होस्, यी जात्राहरू पशुबाट मनोरञ्जन प्राप्त गर्ने उद्देश्यले सञ्चालित जात्राहरू हुन् भन्ने बुझिन्छ। काठमाडौं उपत्यका र वरपरको नेपाल मण्डलका प्रायः सबै ठाउँहरूमा हुने विभिन्न देव-देवीहरूको खट जात्रा तथा रथ जात्रामा धेरैभन्दा धेरै मानिसको सहभागिता जनाएर हर्षोल्लास मनाउनु पनि एक किसिमको खेल नै थियो। काठमाडौं उपत्यका र वरपरको नेपाल मण्डलको ठाउँ-ठाउँमा हुने यस्ता जात्राहरूमा काठमाडौंको इन्द्रजात्रा, सेतो मच्छिन्द्रनाथको जात्रा, ललितपुरको रातो मच्छिन्द्रनाथको जात्रा, भक्तपुरको बिस्का जात्रा, साँखुको बज्रयोगिनीको जात्रा, नालाको करुणामयको जात्रा, बनेपाको चण्डेश्वरीको जात्रा, पनौतीको भैरव भद्रकालीको जात्रा, दोलखाको करुणामयको जात्रालगायतका अरु थुप्रै जात्राहरूको पछाडि जे-जस्तो धार्मिक, सांस्कृतिक कारण छ भने तापनि मूल ध्येय मनोरञ्जन दिनु नै हो। ललितपुरको मच्छिन्द्रनाथको जात्राको क्रममा नरिवल खसाल्ने जात्रा होस् वा भक्तपुरमा कार्तिक शुक्ल पूर्णिमाको दिन ठूल्ठूला योम्हरीभित्र रङ्गले भरिएको घैंटा राखी मनोरञ्जन गर्ने जात्रा होस्। यस्ता कैयौं उदाहरणले हाम्रो धर्म, संस्कृतिमा सदियौं पहिलेदेखि खेलहरूले स्थान पाएको देखिन्छ। यसमा पनि



भक्तपुरको बिस्का जात्राको उल्लेख नगरी सुखै छैन। बिस्का जात्राको क्रममा भैरवनाथको रथ नेपाल मण्डलकै ठाउँ-ठाउँमा हुने रथ जात्राहरूमा सबैभन्दा बलियो अनि भव्य गऱ्हुँगो रथ हो, जुन काठैकाठले बनेको हुन्छ। चारवटा ठूल्ठूला पांग्राहरू, लामो बेतासीं, तीन तल्लाको मजबुत छानाहरू, सुनको जलपको गजुर, अगाडि-पछाडि लामा-लामा डोरीहरू यसको आकर्षण हो। रथ गुड्दा वरपरको जमिनसमेत कम्पन हुन्छ। विशेषगरी पांग्राको घिरिङकिरिङ आवाजले कमजोर मुटु भएकाहरू रथको नजिक आउन डराउँछ। रथ तान्ने क्रममा रथको दुईतिरको वँल खिप(डोरी) एकसाथ तानातान गर्दाको क्षण अति कहालीलाग्दो हुन्छ। यसबाट पनि भरपुर मनोरञ्जन प्राप्त हुन्छ।

यी खेलहरूमध्ये केही खेलहरू मल्ल वंशको पतनपछि पनि नेपाली समाजमा लोकप्रिय रहेको तथ्य रणबहादुर शाहको पालामा साँढे जुधाउने खेलको लागि देश-विदेशबाट बलिया जातका साँढेहरू झिकाइ पालनपोषणको लागि छुट्टै विभाग खडा भएको तथ्यबाट स्पष्ट हुन्छ। यसको वर्णन तात्कालीन समयका प्रसिद्ध कवि सुन्दरानन्द बाँडाको त्रिरत्न सौन्दर्यगाथा कृतिबाट थाहा पाउन सकिन्छ। त्यस्तै तात्कालीन समयका शासकहरूलाई खुशी पार्न तात्कालीन कवि तथा साहित्यकारहरूले साँढे जुधाईबारे बीर रस, हाँस्य रस तथा अश्लिलताले भरिएको कैंयौ साहित्यहरूसमेत रचना गरेको पाइन्छ। साँढे जस्तै तात्कालीन समयमा यहाँ भाले जुधाउने, भेँडा जुधाउनेजस्ता अरु कैयौ लोकप्रिय खेलहरू खेलाउँथ्यो। यसको लागि असल एवम् बलिया जातका पशुपछीहरू देशविदेशबाट आयात गर्ने क्रममा भारत, तिब्बत, पाकिस्तान, अफ्गानिस्तान, पर्सियाजस्ता ठाँउहरूबाट पशुपछीहरू आयात गरिन्थ्यो। यसरी आयात गरेका पशुपछीहरू मासुको लागि मारिंदैनथ्यो। प्रत्येक खेलमा बिजेताहरूको ठूलो जात्रा गरी सम्मान गर्ने चलन थियो। यस्ता खेलहरूमा मारिएका पशुहरूको समेत मलामी भव्य रुपमा गर्ने चलन थियो।

यता सर्वसाधारण जनताहरूको लागि आफ्नै स्रोतसाधनयुक्त खेल सामग्रीले बनेको खेलहरू प्रचलित थियो। जसमा बाघचालको नाम अगाडि

आउँछ। साना-साना ढुङ्गाबाट खेल्न सकिने यो खेलमा धेरै बाख्रा र एउटा बाघको रोचक खेल देख्न सकिन्छ। त्यस्तै कसिपला भन्ने अर्को खेल जनमानसमा धेरै नै खेल्ने अर्को खेल हो। जुन बाँसका चोयाले बनेको कसि र दुई समूहको ढुङ्गाको पाँयचा नै यसको मुख्य सामग्री हो। खेलको सुरुवात एक अर्थात् कसिबाट हुने भएर खेलको नामाकरण कसिपायचा भएको हो। जहाँ एकलाई कसि, दुईलाई द्वा, तीनलाई सुदि, चारलाई च्या आदि पाँचलाई ङा भन्ने चलन छ। दुवै खेल घर भित्र-बाहिर जहाँ पनि खेल्न सकिन्छ। घर बाहिर खेल्ने अर्को खेलमा पच्चिसथर्की, कबड्डी, कुस्ती, डण्डिबियो आदि हुन्। तात्कालीन समयमा भर्खर जन्मेको बच्चाको लागि छुट्टै खेल हुन्थ्यो। केटाहरुले खेल्ने खेल छुट्टै र केटीहरूले खेल्ने खेल अर्कै हुन्थ्यो।

उदाहरणको लागि केटाहरूको लागि तेलकासा, सुलाकासा, न्हापालात्या (छिटो दौडने खेल), हवाग्रा ( ओखर, वनस्पति पैसा आदि खाल्डोमा खसाली खेल्ने खेल), पान्दस, धेंधें बल्ला (एक खुट्टाले मात्र टेकी अर्को खुट्टाले घचेट्ने खेल), भकुंग्वारा बल खेल आदि हुन्थ्यो। केटीहरूको लागि घँवाईकासा, एकंधला, कानाकाना पिच्या, चाकलीं पापा, डाङडुङ, घकासा, क्वाक्वा छी बनाबना छी, लोहँदाया खौदाया हाकुमैचा भनी हातमा हात बजाइ खेल्ने खेलहरू हुन्थे। यस्तै भर्खर जन्मेका शिशुहरूको लागि पनि छुट्टै खेलहरू हुन्छ। जस्तै बालकको शरीरमा ठम्ठमाई खेल्ने खेल, बालक रुँदा फकाउने खेल, बालकको आफन्त चिनाउने खेल अथवा बच्चा बामे सर्न थालेपछि खेल्ने मौलिक खेलहरूले हामी खेलमा पनि धनी रहेको थाहा हुन्छ ।

यसमध्ये कबड्डी र दण्डीबियोजस्ता खेलहरू नेपालको राष्ट्रिय खेल भइसकेको सन्दर्भमा हाम्रा पुर्खाहरूले चलाइआएका यी विभिन्न खेलहरूको महत्त्व स्पष्ट हुन आउँछ। यसै सन्दर्भमा हालसालै मात्र भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिबाट भक्तपुरमा कसिपायचा खेलको शुभकारम्भ गरेकोलाई यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ। नेपालमण्डलबाट मल्ल वंशको पतनपछि पनि कैयौ दशकसम्म त्यसको अवशेष बाँकी रहेकोमा यी महत्त्वपूर्ण खेलहरूलाई नेवारको मात्र खेल ठानेर यसको संरक्षण र सम्बर्द्धन हुन सकिरहेको छैन। जसका कारण आज हाम्रै माटोबाट फस्टाएको चेस, कबड्डी, दण्डीबियो जस्ता खेलहरू पनि हाम्रो लागि नौलो खेलजस्तै लागिरहेको छ। मौलिकताले भरिएका कैयौं खेलहरू एकादेशको कथा भइसकेका छन्। विशेषगरी शिशुहरूसँग जोडिएका खेलहरू हराइ सकेको छ भन्दा फरक नपर्ला। स-साना बाल-बालिका तथा ठूलाहरूले खेल्ने खेलबारे हामीलाई पर्याप्त ज्ञान छैन। आजको आधुनिक खेल जगतमा हामीले देशको नाम उँचो राख्न आफ्नै माटोमा फस्टाएका यस्ता कैयौं मौलिक खेलहरूको इतिहास बुझ्न जरुरी छ। अनि हाम्रा पूर्खाहरू खेलप्रति आकर्षित भएर बौद्धिक एवम् शारीरिक खुँराक पाउँथे। यसबारे अझ बढी अध्ययन अनुसन्धानको खाँचो आजको आवश्यकता हो।

नगरपालिका नगरवासीहरुको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।



## जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखं

### फ्याका धों व को

छम्ह को गंगु खुवा छधि त्वाथे तया सिमा कचाँए जुना चोन। छम्ह पक्का म्ह बुढाम्ह फ्याका धोंलं वइके चोंगु कुराउनि खन। 'छ क्या बांला म्ह झंग ख ! छंगु मिखा गपा चो थि, छंगु पपु गपा चो प्वाला प्वाला थि, छंगु ज्यू फुक गपाचो चट्ट छाट् परे जुया चों। आहा थुजाम्ह झंगया सअ छतामरु' धका व क्वे चोना चोम्ह फ्याका धोंलं धाल। व बिचाराम्ह को थअत प्रसंसा यागु खना खुसि ताया तसकं हाल। हालेव व कुराउनि बें कुटुवन। व फ्याका धोलं व कुराउनि काल। 'जिं व को बांलागुया बयान् याना; बां लागु खं ल्हानागुलि जित छुं मू मतु, हाकनं फस् खँ बांलाका ल्हाइ पिनित नं मनुष्यया नुगलं सीका काए मफुखनं। जिं वयागु बुद्धि यागु धासा छुं प्रसंसा मयाना छाए धासा बुद्धिमानं आपा खँ ल्हाइ मखु। उताउलो उपो जुइमते मखुसा छंत हानि जुइ सो' धका अर्ति विया व फ्याका धों सुंक वन।

(मल्लजुया 'ईसपं दयकातगु बाखं, नेसं. १०३५' सफुलिं)

# भक्तपुर नगरपालिका क्षेत्रभित्रका पाटी विवरण

भक्तपुर नगरपञ्चायतबाट २०३१ सालमा संकलन गरिएको भक्तपुर नगरभित्रको पाटी विवरण यस अङ्कदेखि पुनः प्रकाशन गरिएको छ। यो विवरण २०३१ साल जेठ ३ गतेदेखि भाद्र ९ गतेसम्म श्री रामचन्द्र श्रेष्ठले वडा नं १ देखि ९ सम्म र श्री सूर्यप्रसाद श्रेष्ठले वडा नं. १० देखि १७ सम्म संकलन गर्नुभएको हो। यस विवरणलाई भक्तपुर नपंको प्रकाशन 'पञ्चायत' (मासिक) मा वर्ष २ अङ्क ९, २०४१ देखि वर्ष ५ अङ्क ४, २०४३ सम्मका विभिन्न अङ्कमा प्रकाशित गरिएको थियो। २०७२ सालको भूकम्पपछि यस विवरणलाई पुनःप्रकाशित गर्नु सामयिक देखिएकोले क्रमशः प्रकाशन गरिएको छ - 'भक्तपुर')

| सि.नं. | पाटी रहेको वाडं नं. र टोल | चार किला | | | | पाटीको विवरण | कैफियत | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | | | |
| **वडा नं. ६ (हाल वडा नं. ७)** | | | | | | | | |
| १२५ | चोरचा | बाटो | घर | बाटो | बाटो | सार्वजनिक | पूर्व दलाम कवल ७, उत्तर दक्षिण १-१ | वर्ष ३, २०४१ अंक २ |
| १२६ | चोरचा | घर | घर | बाटो | बाटो | सार्वजनिक | उत्तर दलाम कवल ३, माथि घर | वर्ष ३, २०४१ अंक २ |
| १२७ | चोरचा | बाटो | बाटो | घर | बाटो | सार्वजनिक | दक्षिण दलाम कवल ३ माथि घर | वर्ष ३, २०४१ अंक २ |
| १२८ | इनाचो सोहखुट्टे | बाटो | बाटो | बाटो | पार्तिगाल | सार्वजनिक | उत्तर दलाम कवल १०, पूर्व १ | वर्ष ३, २०४१ अंक २ |
| १२९ | बांचुत्वा | बाटो | बाटो | बाटो | बाटो | सार्वजनिक | पूर्व दलाम कवल ३, उत्तर दक्षिण १-१ | वर्ष ३, २०४१ अंक २ |
| १३० | महेश्वरी जाने उकालो भगवानको अगाडि | घर | बाटो | बाटो | बाटो | सार्वजनिक | दक्षिण दलाम कवल ५, पश्चिम १ | वर्ष ३, २०४१ अंक २ |
| १३१ | हनुमानघाट जाने ३ दोबाटोमा | बाटो | घर | बाटो | बाटो | सार्वजनिक | दक्षिण दलाम कवल ३, पूर्व १ | वर्ष ३, २०४१ अंक २ |
| १३२ | खंचा पोखरी | बाटो | बाटो | बगैंचा | बाटो | सार्वजनिक | पूर्व दलाम कवल ३, दक्षिण १ | वर्ष ३, २०४१ अंक २ |
| १३३ | माहेश्वरी खोलामाथि | बाटो | बाटो | बाटो | बाटो | सार्वजनिक | दक्षिण दलाम कवल ३, उत्तर १ | वर्ष ३, २०४१ अंक २ |
| १३४ | हनुमानघाट | बगैंचा | बगैंचा | बगैंचा | बाटो | सार्वजनिक | दक्षिण दलाम कवल ३, २ नाल, माथि सत्तल | वर्ष ३, २०४१ अंक २ |
| १३५ | हनुमानघाट | बाटो | बाटो | बाटो | बाटो | सार्वजनिक | दक्षिण दलाम कवल ५, पूर्व पश्चिम १-१ | वर्ष ३, २०४१ अंक २ |

| सि.नं. | पाटी रहेको वाडं नं. र टोल | चार किला | | | | पाटीको विवरण | कैफियत | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | | | |
| **वडा नं. ७ (हाल वडा नं. ७)** | | | | | | | | |
| १३६ | गोलमढी गलसी पोखरी | बाटो | बाटो | बाटो | बाटो | सार्वजनिक | दक्षिणतर्फ दलाम कवल ३, पश्चिम २ | वर्ष ३, २०४१ अंक २ |
| १३७ | गोलमढी गलसी पोखरी | घर | बाटो | घर | बाटो | सार्वजनिक | दक्षिणतर्फ दलाम कवल ४, पश्चिम ३ | वर्ष ३, २०४१ अंक २ |
| १३८ | गोलमढी तांको | बाटो | पाटी | घर | बाटो | सार्वजनिक | दक्षिणतर्फ दलाम कवल ५ पूर्वतर्फ १ | वर्ष ३, २०४१ अंक २ |
| १३९ | गोलमढी तांको | घर र बाटो | बाटो | पेटी | बाटो | सार्वजनिक | पूर्वतर्फ दलाम कवल १, पश्चिमतर्फ ३, दक्षिण १ | वर्ष ३, २०४१ अंक २ |
| १४० | गोलमढी तांको | बाटो | घर | घर | बाटो | सार्वजनिक | पूर्वतर्फ दलाम कवल ३, दक्षिणतर्फ २, पश्चिमतर्फ १ | वर्ष ३, २०४१ अंक २ |
| १४१ | गोलमढी बजारको गणेश मन्दिरको अगाडि | पाताल | बाटो | बाटो | घर | सार्वजनिक | उत्तरतर्फ दलाम कवल ७, पश्चिमतर्फ ३ | वर्ष ३, २०४१ अंक २ |
| १४२ | गोलमढी | बाटो | बाटो | ढुंगेधारा | बाटो | सार्वजनिक | दक्षिणतर्फ दलाम ३, पूर्व पश्चिम १-१ भत्किरहेको | वर्ष ३, २०४१ अंक २ |
| १४३ | गोलमढी | बाटो | बाटो | घर | बाटो | सार्वजनिक | दक्षिणतर्फ दलाम कवल ३, पूर्व, पश्चिम १-१ | वर्ष ३, २०४१ अंक २ |
| १४४ | गोलमढी राम झोपडीको बायाँतर्फ | बाटो | घर | बाटो | बाटो | सार्वजनिक | पूर्वतर्फ दलाम कवल १०, उत्तर दक्षिण १-१ माथि घर | वर्ष ३, २०४१ अंक २ |
| १४५ | गोलमढी राम झोपडीको बायाँतर्फ | बाटो | बगैंचा | बाटो | राइस मील | सार्वजनिक | पूर्वतर्फ दलाम कवल ४, उत्तरतर्फ ३, हर्षबहादुर मानन्धर समेतको दत्त | वर्ष ३, २०४१ अंक २ |
| १४६ | गोलमढी साननी | राइस मील | बाटो | घर | बाटो | सार्वजनिक | दक्षिणतर्फ दलाम कवल ३ माथि घर | वर्ष ३, २०४१ अंक २ |

**चिनियाँ नीतिकथा**

## लाल्टिनको उज्यालो

कुनै गाउँमा केही केटीहरू साँझ एक ठाउँमा भेला भएर लुगा सिउने, अवेटर बुन्नेजस्ता घरेलु काम गर्थे। राती काम गर्ने हुनाले लाल्टिन बाल्नु पर्थ्यो। लाल्टिनमा उनीहरूले पालैसँग मट्टीतेल राख्नेगर्थे।

तीमध्ये एउटी केटी साह्रै गिरब थिई। उसले लाल्टिनमा तेल हाल्न सक्तिन थी। यसैले अरु केटीहरूले उसलाई आफ्नो समूहबाट निकाल्ने निधो गरे।

उनीहरूको निणर्य सुनेर त्यो केटीले भनी, 'मैले तेल राख्न सक्तिन। यसैले म अरुभन्दा पहिले यहाँ आउँछु र यो घर बढार्छु। सुधरसफाइ गर्छु। गुन्द्री र चकटी मिलाउँछु। तिमीहरूको लाल्टिनले यो पूरै कोठा उज्यालो हुन्छ। यो उज्यालोले मेरो पनि भलो गरेर के बिग्रयो र ! यसको लागि बेग्लै खर्च लाग्दैन। मैले पनि त सकेको काम गरेकी छु नि। किन मलाई निकाल्छौ ?'

उनको भनाइ सबैलाई चित्त बुझ्यो। उनी पनि अरुझैं त्यो समूहमा नियमित रूपले सामेल भई।

# g]kfnsf] pkTosfsf] k|rLgtfM Ps cWoog



सह प्रा.डा. बलराम कायस्थ


## सार

हिमालयको काखमा अवस्थित नेपाल उपत्यका सभ्यताको प्रारम्भदेखि समग्र यस भेगको मूल केन्द्रविन्दुको रूपमा रहँदै आएको पाइन्छ। कुनै समयमा उपत्यकामात्र नभएर वर्तमान नेपाल अधिराज्यलगायत सम्पूर्ण हिमालय क्षेत्र नै समुद्रको गर्भमा अन्तर्निहित थियो। समुद्रबाट माथि उठिसकेपछि पनि यस क्षेत्रमा ठूल्ठूला ताल वा तलाउहरू कायमै रहेका थिए। तर लाखौं वर्षसम्मको जलप्रवाहले गर्दा पछि गएर यस्ता ताल वा तलाउहरू खुल्दै गएर हिमालय क्षेत्रको अहिलेको भौगोलिक अवस्थिति तयार हुन आएको हो भन्ने भनाइ एकथरी भूगर्भविद्हरूको रहेको छ। अति प्राचीनकालमा नेपाल उपत्यका पनि तालकै रूपमा रहेको थियो। त्यतिबेलै ताल वरिपरि पहाडी कुनाकन्दरामा मानव बसोबास थियो। तर ती असभ्य र जङ्गली थिए। तिनको जीवन कन्दमुल र जंगली जनावरको शिकारमा निर्भर थियो। विविध कारणले ताल फुटेर पानी बाहिर गएपछि यो ठाउँ बस्ती योग्य भयो र चारै दिशाबाट मानिसहरू यहाँ बस्न आइपुगे। पशुपालन र खेतीपातीको परम्परा विकास भयो। यसैले आज नेपाल उपत्यकामा बस्ने जो प्राचीन बासिन्दा छन्, जसलाई नेवार भनिन्छ। ती एउटै जातिका मानिस नभएर अनेक जात-जातिका मानिसको समुदाय भएको बुझिन्छ, जो समयक्रममा विविध कारणले गर्दा यहाँ बसोबास गर्न आइपुगेका थिए। यताबाट नेवार एउटा जातिविशेष नभएर एउटा भौगोलिक अवधारणा भएको तथ्य स्पष्ट हुन आउँछ।


## पृष्ठभूमि

प्राचीन नेपालको इतिहासबारे तथ्यपरक जानकारी प्राप्त गर्ने प्रामाणिक ऐतिहासिक स्रोत-सामग्रीहरू उपलब्ध छैनन्। यसका लागि हामीले पुराण र वंशावलीका वर्णनहरूलाई आधार स्रोतका रूपमा लिनुपर्ने हुन्छ। तर त्यस्ता वंशावलीका वर्णनमा पनि एकरूपता रहेको पाइँदैन। विशेष गरेर हिन्दु र बौद्ध वंशावलीले आ-आफ्नै धर्मका प्रर्वतकद्वारा यो जलमग्न तलाउ फोडेर यहाँ बस्ती बसाएको कुरा दर्शाउने गरेको पाइन्छ। सनातनी हिन्दुहरूको मान्यता के छ भने भगवान श्रीकृष्णले आफ्नो सुदर्शन चक्रद्वारा चोभार नामक पहाड फोडेर यहाँको पानी निष्काशित गरेपछि यो ठाउँ वस्तीयोग्य भयो। त्यसपछि उनीसँगै आएका गोपालहरूले यहाँ वस्ती बसाले। यसपछि यस ठाउँले बस्ती, नगर र राज्य व्यवस्थाको रूप लिन थाल्यो। त्यस्तै बौद्ध वंशावलीहरूमा स्वयम्भूनाथको दर्शन गर्न महाचीनबाट आएका मञ्जुश्री बोधिसत्वले आफ्नो खड्गद्वारा कटुवाल नामक पहाड काटेर यहाँको पानी निष्कासन गरे। यसपछि उनले स्वयम्भूदेखि गुह्येश्वरीसम्म सहर बसाले। जुन सहरलाई मञ्जुपतन भनियो र धर्माकर भन्ने व्यक्तिलाई राजा बनाए भन्ने वर्णन उल्लेख छ। वंशावली र पुराणहरूमा उल्लेखित यस्ता आख्यानहरूमा कतिको सत्यता छ, त्यो त स्पष्ट छैन तर त्यसलाई स्वीकार गर्ने स्रोत हामीसँग छैन। तर जे भए पनि अति प्राचीनकालमा वर्तमान काठमाडौं उपत्यका एउटा विशाल ताल वा तलाउकै रूपमा रहेको थियो भन्ने कुरालाई वैज्ञानिक अध्ययनहरूले पनि स्पष्ट पारेको देखिन्छ।

हाल काठमाडौं उपत्यकाको भूगर्भभित्र एक किसिमको मिथेन ग्याँस गुम्सिराखेको पाइन्छ। यसैले विभिन्न स्थानमा जसमनमुनिबाट ग्याँस निस्केर आगो बलेको समाचार बेलाबेलामा सुन्न सकिन्छ। त्यस्तै इनार सफा गर्न इनारभित्र पसेका मानिसहरू ग्याँसका कारण गुम्सेर ज्युँदो निस्कन नसक्नु, विशालकाय जलचर जन्तुको जीवावशेष उपत्यकाको दक्षिणी भेगमा रहेको फर्पिङमा प्राप्त हुनु (यो जीवावशेष हाल पनि राष्ट्रिय म्युजियम छाउनी काठमाडौंमा देख्न सकिन्छ )। उपत्यकाको समथल मैदानी भू-भागमा अझै पनि सयौं फुटको गहिराईसम्म मलिला कालीमाटीहरू रहनुजस्ता आधारहरूबाट अति प्राचीनकालमा यो ठाउँ जलमग्न तलाउकै रूपमा रहेको थियो भन्ने थाहा हुन्छ।

स्मरणीय कुरा के छ भने तालकै रूपमा रहँदा पनि यसका छेउछाउका डाँडाकाँडामा, भिर-पाखाका गुफामा, पहाडी कुना-कन्दरामा मानव बसोबास थियो। तिनीहरू सर्पलाई देवताका रूपमा पुज्दथे। तिनकै नामबाट यस तलाउलाई नागदह, कालीदह भनिन्थ्यो। काली तिनका मुखिया थिए। तिनीहरू जङ्गली र असभ्य थिए। तिनको मुख्य हतियार धनु र सुर्काउनी थियो। तिनको मुख्य खाना माछा, जङ्गली जनावर, चराहरू अनि गिठ्ठा र भ्याकुर हुन्थे। खेतीपाती र पशुपालनको चलन सुरु भइसकेको थिएन। यताबाट यिनीहरू प्राग ऐतिहासिक कालका मानव थिए भन्ने देखिन्छ। प्राग ऐतिहासिक कालमै अर्थात् जलमग्न तलाउकै रूपमा रहेकै अवस्थामा नेपाल उपत्यकामा मानिस बस्दथे भन्ने कुराको संकेत मानवशास्त्रीहरूले पनि गर्ने गरेका छन्। किनकि अद्यापि यहाँका पहाडी कुनाकन्दरामा अनेक गुफाहरू देख्न सकिन्छ। वास्तवमा हिमालको काखमा रहेको र

चारैतिर घना-जङ्गल भएको यस रमणीय ठाउँमा बेला-बेलामा विभिन्न ऋषिमुनि, तपस्वीहरू तप गर्न, ज्ञान प्राप्त गर्न आउने गरेको वंशावलीका वर्णनबाट पनि यहाँ मानव अस्तित्व त्यतिबेलादेखि नै रहेको थियो भन्ने तथ्य थाहा लाग्दछ। जे होस् तालको रूपमा रहेको यहाँको पानी बगेर बाहिर गएपछि यो ठाउँ बस्तीयोग्य भयो र विभिन्न क्षेत्रबाट मानिसहरू यहाँ बसोबास गर्न आइपुगेपछि यो ठाउँले बस्ती, नगर र राज्य व्यवस्थाको रूप लिन थाल्यो। यसरी वर्तमान काठमाडौं उपत्यका प्राचीन नेपाली सभ्यताको केन्द्रविन्दुका रूपमा अगाडि आयो।

## प्राचीन इतिहास

नेपालमा राज्यव्यवस्थाको प्रारम्भ यसैबेलादेखि भयो भनेर कितानकासाथ भन्न नसकिए तापनि गोपालराज वंशावलीअनुसार भने नेपालको प्रथम राजवंशको रूपमा गोपालवंशलाई लिने गरिन्छ। त्यसपछि महिषपालवंश, कसै-कसैले गोपाल र महिषपाल दुवै एउटै आभिर वंश हुन्, केवल पेशाको मात्रै भिन्नता हो भन्ने गरेका छन्। यी आभिर गुप्तहरू पछि गएर लिच्छवीकालमा पनि शक्तिशाली भारदारका रूपमा देखा परेकाले प्राचीन इतिहासमा यिनको अस्तित्व थिएन भनी नकार्न मिल्दैन। हाल पनि काठमाडौं उपत्यकाको दक्षिण पश्चिमी भेगतिर गोपाली थर भएका नेवारहरूको बसोबास रहेको र उनीहरूले आफू गोपालवंशका सन्तान भएको स्वीकारेको आधारमा प्राचीनकालमा यिनको पनि यहाँ अस्तित्व थियो भन्ने देखिन्छ। गोपालवंशमा जम्मा आठजना शासकहरूले शासन गरे। भूमीगुप्त यस वंशका प्रथम शासक मानिन्छन्। यिनीहरूको शासनकाल ५०५ वर्षसम्म रह्यो। त्यसबेलाको प्रमुख पेशा पशुपालन थियो। त्यसपछि किराँती वंशको शासन प्रारम्भ भयो। कालान्तरमा किराँतीहरूलाई पनि पराजित गरेपछि नेपालमा भारतको वैशालीबाट आएका लिच्छवीहरूको शासन सुरु भयो। नेपालमा लिच्छवीहरूको शासन स्थापना हुनु एउटा युगान्तकारी घटना थियो। किनकि यहींदेखि नेपालको प्रामाणिक इतिहास थालनी भएको मान्ने गरिन्छ। यसमा विशेष गरेर राजा मानदेवको नाम अग्रपङ्क्तिमा आउँछ। पहिलोपल्ट अभिलेख राख्ने, मुद्रा निकाल्ने आदिदेखि लिएर भाषा साहित्य, कला वास्तुकला, बाह्य जगतसँगको सम्पर्क आदि सबै क्षेत्रमा लिच्छवीहरूले चौतर्फी उन्नति हासिल गरेका थिए।

यसरी काठमाडौं उपत्यका प्राचीनकालदेखि वर्तमानकालसम्म नेपाल अधिराज्यकै हृदयस्थलका रूपमा विकसित भएर रहँदै आउनुका पछाडि एउटा प्रमुख कारण यहाँको भौगोलिक बनोट र प्राकृतिक वातावरण रहेको देखिन्छ। प्रकृतिले नै यसलाई अनादिकालदेखि अनेक किसिमका विशेष सुविधाहरू उपलव्ध गराउँदै आइरहेको छ। जस्तोः- यहाँको समथल र उर्वर भूमि, त्यसलाई सिञ्चन गर्ने बागमती, विष्णुमती, मनोहराजस्ता प्रमुख नदी र ती नदीमा मिल्ने अन्य सहायक नदीनालाहरू, प्रचुर मात्रामा रहेको वन-जङ्गल, न्यून जनसङ्ख्या, अनुकूल हावा-पानी अनि यसको दक्षिणी भेगहरूमा रहेको धातुगर्भ पहाडहरू आदि कारणहरूले गर्दा यस क्षेत्रमा उद्योगधन्दा, कला-कौशलको उत्थान र विकासका निम्ति उपयुक्त वातावरण तयार गरिदियो। यसभन्दा पनि महत्त्वपूर्ण कुरा के थियो भने चारैतिर पहाड नै पहाडले घेरिएको हुनाले यो ठाउँ एउटा सुरक्षित बासस्थानका रूपमा अगाडि आयो। यहाँका आदिवासी मूलनिवासी किराँत वर्गका नेपार वा नेवारहरू थिए।

उल्लेखित कारणहरूले गर्दा यिनीहरू आफ्ना छिमेकमा रहेका अन्य सबै किराँतीहरूभन्दा निकै सभ्य र सुसंस्कृत बन्न पुगे। यिनले वर्तमान काठमाडौं उपत्यका र यसका आसपासका क्षेत्रहरूमा विशेष गरेर चरन र खेतीयोग्य भूमिहरू भएका ठाउँहरूमा यत्रतत्र फैलिएर आफ्ना स-साना गाउँहरू बसाउन थाले। यिनै आदिम गाउँहरू पछि गएर खोपृङ, माखोपृङ, खृपुङ, दुप्रङ, लेम्बटी, थम्बु, सङ्घा आदि गाउँका रूपमा विकसित हुन थाले। किराँतकालको अन्त्यसम्ममा यी गाउँहरू यस क्षेत्रका समृद्ध गाउँका रूपमा विकसित भए। एउटा कुरा के भने पशुपालनका लागि पर्याप्त चरनभूमिको आवश्यकता पर्ने भएको र यसका लागि पाखो जमिन विशेष उपयुक्त हुने भएकोले तिनले समथल भूमिमा भन्दा पाखो भूमिमा नै आफ्नो बस्ती बसाले। समय-समयमा बाहिरबाट यहाँ प्रवेश गरेका विविध थरिका मानिसहरूले पनि समयको अन्तरालमा यहाँकै स्थानीय चाल-चलन, रहन-सहन, बोलीचाली आदि अँगाल्न पुगे। जसबाट एउटा मौलिक र समृद्ध संस्कृति निर्माण हुन पुग्यो, जसलाई नेपार वा नेवार सभ्यता वा संस्कृति भनियो।

यहाँ प्रवेश गरेका आरम्भिक जातिहरूमा गोपाल, महिषपाल त्यसपछि माटाका भाँडावर्तन बनाउने कुम्हाल वा कुमाले र नदीमा माछा मार्ने तथा डुङ्गा चलाउने दनुवार वा दरै थिए। यिनीहरूबाटै यहाँ आर्य सभ्यता र संस्कृतिको प्रभाव भित्रिएको विश्वास गरिन्छ। किनकि यतिबेलासम्म पनि यहाँका किराँती वर्गका नेवारहरूलाई तराईसम्म पुग्न र उताकालाई यता आउन बाटाघाटाको विकटता, हिंस्रक जीवजन्तुको डर, घना-जङ्गल आदि कारणहरूले गर्दा असम्भव जस्तै थियो।

जुनबेला उपत्यकाका किरात नेवारहरूमा आर्य सभ्यता र संस्कृतिका प्रारम्भिक प्रभाव पर्न थालेको थियो, त्यतिबेलासम्म भारतमा गंगा र यमुना नदीका समथल मैदानी भूभागमा आबाद भएर रहेका आर्यहरूको सभ्यता र संस्कृतिहरू निक्कै नै समृद्ध अवस्थामा पुगिसकेका थिए। आर्यहरूका गणराज्यहरू आ-आफ्ना प्रगतिपथमा अगाडि बढ्दै थिए। विदेह, कोसल, शाक्य आदि गणराज्यहरू यस्तै स-साना राज्यहरूका रूपमा विकसित भएर रहेका थिए। यस्ता राज्यहरूको एउटा छुट्टै सङ्गठित संघ-राज्य पनि त्यस क्षेत्रमा विकसित भएर अगाडि आएका थिए। जुन वृज्जिसंघ वा वज्जिसंघ नामले प्रसिद्ध थियो।

किराँतकालको प्रारम्भमा नेपाल उपत्यकामा स-साना गाउँहरू व्यवस्थित रूपमा बस्न थालिसकेका थिए। तर यी गाउँहरूका बीच परस्परमा झगडा भइरहन्थ्यो। दैवी-विपत्तिहरू पनि बेला-बेलामा आइपर्ने गर्थे। हिंस्रक जीवजन्तुहरूको डर पनि उत्तिकै थियो। बाहिरबाट आइपर्ने खतराको सम्भावना पनि उत्तिकै थियो। अतः त्यस परिस्थितिमा आपसमा मिलेर बस्नुपर्ने आवश्यकता महसुस गरेर दुई चार गाउँका मानिसहरू सङ्गठित भएर रहन थाले। यस किसिमका सामाजिक सङ्गठनहरूमा आफूहरूमध्येबाटै शारीरिक रूपमा तन्दुरूस्त, हतियार चलाउन जान्ने, बौद्धिक रूपमा पनि सचेत एकजना समर्थ व्यक्तिलाई आफ्नो नेता चुने। तोकिएको अवधि पूरा भएपछि यस्ता नेताको बदलामा यस्तै एकजना अर्का समर्थ व्यक्तिलाई अघिल्ला नेताका रूपमा चयन गर्न थाले। पछि गएर यस किसिमको परम्परामा अझै सुधार भई १०, २० वटा गाउँहरू मिलि यस्तै एकजना समर्थ व्यक्तिको नेतृत्वमा रहने प्रवृत्ति विकास हुन गएको देखिन्छ। यताबाट आर्यहरूसँग सम्पर्क स्थापित हुँदा वा नहुँदासम्म नेपाल उपत्यकामा एकप्रकारले एउटा राजसंस्थाको नै आधारशिला स्थापित भइसकेको अनुमान गर्न सकिन्छ।

नेपाल उपत्यकाका किराँत नेवारहरूले समयको दौरानमा आर्यहरूकै अनुकरण गरी यस क्षेत्रमा आवाद रहेका सबै गाउँहरूलाई एउटै प्रशासनिक निकायको रूपमा सङ्गठित गराएर नेपाललाई सार्वभौमसत्ता सम्पन्न एउटा छुट्टै स्वतन्त्र राज्यको जग बसालिदिए। यस किराँत राज्यमा पछि गएर नेवारहरू आवाद भएर रहेका उपत्यकाभन्दा बाहिरका भू-भागहरू पनि समाहित हुनआएको देखिन्छ। यही नै यस क्षेत्रमा स्थापित भएको आदिम किराँत राज्य भएको बुझिन्छ। अनि यो आफ्नो मौलिक सभ्यता र संस्कृतिले सु-सम्पन्न हुँदै थियो। वास्तवमा संसारको जुनै सभ्यता वा संस्कृति अध्ययन गरे पनि त्यस सभ्यता र संस्कृतिको विकासमा मुख्यतया दुईवटा पूर्वाधारहरूले प्रभाव पारेको देखिन्छ। जस्तैः-पहिलो, प्राकृतिक एवं भौतिक स्रोत र साधनहरूको उपलब्धता र दोश्रो, कुनै सभ्य जातिसितको संसर्ग एवं सम्पर्क। यहाँ पनि यी दुईटै कुराले साथ दिएको स्पष्ट देखिन्छ। तात्कालीन किराँत नेवारहरूका सन्तान अर्थात् वर्तमान नेवारहरूमा सभ्य जातिको पूरापूर छाप पाइन्छ। यिनका आफ्नै भाषा, साहित्य, लिपी छ। व्यापार यिनीहरूकै हातमा छ। यिनको शिल्पकला संसारमा नै बेजोड मानिन्छन्। धार्मिक, सांस्कृतिक पक्षहरू सबल छन्, तर आर्यहरूको संसर्गबाट सभ्यताको खुड्किला चढ्न सफल भएकाले हुनुपर्छ वर्तमानमा जस्तै तात्कालीन किराँती नेवारहरूमा पनि जातिय भेदभावको सञ्जालले भने विजारोपण गरेको आभास पाइन्छ। किनकि ब्राम्हण, क्षत्री, वैश्य, शुद्र भन्ने जुन अवधारणा छ, त्यो आर्यहरूकै देन थियो। यो किराँतकालको सुरुवात यदि लिच्छवीकाल ईस्वी शताब्दीको आरम्भसँगै प्रारम्भ भएको मान्ने हो भने ईशापूर्व एक हजार वर्ष अघितिरको भएको देखिन्छ। तर बाबुराम आचार्यले भने ई.पू. ७५० तिर मान्नुभएको छ।

यसरी प्राचीन नेपालको इतिहासमा किराँतकाल भन्दा अघिका गोपाल र महिषपालसम्बन्धी आख्यानहरू केबल वंशावली र पुराणहरूमा मात्र समेटिएको हुनाले यथार्थमा किराँतकाल नै नेपालको पहिलो ऐतिहासिक कालको रूपमा स्वीकार्न सकिन्छ। यद्यपि किराँतकालसम्बन्धरु वंशावलीका वर्णनहरू पनि त्यति वस्तुगत र तथ्यपरक छैनन्। तर पनि नेपालमा लिच्छवी पूर्वकिराँतीहरूले लामो समयसम्म शासन गरेका थिए भन्ने कुरा हालसम्मको अध्ययनहरूबाट स्पष्ट भइसकेका छन्। जस्तोः लिच्छवीकालिन अभिलेखहरू, जुन संस्कृत भाषामा उत्कीर्ण छन्, तर त्यसमा प्रयुक्त हुन आएका प्रशस्त शब्दहरू गैरसंस्कृत अर्थात् किराँती भाषाका छन्। जसबाट त्यसबेलाका प्रमुख बस्तीहरूका नामहरू, केन्द्रीय स्तरका प्रशासनिक अड्डाहरू, कुलो, कुलेसाका नामहरू सबै किराँती भाषाका शब्दबाट आएका हुनाले ती बस्ती, अड्डा, कुलोहरू सबै किराँतकालमै स्थापना भइसकेका थिए भन्ने तथ्य जान्न सकिन्छ। यताबाट प्राचीन नेपालमा बस्तीको विस्तार भई सङ्गठित राज्य व्यवस्थाको स्थापना किरातकालमै भइसकेको बुझिन्छ। यसरी लिच्छवीकालमा प्रसारित भएका अभिलेखहरूबाट किराँतकालको बारेमा धेरथोर जानकारी प्राप्त गर्न सकिन्छ। यतिमात्र नभएर हाल काठमाडौं उपत्यकाका विभिन्न स्थानहरूमा इश्वी शताब्दीभन्दा पहिलेका केही मूर्तिहरू उपलब्ध रहेका छन्। घुँगुरिएको कपाल, चिम्से आँखा, थेप्चो नाक, चौडा निधार आदि मङ्गोल मुखाकृतिका आधारमा ती प्रस्तर मूर्तिहरू किराँतकालमा बनेका देखिन्छन्। जस्तोः पशुपति आर्यघाटमा रहेको विरूपाक्षको मूर्ति, स्वयम्भूको उकालो चढ्न लाग्दा देखिने बुद्धका विशाल मूर्तिहरू आदि। यसले पनि नेपालमा किराँती राज्य व्यवस्थातर्फ संकेत गर्दछ।

किराँतकालमा नेपालको विविध रूपले विकास भएको थियो। यद्यपि मुद्रा, अभिलेखजस्ता पुरातात्त्विक सामग्रीहरू उपलब्ध हुनसकेका छैनन्। तर त्यसो भए पनि नेपालको प्रशासनिक ढाँचा पहिलोपल्ट किराँतकालमा नै स्थापना भएको बुझिन्छ। कुथेर, लिङ्गोल, शूल्ली, माप्चोकजस्ता लिच्छवीकालीन केन्द्रीयस्तरका प्रसिद्ध अड्डाहरू जुन छन्, ती किराँतकालमा नै स्थापना भइसकेका थिए। काठमाडौं उपत्यकाका अधिकांश प्राचीन बस्तीहरूको स्थापना पनि किराँतकालमै भइसकेको बुझिन्छ। किनकि तिनका पुराना नामहरू किराँती भाषाका शब्दबाट बनेका छन्। अनि कुलोलाई समेत किराँती भाषाको तिलमक शब्द व्यवहृत भएकाले कुलो खनेर व्यवस्थित ढङ्गले खेतीपाती गर्ने चलन त्यतिबेलै थियो भन्ने बुझिन्छ। त्यसबेलाको शासन प्रणाली राजतन्त्रात्मक थियो। समाजमा महिला र पुरुषबीच कुनै भेदभाव थिएन। युद्धमा समेत महिलाहरू पुरुषहरूसँगै सहभागी हुन जान्थे। त्यसबेला शिवलिङ्ग, नागगण,

वरवृक्ष आदिको पूजा गर्ने परम्परा थियो। शिवलिङ्ग पूजा गर्ने भएकाले किराँतीहरू मूल रूपले शैव धर्मावलम्बी देखिन्छन्, तापनि अन्य धर्मको पनि त्यसबेला विकास भएको थियो। वैष्णव धर्म मान्ने गोपालहरू पहिलेदेखि नै थिए। बुद्धका शिष्य आनन्द र पछिबाट सम्राट अशोकका मानिसहरू समेत यहाँ बौद्ध धर्मको प्रचार गर्न आएबाट यस तथ्यको पुष्टि हुन्छ। किराँतीहरूकै समयमा भारतबाट विभिन्न हिन्दु धर्मावलम्बीहरू शरणार्थीका रूपमा यहाँ प्रवेश गरेका थिए। यिनमा शाक्य, कोलीय, मल्ल, लिच्छवी आदि प्रमुख थिए। यिनीहरूको बसोबासको राम्रो व्यवस्था किराँतीहरूले नै मिलाइदिएका थिए। यस अर्थमा किराँतकालको नेपाली सभ्यता विकसित अवस्थामा पुगेको थियो भन्ने थाहा हुन्छ।

किराँतकालीन समयमा उता भारतमा भने मगध साम्राज्यको युग थियो। मगध साम्राज्यमा बिम्बिसार, अजातशत्रु, नन्दवंशी तथा मौर्यहरूको शासन चलेको थियो। त्यसबेला ती सबै राजवंशसँग नेपालको राम्रो सम्बन्ध कायम रहेको देखिन्छ। ईशापूर्व पाँचौ शताब्दीतिर पञ्जाबी विद्वान विष्णुगुप्त चाणक्य, जसलाई कौटिल्य पनि भनिन्छ, उनले लेखेको अर्थशास्त्रमा उल्लेख भएअनुसार नेपालको व्यापार मगधको राजधानी पाटलीपुत्रसम्म फैलेको थियो। नेपालमा बनेका विभिन्न घुमराडी, आठपाते राडी, पाखी (कम्बल) हरू मगधको बजारमा निक्कै माग हुन्थ्यो। सो ग्रन्थमा यस राज्यलाई नेपार नभनेर स्पष्ट शब्दमा नेपाल भनिएको छ। किनकि कौटिल्य मूल रूपमा पञ्जाबी भए तापनि आफ्नो अर्थशास्त्रको रचना भने मगधको राजधानी पाटलीपुत्र (हालको पटना) मा आएर गरेका थिए। त्यतिबेला त्यहाँ प्रचलित मागधी वर्गको प्राकृत भाषामा "र" अर्थात् रेफ वर्णको उच्चारण लोप भई त्यसको बदलामा "ल" वर्णको उच्चारण हुने हुँदा जातिवाचक नेपार शब्दले त्यहीं नै देशवाचक नेपाल भन्ने रूप धारण गरेको देखिन्छ।

यसरी यस क्षेत्रमा आवाद भएर रहेका नेपार वा नेवारहरू त्यसबेला मगधको राजधानी पाटलीपुत्रतिर नेपाल नामले प्रसिद्ध हुन पुगेको थियो भन्ने देखिन्छ। नेपालका केही पुराना हस्तलिखित ग्रन्थ र मध्यकालीन अभिलेखहरूमा पनि नेपाल शब्दलाई पछिसम्म जातिवाचक अर्थमा नै प्रयोग गरिँदै आएको भन्ने भनाई बाबुराम आचार्यको रहेको पाइन्छ। यसरी प्रारम्भमा उपत्यकाका आदिम मूल बासिन्दा नेपार वा नेवारबाटै यस क्षेत्रको नाम नेपाल रहन गएको र वर्तमान कालमा यस शब्दले व्यापक अर्थ बोके पनि राणाकालसम्म पनि नेपाल भन्नाले केवल तीन सहर नेपाल अर्थात् काठमाडौं उपत्यकालाई मात्र जनाउँदथ्यो।

## उपसंहार

उपर्युक्त दृष्टान्तहरूबाट के कुरा स्पष्ट हुन आउँछ भने अति प्राचीनकालमा वर्तमान काठमाडौं उपत्यका पानीले भरिएको एउटा तालको रूपमा रहेको थियो। वास्तवमा नेपाल उपत्यकाको उत्पत्ति र यसको प्राचीनता सम्बन्धमा विभिन्न धर्मशास्त्र, पुराण र वंशावलीहरूमा अनेक रोचक प्रसङ्गहरू भेटिन्छन्, तर त्यस्ता कतिपय प्रसङ्गमा सत्यताको आभास त्यति नमिले तापनि हालसम्म भएका अध्ययनका आधारमा तालकै रूपमा रहँदादेखि नै यहाँ मानव बसोबास रहेको र ताल फुटेर उपत्यका बनेपछि यहाँ सर्वत्रबाट मानिसहरू बसोबास गर्न आइपुगे। यसपछि यसले बस्ती, नगर र राज्यको रूप धारण गरेको तथ्य अगाडि आउँछ, जुन तथ्यलाई भूगर्भशास्त्र, मानवशास्त्र र पुरातात्विक अध्ययन अन्वेषणले पनि पुष्टि गर्दछ। यथार्थमा आदिवासी किराँती र आगन्तुक आभिर(आर्य)हरूको पारस्परिक मेलमिलापकै कारणबाट नेपाल उपत्यकामा नेवार सभ्यताको प्रारम्भ भएको मानिन्छ। आज यहाँ बसोबास गर्ने प्राचीन बासिन्दालाई नेवार भन्ने गरिन्छ र त्यसलाई एउटा जातिविशेषको रूपमा लिने गरिएको छ। तर त्यो एउटा जाति नभएर भौगोलिक अवधारणा हो। अस्तु !

## सन्दर्भ ग्रन्थसूची


आचार्य, बाबुराम, प्राचीनकालको नेपाल, काठमाडौंः श्रीकृष्ण आचार्य, वि.सं. २०६०।

जोशी, हरिराम, "दि नागा ट्राइब्स", रोलम्बा, भोलुम ४, नं. १,जनवरी–मार्च १९८४।

दाहाल, पेशल, नेपालको इतिहास, काठमाडौंः एम. के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स, ई.सं. २००५।

पौडेल, नयनाथ(सं.), भाषा वंशावली भाग १, काठमाडौंः नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२०।

रेग्मी, डि. आर., एनसिएन्ट नेपाल, कलकत्ताः के. एल. मुखोपाध्याय, ई.सं. १९६५।

बज्राचार्य, धनबज्र, लिच्छवीकालका अभिलेख, काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.सं. २०३०।

बज्राचार्य, धनबज्र र मल्ल, के.पी.(सं.), दि गोपालराज वंशावली, काठमाडौंः नेपाल रिसर्च केन्द्र, ई.सं. १९८५।

शर्मा, बालचन्द्र, नेपालको ऐतिहासिक रूपरेखा, बाराणसीः कृष्णकुमारीदेवी, वि.सं. २०३३।


(डा. कायस्थ भक्तपुर बहुमुखी क्याम्पस भक्तपुरका इतिहास विभागका विभागीय प्रमुख हुनुहुन्छ। balaram.kayastha@gmail.com मा उहाँसँग सम्पर्क गर्न सक्नुहुन्छ।)

### सच्याउनु होस्

'भक्तपुर' मासिक २०७५ साउन अङ्कमा बलराम कायष्ठको 'गोर्खाली आक्रमण र राजा रणजित मल्ल' लेखको पृष्ठ ६७ को पहिलो कोलम दोस्रो परिच्छेदको पाँचौं हरफमा वि.सं. १८२६ मंसिर १ गते हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याउनु होस्।

# बासिबियाँलो



गणयमान्य व्यक्तिको माझमा गधाको टाउको?

उत्तर - रोइन ।

यस्तो एउटा सङ्ख्या भन्नुहोस् जस्मा ३ ले गुणन गर्दा या ३ जोड्दा एउटै उत्तर आउँछ ।

उत्तर- १.५

**आफू बस्ने घर, चोक, टोल र नगर हाम्रो लागि हामी आफै सफा गरौं । सफाइ गर्दा इज्जत घट्दैन बरू सभ्य भइन्छ र रोगबाट समेत मुक्त हुन्छ ।**

तपाईंको भान्छा

## काँचो चना खानुको फाइदा

चनामा प्रशस्त मात्रामा फाइबर पाइन्छ, जुन पाचन प्रक्रियालाई बलियो बनाउन असाध्यै महत्त्वपूर्ण हुन्छ ।

- रातभर भिजाएको चनामा अदुवा, नुन र जिरा मिलाई बिहान खाने गर्नाले कब्जियतको समस्या क्रमशः कम हुँदै जान्छ । चना भिजाएको पानी खानु अझ लाभदायक हुन्छ ।
- चनामा कार्बोहाइड्रेट, प्रोटिन, क्याल्सियम, म्याग्नेसियमलगायत तत्व प्रशस्त मात्रामा पाइन्छ । यी तत्वले शरीरलाई ऊर्जा प्रदान गर्छन् ।
- चनामा ग्लुकोजको मात्रा कम हुन्छ । यो डायबेटिज भएका मानिसका लागि उत्तम भोजन हो ।
- एकदेखि दुई मुठी चना हरेक दिन खाने हो भने रगतमा चिनीको मात्रा नियन्त्रित अवस्थामा रहन्छ । डायबेटिज हुन पाउँदैन । भएको छ भने चनाले फाइदा पुऱ्याउँछ ।
- चना भिजाएको पानीले अनुहार धुने गरेमा अनुहार चम्किलो हुन्छ ।
- रातभरि भिजाएको चनामा थोरै मह मिसाएर दिनहुँ खाने गर्नाले पत्थरीको समस्या देखापर्ने जोखिम कम हुन्छ । पत्थरीको समस्या देखापरिसकेको छ भने यसो गर्नाले स्टोन सजिलै निस्किने सम्भावना रहन्छ ।
- चनाको पिठोको रोटी खानाले पेट सफा रहन्छ ।
- रक्तअल्पता भएको छ भने हरेक दिन महसँग चना खाने गर्नुपर्छ । चनामा आइरन र फोस्फोरस प्रशस्त मात्रामा हुन्छ । यसले रक्तअल्पता कम गर्नुको साथै रगतमा हेमोग्लोबिनको मात्रा बढाउँछ ।
- बाडुली लागेर हैरान भएको बेला चनाको सुकेको पातको धुवाँ लिनाले बाडुली रोकिन्छ ।
- चनाको बेसनमा बेसार मिसाई अनुहारमा लगाउने गर्नाले अनुहार चम्किलो हुन्छ ।
- नुहाउनुअघि चनाको बेसनमा दूध अथवा दही मिसाई पेस्ट बनाएर अनुहारमा लगाउने र १०-१५ मिनेटपछि चिसो पानीले पखालेर नुहाउने गर्नाले अनुहारमा रहेका डन्डीफोरलगायत दाग, दाद आदि हराएर जान्छन् ।
- पिसाब आइरहने समस्या छ भने भुटेको चना दिनहुँ खाने गर्नुपर्छ । सक्खरसँग चना खाने गर्नाले पिसाबमा इन्फेक्सन देखापर्ने जोखिम कम हुन्छ ।

'स्वास्थ्य खबरपत्रिका' बाट

# eQmk'/sf ;f+s[ts u?x¿sf] ;H+fKt kl/ro

*(भक्तपुर नगरपालिकाको अयोजनामा ३९ औं विश्व पर्यटन दिवस २०७५ को अवसरमा भक्तपुर नगरपालिकाका १० वटा वडाका  २-२ जना सांस्कृतिक गुरुहरूलाई असोज ११ गते नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें रोहितद्वारा दोसल्ला ओढाइ सम्मान रकम रु. १५००० (प्रतिव्यक्ति) सहित सम्मान पत्र प्रदान गर्नुभएको थियो । सांस्कृतिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउनुहुने भक्तपुर नगरपालिकाद्वारा सम्मानित २० जना सांस्कृतिक गुरुहरूको संक्षिप्त परिचय प्रस्तुत छ - सम्पादक)*

## बुलाल राजलवट, वडा नं. १



बुलाल राजलवटको जन्म वि.सं. १९९४ पुस महिनामा भएको हो । उहाँको बुबाको नाम बुद्धवीर अवाल र आमाको नाम मोतिमाया अवाल हो । उहाँको विवाह २०१५ साल बिकुमायासँग भएको थियो । उहाँका ७ जना छोरा, ४ जना छोरी र ४ जना नातिहरू छन् ।

२०१३ सालमा आफ्ना काकाहरूको सहयोगमा दाफा भजन सिक्न जानुभएका उहाँले लालाखिं पनि सिक्नुभएको थियो । पछि गएर उहाँ स्वयम् दाफा भजनको गुरु पनि हुनुहुभयो । २०५५ सालदेखि अहिलेसम्ममा उहाँले ५ जनालाई भजन सिकाइसक्नुभएको छ । दाफा भजन आफूले पनि घोकेर सिकेको हुँदा आफ्ना प्रशिक्षार्थीहरूलाई पनि घोक्न लगाउनुहुन्थ्यो । भजनको लय अक्षरमा लेखेको हुँदैन, लेखेको बुझ्न पनि कठिन हुने भएकोले घोक्नुको विकल्प नभएको उहाँको बताउनुहुन्छ । दाफा भजनले ज्ञान र बुद्धि दिन्छ । प्राचीन इतिहास, धर्म, संस्कृति, भौतिक शिक्षाले हाम्रो समाज अगाडि बढ्ने कुरा उहाँ बताउनुहुन्छ ।

भजनले हाम्रो कला, संस्कृतिलाई जीवन्त राख्छ, भजनलाई जीवित राख्न जनस्तर र स्थानीय सरकार अनि केन्द्रीय सरकारको पनि भूमिका महत्त्वपूर्ण हुने कुरा उहाँ बताउनुहुन्छ । नयाँ पुस्ताका युवाहरूलाई पनि दाफा-भजनको महत्त्व हुने बताउनुभयो ।

## शंखबहादुर सिन्ताकल, वडा नं. १



बुबा काजीबहादुर र आमा रत्नमायाबाट बि.सं. २०१५ साल कार्तिक महिना वडा १ मा जन्मनु भएका शंखबहादुर सिन्ताकल २०२२ सालदेखि सांस्कृतिक क्षेत्रमा प्रवेश गर्नुभएको हो । उहाँले २०३० सालमा लालाखिं सिक्नुभएको थियो भने २०५८ सालदेखि विभिन्न बाजागाजाका सहायक प्रशिक्षकको रूपमा प्रशिक्षण गराउँदै आइरहनु भएको छ ।

परम्परागत कृषि पेशाबाट फुर्सद पाउने वित्तिकै सांस्कृतिक बाजागागामा तल्लीन हुने गुरु सिन्ताकल २०६८ सालदेखि हालसम्म पनि नगरको विभिन्न स्थानमा प्रशिक्षक र सहायक प्रशिक्षकको रूपमा सांस्कृतिक बाजागागाको प्रशिक्षण दिँदै आइरहनुभएको छ ।

## सत्यनारायण देशेमरू, वडा नं. २

सत्यनारायण देशेमरुको भक्तपुर नगरपालिका वडा नं. २, इताछेंमा २०३० मंसिर १० गते बुबा बुद्धिबहादुर देशेमरु र आमा मैया देशेमरुको सन्तानको रूपमा जन्म भएको हो । उहाँले २०४५ सालमा धाँ बाजा, २०४७ सालमा धिमे बाजा सिकेर साँस्कृतिक क्षेत्रमा लाग्नुभएको हो ।



उहाँले २०५५ सालदेखि ५/६ वटा समूह र २ वटा विद्यालयमा सांस्कृतिक प्रशिक्षण दिइसक्नुभएको छ ।

उहाँ प्रत्येक वर्ष त:मुँज्याको सांस्कृतिक ऱ्याली र विभिन्न सांस्कृतिक जात्रा र पर्वहरूमा धाँ/धिमे बाजा बजाएर सहभागी हुँदै आउनुभएको छ ।

## न्हुछेकुमार लासिवा, वडा नं. २

भक्तपुर नगरपाकिला वडा नं. २ ब्यासीका न्हुछेकुमार लासिवाको जन्म वि.सं. १९९९ जेठ २९ गते बुबा बुद्धिबहादुर लासिवा र आमा बेतीमाया लासिवाका सन्तानको रूपमा भएको हो ।

उहाँले वि.सं. २०४५ सालमा सांस्कृतिक गुरु गणेशबहादुर सिजख्वबाट धिमेबाजा सिकेर सांस्कृतिक क्षेत्रमा प्रवेश गर्नुभएको हो । उहाँले वि.सं. २०६४, २०६६, २०६८, २०७० र २०७३ सालसम्ममा ५ वटा समूहलाई धिमेबाजा प्रशिक्षण दिइसक्नुभएको छ ।



उहाँले प्रत्येक वर्ष त:मुँज्याको सांस्कृतिक ऱ्याली र विभिन्न सांस्कृतिक जात्रा र पर्वहरूमा धिमे बाजा बजाएर सहभागिता जनाउँदै आउनुभएको छ ।

## नारायणबहादुर गोरा, वडा नं. ३

नारायणबहादुर गोरा सांस्कृतिक क्षेत्रमा चिरपरिचित व्यक्ति हुनुहुन्छ । २०१३ साल साउन २० गते भक्तपुर जिल्ला



भक्तपुर नगरपालिका वडा नं. ३ कोलाछें टोलमा पिता गणेशलाल गोरा र माता विष्णुमाया गोराका कान्छा छोराको रूपमा जन्मनुभएका नारायणबहादुर गोराका ५ दाजु र १ दिदी हुनुहुन्छ । भक्तपुरको शारदा मा.वि.बाट एस.एल.सी. उत्तीर्ण भएका नारायणबहादुर गोरा जेठी श्रीमती लक्ष्मीदेवी गोराको मृत्यु भएपछि उहाँले रत्नकेशरी गोरासँग विवाह गर्नुभयो । उहाँका चार छोराहरूमा बद्री गोरा, नारायणसुन्दर गोरा, शिवसुन्दर गोरा र महेशसुन्दर गोरा र छोरी नारायणकेशरी गोरा हुनुहुन्छ ।

हाल चिउरा कुट्ने कुटिर व्यवसाय सञ्चालन गर्दै आउनुभएका गोरा २०३९ सालको पञ्चायती कालमा साविक भक्तपुर नगरपालिका वडा नं. १३ बाट वडा अध्यक्ष निर्वाचित भई जनताको सेवा गर्नुभएको थियो । उहाँले स्थानीय टोलवासी समाजसेवी अगुवाहरूको राय-सल्लाहअनुसार सांस्कृतिक क्षेत्रमार्फत् जनतालाई सचेत र संगठित बनाई समाजमा आमुल परिवर्तनको लागि अग्रसर बनाउन श्रमिक कला सदन स्थापना गर्नुभयो । स्थापनाकालदेखि हालसम्म विभिन्न माध्यमबाट जनतालाई सचेत संगठित गर्दै आएको छ ।

२०४० सालदेखि भजन क्षेत्रमा पाइला चाल्नुभएको नारायणबहादुर गोराले अहिलेसम्म आफ्नै घरमा १५ पटक र अन्यत्र ५ पटक गरी जम्मा २० पटक लगभग ३०० जनालाई हार्मोनियम, तबला र गीतलगायत प्रशिक्षण दिनुभएको थियो । श्रीमक कला सदनमार्फत टोल-टोलमा संघ-संस्थाहरूको आयोजनामा हुने कार्यक्रम तथा हरेक वर्ष गाईजात्रामा विभिन्न जनचेतनामूलक प्रहसनहरू प्रस्तुत गर्दै आउनुभएको छ ।

नयाँ पुस्ताले सांस्कृतिक क्षेत्रमा लागेर समाजमा चेतना जगाउन सहज हुने भएकोले सांस्कृतिक जात्रामा लाग्नुपर्ने धारण उहाँ राख्नुहुन्छ । पश्चिमी संस्कृतिले विकृति विसंगती बढाइरहेकोले आफ्नो पहिचानलाई बचाउन आफ्नो संस्कृतिलाई माया गर्न सिक्नुपर्छ भन्नुहुन्छ । आफ्नो परिवार सबैले सहयोग गरिरहनुभएकोमा खुसी व्यक्त गर्दै सांस्कृतिक गुरुको रूपमा सम्मानित हुन पाउँदा झनै खुसी व्यक्त गर्दै नयाँ पुस्ताले सिक्दै जानुपर्छ भन्नुभयो ।

## विष्णुलाल चौगुठी, वडा नं. ३

वि.सं. १९८८ साल फागुन ४ गते भक्तपुर नगरपालिका वडा नं. ३ तेखाचो टोलमा पिता सुकु चौगुठी र माता आसमाया चौगुठीको कोखबाट माहिलो छोराको रूपमा जन्मनुभएका विष्णुलाल चौगुठीका एक दाजु र एक



भाइ हुनुहुन्छ । कृषि पेशा नै आफ्नो प्रमुख पेशा भएको बताउनुहुने विष्णुलाल चौगुठी कृषि पेशा मात्र नभई दाफा-भजनमा पनि त्यत्तिकै सक्रिय भएर लागि रहनुभएको छ ।

बाराही पुलाँ दाफा भजनमा नाइके भई नेतृत्व गरिरहनुभएका चौगुठीले लालाखिं र म्ये ३/४ पटक नयाँ पिढीलाई सिकाइ सक्नुभएको छ । लगभग टोलका १०० जवान जातिलाई तालिम दिइसकेका चौगुठीले नयाँ पुस्ता दाफा भजनमा सक्रिय नहुँदा भोली भजन रहने हो कि होइन भनी चिन्ता व्यक्त गर्नुहुन्छ । भजनमा नयाँ पुस्ताको उपस्थिति कम भएकोले भजन चलाउन मुस्किल भएको र दाफा भजनले नयाँ पुस्तालाई नै प्राथमिकता दिइ अगाडि बढ्नुपर्ने र नयाँ पुस्ताले पनि आफ्नो पहिचान नै आफ्नो संस्कृति भएको हुँदा ध्यान दिनुपर्ने बताउनुहुँदै यस्तो सांस्कृतिक गुरुहरूको सम्मानले नयाँ पुस्तालाई हौसला मिल्ने बताउनुहुन्छ । भक्तपुर नगरपालिकाले सांस्कृतिक गुरु सम्मान गर्नुभएकोमा खुसी तथा धन्यवाद व्यक्त गर्दै यसलाई निरन्तरता दिनुपर्ने आवश्यकता रहेको बताउँदै आफूले सक्दो सहयोग गर्दै जाने धारणा राख्नुहुन्छ ।

## न्हुछेभक्त प्रजापति, वडा नं. ४

बाजे काशीनाथ प्रजापति, पिता कान्छा प्रजापतिको पहिलो श्रीमति आमा दिलकुमारी प्रजापतिको कोखबाट दोश्रो सन्तानको रूपमा जन्मनुभएका न्हुछेभक्त प्रजापतिको जन्म मिति १९९२ श्रावण २४ गते नवमिको दिन जन्म भएका हुन् ।



७ वर्षको उमेरमा भैल प्याखको कवान्चा नाच सिकेर नाच्दै सांस्कृतिक क्षेत्रमा प्रवेश गरेका न्हुछेभक्त प्रजापतिले १६ वर्षमा महाकाली नाच र तालाको दाफा भजनको लालाखिं सिकेर नाच्दै र बजाउँदै आएको निजले सिकेको बाजाहरूमा क्रमस बेला, हार्मोनियम, तबला, धिमे बाजा, खण्डली र ढोलक बाजाहरू सिकेर बजाउँदै र अरुलाई पनि सिकाउँदै आएका न्हुछेभक्त प्रजापतिको विवाह २०२१ साल बैशाखमा रत्नमाया प्रजापतिसँग भएको र निजहरूका २ छोरा र ६ छोरीहरू छन् । उहाँले २०५२ सालमा र २०६६ सालमा तालाको दाफा भजनको मुख्य गुरु भएर अरुलाई लालाखिं सिकाएर हालसम्म भैल प्याख र तालाको दाफा भजनमा र रास भजनमा निरन्तर लागी परेका गुरु हुन् न्हुछेभक्त प्रजापति ।

## चन्द्रबहादुर जाकिबन्जार, वडा नं. ४

बाजे गुनारां जाकिबन्जार पिता काजीबहादुरको श्रीमति आमा माया जाकिबन्जारको कोखबाट ३ दाजुभाइमध्ये



जेठो सन्तानको रूपमा १९९३ वैशाख २६ गतेका दिन साविक १४ वडा दुमलाचामा चन्द्रबहादुर जकिबन्जारको जन्म भएको हो।

उहाँको विवाह २००८ सालमा रत्नमाया जाकिबन्जारसँग भएको थियो र उहाँका ३ छोरा र २ छोरीहरू छन्।

१४ वर्षको उमेरमा २००८ सालमा मंगलाछें ढल्चा भजनबाट सांस्कृतिक क्षेत्रमा प्रवेश गर्नुभएको थियो। चन्द्रबहादुर जाकिबन्जारले आफू १७ वर्षको उमेरमा बाँसुरी बाजा सिक्नुभएको थियो।

राजा महेन्द्रको राज्याभिषेकमा बजाइने बाँसुरी बाजा मिलेको/नमिलेको जाँच गर्न १ हप्तासम्म जानुपरेको र सोको पारिश्रमिक ४० रूपैयाँ पाएको बताउनुहुने चन्द्रबहादुर जाकिबन्जारले अन्तिमपटक २०७० सालमा भजन सिकाएको बताउनुहुन्छ। उहाँ बाँसुरी बाजा र ढल्चा भजनमा हालसम्म पनि निरन्तर लागिरहनुभएको छ।

## न्हुछेबहादुर नला, वडा नं. ५



लानसिं नला तथा आशा नलाका नाति तुईसिं नला तथा कृष्णमाया नलाको कोखबाट वि.सं. १९९४ भाद्र २८ गते चासुखेल कुथुपालीमा गुरु न्हुछेबहादुर नलाको जन्म भएको थियो।

सांस्कृतिक क्षेत्रमा २००५ सालदेखि माक प्याखंबाट यात्रा सुरु गरी लालाखिं, पछिमाय, दाफा भजन, देवी प्याखं, बाँसुरीमा आबद्ध साथै उहाँबाट लालाखिं ४ पटक, पछिमाय ६ पटक, बाँसुरी २ पटक, माक प्याखं र देवी प्याखं वर्षेनी सिकाउँदै आउनुभएको छ। सांस्कृतिक गुरु न्हुछेबहादुर नलाको २ छोरा र २ छोरी छन्।

## कृष्ण त्वायना, वडा नं. ५



विश्वमान त्वायना, पूर्णप्यारी त्वायनाका नाती कृष्ण त्वायनाको जन्म वि.सं. १९८८ मा खिछें भ.न.पा. ५ मा भएको थियो। सांस्कृतिक गुरु कृष्ण त्वायना सांस्कृतिक क्षेत्रमा २००० सालदेखि महाकाली प्याखंबाट यात्रा सुरु गरी भजनमण्डल र दाफाभजनमा आबद्ध हुनुभएको थियो। साथै उहाँले मुलाछें, दोगन तथा खिछेंमा दाफा भजन सिकाउनुभएको थियो। सांस्कृतिक गुरु कृष्ण त्वायनाका ४ छोरी र १ छोरा छन्।

## गणेशबहादुर सिजख्व, वडा नं. ६

वि.सं. १९९८ कार्तिक महिनामा बुबा विकुलाल सिजख्व र आमा जगतमाया सिजख्वको सन्तानको रूपमा भक्तपुर नगरपालिका वडा नं. ६ मा जन्मनुभएका गणेशबहादुर सिजख्व भक्तपुरमा मात्र नभई विदेशमा समेत सुपरिचित सांस्कृतिक गुरु हुनुहुन्छ। कृषि पेशामा संलग्न उहाँ ९ वर्षदेखिको बालक अवस्थादेखि नै सांस्कृतिक क्षेत्रमा लाग्नुभएको गुरु स्वर्गीय पुनलाल सिजख्व हो।



उहाँले ६५ वर्षको आफ्नो सांस्कृतिक अनुभवमा ५० पटकभन्दा बढी भक्तपुरका विभिन्न स्थानमा सांस्कृतिक प्रशिक्षण दिइसक्नुभएको छ। उहाँले विदेशी नागरिकहरूमध्ये जर्मन, अमेरिकन र इटालियनहरूलाई पनि भक्तपुरको परम्परागत सांस्कृतिक बाजागाजासम्बन्धी प्रशिक्षण दिइसक्नुभएको छ। सांस्कृतिक क्षेत्रमै लागेर उहाँ जर्मन र इटाली देशको भ्रमण गरिसक्नुभएको छ। उहाँका ४ छोरा र २ छोरीहरूमध्ये सबै छोराहरू सिकर्मी पेशामा संलग्न छन्।

## आसराम अवाल, वडा नं. ६

भक्तपुर नगरपालिका वडा नं. ६ का सांस्कृतिक गुरु आसराम अवालको जन्म वि.सं. २००२ सालमा बुबा



मोहनबहादुर अवाल र आमा मानकुमारी अवालको सन्तानको रूपमा भएको हो। उहाँले वि.सं. २०४५ वर्षदेखि विभिन्न सांस्कृतिक गतिविधिमा संलग्न हुँदै आउनुभएको छ। उहाँले लाला खिं, धाँ बाजा, भैरव नाच, कवांचा प्याखं आदि सिकाउँदै आउनुभएको छ। उहाँका ४ छोरा र २ छोरीहरू छन्।

## मोतिबहादुर खायमली, वडा नं. ७

असारे लोक गीतसँगै विक्रम संवत् १९८८ असार ९ गते भक्तपुर नगरपालिका गोल्मढी याता ७ वडामा माता मोहनमाया खायमलीको कोखबाट जन्मनुभएका मोतिबहादुर खायमली बुबा आसलाल खायमलीको प्रशिक्षणसँगै दमरेश्वर दाफा भजन मण्डलमा १६ वर्षे उमेरदेखि अविरल लाग्नुभयो।



लालाखिंका पारखी मोतिबहादुर खायमलीले बाँसुरीबाजा सिक्नुभए पनि लालाखिंका नाइके हुँदै ७ वटा समूहलाई लालाखिं प्रशिक्षण दिनुभयो। कति समकालीनहरूले जिम्मेवारी छोडेर गए तर उहाँ ८७ पुग्दा पनि आफ्नो हात र मन लालाखिं र बाँसुरीको तालमै नाचिरहेका बताउनुहुन्छ।

लालाखिंको तालसँगै भजनका बोल, राग र अनुरागले हनुमानघाटको दमरेश्वर महादेवको दाफा भजनमण्डलले सुनमा सुगन्ध थपिरहेका छन्।

## रत्नबहादुर कुस्मा, वडा नं. ७

भक्तपुर नगरपालिका वडा नं. ७ वाचुटोलमा वि.सं. १९८७ पुष १५ गते माता वेटीमाया कुस्माको कोखबाट जन्मनुभएका रत्नबहादुर कुस्मा बुबा कृष्णमान कुस्माबाट नासं ग्येकेंगु भनी १५ वर्षको उमेरदेखि सूर्यको घामसँगै निरन्तर महेश्वरी दाफा भजनमा लागि रहनुभएको छ।



पेशाले कृषक भए तापनि जीवनको महत्त्वपूर्ण पाटो भजन भएको र भजन सिकाउनु ठान्ने सांस्कृतिक गुरु कुस्माले २०-२५ वर्षदेखि महेश्वरी दाफा भजनको नेतृत्व गरी दुई तिन समूहलाई भजन सिकाउनु भयो।

उहाँ ८७ वर्ष ८ महिना २६ दिनमा टेक्दै गर्दा पनि दाफाबाट प्रशिक्षण सञ्चालन गरिने हरेक बाजा र भजनको नेतृत्व गर्दै नयाँ पुस्तालाई घच्घच्याइ रहने र आफै अगाडि बढ्ने स्वभावको हुनुहुन्छ। उहाँले भजनको राग र अनुरागसँगै भक्तपुरको सांस्कृतिक क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्दै अनउनुभएको छ।

## रत्नभक्त प्रजापति, वडा नं. ८

रत्नभक्त प्रजापतिको जन्म वि.सं. २००४ सालमा बुबा लतंभक्त प्रजापति र आमा किसंमाया प्रजापतिको कोखबाट ण्भक्तपुर नपा वडा नं. ८ (साविक वडा नं. २) तौलाछें टोलमा भएको हो।

उहाँले १३ वर्षको कलिलो उमेरदेखि अर्थात् २०१७ सालदेखि सांस्कृतिक दाफा भजन सिकेको र २०२२ सालमा लालाखिं बाजा सिक्नुभएका थिए। परम्परागत पेशा माटाका भाँडाकुँडा बनाउने कार्यमा र खेतीपातीमा लागेर आफ्नो जीविकोपार्जन गर्ने उहाँ बताउनुहुन्छ। उहाँको ४ जना छोरा र २ जना छोरीहरू छन्। उहाँले बेलुकाको समयमा बाजागाजा सिकाउने काम गर्नुहुन्छ।



उहाँले विभिन्न मिति र समयमा हालसम्ममा लालाखिं बाजा ५ पटक, भजन कृतन ७ पटक, धां बाजा ३ पटक र मथु प्याखं ५ पटक सिकाइसक्नुभएको छ। सामान्य लेखपढ गर्न सक्ने उहाँ साक्षर हुनुहुन्छ।

अग्रज किसान कार्यकर्ता तथा गुरुहरूबाट सिकेको सीप र ज्ञानलाई नयाँ पुस्तालाई सिकाउनुपर्छ भन्ने शिक्षा उहाँमा भएकोले अहिलेसम्म पनि आफूले सिकेको बाजागाजाहरू सिकाउने कार्यमा निरन्तर लागिरहनुभएको छ। अहिले आएर उहाँले विश्वकर्मा भैरव नाच (भैल प्याखं) को खिं बाजाको गुरु भई कार्य गरिरहनुभएको छ र हाम्रो भक्तपुरको गौरवलाई बचाउन सघाउ पुऱ्याउँदै आउनुभएको छ।

## पूर्णभक्त बेकोजु, वडा नं. ८

पूर्णभक्त बेकोजुको जन्म वि.सं. २००७ माघ २९ गते बुबा बुलाल बेकोजु र आमा नानीमाया बेकोजुको कोखबाट भक्तपुर नपा वडा नं. ८ (साविक वडा नं. २) जेंला टोलमा भएको हो।

उहाँको जीवनसंगी बुद्धिमाया बेकोजु हुनुहुन्छ। उहाँका ३ जना छोरा र ३ जना छोरीहरू छन्। उहाँ एक किसान परिवारको छोरा भएकोले उहाँको जीविकोपार्जनको मुख्य पेशा कृषि नै रह्यो। त्यसबेलाको राज्य व्यवस्थामा स्कुलहरू त्यति नहुनु र समाजमा पढ्नुपर्छ भन्ने भावनाको विकास नभएको कारणले गर्दा उहाँले कखरा सिक्न नपाए पनि यस सांस्कृतिक नगरीमा उहाँले सारेगमप ... को सांस्कृतिक बाजागाजामा दक्षता हासिल गर्न सफल हुनुभएको छ।



उहाँले टोलमा रहेको दाफा भजनहरूले गाएको भजन र बाजागाजा ध्यान दिएर अभिरुचिपूर्वक सुनेर नै आफूले बाजागाजा सिकेको हुँदा टोलका अग्रजहरूलाई नै उहाँले आफ्नो गुरु सम्झनुहुन्छ।

२० वर्षको उमेरसम्ममा उहाँले मादल, बासुरी, ढलक, हार्मोनियम र ब्यान्डबाजा (मुखमा राखेर बजाउने हर्मोनियम) जस्ता बाजागाजा सिक्नुभएको। २०२९ सालदेखि उहाँले आफूले सिकेको ज्ञान सीपलाई नयाँ पुस्तालाई सिकाउने कार्यमा लाग्नुभयो। उहाँले १९ पटक विभिन्न बागाजाको प्रशिक्षण दिइसक्नुभएको छ। अहिले उहाँ मचो भैरव भजन र श्वेत भैरव बासुरी बाजा समूहमा आबद्ध भई भक्तपुर नगरको सांस्कृतिक क्षेत्रमा योगदान पुऱ्याउँदै आइरहनुभएको छ। भने हाल दमको रोगबाट पीडित भइरहनुभएको छ।

## लक्ष्मीनारायण कुसी, वडा नं. ९

वि.सं. १९८६ कार्तिक कृष्ण चतुर्दशीका दिन माता हरिमाया र पिता मुति कुसीको सन्तानको रूपमा श्री लक्ष्मीनारायण कुसीको जन्म भक्तपुर नगरपालिका वडा नं. ९ (साविक वडा नं. १) मा भएको थियो। उहाँले बाल्यकालमा भक्तपुर थालाछेँमा स्थानीय जोशीको घरमा गई तत्कालीन पद्धतिको शिक्षा हासिल गर्नुभएको थियो। बिहानभरि पढ्न जाने र दिनभरि खेतिपातीको काम र भेडाबाख्रा चराउन जाने काममै व्यस्त रहनुहुन्थ्यो।



उहाँले पाँच वर्षको उमेरदेखि नागाचा प्याखँ र भमैचा (नटुवाचा) प्याखँबाट परम्परागत नृत्य गर्न सुरु गर्नुभएको थियो भने ७ वर्षको उमेरमा लालाखिँ सिकेर उहाँले आफ्नो कला र परम्परागत बाजाप्रतिको स्नेहलाई अझ प्रखर रूपमा प्रस्तुत गर्नुभयो। आफ्ना बुबा विभिन्न बाजा तथा भजन गाउने भएकाले आफूले पनि नौ बाजा, धिमे बाजा तथा दाफाभजन औपचारिक तालिमविना नै बजाउन र गाउन जानेको उहाँ बताउनुहुन्छ।

उहाँले हालसम्ममा ४ वटा समूहलाई लालाखिँ र ६ वटा समूहलाई भमैचा तथा नागाचा प्याखँ सिकाउनुभएको छ। दाफा, भजन सिकाउन २०५६ सालतिर तत्कालीन वागीश्वरी गाविस (हाल चाँगुनारायण नगरपालिका वडा नं. ७) सम्म पनि जाने गरेको र भनपा साविक वडा नं. २ (हाल वडा नं. ८) का प्रजापतिहरूलाई भमैचा प्याखँ सिकाएको अविस्मरणीय क्षण सुनाउनुहुन्छ।

## पञ्चलाल लाछिमस्यू, वडा नं. ९

भक्तपुरका परम्परागत बाजागाजा तथा नौ दाफा भजनका सुपरिचित साँस्कृतिक गुरु पञ्चलाल लाछिमस्यू भनपा वडा नं. ९ (साविक वडा नं. ३) निवासी हुनुहुन्छ। उहाँको जन्म वि.सं. २००४ साल भाद्र १६ गते बुबा रत्नलाल लाछिमस्यू र आमा लक्ष्मीमाया लाछिमस्यूको कोखबाट भएको हो।



पिता पुर्खादेखि नै दत्तात्रय नौ दाफा भजनका सदस्य भएको नाताले उहाँको सम्पूर्ण परिवार हालसम्म पनि दाफाभजनमा सक्रिय हुनुहुन्छ। उहाँले ८ वर्षको बाल्य उमेरदेखि नौ दाफा सिक्नुभयो। साँस्कृतिक गुरु लाछिमस्यूले सुरुमा दत्तात्रय नौ दाफा भजनका सदस्यका सन्तानहरूलाई नौ दाफा भजन सिकाउनुभयो। तलेजू नौ दाफा भजनका सदस्यहरूलाई पनि उहाँले प्रशिक्षण दिनुभयो। अहिले टोलवासी दाजुभाइ तथा आफ्नै छोरा नातिहरूलाई नौबाजा सिकाइरहेको उहाँ बताउनुहुन्छ। आफ्नै घरलाई साँस्कृतिक प्रशिक्षण केन्द्रको रूपमा विकास गरिरहनुभएका गुरु लाछिमस्यूले अहिले आफ्नो घरमा र चोर्चामा अलग्ग-अलग्ग समूहलाई ज्ञानमाला भजनको प्रशिक्षण दिइरहनुभएको छ। उहाँले नयाँ पुस्तालाई तबला वादनको प्रशिक्षण समेत सञ्चालन गर्नुभएको छ।

## पुर्णवीर गैंडा, वडा नं. १०

भनपा वडा नं. १० मूलढोकाका सांस्कृतिक गुरु पुर्णवीर गैंडाको जन्म वि.सं. १९९५ श्रावण ८ गते पिता पुनलाल गैंडा र माता कृष्णमाया गैंडाको कोखबाट भएको हो। उहाँले २०१० सालमा बाँसुरी बाजा सिक्नुभएको थियो भने २०१४ सालमा लालाखिं र २०२५ सालमा धिमेबाजा सिक्नुभयो। उहाँले विभिन्न समूहहरूलाई २०४५ साल, २०४९



साल र २०५२ साल गरी ३ पटक धिमेबाजाको प्रशिक्षण दिनुभई ४० जना नयाँ धिमेबाजा वादकहरू उत्पादन गर्न महत्त्वपूर्ण योगदान गर्नुभयो। उहाँ सांस्कृतिक बाजागाजा सिक्न र सिकाउन आर्थिक समस्या मुख्य बाधाको रूपमा रहेको र बाजागाजा सिकाउने ठाउँको व्यवस्था गर्नुपर्ने बताउनुहुन्छ।

## मिनबहादुर सुवाल, वडा नं. १०

वि.सं. १९८९ भाद्र ६ गते क्वाठण्डौ, नासचा भनपा वडा नं. १० मा जन्मनुभएका सांस्कृतिक गुरु मिनबहादुर सुवालका पिता जगतबहादुर सुवाल र माता लक्ष्मी सुवाल



हुनुहुन्छ। उहाँका २ जना श्रीमतीहरू जेठी गणेशमाया सुवाल र कान्छी कान्छी सुवाल हुनुहुन्छ। १५/१६ वर्षको उमेरमा नै लालाखिं सिकेर सांस्कृतिक क्षेत्रमा लाग्नुभएका उहाँले धाँ ३ पटक र लालाखिं ४ पटक प्रशिक्षण दिइसक्नुभएको छ। उहाँले पहिलोपटक २०५५ सालमा सांस्कृतिक बाजा प्रशिक्षण दिनुभएको थियो। उहाँका २ जना छोरा र ४ जना छोरीहरू छन्।

## भक्तपुर नगरपालिकाको

कार्यक्रम

**'ख्वप सः' अर्थात्**
**'भक्तपुर आवाज'**

भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्

**बुधबार : बिहान ७:३० देखि ८:३०**
**शुक्रबार : बेलुकी ६:३० देखि ७:३० सम्म**



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयमा सदस्य भई विभिन्न मितिमा पुस्तकहरु लानुहुने तर समय नाघेर पनि पुस्तक फिर्ता नगर्नुहुने सदस्यहरुलाई चाँडै पुस्तक फिर्ता गर्न सूचित गरिन्छ ।

**जनज्योति पुस्तकालय, न:पुखु-१**


## हार्दिक समवेदना



**स्व. न्हुछेबहादुर शिल्पकार**

**जन्म : २०२३ पुस ०४  निधन : २०७५ भाद्र २९**

यस नगरपालिकाका शिशु स्याहार केन्द्रका कर्मचारी रामप्यारी शिल्पकारका श्रीमान् **न्हुछेबहादुर शिल्पकार**को दु:खद निधनमा गहिरो शोक व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारणको लागि हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

## पाठक प्रतिक्रिया

भक्तपुर नगरपालिकाबाट प्रकाशित 'भक्तपुर' मासिक पत्रिकाको २०७५ सालको साउन महिना अंक २५९ को पृष्ठ ५९ मा 'मिठो दही' शीर्षकमा हेमन्त नाम राखी 'नागरिक भावना' स्तम्भमा प्रकाशित लेखमा भक्तपुरमा परम्परागत दही बनाउने विधिसहितको उल्लेख गरी सोमा दही बनाउँदा ट्वाइलेट पेपरको घोल मिश्रण गरी दही तयार पारिने व्यहोराको उल्लेख गरी भक्तपुरमा उत्पादन हुने जुजु धौको साखमा नकारात्मक असर पर्ने गरी नितान्त गलत र आधारहीन भ्रामक तथ्य उल्लेख गरी लेख प्रकाशित भएकोबाट यस भक्तपुर जुजु धौ व्यवसायी संघको गम्भीर ध्यानाकर्षण भएको छ ।

पुर्खाले सिर्जेको सम्पदा जुजु धौ परम्परादेखि पुस्तान्तरण भई आएको भक्तपुरको सांस्कृतिक, सामाजिक तथा आर्थिक महत्त्व बोकेका भक्तपुरकै पहिचान हो । सोको साख आजको विश्वव्यापीकरणको युगमा देश विदेशसम्म फैलिएको विषयमा शंका छैन । साथै जुजु धौको सांस्कृतिक, सामाजिक तथा आर्थिक महत्त्वलाई मध्यनजर गर्दै हालै मात्र यस संघले जुजु धौलाई नेपाल सरकार उद्योग विभागमा पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन २०२२ अन्तर्गत विधिवत् कलेक्टिभ मार्क ट्रेडमार्कको रूपमा दर्ता गर्न आवेदन दिई दर्ता स्वीकृति समेत पाइसकेको व्यहोरा सहर्ष जानकारी गराउन चाहन्छौं ।

यसरी सांस्कृतिक, सामाजिक तथा आर्थिक महत्त्व बोकेको जुजु धौको गुण र विशेषताको लागि देश विदेशमा ख्याति कायम गरी आफ्नै साख स्थापित रहन सफल जुजु धौको उत्पादन तथा व्यवसायीकरणमाथि गलत रुपमा खेलवाड गर्ने दूषित मनसाय लेखकको पूर्ण विवरण समेत नराखी मनोगत रुपमा लेखी प्रकाशित उपरोक्त लेख र सो लेख प्रकाशित गर्ने कार्यले भक्तपुरको इज्जत र पहिचान जुजु धौको गुण तथा विशेषतामाथि गम्भीर रूपमा प्रश्न गर्ने किसिमबाट अवस्था सृजना हुने हुँदा सो कार्यबाट यस संघ, संघका सदस्य तथा भक्तपुरको अन्य जुजु धौ व्यवसायी तथा समस्त भक्तपुरवासीकै मान प्रतिष्ठामा गम्भीर नकारात्मक असर पर्न गएको हुँदा सो कार्यप्रति यस संघ गम्भीर आपत्तिसहित खेद प्रकट गर्दछ ।

*भक्तपुर जु जु धौ व्यवसायी संघ*




Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 29

All this time the condemned was kneeling, pinioned, close by, hearing, of course, all that passed. Mean- time the crowd began to get impatient, not at the brutal indifference to the prisoner's feelings manifested in these preparations, &c. before him, but from fear that it would soon be too dark for them to see the spectacle clearly. The kookery having been sharpened as far as that was possible (being a very bad one), was submitted to the sort of sheriff of the adaulat who was superintending the proceedings. Acting, I fancy, under orders of the general, who had probably told him to take care that, as a European officer would be present as spectator, everything should be done in a correct way, the sheriff condemned the kookery as unfit for service. A further delay occurred, greatly to the disgust of the spectators, who kept calling out to them to make haste, "or it would be dark." At last one of the Gorkha sepoys in attendance upon me volunteered his " talwar," amid loud applause for this disinterested offer. The talwar was handed to the executioner, who, feeling its edge in the most artistic style, pronounced it a first-rate one; and with an air of pride, like a child with a new toy, at using so superior an instrument, he went to the side of the poor wretch, who was still kneeling bound, and had been so for at least a quarter of an hour, which had been wasted in getting the instrument ready.*

A cord, two or three yards long, was then fastened to that already binding his arms above the elbows behind his back ; this was held firmly by two men, to support the body and prevent the man losing his balance in leaning forward. This being secured, the man still kneeling, his body was brought somewhat forward, supported by this rope from behind; his head was adjusted in a convenient position so as to render the neck straight, the edge of the talwar was lightly laid for a moment on the neck for the executioner to take his aim, the talwar raised in the air, and descending like lightning, the man's head was instantaneously severed from his body; at the same moment the cord supporting the body was let go from be- hind, and the headless corpse fell heavily forward, falling upon its own head, in a tremendous jet of blood from the neck. Two or three convulsive twitches there were of the extremities, and also of the eyelids and brows, when the eyes assumed a ghastly upward-turned squint, and all was over. **(To be continued)**

** I have often seen very much more care, in the preliminaries, taken on occasion of a buffalo's head being cut off by one blow with a kora, by a general or Sirdar, as a display before a crowd of their skill and strength, than was shown on this occasion as to removing a man's head.*

*So careless are the authorities on the matter of arranging that the executioner should always be provided with a good weapon, that it is always left to chance, — the executioners being left to bring their own instruments. Sometimes, in consequence, either from the badness of the blade, or the want of skill in the performer (generally from the former cause), the condemned is hacked fear- fully before his head comes off — three, four, or more blows occasionally being struck. When the Pandees were executed, on the restoration to power of Martabar Singh, some of them brought with them their own kookeries (good ones and sharp), to ensure the operation being skilfully performed. On that occasion they (the Pandees) were attended by many attached followers. A curious ceremony was performed with some of them: a follower held the head of the condemned steady between his hands at the moment of decapitation, they having a belief that when an innocent man suffers death unjustly in this way, any friend who holds his head for him at the moment of death ensures for himself eternal salvation in the future world.*

# नेपालको संविधान २०७२ (३६)

## भाग – २७

## अन्य आयोगहरू

**२५७. प्रदेशमा कार्यालय स्थापना गर्न सक्ने :** राष्ट्रिय दलित आयोगले आवश्यकता अनुसार प्रदेशमा आफ्नो कार्यालय स्थापना गर्न सक्नेछ।

**२५८. राष्ट्रिय समावेशी आयोग :** (१) नेपालमा एक राष्ट्रिय समावेशी आयोग रहनेछ जसमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहनेछन्।

(२) राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा राष्ट्रिय समावेशी आयोगको अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ।

(३) राष्ट्रिय समावेशी आयोगका अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ।

(४) उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा राष्ट्रिय समावेशी आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :–

(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा,

(ग) निजको विरुद्ध धारा १०१ बमोजिम महाभियोगको प्रस्ताव पारित भएमा,

(घ) शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा,

(ङ) निजको मृत्यु भएमा।

(५) उपधारा (२) बमोजिम नियुक्त अध्यक्ष तथा सदस्यको पुनः नियुक्ति हुन सक्ने छैन।

तर सदस्यलाई अध्यक्षको पदमा नियुक्ति गर्न सकिनेछ र त्यस्तो सदस्य अध्यक्षको पदमा नियुक्ति भएमा निजको पदावधि गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ।

(६) देहायको योग्यता भएको व्यक्ति राष्ट्रिय समावेशी आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्ति हुन योग्य हुनेछ :–

(क) कम्तीमा दश वर्ष सामाजिक समावेशीकरण, अपांगता भएका व्यक्ति, अल्पसंख्यक एवं सीमान्तीकृत समुदाय तथा पिछडिएको क्षेत्र र वर्गको हक हित वा विकास वा मानव अधिकारको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको,

(ख) अध्यक्षको हकमा मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि हासिल गरेको,

(ग) पैंतालिस वर्ष उमेर पूरा गरेको,

(घ) नियुक्ति हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य नरहेको, र

(ङ) उच्च नैतिक चरित्र भएको।

(७) राष्ट्रिय समावेशी आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका शर्त संघीय कानून बमोजिम हुनेछ र निज बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका शर्त परिवर्तन गरिने छैन।

तर चरम आर्थिक विशृंखलताका कारण संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन।

(८) राष्ट्रिय समावेशी आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुने छैन।

तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबीन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

**२५९. राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकार :** (१) राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) खस आर्य, पिछडा वर्ग, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवं सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रूपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षणका लागि अध्ययन तथा अनुसन्धान गर्ने,

(ख) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको समावेशीकरणका लागि नेपाल सरकारले अवलम्बन गरेको नीति तथा कानूनको कार्यान्वयन अवस्थाको अध्ययन गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने,

(ग) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको राज्य संयन्त्रमा उचित प्रतिनिधित्व भए नभएको अध्ययन गरी त्यस्तो समुदाय, वर्ग र क्षेत्रको प्रतिनिधित्वका लागि गरिएको विशेष व्यवस्थाको पुनरावलोकन गर्न नेपाल सरकारलाई सुझाव दिने,

(घ) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको संरक्षण, सशक्तीकरण र विकास सन्तोषजनक भए नभएको अध्ययन गरी भविष्यमा अवलम्बन गर्नु पर्ने नीतिको सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ङ) कर्णाली र पिछडिएको क्षेत्रको विकास र समृद्धिका लागि अवलम्बन गर्नु पर्ने नीति र कार्यक्रमको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(च) अल्पसंख्यक तथा सीमान्तीकृत समुदाय सम्बन्धी कानूनमा समयानुकुल परिमार्जनका लागि सिफारिस गर्ने,

(छ) अल्पसंख्यक तथा सीमान्तीकृत समुदायका लागि प्रत्याभूत हक अधिकारको कार्यान्वयन स्थिति अनुगमन गरी आवधिक रूपमा हुने राष्ट्रिय जनगणना तथा मानव विकास सूचकांक सम्बन्धी प्रतिवेदनको आधारमा आवश्यक पुनरावलोकन गरी परिमार्जनका लागि सिफारिस गर्ने।

(२) राष्ट्रिय समावेशी आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार सो आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(३) राष्ट्रिय समावेशी आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ।(क्रमशः)

## आ.व. २०७५/७६ भाद्र महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गैर सार्क | ४०३ | ४०२ | ३४७ | ३१८ | ३०१ | ३०२ | २७९ | २२४ | २७८ | २७१ | ३०१ | २०५ | २४४ | १४१ | ११९ | २१८ |
| सार्क तथा चिनियाँ | ३६४ | ३९६ | २९३ | ३३५ | २३९ | २९३ | २७४ | ३३७ | ३३५ | ३२४ | १८२ | २२७ | ११३ | २२५ | ३०६ | २२७ |

| गते | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गैर सार्क | २२० | १७२ | १९७ | १५२ | १५६ | २१९ | ३४५ | २४७ | २५२ | २५७ | ३२१ | २७० | २७० | ३९१ | २७२ |
| सार्क तथा चिनियाँ | २३३ | १५७ | २२१ | १३८ | १७१ | १९४ | २२७ | २३८ | १८८ | १२७ | १८२ | २७३ | २५४ | ३१९ | २२२ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कुल पर्यटक संख्या |
|---|---|---|---|
| २०७५ भाद्र | ८,०९४ | ७,६१४ | १५,७०८ |
| २०७४ भाद्र | ६,८३१ | ५,५३६ | १२,३६७ |
| प्रगति | १,२६३ (१८.४९%) | २,०७८ (३७.५३%) | ३,३४१ (२७.०१%) |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादकको पृष्ठ

# विश्व पर्यटन दिवसमा सांस्कृतिक गुरूहरू सम्मानित

भक्तपुर नगरपालिकाको आयोजनामा यस वर्षको ३९ औं विश्व पर्यटन दिवस भव्य समारोहबीच सम्पन्न भयो। उक्त दिन बिहान भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा खौमा प्रवेश गर्ने फिलिपिन्स, भारत, अमेरिका र फ्रान्सकापहिलो विदेशी पर्यटकको समूहलाई भक्तपुरको मौलिक उत्पादनहरू उपहार प्रदान गर्दै परम्परागत नाचहरू प्रदर्शन गरी स्वागत गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेंको समुपस्थितिमा साँस्कृतिक गुरुहरूको सम्मान, गाईजात्रा पर्व र चित्रकला प्रतियोगिताका उत्कृट टोली र प्रतियोगीलाई पुरस्कार वितरण, पथप्रदर्शक प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरणलगायतका कार्यक्रम गरियो। कार्यक्रममा सबै वडाका २–२ जना साँस्कृतिक गुरुहरूलाई जनही नगद रु. १५ हजारसहित सम्मान गरियो।

पर्यटन एक सफल र सम्भावना बोकेको उद्योग हो। नेपाल प्राकृतिक, सांस्कृतिक र धार्मिक विविधताले भरिपूर्ण छ। विदेशी पर्यटकलाई आकर्षण गर्न आवश्यक भौतिक पूर्वाधार, मानवीय संसाधन, सुरक्षा, यातायातलगायतको व्यवस्था हुनुपर्दछ। नयाँ क्षेत्र विकास र भएका क्षेत्रको व्यवस्थापनले पर्यटन क्षेत्रले व्यापकता पाउने देखिन्छ। दक्ष जनशक्तिको अभाव छ तर भएका जनशक्तिलाई विदेशमा दासजस्तै रोजगारीको लागि पठाउनु सरकारको रोजगारी सिर्जना गर्न नसकेको प्रमाण द्योतक हो। युवा जमातलाई सीप प्रदान गर्ने, आवश्यक सहयोग गर्ने र प्रोत्साहन गर्न सके नेपालको पर्यटन क्षेत्रको विकासमा निकै धेरै सम्भावना रहेको छ ।

भक्तपुर नगरपालिकाले यहाँका पुराना मौलिक कला, संस्कृति संरक्षणमा सक्रियतापूर्वक खटिरहेको छ। पुराना मठ, मन्दिर, पाटी, सत्तल, सडक, पोखरी, ढुंगेधारालगायतको मर्मतमा व्यापक रूपमा अगाडि बढेको सबैमा अवगत नै छ। सरसफाइयुक्त नगर बनाउन नगरपालिकाका प्रमुख, उपप्रमुख, जनप्रतिनिधि र कर्मचारीहरू स्वयम् सरसफाइमा तल्लिन छन् ।

भाषा, नाचगान, कला–संस्कृतिको संरक्षणलाई अझै रफ्तार बढाउन स्थानीय बासिन्दालाई सिकर्मी र डकर्मीको सीप प्रदान गर्न आवश्यक छ। यी विषयमा अध्ययन र अनुसन्धानलाई प्रोत्साहन गर्दै सहयोग गर्नुपर्दछ। भक्तपुर नगरपालिकाभित्रका सबै विद्यालयमा स्थानीय पाठ्यक्रमले पनि यसमा टेवा पुऱ्याउनेमा सबै विश्वस्त छन्। समाजलाई सुन्दर बनाउन सक्रिय पुराना र नयाँ सांस्कृतिक व्यक्तित्वहरूलाई सम्मान र प्रोत्साहनलाई नियमित बनाइनुपर्दछ।